# परिच्छेद एक

## १. शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'साल्गीको बलात्कृत आँसु'** कथासङ्ग्रहको कृतिपरक अध्ययन रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

प्रस्तुत शोधपत्रको विषय साहित्यकार पारिजातको कथासङ्ग्रह 'साल्गीको बलात्कृत आँसु' भित्रका कथाहरू **१. सइसको चिठ्ठी २. सम्बन्ध ३. एउटा गाउँमा ४. नैकापे सर्किनी ५. प्रतिकूलता ६. कलिलो अतीत ७. यसरी एउटा नाउँ काटिन्छ ८. साल्गीको बलात्कृत आँसु ९. कुनै गुलाफ ओभानो छैन यहाँ १०. पैसाको रङ ११. वर्षाऋतु**को कृतिपरक अध्ययनविश्लेषण हो ।

### १.४ समस्या कथन

क) पारिजातका कथाहरू सम्बन्धी के कस्ता प्रवृत्ति र वैशिष्ट्य पाउन सकिन्छ ?

ख) पारिजातको साल्गीको बलात्कृत आँसु कथासङ्ग्रहका कथाहरूको प्रवृत्ति के कस्ता छन् ?

ग) पारिजातको साल्गीको बलात्कृत आँसु कथासङ्ग्रहको कथाहरू कथातत्त्वका आधारमा के कस्ता छन् ?

### १.५ शोधकार्यको उद्देश्य

शोध कार्यको समस्यामा केन्द्रित भएर तिनै समस्याको समाधानको बाटो खोज्नु नै यस शोध कार्यको उद्देश्य रहेको छ ? समग्रमा निम्न उद्देश्य परिपूर्तिका लागि शोधकार्य गरिएको छ ।

क) पारिजातको कथाको प्रवृत्ति र वैशिष्ट्य पहिचान गर्नु ।

ख) पारिजातको साल्गीको बलात्कृत आँसु कथासंग्रहका कथाहरूको विश्लेषणका आधारमा मूल प्रवृत्ति प्रदान गर्नु ।

ग) पारिजातको साल्गीको वलात्कृत आँसु कथासङ्ग्रहको कथातत्त्वका आधारमा विवेचना गर्नु र प्रगतिवादी दृष्टिकोणबाट विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

साहित्यकार पारिजातको कृतिहरूको विभिन्न समालोचकहरूले समालोचनात्मक ग्रन्थहरू निकालेका छन् । पारिजातका लेखहरूको सङ्कलित पुस्तकहरू प्रकाशित भएका छन् । यसका साथै विभिन्न पत्रपत्रिकाहरूमा पारिजात सम्बन्धित लेखहरू प्रकाशन हुनुको साथै विभिन्न विषयमा शोधकार्यहरू भएका छन् । यसरी उनका साहित्यिक कृतिहरूका बारेमा हालसम्म जे-जस्ता पूर्वकार्यहरू भएका छन्, तिनलाई सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिएका छन् ।

### १. प्रकाशित पुस्तक

क. चूडामणिरेग्मी , **पारिजातपरिचय र मूल्यांकन** (२०५१, जुही प्रकाशन भद्रपुर) प्रस्तुत पुस्तकमा पारिजातको कथासंग्रहको चर्चा र मूल्यांकन गरिएको छ । कथाकारका बारेमा विभिन्न कथाहरूको सामान्य भनाइ पनि पेश गरिएको छ ।

ख. राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिमा पारिजात** (२०५३, भूमिका प्रकाश वाराणसी) प्रस्तुत पुस्तकमा पारिजातको संक्षिप्त जीवनीदेखि उनका सम्पूर्ण विधाको लेखहरूको चर्चा गरिएको छ ।

ग. पवन चाम्लिङ 'किरण', **पारिजातका संकलित रचनाहरू ग्रन्थ छ** (२०५४, गिकी निर्माण प्रकाशन) यस ग्रन्थहरूको भूमिकामा चाम्लिङले युग चेतनाकी सेनापतिको संज्ञा दिदै पारिजातको जीवन र कृतिले दिने सन्देशले सवै तिरका उत्पीडित जनताको ऐक्यबद्धता तथा उत्पीडिकहरूका विरूद्धको संघर्षमा बल प्रदान गर्ने कुरामा विश्वस्त गरिएको छ र सुन्दरताका विज्ञापन होइनन्, स्वास्नी मान्छेहरू जसरी पूँजीवादी र सामन्तवादी समाजले वनाइ रहेको छ । मुक्तिको भावना फैलाउन चाहनेहरूले पहिरोपहिरो र बाँढीका विभीषिकाहरूलाई जुधाइ दिनु पर्दछ, लेकाली कुहिरो र तातो हावालाई समागम गराइ दिनुपर्दछ । आँसु र पसिनाले भिजेका गुराँस, सखुवाका फूलहरूलाई साटासाट गरिदिनु पर्दछ । मुक्ति चाहनेहरूले हातेमालो फैलाउन सक्नुपर्छ । उत्पादक शक्तिहरूसँग साइनो लगाउनु

पर्छ । सुन्दरता र यौन प्रतीकबाट झिकेर मान्छेको अस्मितालाई संघर्षको क्यानभासमा टाँगिन दिनु पर्दछ भनी भूमिकामा चाम्लिङले लेखेका छन् ।

घ. कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजातको समालोचनात्मक ग्रन्थ** ( २०५८, हजुरको पुस्तक संसार, काठमाडौँ) यस कृतिमा पारिजातको संक्षिप्त जीवनी उल्लेख गर्नुका साथै पारिजातको आख्यान खण्डको सम्पूर्ण, उपन्यासहरू र कथा संग्रहहरूका कथाहरूको संक्षिप्त व्याख्या विश्लेषण गरिएको छ ।

**२. लेखहरूको संग्रह**

क. देवीप्रसाद शर्मा शोध र समिक्षा प्र.स. पशुपति छापाखाना डिल्लिबजार (२०४५ असार, पृष्ठ ६२-६९) मा 'साल्गीको बलात्कृत आँसु'को अनौपचारिक टिप्पणी गर्दै सम्पूर्ण कथासंग्रहहरूको विश्लेषण साथै नारी स्वभावको चर्चा गरिएको छ ।

ख. गंगाप्रसाद उप्रेती, व्यक्ति कृति र प्रवृत्ति समीक्षात्मक लेखहरूको संग्रह (२०५८ प्रतिभा प्रकाशन काठमाडौँ, पृष्ठ १ देखि १८ ) यस लेखसंग्रहमा पारिजातको सौन्दर्य चिन्तनको विकासक्रमको वारेमा लेखिएको छ

ग. डी.आर.पोखरेल यथार्थवादी समालोचनाको गोरेटोमा (२०५८, पृष्ठ १ देखि ९ सम्म) पारिजातको अनिदो पहाडसँगै उपन्यासको कृतिमानको चर्चा (पृष्ठ ५०-५४) उसले रोजेको बाटो कस्तो बाटो हो ? उसले रोजेको बाटो उपन्यासको चर्चा गरिएको छ । (पृष्ठ ५५-५९ सम्म) उसको जीवनमा कलात्मक सौन्दर्यको भूमिका उल्लेख गरिएको छ । (पृष्ठ ९४-९८ सम्म) पारिजातको साहित्यिक मूल्यांकन गरिएको छ ।

**३. पत्रिका :**

क. गोविन्द भट्ट 'शिरीषको फूलकी कागजको फूल' (२०२३ हिमाली, वर्ष -२, अंक-४) यस लेखमा भट्टले शिरीषको फूललाई एउटा खोक्रो कागजको फूलसँग तुलना गरिएको छ ।

ख. मोहनराज शर्मा 'समकालीन साहित्य' (२०४८ २:५ माघ-चैत्र, पृष्ठ ७४-७९) यसमा नारी मनको अन्तरङ्ग शिल्पीमा पारिजातले स्त्री पात्रको आँगनीमा डुलेर उनको सशक्त लेखनीले कोमल नारी मनको प्रमाणिक चित्रण गरिएको छ ।

ग. देवीप्रसाद सुवेदी 'बोनी प्रति एक दृष्टि' जनमत (२०४९, अंक ४३-४५, पृष्ठ ६०-६२, पृष्ठ ५७-५९) वोनी प्रति एक दृष्टिमा कथा जस्तो टुक्रा-टुक्रा, उपन्यास, उपन्यासकारमा मातृत्वका अहंहरू प्रर्याप्त छन् भनी पारिजातको चर्चा गरिएको छ ।

घ. राजेन्द्र सुवेदी संचिता (२०५० वर्ष-१, अंक-१) मा 'आदिम देश' कथासंग्रहको सम्पूर्ण कथाहरूको विश्लेषणका साथै मानव अस्तित्व र मानवेत्तर अस्तित्वमा अन्तर नदेखिने दृष्टिकोण चर्चा गरिएको छ ।

**४. शोध पत्र**

क. नयना प्रधान- **पारिजात जीवनी व्यक्तित्व र कृतित्वको संक्षिप्त अध्ययन** स्नातकोत्तर शोधपत्र २०३८ ।

ख. अम्बुभवानी कार्की- **पारिजातको कथाकारिता** , स्नातकोत्तर शोध पत्र, २०५२ ।

ग. पाशाकान्ता थापा- **शिरीषको फूलको कृतिपरक अध्ययन**, स्नातकोत्तर शोध पत्र, २०५६ ।

उपर्युक्त पुस्तक, लेखहरूको संग्रह, पत्रिका र शोधहरू प्रकाशित भएता पनि 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहको एकांकी रूपमा मात्र कथाहरूको व्याख्या विश्लेषण भएको पाइन्छ र यस कथासंग्रहको पूर्ण रूपमा अध्ययन विश्लेषण भने गरेको छैन ।

प्रस्तुत सामग्रीहरूबाट शोध कार्यलाई सर्वसुलभ ढंगले अगाडि बढाउन ठूलो टेवा पुगेको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रमा कथाकार पारिजातको कथासंग्रह 'साल्गीको बलात्कृत आँसु' कथासङ्ग्रहको विभिन्न कथाहरूको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । उनको कथासंग्रह साल्गीको बलात्कृत आँसुमा केन्द्रित भई उक्त कथासंग्रहको अध्ययन गर्दै भावी पुस्तालाई यिनको उक्त संग्रह लेख्नुको मूल उद्देश्यको जानकारी प्राप्त हुनेछ । यस प्रकार पारिजातका 'साल्गीको वलात्कृत आँसु' कथासंग्रहको कृतिपरक अध्ययन विश्लेषण हालसम्म खासै हुन नसकेकाले शोधपत्र औचित्यपूर्ण हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा बहुमुखी प्रतिभाकी धनी पारिजातको सामान्य जीवनी व्यक्तित्वको परिचय दिँदै उनको 'साल्गीको बलात्कृत आँसु' कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन विश्लेषणमा नै सीमित रहनेछ ।

## १.९ शोधबिधि

### १.९.१ सामग्रीहरू संकलन बिधि

सामाग्री संकलनमा पुस्तकालयीय बिधिको प्रयोग गरी सम्बन्धित विषयका पुस्तक पत्रपत्रिकाहरूको आवश्यक अध्ययन गरी तथ्य संकलन गरिएको छ । यसका साथै शोधार्थीहरूका शोधपत्रहरूलाई पनि आवश्यक सामाग्रीको रूपमा प्रयोग गरिएकाछन् ।

### १.९.२ विश्लेषण विधि

अनुसन्धानका क्रममा सङ्कलित सामग्रीका मुख्य-मुख्य घटकहरू छुट्याई तिनको कारण, प्रभाव र आपसी सम्बन्धको अध्ययनगरि विश्लेषण मूल्याङ्कन र निष्कर्ष निकालिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको उद्देश्यलाई दृष्टिगत गर्दै शोधपत्रको रूपरेखा निम्न प्रकारका चार परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद** : शोधपरिचय

**दोस्रो परिच्छेद** : कथाकार पारिजातको सङ्क्षिप्त जीवनी र कथागत प्रवृत्तिहरू

**तेस्रो परिच्छेद** : 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहको कृतिपरक अध्ययन

**चौथो परिच्छेद** : शोध निष्कर्ष

उपर्युक्त चार परिच्छेदलाई आवश्यकता अनुसार शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

## २. कथाकार पारिजातको सङ्क्षिप्त जीवनी र कथागत प्रवृत्तिहरू :

### २.१ पारिजातको जीवनी सङ्क्षिप्त चर्चा

पारिजातको जन्म वि.सं. १९९४ सालको बैशाख महिनामा दर्जिलिङको लिगिया चियाकमानमा भएको थियो ।[१] विष्णुकुमारी वाइबा न्वारनको नाम भएकी पारिजातको तामाङ परम्पराअनुसार लामाले दिएको नाम भने छेकुडोल्मा थियो ।[२] उनका बाबुको नाम डा.के.एस. वाइबा र आमाको नाम अमृत मोक्तान थियो । दार्जिलिङको परिवेशमा उनको बाल्यकाल र किशोरावस्थाका दिनहरू बिते । सानैदेखि साहित्य र दर्शनमा रूचि राख्ने पारिजातलाई उनका बाबुले डाक्टर बनाउने इच्छा राख्थे । यसरी बाबुछोरीबीच विरोधाभास चलेको थियो । बाल्यकालदेखि नै भ्रमणमा रूचि राख्ने पारिजात स्वतन्त्रताप्रेमी, स्वाभिमानी र हठी स्वभावकी भएको उनका आत्मसंस्मरणमा पनि उल्लेख भएको पाइन्छ ।[३]

बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेकी पारिजातले प्रारम्भिक चरणमा दार्जिलिङकै क्रिस्चियन स्कुलमा पढिन् । सेन्ट टेरिजा स्कुल क्रिस्चियनहरूले सञ्चालन गरेको हुनाले उक्त स्कुलमा पढ्ने जुनसुकै विद्यार्थीले बाइबल पढ्नै पर्थ्यो । त्यसैले उनले पनि सानै उमेरमा बाइबलका पाठहरूको अध्ययन गर्ने मौका पाइन् । क्रिस्चयन स्कुलमा पढे पनि उनले आफूले मान्दै आएको बौद्ध धर्मलाई छाडिनन् । उनले पन्ध्रवर्षको उमेरमै बौद्धदर्शनका ग्रन्थहरू र गीता पढेकी थिइन् । साथै उनले अन्य धर्मका ग्रन्थहरूको पनि अध्ययन गरेकी थिइन् । त्यही स्कुलमा पढ्दापढ्दै यिनलाई स्काउटप्रति पनि चासो लाग्यो अनि उनले गर्लस् स्काउट हुने मौका पनि पाएकी थिइन् । पारिजातले कक्षा दुईदेखि कक्षा दशसम्म दार्जिलिङमा नै पढेकी थिइन् । काठमाडौँ प्रवेशपछि उनी एस्.एल्.सी. परीक्षाका लागि डिल्लीबजारको पदमकन्या

---

[१] निनु चापागाई र खगेन्द्र संग्रौला (सम्पादक), **पारिजात स्मृतिग्रन्थ** (काठमाडौँ, पारिजात स्मृति केन्द्र, २०५१) पृष्ठ ९० ।

[२] मोदनाथ प्रश्रित, **'कष्टमय जीवन'**, जनमत (पारिजात विशेषाङ्क, बनेपा, अंक ३-६, २०४९/५०) पृष्ठ ४ ।

[३] पारिजात, **'एउटा चित्रमय सुरुवात'**, पारिजातका सङ्कलित रचनाहरू-ग्रन्थ चार (सिकिम निर्माण प्रकाशन, २०५४) पृष्ठ ५३-५५ ।

विद्याश्रममा भर्ना भएकी थिइन् ।[४] उनले पद्मकन्या क्याम्पस, काठमाडौँबाट आई.ए. (सन् १९५७) र बी.ए. (सन् १९५९) उत्तीर्ण गरिन् । उनले त्रिभुवन विश्वविद्यालय, काठमाडौँमा स्नातकोत्तर तहमा अङ्ग्रेजी विषय लिएर अध्ययन गर्न थालिन् (सन् १९६०) तर परीक्षा भने दिइनन् । [५]

कथाकार पारिजात सानैदेखि अन्तर्मुखी स्वाभावकी थिइन् । उनले वि.सं. २०१२ सालतिर कविताका माध्यमबाट साहित्यमा प्रवेश गरिन् ।[६] उनले तेह्र वर्षकै उमेरमा प्रेमसम्बन्धी त्रासदीलाई झेल्नु परेको थियो । उनको हठी, चरित्र एवम् उच्चता ग्रन्थीको प्रबलताले कसैप्रति पनि समर्पित हुन दिएन । उनले धेरै युवाहरूको प्रेमप्रस्तावलाई अस्वीकार गरिन् तर उनलाई अन्तर्मनदेखि नै प्रेम गर्ने एकजना प्रेमार्थीलाई भने भुल्न सकिनन् । उसप्रति गरेका अस्वीकृतिहरू उनीभित्रको घमण्डी नारीबोधको प्रतीक थियो । त्यसको प्राणले गर्दा उनमा रहेको प्रणयकामना बोकेको नारीत्वमा नराम्रो असर पुऱ्यायो । यसकारण उनका धेरै कविताहरू भावनात्मक र रोमान्टिक बन्न पुगे । उनका यी कविताहरू दुःखद् र त्रासदी जीवनका अनुभव र अनुभूतिका अभिव्यक्तिहरू हुन् भन्न सकिन्छ ।

पाजित बाल्यअवस्थादेखि नै बिरामी परिहन्थिन् । उनको शारीरिक दुर्बलताले गर्दा स्कुलमा साथीहरूसँगको खेलमा पनि हार्ने गर्थिन् । उनलाई बाल्यअवस्थादेखि नै शारीरिक रूपमा कुँजीजस्तै हुनु परेको थियो । पहिलो पटक हाड जोर्नी दुख्ने जटिल रोगले उनलाई १३ वर्षको उमेरमा आक्रमण गरेको थियो । [७]शारीरिक रूपमा असक्त भए पनि उनी अत्यन्तै स्वाभिमानी थिइन् । साथै उनमा अटेरपना पनि बढी नै थियो भन्ने बुझिन्छ । शारीरिकरूपले अशक्त भए पनि उनको मानसिक र बौद्धिक धरातल अत्यन्तै फराकिलो थियो । बहुमुखी प्रतिभाकी धनी पारिजात सहयोगी र निडर स्वाभावकी थिइन् । उनलाई फूलहरू साह्रै मन पर्थ्यो । त्यसैले आफ्नो नाम पनि सुवासित फूल पारिजातबाट नै राखिन् । अनि त्यस नामलाई सुनौलो अक्षरले साहित्यको इतिहासको पानामा लेख्न सफल भइन् । फूलहरू पोल्टाभरि टिप्नु, गीत

---

[४] नरेन्द्रराज प्रसाईं, **पारिजातको जीवनकथा**, (काठमाडौँ, एकता प्रकाशन, २०५७) पृष्ठ २२-२३ ।

[५] निनु चापागाई र खगेन्द्र संग्रौला (सम्पादक), **पारिजात स्मृतिग्रन्थ,** पूर्ववत्  ९१ ।

[६] पारिजात, **एउटा चित्रमय शुरूवात्,** पूर्ववत्, पृष्ठ ५७ ।

[७] नरेन्द्रराज प्रसाईं, पूर्ववत् पृष्ठ २० ।

गाउँनु, खाना बनाउनु, खोलाकिनारा र जंगलमा घुम्नु, सुन्दर ढुंगाहरू बटुल्नु आदि उनका शोखहरू थिए । खानामा छ्वेला, मःम, सुख्खा रोटी, गोलभेडा आदि र रङ्गमा हरियो रङ्ग उनलाई मनपर्ने उल्लिखित छ ।[८]

कथाकार पारिजातले बाल्यकालमै आफ्नी आमालाई गुमाउनु परेको थियो । आमाको प्रेम, माया र आत्मीयताका विषयमा यिनी अनभिज्ञ थिइन् । उनले आमाको अनुभव गर्न पाइनन् । नारीको रूपमा जन्मेकी पारिजातले आफूले आफ्नी आमाको र आफूले नै भौतिक सन्तानको आमा हुनुको अनुभूति संगाल्न पनि पाइनन् । त्यसो त उनका मानस सन्तानको पर्याप्तताले गर्दा आफू आमा हुनुको अनुभूतिको छायाप्राप्ति भने उनले अवश्य गरेकी थिइन् । यसै सिलसिलामा उनले भनेकी थिइन् - 'मैले आमाको अनुभव गर्न पाइन । आमाको माया कस्तो हुन्छ त्यो मलाई थाहा छैन । [९] त्यसकारण उनी बाबुको मात्र रेखदेखमा हुर्केकी थिइन । आमाको माया नपाएको बालक बिग्रन्छ भन्ने सही देखिन आयो । उनले सानैदेखि बाबुको आँखा छलेर चुरोट खान्थिन् । यसले उनलाई झनझन कमजोर बनाउँदै गयो । उनी चुरोटमा डुब्दै जाँदा गाँजासम्म पुगिन । गाँजा खाएर उनले मुटुको ढुकढुकी बढाएकी थिइन् ।

पारिजात सानैदेखि गीत गाउने रूचि राख्थिन् । सानामा उनको स्वर पनि राम्रो थियो । त्यसले उनले स्कुल होस् या घरमा होस्, सभामा होस् या वनभोजमा होस् गीत गाउन चाहन्थिन् तर उनका बाबुलाई उनले गीत गाएको पटक्कै पन पर्दैनथ्यो । त्यसैले यिनको स्वर विस्तारै खुम्चेर जान थाल्यो, हराएर जान थाल्यो र सेलाएर जान थाल्यो । सानामा उनलाई नाच्न पनि सोख थियो तर बाबुका डरले यस बाटामा पनि औपचारिक रूपमा हिँड्न असमर्थ थिइन् । यिनले लेखेका लेखहरू बाबुका लागि असह्य हुन्थे । यिनलाई जनताका माझ र समाजमा विविध रमाइला काम गर्न र लेख्ने ज्यादै रहर लाग्थ्यो तर बुवाका डरले गर्दा यस बाटामा प्रत्यक्ष खुल्न सक्दिनथिन्, लुकेर नै भएपनि यिनले गाउन पनि छाडिनन्, नाच्न पनि छाडिनन् र लेख्न पनि छाडिनन् । आफू जिद्दी भएका कारण उनले आफ्ना रूचिहरूमा विजय प्राप्त गरेकी थिइन् । त्यसैले यस बारेमा उनी बराबर भन्थिन् -'बाबुसँग छलेर पनि म र मेरा यात्रामा नै बगे । मेरा इच्छाहरूमा मैले नै जितेँ । घरबाट भने मैले लेख्ने प्रेरणा पाएकी थिइन् ।

[८] निनु चापागाइँ र खगेन्द्र सङ्ग्रौला (सम्पादक), **पारिजात स्मृतिग्रन्थ** पूर्ववत् पृष्ठ ९३ ।

[९] नरेन्द्रराज प्रसाईं, **पारिजातको जीवनकथा** पूर्ववत् पृष्ठ २२ ।

तर पनि मैले मेरा जीवनका उद्देश्यहरू त पूरा गरेँ नि ।"[१०] मनको इच्छा भए पनि जुनसुकै तगारा आए पनि पछि पर्नुपर्दो रहेनछ भन्ने सत्यतालाई पारिजातले पूरा गरेरै छाडिन् । विज्ञान, अंग्रेजी, साहित्य र गणित पढाउने उनका बाबु डा. लामाको ठूलो धोको भए पनि पारिजात उनको चाहनामा चलेकी थिइनन् । लेखनकार्य उनको ठूलो धोको थियो यसलाई सफलताको चुलीमा पुऱ्याउन उनी सफल भइन् ।

स्वाभिमानी र पराधीनतालाई कुनै पनि हालतमा नस्वीकार्ने पारिजातलाई आफ्नै शारीरिक दुर्बलताले पराश्रित भएर बाँच्नुपर्ने बाध्यता आयो । अनि उनीभित्र मानसिक कुन्ठा, विसंगति, निस्सारताबोध शून्यताबोधजस्ता मृत्युन्मुखी चेतनाले जरो गाडिदिए । वि.सं. २०१९, २० र २१ सालको अवधि उनका लागि अति कष्टमय र पीडाग्रस्त रह्यो ।[११] शारीरिक पीडाबाट आक्रान्त भई आफ्ना रहर र सपनाहरू गुमाएकी पारिजातमा जीवनप्रति वितृष्णा मृत्युबोध, निस्सारता र शून्यबोधका अन्तर्मुखी चेतनाले जरा गाड्दै गयो । [१२] 'मैले नजन्माएको छोरो' जस्ता विसंगतिवादी कथा सृजनाबाट साहित्य विधा विस्तार गर्दै उनी वि.सं. २०२२ मा आउँदा नेपाली उपन्यास परम्परामा नै नौलो हलचल ल्याउन सफल भइन् । 'शिरीषको फूल' उपन्यासको प्रकाशन र मदन पुरस्कार (२०२२) प्राप्त गरेपछि उनी प्रसिद्धिको चुलीमा नै पुगिन् । [१३] अस्तित्ववादी दर्शनको प्रतिपादन गरिएको सो कृतिमा घोर निराशावादी, शून्यवादी एवम् पलायनको स्वर गुन्जेको पाइन्छ । यसभित्र पारिजातको त्यसबेलाको अवस्थामा जीवनलाई हेर्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उनको दर्शन निस्सारतावादी दर्शन थियो जसलाई स्वयम्ले व्यक्तिवादी दर्शन मानेको पाइन्छ ।[१४]

**'शिरीषको फूल'** (२०२२) उपन्यासबाट पारिजात चर्चित र विवादास्पद हुन पुगिन् । समालोचक गोविन्द भट्टले पारिजातको मदन पुरस्कार प्राप्त कृति 'शिरीषको फूल'लाई निस्सार

[१०] नरेन्द्रराज प्रसाई, **पारिजातको जीवनकथा** पूर्ववत् पृष्ठ २३ ।

[११] **पारिजात एउटा चित्रमय शुरूवात** पूर्ववत् पृष्ठ ७७ ।

[१२] पूर्ववत् पृष्ठ ६१ ।

[१३] चूडामणि रेग्मी, **पारिजात परिचय र मूल्याङ्कन** जुही प्रकाशन, भद्रपुर झापा, २०५१, पृष्ठ ४२ ।

[१४] पारिजात, शक्ति लम्सालसंगको अन्तरवार्ता, **पारिजातका संकतिल रचनाहरू ग्रन्थ ६,** पूर्ववत् पृष्ठ २५८ ।

र खोक्रो कागजको फूलसँग तुलना गरिदिए ।[१५] पारिजातले सधैंभरि निस्सारतावादलाई मात्र काखी च्यापिन् । उनी परिवर्तित हुँदै गइन् । एकताका उनी ' राल्फा' समूहको नेतृत्व गर्दै अराजकतावादलाई अंगाल्न पुगिन । रामेश रायन, मञ्जुल, निनु, विमल, अरिम आदि उत्साही युवाहरू त्यस जमातमा समाहित थिए ।[१६] राल्फाकै क्रममा विविध सांस्कृतिक कार्यक्रम र छलफल गर्दै देशका विविध भाग र प्रवासमा समेत भ्रमण गर्न पुगेकी पारिजात आफ्नो शारीरिक कष्टका बाबजुद पनि सृजनात्मक बोधतर्फ राल्फा संक्रमण अवधि (२०२४-२०४९) हुँदै जाँदा उनको मृत्यु-सन्त्रास क्रमशः क्षीण भई क्रान्तिचेत तिखारिन पुगेको तथ्य उनका उत्तर चरणका कृतिबाट प्राप्त गर्न सकिन्छ ।

शारीरिकरूपले अशक्त भए पनि पारिजातको बौद्धिक धरातल साह्रै फराकिलो बन्दै गयो । साहित्य राजनीतिबाट निरपेक्ष रहन सक्दैन भन्ने कुरा उनका २०३० साल पछिका साहित्यिक कृतिले देखाउँछन् । उनी २०३० को दशक यता राजनीतिकरूपमा वामपन्थी विचारधारामा आवद्ध भएर ने.क.पा. चौथो महाअधिवेशन प्रति प्रतिवद्ध वनिन र त्यसपछिका कथा उपन्यासमा पनि यसको प्रभाव पर्न थाल्यो । [१७]फलस्वरूप उनका रचनाहरूमा मार्क्सवादी सौन्दर्यशास्त्रको प्रयोग हुन थाल्यो । २०३० पछिको नेपाली राजनीतिमा घटेको अनेक प्रभावकारी घटनाहरूको छाप पारिजातको प्रगतिवादी रचनाहरूमा पाइन्छ । प्रगतिवादी साहित्यकारहरू, वामपन्थी विद्वान, चिन्तक र क्रान्तिकारीहरूसंगको सम्पर्कबाट पारिजातले निराशा र पलायनको प्रवृत्ति त्यागिन् । उनमा जीवनप्रति मोह रूचि र विश्वास पलाएर आयो । समाजवादी यथार्थलाई साहित्य सृजनामा महत्व दिन थालिन् ।

पारिजातको बैठक कोठामा सधैजसो साहित्यिक व्यक्तिहरू एवम् विद्वानवर्ग र राजनैतिक चिन्तकहरूको जमघट भइरहन्थ्यो । उनले नव युवाहरूलाई उत्साहित गर्दै सृजनाको बाटोमा अग्रसर हुन प्रेरित गर्थिन् । बहिनी सुकन्या पारिजातकी सहयात्री बनेर बाल्यकालदेखि नै उनको मृत्युसम्म सेवा गर्दै रहिन् । पारिजातको देहान्त पश्चात् उनी पनि 'पारिजात स्मृति केन्द्र' स्थापना गरेर पारिजातका साहित्यिक कृतिहरूको संरक्षण गरिरहेकी छिन् । पारिजातका

---

[१५] गोविन्द भट्ट, **'शिरीषको फूल' कि कागजको फूल** ? हिमाली, वर्ष २, अङ्क ४ (२०२३) पृष्ठ १२३-१३२ ।

[१६] पवन चामलिङ, **भूमिका पारिजातका सङ्कलित रचनाहरू,** ग्रन्थ १ पूर्ववत् ।

[१७] मुरारी अर्याल, **समाज वैज्ञानिक विश्लेषणमा पारिजातका उपन्यासहरू,** पारिजात स्मृतिग्रन्थ पूर्ववत्, पृष्ठ ५४-६६ ।

राल्फाकालीन साथीहरू पनि पछि प्रगतिवादतर्फ प्रतिवद्ध भएर पारिजातले देखाएको बाटो अनुसरण गरिरहेका छन् । [१८]

यसरी वि.सं. १९९४ सालको वैशाख महिनामा जन्मेर २०५० सालको वैशाख ५ गते वीर अस्पताल काठमाडौँमा उपचार हुँदाहुँदै दिवङ्गत भएकी पारिजात आफ्ना अमर कृतिहरू माझ बाँचिरहेकी छिन् । उनका कृतिहरूमा नेपालीहरूको आवाजमात्र होइन विश्वकै आवाज लुकेको छ भन्ने कुरा मेरिल्यान्ड विश्वविद्यालयको सापेक्ष साहित्य विभागकी प्राध्यापक मार्गरेट स्याण्डसले उल्लेख गरेकी छिन् । [१९] उक्त कुरा पारिजातको चर्चित उपन्यास 'शिरीषको फूल' का सर्न्दभमा गरिएको छ, जसको अंग्रेजी अनुवाद Blue Mimosa लाई मेरिल्यान्ड विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा समावेश गरेको छ ।

नेपाली साहित्यको इतिहासमा महाकवि लक्ष्मीप्रसाद देवकोटापछि प्रमुख साहित्यिक व्यक्तिको नाम लिँदा उनको नाम अघि आउँछ । तर उनले त नेपाली नागरिकता नलिएरै मृत्युलोक पुगिन् । [२०] पारिजातको उचित मूल्याङ्कन र सम्मान न  उनी जिउँदो हुँदा भयो न त मृत्युपश्चात् । सधैँ उनलाई विवादको घेराभित्र राख्ने प्रयास गरियो । उनको जीवनकथा अति त्रासद र कारूणिक रह्यो । त्यत्तिकै उत्साहवर्द्धक र प्रेरणदायी पनि छ । जीवनमा केही गर्नको लागि शारीरिक स्वस्थताको मात्र हुँदैन, अदम्य साहस, जोश, जाँगर र लगनशीलता चाहिन्छ भन्ने उनीबाट सिक्न सकिन्छ ।

## २.२ पारिजातको विभिन्न संघसंस्थामा संलग्नता भ्रमण तथा पुरस्कार

पारिजात संघर्षशील नारी थिइन् । उनी नेपाल मानवअधिकार संगठन, केन्द्रीय समितिको उपाध्यक्ष, प्रगतिशील लेखक संघ राष्ट्रिय परिषदको सदस्य, बन्दी सहायता नियोगको संस्थापक अध्यक्ष, अखिल नेपाल महिला संघ र राजनीतिक शोषणका विरूद्ध संघर्ष गर्दै आजीवन जनपक्षीय अभियानमा सक्रिय रहिन् । [२१]उनी राष्ट्रिय मात्र नभई International

---

[१८] रामेश, **पारिजात दिदीसन्गाका ती दिनहरू**, पारिजात स्मृतिग्रन्थ, पूर्ववत्, पृष्ठ ४८ ।

[१९] मार्गारिट स्याण्ड्स, **Parijat, The Flower Whose Roots Break The Rocks**, पारिजात स्मृतिग्रन्थ, पूर्ववत् पृष्ठ १६४-१६५ ।

[२०] सुकन्या, **अक्षरमा बाँचेकी तिमी**, पारिजात स्मृतिग्रन्थ पूर्ववत्, पृष्ठ ९० ।

[२१]कृष्णप्रसाद घिमिरे, **गरिमा**, वर्ष १८ अंक ६ पूर्णाङ्क २१० जेठ २०५७, पृष्ठ ५१ ।

Faminist Association outwrite, Society for Women Geographer, Amnesty International जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा पनि संलग्न थिइन् ।

कथाकार पारिजात विभिन्न सिलसिलामा देश तथा विदेशमा भ्रमण गरेकी थिइन् । नेपाल आगमनको सातवर्ष पछि एक महिनाको निम्ति दार्जिलिङ् भ्रमण गरेकी थिइन् । राल्फाली आन्दोलनको क्रममा वीरगञ्ज, कलैया, भीमफेदी, हेटौंडा आदि स्थानहरूमा भेटघाट छलफल वादविवाद गोष्ठी जस्ता कार्यमा सहभागी हुँदै भ्रमण गरेकी थिइन् भने यसै आन्दोलनको सिलसिलामै उनले दार्जिलिङ कालिम्पोङदेखि सिलाङसम्मको भ्रमण गरेकी थिइन् । २०३६ सालमा राल्फा समूहसहित नारायणगढ, पोखरा, पाल्पा, भैरहवा जस्ता सहरहरूको भ्रमण गरेकी थिइन् । वेदना सांस्कृतिक यात्राको क्रममा पनि भारतका विभिन्न प्रान्तहरू र विराटनगरदेखि दार्जिलिङसम्मको सांस्कृतिक भ्रमण गरेकी थिइन् ।

जीर्ण र रोगी शरीर भएता पनि बौद्धिकरूपमा सबल पारिजातका कृतिको पूर्णतया मूल्याङ्कन हुन नसकेता पनि विभिन्न पुरस्कार र सम्मानबाट विभूषित भएकी छिन । उनले 'शिरीषको फूल ' कृतिका लागि २०२२ सालको मदन पुरस्कार प्राप्त गरिन् भने २०४९ सालमा गंकी -बसुन्धरा पुरस्कार पाइन् । यसरी नै २०५० सालको सर्वश्रेष्ठ पान्डुलिपि पुरस्कार पाएकी पारिजातले २०४८ सालमा त्रि.वि. सभा सदस्य, २०४९ नेपाल तामाङ घेदुङ संघ र त्यही वर्ष जनमत साहित्यिक मासिकद्वारा अभिनन्दन प्राप्त गरिन् । साहित्यिक सर्जकका नाताले २०३२ सालदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वत्तवृति पनि पाएकी थिइन् । [२२] नेपाली साहित्यको भण्डारको सोभा बढाउनका लागि आफ्नो जीवनभर निरन्तर लागिरहने पारिजातले आफ्नो जीवनकालमा योगदान अनुरूपको सम्मान र पुरस्कार भने पाउन सकिनन् ।

## २.३ लेखन कार्य र प्रकाशित कृतिहरू

साहित्यकार पारिजात बाल्यकालदेखि नै लेख्न साह्रै मनपराउँथिन् । कक्षा ६ मा पढ्दादेखि नै अनौँपचारिकरूपमा लेखनकार्य थालेकी पारिजातले २०१३ सालदेखि पत्रपत्रिकाहरूमा समेत लेखहरू प्रकाशित गराउन थालिन् । सृजनाका क्रममा कविता, कथा, उपन्यास आदि अनेक विधामा कलम दगुराउने उनी बहुमुखी प्रतिभा हुन् । पुस्तकाकार कृतिका रूपमा २०१४ सालदेखि उनका रचनाहरू देखापर्न थालेका हुन् । उनले कविता, कथा उपन्यास,

[२२] निनु चापागाईं र खगेन्द्र संग्रौला, पूर्ववत् पृष्ठ ९४ ।

संस्मरण आदि धेरै क्षेत्रमा प्रभावशाली रचनाहरू दिइन् । उनका प्रकाशित रचनाहरू निम्न लिखित छन् :

| क्र.सं. | प्रकाशित कृति | बिधा/विषय | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | आकाङ्क्षा | कवितासंग्रह | २०१४ |
| २ | शिरीषको फूल | उपन्यास | २०२२ |
| ३ | आदिम देश | कथासंग्रह | २०२५ |
| ४ | महत्ताहीन | उपन्यास | २०२५ |
| ५ | वैंसको मान्छे | उपन्यास | २०२९ |
| ६ | सडक र प्रतिभा | कथासंग्रह | २०३२ |
| ७ | अन्तर्मुखी | उपन्यास | २०३२ |
| ८ | तोरीबारी बाटा र सपनाहरू | उपन्यास | २०३३ |
| ९ | पर्खालभित्र र बाहिर | उपन्यास | २०३४ |
| १० | उसले रोजेको बाटो | उपन्यास | २०३४ |
| ११ | अनिंदो पहाडसँगै | उपन्यास | २०३९ |
| १२ | साल्गीको बलात्कृत आँसु | कथासंग्रह | २०४३ |
| १३ | धुपी, सल्ला र लालीगुराँसको फेदमा | आत्मसंस्मरण | २०४३ |
| १४ | पारिजातका कविताहरू | कवितासंग्रह | २०४४ |
| १५ | एउटा चित्रमय शुरूवात | आत्मसंस्मरण | २०४५ |
| १६ | परिभाषित आँखाहरू | उपन्यास | २०४६ |
| १७ | आधी आकाश | लेखनिबन्ध | २०४८ |
| १८ | बोनी | लघुउपन्यास | २०४८ |
| १९ | वधशाला जाँदा आउँदा | कथासंग्रह | २०४९ |
| २० | बैँसालु वर्तमान | कवितासंग्रह | २०४९ |
| २१ | अध्ययन र संघर्ष | आत्मसंस्मरण | २०५० |

यी बाहेक उनका थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । तिनको अनुसन्धान हुन बाँकी नै छ । [२३]

## २.३.१ कविता सृजनामा पारिजात

साहित्यकार पारिजात नेपाली साहित्यमा बहुमुखी प्रतिभाकी धनी बनेर देखा परेकी छिन् । पारिजातको पहिलो कवितासंग्रहमा उनका आभ्यासिक अवस्थाका चिन्तन र भावनाहरू मुखरित भएका छन् । एक नवयुवतीका मनमा जीवनका आशानिराशाले पारेका प्रभाव प्रेम र विरहका छटपटीहरूलाई उनले कविताहरूमा पोखेकी छन् । उनले यौवनकालका सपना र पीडाहरूलाई 'आकांक्षा' कवितासंग्रहका कविताहरूमा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ । यसका साथै दोस्रो विश्वयुद्धले जन्माएका वितृष्णा र शून्यवादी दर्शनको छापसमेत यस संग्रहका कविताहरूमा पाइन्छ ।

उनको दोस्रो कवितासंग्रह पारिजातका कविताहरू (२०४४) हो । यो कृति उनको पहिलो कवितासंग्रह आकांक्षाका तुलनामा धेरै नै परिष्कृत छ । त्यसैले तेस्रो कृतिसम्म आइपुग्दा उनी एक सफल कवयित्रीका रूपमा स्थापित हुन सफल भइन् । उनलाई उनको तेस्रो कवितासंग्रह वैंसालु वर्तमान (२०५०) का लागि सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५०) प्राप्त भएको थियो । उनी तेस्रो कवितासंग्रहसम्म आइपुग्दा जीवनलाई संगतिपूर्ण देख्न थालिन् । जीवनका उज्याला पक्षहरू खोज्नु, जीवनलाई सार्थक र सारमय बनाउन चाहनु, निराशाको बदला जीवनवादी दृष्टिकोण लिनुजस्ता भिन्न प्रवृत्तिले पारिजातका तेस्रो संग्रहका विशेषतालाई देखाउँछ । [२४]

पारिजातका २०१६ सालदेखि २०२५ सालसम्मका कविताहरूमा विसंगतिवादी, अस्तित्ववादी स्वर, २०२५ सालपछि २०३० सालसम्मका कविताहरूमा राल्फाली स्वरलाई उतार्न सफल छन् । यस अवधिका कविताहरूमा नेपाली समाज र नेपाली मानसिकता भन्दा पनि विश्वको कुण्ठित र वितृष्णाग्रस्त जीवन विश्वमा बढ्दै गएका आणविक भट्टीका आतंकले आसन्न क्षणमा ल्याएका मृत्युका सन्त्रासहरू, यसले उद्घाटन गरेका परिस्थितिका र जीवन भोगाइका विसंगतिहरू, मानसिक दुर्बलता र पलायनहरू, मृत्यु र नश्वरताका बोधहरू, मानवीय

---

[२३] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात, समालोचना ग्रन्थ,** काठमाडौं, हजुरको पुस्तक संसार २०५८ पृष्ठ ४ ।

[२४] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञवाली पूर्ववत् पृष्ठ ६ ।

संवेग र त्यसका प्रतिक्रियाहरू, जीवनको निस्सारता र आत्महत्याका आतंकहरू प्रस्तुत भएका छन् । [२५] यस्तै उनका केही कवितामा जीवन बोधगत विसंगति झल्काउँछन् । त्यस्तै उनका कविताहरूले समाजबोधगत विसंगतिलाई पनि प्रष्ट पारेका छन् ।

स्वच्छन्दतावादी भाववादी कवितालेखनबाट आरम्भ भई अस्तित्ववादी धरातल हुँदै 'वैंसालु वर्तमान' (२०५०) सम्म आइपुग्दा पारिजात यथार्थवादको मोडमा आइपुगेको पाइन्छ । नेपाली साहित्यको इतिहासमा अस्तित्वादी विसंगतिवादी परम्पराबाट परिचित पारिजातको परिवर्तित मूल्य र पहिचानलाई प्रतिनिधित्व गर्ने कवितासंग्रह बनेको छ- 'वैसालु वर्तमान"[२६] मृत्यु, 'म कोलाहल जन्माउन खोज्दैछु', 'जुठी दमिनीको अभिव्यक्ति', लगायत जम्मा २६ वटा कविताहरू संकलित छन् । पारिजात शोषित पीडित जनताहरूप्रति प्रतिबद्ध भएपछि रचिएका कविताहरू यस संग्रहमा संकलित छन् । मान्छे-मान्छे बीच वैषम्यको पर्खाल ठड्याएर समाजलाई कुरूप बनाउने तत्वहरू हाँक दृष्टिगोचर हुने यी कविताहरूमा नवनिर्माण निम्ति वैचारिक उर्जा प्रदान गर्ने गुणहरू सन्निहित छन् ।[२७]

पारिजातको कवितात्मक व्यक्तित्वका विभिन्न मोडहरूमा उनले आफ्नो काव्य संसारलाई वौद्धिक वर्गदेखि निम्न वर्गसम्मको खुराकका रूपमा पस्केको पाइन्छ । उनले आफ्नो किरणमा जसरी स्वच्छन्दतावादलाई वरण गरिन् त्यसरी नै दोस्रो खुड्किलोमा अस्तित्ववाद, विसंगतिवाद र पलायनवादमा पुगेकी थिइन् । त्यसपछि उनी प्रगतिवाद र यथार्थवादको शिखरमा पुगेकी थिइन् । [२८] यसरी उनका कविताहरूमा स्वच्छन्दतावाद, विसंगतिवाद, अस्तित्ववाद, पलायनवाद, यथार्थवाद, प्रगतिवाद जस्ता प्रवृत्तिहरू पाउन सकिन्छ ।

### २.३.२ कथा सृजनामा पारिजात

नेपाली कथा साहित्यको इतिहासमा अस्तित्ववादी कथाकारका रूपमा परिचित पारिजातले 'मैले नजन्माएको छोरो' (२०२१) मार्फत सार्वजनिक रूपमा कथाकारितामा प्रवेश गरेको बुझिन्छ । उनको उक्त कथा विसंगतिवादी-अस्तित्ववादी एवम् यौन मनोविश्लेषणात्मक

---

[२५] राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिमा पारिजात**, वाराणसी भूमिका प्रकाशन, २०५३ पृष्ठ ११ ।

[२६] पूर्ववत् पृष्ठ १५

[२७] पवन चामलिङ, पूर्ववत् ।

[२८] नरेन्द्रप्रसाद प्रसाईं पूर्ववत् पृष्ठ १०२ ।

प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको छ । उनका पछिल्लो चरणका कथाहरू प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएका छन् । उनका जम्मा चारवटा कथासंग्रहहरू प्रकाशित छन् । ती हुन् :

१. आदिम देश (२०२५)

२. सडक र प्रतिभा (२०३२)

३. साल्गीको बलात्कृत आँसु (२०४३)

४. वधशाला जाँदाआउँदा (२०४९)

यी सबै कथासंग्रहहरूमा जम्मा ४७ वटा कथाहरू छन् । बोनीसम्बन्धी चारवटा कथाहरू पछि लघुउपन्यास भनि प्रकाशित गराइएकाले यसमा समावेश गर्न उपयुक्त ठानिएन । पारिजातले यी कथाहरूमा सामाजिक जनजीवनका सकारात्मक तथा नकारात्मक दुवै पक्षको उल्लेख गरेकी छन् । प्राय : 'म' मात्रको प्रयोगद्वारा आन्तरिक दृष्टिविन्दुलाई समेटेतापनि ऊ वा अन्य पात्रहरूको पनि प्रयोग गरिएको छ । उनका कथाले झूटो प्रेमप्रति वितृष्णा, असमानताप्रति असन्तोष र अन्यायप्रति आक्रोश देखाएका छन् । भाषामा बौद्धिकता, शैलीगत विविधता, भावगत अनेकता, कथानकको केही मात्रामा उपेक्षा, चरित्रचित्रणमा अशक्तता र सम्प्रेषणीय संवेधता उनका कथाका मुख्य विशेषता हुन् । [२९]

'आदिमदेश', पारिजातको पहिलो कथा संग्रह हो । यो उनको पूवार्द्ध भागमा पर्ने प्रथम चरणको प्रकाशित संग्रह हो । यो कथासंग्रह पुस्तक संसार विराटनगरबाट पहिलोपटक (२०२५) प्रकाशित भएको हो । दोस्रो पटक पारिजातका संकलित रचनाहरू ग्रन्थ ३ शीर्षकमा निर्माण प्रकाशन नाम्ची दक्षिण सिक्किम (भारत) बाट २०५४ सालमा प्रकाशित भएको छ । यसले समकालीन विश्वसाहित्यको प्रभावलाई कथाका माध्यममा प्रस्तुत गरेको छ । यस कृतिमा 'आदिम देश', 'बीसौं शताब्दी एउटा गल्लीमा' 'सिमेन्टीभित्र एउटा राजवेली', 'सँधै उडानमा', 'तिउरीको फूल र पायरियाको गन्ध', 'सोफिजम मेरो लोग्नेसंग कुराकानी' 'निर्माणको मोडेल समयभित्र', 'अप्ठ्यारो र अभ्यस्त मान्छे' गरी जम्मा १२ वटा कथाहरू संगृहीत भएका छन् । [३०] यस संग्रहमा लेखिएका कथाहरू नेपाली समाजमा देखिएका राजनैतिक, सामाजिक र आर्थिक

---

[२९] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा भाग ३,** काठमाडौं साझा प्रकाशन, २०५५ पृष्ठ १२१ ।

[३०] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञावाली, पूर्ववत्, पृष्ठ १७९ ।

विसंगति र वर्गीय विषमताका विकृतिलाई निरपेक्ष ठानेर लेखिएका छन् भन्ने विवरण राजेन्द्र सुवेदीबाट बुझिन्छ । यी कथाहरू अस्तित्ववादी चिन्तनधारा एवम् विसंगतिवादका चिन्तनधारामा सजिएका छन् । अलिकति रूप र अमूर्तता, अलिकति अन्तर्मुखी चिन्तन र अस्पष्टता, अलिकति पलायन र निस्सारता, अलिकति वितृष्णा र निराशा आदिको मिश्रित भावनामा आर्जित जीवनमूल्य र चेतनाको पहिचान् अलिकति जीवनमोह र उत्कण्ठा, अलिकति विडम्बना र विसंगतिप्रतिको पलायन यस संग्रहभित्रका कथाहरूमा कथावस्तु भएर आएका छन् ।[३१] यसरी यस कथाभित्रका कथाहरूले विसंगतिवादी अस्तित्वादी धारालाई आत्मसात् गर्दै निस्सारताबोधलाई प्रकट गरेका छन् ।

कथाकार पारिजातको दोस्रो कथासंग्रह 'सडक र प्रतिभा' (२०३२) हो । यो संग्रह उनको संक्रमणकालीन कथाचेतको उदाहरण हो । यस संग्रहमा जम्मा १७ वटा कथाहरू संकलित छन् । 'सडक र प्रतिभा', 'प्रतीक', 'नयाँ मान्छे', 'यस ठाउँमा', 'अन्तर्विरोध', 'रात', 'घाम ताप्दा', 'सन्त्रास', 'देवल', 'बुढा बा', 'साथीको सम्झना', 'सँघारनेर', 'सिटीहलको बूढा ज्यामीसँग', र 'वर्कसपभित्र' यस कथासंग्रह भित्रका कथाहरू अस्तित्ववादी विसंगतिवादी धाराकै उपज मानिन्छन् । यस संग्रहभित्रका केही कथाहरू प्रगतिवादी धारामा पनि उभिएका पाइन्छन् । पारिजातको अर्को कथासंग्रह 'साल्गीको बलात्कृत आँसु' मा प्रगतिशील धारणका प्रतिनिधि कथाहरू समेटिएका छन् । यस कथासंग्रहमा नेपाली महिलाहरूको चित्रण गरिएको पाइन्छ ।[३२] यस कथासंग्रहका केही कथाहरू आलोचनात्मक यथार्थवादतर्फ ढल्के पनि धेरै जसो कथाहरूले मृत्युन्मुखी चेतना बोकेका छन् ।

'साल्गीको बलात्कृत आँसु', पारिजातको तेस्रो कथासंग्रह हो । साहित्यसन्ध्या परिवार प्रकाशक रही वि.सं. २०४३ सालमा प्रकाशित यस संग्रहको उत्तमप्रसाद पन्तले 'पारिजातको कथाकारिता एक अध्ययन' शीर्षकमा भूमिका लेखेका छन् । पन्ध्रवटा कथाहरूको संग्रह भनिए तापनि बोनी सम्बन्धी चारवटा कथालाई छाड्दा जम्मा एघारवटा कथाहरूको संकलन मात्र यसमा भएको पाइन्छ । बोनी सम्बन्धी चार कथाहरूमा अरू ती शीर्षक थपी वि.सं. २०४८ सालमा लघुउपन्यास भनी कृतिकारले नै प्रकाशित गराएकाले तिनीहरूलाई यहाँबाट झिकिएको

---

[३१] राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिमा पारिजात**, वाराणासी, भूमिका प्रकाशन, २०५३ पृष्ठ ५७ ।

[३२] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ६१ ।

हो । पारिजातका संकलित रचनाहरू कृतिमा पनि यही कुरालाई अवलम्बन गरिएको छ । [३३] यस कथासंग्रहमा 'सइसको छिठी', 'सम्बन्ध', 'कलिलो अतीत', 'यसरी एउटा नाउँ काटिन्छ', 'साल्गीको बलात्कृत आँसु', 'कुनै गुलाफ ओभानो छैन यहाँ', 'पैसाको रङ', 'वर्षाऋतु', जस्ता एघारवटा कथाहरू संकलित छन् । उक्त कथाहरू विसंगतिवाद-अस्तित्ववाददेखि फड्को मार्दै प्रगतिवादसम्म पुग्न सफल भएका छन् ।

'वधशाला जाँदाआउँदा' (२०४९) पारिजातको अन्तिम कथासंग्रह हो । यस भित्रका सात कथाहरू यी हुन् । 'शोध', 'नाटकको चौथो चरण', 'साँझ', 'उदास घरको पिँढीमा', 'विकल्पहीन', 'वधशाला जाँदाआउँदा', 'शकुन्तलाको चिन्तन' र 'एउटा जून पानीभित्र' । यी कथाहरूमा आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादका पक्षहरू प्रवलरूपमा प्रयोग भएका छन् । नेपाली जीवन पद्धतिमा रोग जस्तै भएर सल्केको पूँजीवादी संस्कार र त्यस संस्कारसमेतका विरूद्ध तयार संघर्षमा जुट्ने चिन्तन बोकेका कथाहरू प्रस्तुत कथामा समावेश छन् । [३४] 'वधशाला जाँदाआउँदा ' भन्ने कथासंग्रहमा पारिजातको यथार्थवादी दृष्टिकोणले कथाको दैलो खोलेको देखिन्छ । राष्ट्र र समाजमा देखिएका विभिन्न भोक तिर्खाहरूलाई यस कथाका माध्यमले उदारेको पाइन्छ । [३५]

### २.३.३ उपन्यास सृजनामा पारिजात

नेपाली साहित्यमा 'शिरीषको फूल' जस्तो उत्कृष्ट उपन्यासबाट उपन्यासक्षेत्रमा प्रवेश गरेकी पारिजातका बोनीसमेत गरेर जम्मा दशवटा उपन्यासहरू प्रकाशित छन् । ती हुन् :

१. शिरीषको फूल (२०२२)

२. महत्ताहीन (२०२५)

३. बैँसको मान्छे ( २०२९)

४. तोरीबारी बाटा र सपनाहरू (२०३३)

५. अन्तर्मुखी (२०५४)

६. पर्खाल भित्र र बाहिर (२०३४)

---

[३३] घिमिरे, ज्ञवाली पूर्ववत्, पृष्ठ २०२ ।

[३४] राजेन्द्र सुवेदी,पूर्ववत् पृष्ठ ७६ ।

[३५] नरेन्द्रराज प्रसाईं पूर्ववत्, पृष्ठ १०१ ।

७. उसले रोजेको बाटो (२०३५)

८. अनिँदो पहाडसँगै (२०३९)

९. पारिभाषित आँखाहरू (२०४६)

१०. बोनी (२०४८)

'अस्तित्वको व्यथा पारिजातका उपन्यासको मुख्य स्वर हो । उपन्यासबाट जाहेर हुने अस्वीकृति र विद्रोहात्मकता वर्तमानलाई यही रूपमा अंगीकार गर्न नसकेको एउटा बौद्धिक संकट हो । " भनी 'नेपाली उपन्यास र उपन्यासकार' मा कृष्णचन्द्रसिंह प्रधान लेख्छन् । वि.सं. २०२२ सालमा प्रकाशित उपन्यास 'शिरीषको फूल' बाट नेपाली उपन्यास परम्परामा उपन्यासकार पारिजातको उदय भएको हो । यस अघि उनले 'संघर्ष", 'वर-पीपल", 'मानव अन्तर्यामी" र "शारदा" गरी चारवटा उपन्यास वि.सं. २०१८-२०२१ सालका बीचमा लेखिसकेको कुरा उनका आत्मसंस्मरणबाट थाहा हुन्छ । [३६] तर ती सबै उपन्यास पाण्डुलिपि उनलाई चित्त नबुझेर जलाइएका थिए । उनको प्रथम प्रकाशित उपन्यास 'शिरीषको फूल' ( २०२२) बाट उनले मदन पुरस्कार र ख्याति प्राप्त गर्नुको साथै यस उपन्यासबाट उनी चर्चित र विवादास्पद समेत बन्न पुगिन् ।

'शिरीषको फूल" मा चरित्रचित्रणको नयाँ भूमिका प्राप्ति छ । चरित्रनिर्माणको प्रधान स्रोत उपन्यासकारकै आफ्नो जीवन हुन्छ, उपन्यासकारको व्यक्तित्व उपन्यासमा पनि अवश्य झल्केको हुन्छ । कुनै जीवित व्यक्तिलाई आफ्नो कल्पनाको आधार नबनाएसम्म चरित्र जीवन्त र प्राणयुक्त हुन सक्दैन । चरित्रमा पसेका उपन्यासकार नै बोल्छन् । पारिजातले भनेकी छिन् -'मैले कुनैलाई आफ्नो जीवनगाथा बनाएकी हैन तर शिवराम, सकम्बरी र सुयोगवीरको मुखबाट आफ्ना कुरा भन्न लागाएकी हुँ । आधारभूतरूपमा भन्ने हो भने तिनीहरूको र मेरो जीवनको सैद्धान्तिक पक्षमा त्यस्तो विधि भिन्नता केही पाउँन्न । व्यवहारिक जीवनमा पनि त्यस्तो विधि फरक छैन ।"[३७] वास्तवमा 'शिरीषको फूल" उपन्यासका माध्यमबाट नै पारिजातले नेपाली साहित्यको उपन्यास परम्परामा शिखर चुम्न सफल भएकी हुन् ।

---

[३६] पारिजात, 'अध्ययन र संघर्ष' **पारिजातका संकलित रचनाहरू, ग्रन्थ चार,** सिक्किम, निर्माण प्रकाशन २०५४ पृष्ठ १२६-१२७ ।

[३७] नरेन्द्रराज प्रसाई, पूर्ववत् पृष्ठ ९७-९८ ।

उनको दोस्रो उपन्यास 'महत्ताहीन' हो । महत्ताहिनको विषयमा पारिजातले आफैंले भनेकी छिन् - " आजको समाजले 'शिरीषको फूल' च्यातिदिए हुन्छ । सापेक्षतामा 'महत्ताहीन' माथिल्लो छ । निकृष्ट र विभत्स समाजलाई स्वीकार नगरेकाले र सुकिलो समाज निर्माण गर्न चाहेकाले यसको महत्त्वलाई टुक्रयाउन सकिँदैन ।"[३८] उनको यो उपन्यास शून्यवादको सिद्धान्तलाई आत्मसात् गर्दै लेखिएको छ ।

अस्तित्ववादी चिन्तनधारामा सृजित अन्तर्मुखी तेस्रो उपन्यास पारिजातका उपन्यास कृतिहरूको छैटौं उपन्यास हो । २०२२ सालको 'शिरीषको फूल" उपन्यासबाट स्थापित भएको औपन्यासिक स्वरूप, कथ्य र संरचनाका अतिरिक्त संरचनामा समेत आफ्नै नवीनता लिएर देखा परेको उपन्यासकार पारिजताको 'अन्तर्मुखी' उपन्यास उनको प्रारम्भिक चिन्तन विन्दुबाट एकै पाइलो पनि यताउति नसरेको देखिन्छ । २०२२ र २०२५ मा उनले प्राप्त गरेको चिन्तनको उत्कर्षता अस्तित्ववादी चिन्तनधारामा प्राप्त भएको उच्चता र सफलता थियो । यसले पारिजातलाई नेपाली उपन्यास परम्परामा अस्तित्ववादी बढी र विसंगतिवादी कम, रहस्य र अर्न्तसम्वेदनावादी बढी र सामाजिक यथार्थवादी बढी चिन्तन गर्ने उपन्यासकारका रूपमा सिद्ध गरेको छ । २०२२ सालमा 'शिरीषको फूल" उपन्यास लिएर देखा पर्ने उपन्यासकारको २०२९ सालमा प्रकाशित 'बैंसको मान्छे' ले चिन्तनमा केही यथार्थवादी छटाको आरम्भ गरे पनि अस्तित्ववादी चिन्तनको प्रबलता रहेको छ । २०३३ सालको उपन्यास 'तोरीबारी बाटा र सपनाहरू" र 'उसले रोजेको बाटो' समेतले स्पष्ट यथार्थवादी चिन्तनको दरिलो स्तम्भको काम गरेका छन् । [३९]

विभिन्न विषयवस्तु र विभिन्न धारालाई आत्मसात् गर्दै उपन्यास लेख्ने पारिजातले नेपाली साहित्यको हरेक विधामा कलम चलाएर आफूलाई बहुमुखी प्रतिभाकी प्रतिमूर्ति स्थापित गरेतापनि उपन्यास विधाकै उपन्यास 'शिरीषको फूल' उनलाई चर्चित र विश्वमै नामी बनाउने कृति हो । हाल आएर उनको 'शिरीषको फूल' उपन्यास विश्व साहित्यमा पनि अनुवाद भई नेपाली साहित्यको परिचय दिन  सफल भएको छ । उनले उपन्यास विधामा नै सफलता प्राप्त गर्न सकिन् ।

---

[३८] नरेन्द्रराज प्रसाई, पूर्ववत् पृष्ठ ९८ ।

[३९] राजेन्द्र सुवेदी, पुर्ववत् पृष्ठ २८-२९ ।

### २.३.४ निबन्धकारका रूपमा पारिजात

साहित्यकार पारिजातले कविता, कथा, उपन्यासका साथै निबन्धहरू 'अस्मिता', 'गरिमा', 'जनमत', 'मूल्याङ्कन', 'जनचेतना', 'युगधारा' जस्ता पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । 'आधीआकाश' निबन्धहरूको सँगालो वि.सं. २०४८ मा प्रकाशित भएको थियो । यस संगालेमा रहेका निबन्धहरू नारीमुक्ति सम्बन्धी विचारप्रधान छन् । यसभित्रका २९ वटा लेखहरू विश्वजनसंख्यामा आधा भाग ओगटेर बसेका नारीहरूको अस्मिता, अधिकार र कर्तव्यको बारेमा वस्तुपरक ढंगले प्रस्तुत भएका छन् । यी लेखहरूमा नारीहरूलाई केवल पुरूषको मनोरञ्जनको साधन ठान्ने सामन्तीवादी चिन्तनको व्यङ्ग्य गरिएको छ । पारिजात भन्छिन् -'सुन्दरताको विज्ञापन होइनन् स्वास्नीमान्छेहरू, जसरी पूजीवादी, सामन्तवादी समाजले बनाइरहेछ । मुक्तिको भावना फैलाउन चाहनेहरूको पहिरो र बाढीका विभीषिकाहरूलाई जुधाइदिनु पर्छ, लेकाली कुहिरो र तातो हावालाई समागम गराइनुपर्छ । .......... सुन्दरता र यौनप्रतीकबाट झिकेर स्वास्नीमान्छेहरूको अस्मितालाई संघर्षको क्यानभासमा टाँगिन दिनुपर्छ ।" यसरी उनले समाजमा नारीको दमन शोषणको तीखो व्यङ्ग्य आफ्ना निबन्धका माध्यमबाट गरेकी छिन् ।

राजनीतिक र आर्थिक स्वतन्त्रताको अभाव भएका पूँजीवादी र अर्धसामन्ती सत्ता संरचना भएका हाम्रोजस्ता समाजमा नारीको मूल्य निकृष्ट र नगन्य रहन्छ । यस स्थितिमा मुक्ति पाउन नारी स्वयम्ले क्रियाशील बनेर उठ्नुपर्छ, जुट्नुपर्छ र लड्नुपर्छ । पुरूषप्रधान संस्कारले र सामाजिक संरचनाले जाग्नुपर्छ भन्ने स्वरमा नै प्रस्तुत संग्रहका निवन्धहरू केन्द्रित छन् । निबन्धका क्षेत्रमा पनि पारिजातको आत्मसंस्मरणात्मक शिल्प प्रयोग भएको पाइन्छ । [४०] उनका सम्पूर्ण निबन्धहरू अन्याय र अत्याचारले च्यापिएका नारीहरूको चेतनाको श्रीवृद्धि गर्ने उद्देश्यले लेखिएका छन् ।

अखिल नेपाल महिला संघ र अखिल नेपाल राष्ट्रिय महिला मञ्चको अध्यक्षतासमेत गर्न पुगेकी पारिजातले समाजमा महिलाको हकहितको लागि वकालत गरेको पाइन्छ । सामाजिक कुसंस्कारबाट मुक्त हुन नसक्नु नारीहरू स्वयम्कै व्यवहारलाई स्वीकार्छिन् । निबन्धहरूका माध्यमबाट उनले संसारभरिका नारीहरूलाई एक भई संघर्षको बाटोतर्फ उन्मुख हुन आव्हान गरेकी छिन् ।

---

[४०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ७८ ।

उनी प्रायः आफ्नो जीवनकथामा आधारित निबन्धहरू लेख्छिन् । यिनका आत्मपरक निबन्धहरू ज्यादै मार्मिक, रसिला र छरिता देखिन्छन् । आफ्ना जीवनका कुरालाई कतैपनि नमोडी, कतै पनि नलुकाई र केहीले पनि नछोपी सर्लक्कै देखाउने यिनको सबैभन्दा राम्रो कला हो । त्यसैले यिनका आत्मसंमरणत्मक निबन्धहरू पढ्दा लाग्छ यी आफैं पाठकका छेउमा नै बसिरहेकी छिन् । उनका व्यक्तित्वको सबैभन्दा ठूलो विशेषता नै उनी नढाँटी आफ्ना कुराहरू राख्न पोख्त स्रष्टा मानिन्छिन् । रूसोले भनेझैं उनी लाज नमानी आफ्नो जीवनकहानी लेख्ने स्रष्टा भएतापनि प्रेमका प्रसङ्ग भने उनका थुप्रै लुकाएको पाइन्छ । भनिन्छ एउटा मणिलाई गोबरले ढपक्कै छोपेझैं पारिजातले पनि प्रेमका यथार्थ कुराहरू छोपेकी छिन् । [४१]

### २.३.५ आत्मसंस्मरणका रूपमा पारिजात

साहित्यकार पारिजातका जम्मा तीनवटा आत्मसंस्मरणहरू प्रकाशित छन् । नेपाली साहित्यमा आत्मसंस्मरण लेखनको राम्रो विकास नभएको अवस्थामा उनका तीनवटा आत्मसंस्मरणहरू प्रकाशित हुन सक्नुलाई ठूलो उपलब्धि मान्नुपर्छ । उनका आत्मसंस्मरणहरू यस प्रकार छन् :

१. धूपी सल्ला र लाली गुराँसको फेदमा (२०४३)

२. एउटा चित्रमय सुरुवात (२०४५)

३. अध्ययन र संघर्ष ( २०५०)

'धूपी सल्ला र लालीगुराँसको फेदमा" पारिजातको पहिलो आत्मसंस्मरण हो । यो रूपरेखा पत्रिकामा प्रकाशित यस संस्मरणका टुक्राहरू 'एउटा चित्रमय सुरुवात" उनको दोस्रो संस्मरण हो । यो जनमत पत्रिकामा धारावाहिकरूपमा प्रकाशित भएका टुक्राहरू जोडेर २०४५ सालमा प्रकाशित भएको हो । त्यसैगरी तेस्रो आत्मसंस्मरणात्मक कृति 'अध्ययन र संघष' पारिजातको पुस्तकाकार कृतिमा तयार भएको रचना हो ।

'धूपी सल्ला र लालीगुराँसको फेदमा' आत्मसंस्मरणमा उनी काठमाडौं आउनुपूर्वको घटना र प्रसंगहरूको वर्णनमा आधारित छन् । उनी वाल्यकालदेखि नै स्वाभिमानी, स्वतन्त्रताप्रेमी र हठी स्वाभावकी थिइन् । सानैमा आमाको मायाबाट बञ्चित हुन पुगेकी पारिजातले आमाको मायाको अभावमा धेरै समस्याहरू झेलेकी थिइन् । उनले दर्शन तथा

---

[४१] नरेन्द्रराज प्रसाईं, पूर्ववत् पृष्ठ १०३ ।

साहित्यमा रूचि लिन्थिन् भने त्यसको विपरित उनका बाबुले उनलाई डाक्टर बनाउन चाहन्थे । उनले आफूलाई अरूभन्दा छुट्टै स्वाभावमा उभ्याएको कुरा पनि प्रस्तुत संस्मरणबाट स्पष्ट हुन्छ ।

प्रकाशनका दृष्टिले तेस्रो भएपनि 'अध्ययन र संघर्ष" उनको दोस्रो आत्मसंस्मरण हो । यसमा पारिजात काठमाडौं आइसकेपछिको लगभग सात आठ वर्षको समयमा उनीसंग सम्वद्ध घटना तथा अनुभूतिहरूलाई प्रभावकारी शैलीमा प्रस्तुत गरिएको छ । 'संघर्ष", 'वर-पीपल', 'मानव अन्तर्यामी' र 'शारदा' जस्ता चारवटा उपन्यास लेखेर चित्त नबुझेपछि जलाइएको प्रसङ्ग यस संस्मरणमा उल्लेख छ । यस अबधिमा रोगले नराम्ररी सताएर उनको अहंमा चोट पुऱ्याएको, हाड-जोर्नी सम्बन्धी रोग र बीचबीचमा क्षयरोग, दम र अल्सरबाट समेत पीडित हुन पुगेकी पारिजातको चिन्तनमा व्यक्तिवादिता, अस्तित्ववादी निस्सारता जीवनप्रति वितृष्णा आउनु, निराशा र कुण्ठाले बीजारोपण गर्नु जस्ता प्रसङ्गहरू पनि यस संस्मरणमा उल्लेख छ । जीवनका अध्ययन, अध्यापन, लेखन, गोष्ठीमा रचना पाठ, लेखकहरू तथा राजनीतिक कार्यकर्ताहरू संगको सम्पर्क, अभाव र विसंगतिसंगको जुधाइ आदिले उनलाई फराकिलो पार्दै लगेको तथा बहिनी सुकन्याका निमित्त प्रस्तावित वर निर्मल लामाको राजनीतिक जीवनको परिचय विवाह आदिका क्षणहरू पनि यस संस्मरणमा उल्लेख छन् । शारीरिक अशक्तताका कारण पाएको जागिर छाडी परजीवी बन्नु परेको तीतो यथार्थलाई पनि यस संस्मरणमा उल्लेख गरिएको छ ।

'एउटा चित्रमय शुरूवात' (२०४५) पारिजातको जीवनसंग सम्बद्ध अनेक घटनामा आधारित भई लेखिएको संस्मरण हो । यसभित्र १९ वटा फुटकर रचनाहरू समावेश गरिएका छन् । जीवनका चित्रमय सम्मोहन र भयावह रोगका आक्रमण, ईश्वर सम्बन्धी चिन्तन, मानसिक क्षोभका प्रस्तुतिहरू, स्वतन्त्रता वरण गर्न चाहने इच्छाहरू यस संस्मरणमा क्रमश: उल्लेख गर्ने प्रयास गरिएको छ । देशविदेशका कला र संस्कृति, दर्शनले उनमा पारेका छापहरू साथै समाज र पर्यावरणका प्रकृति र व्यक्ति चरित्रका विविध पक्षहरूको समुद्घाटन समेत यस संस्मरणमा उल्लेख छ ।

आफ्नो आत्मसंस्मरणलाई जीवनको सर्सती अनुभव मात्र ठान्ने, पारिजातको लेखन अविन्यस्त हुनु अस्वभाविक होइन । यस कुरालाई आफ्नो संस्मरणका भूमिकामा पनि पारिजातले

उल्लेख गरिसकेकी छन् । आफूले भोगेका जटिलता सबै संस्मरणमा अट्न सम्भव नदेख्ने र नलेख्दाको भयावह मानसिकता पनि सहन गर्न नसक्ने पारिजातका मानसिक पीडाकै उपज बनेर आएका छन् - उनका आत्मसंस्मरणहरू । एउटै श्रृङ्खला र एउटै सङ्कथनको निरन्तरतामा संस्मरणको निर्माण गर्ने हो भने एउटा विशाल ठेली तयार हुने स्थिति पारिजात स्वयम्ले पनि स्वीकारेकी छन् । यसरी संस्मरणलाई सर्सर्ती ढाँचाको रेखाङ्कन मात्र ठान्ने पारिजातको संस्मरण लेखनको स्थिति त्यस्तो छैन । संस्मरणको लेखन चिन्तनका दृष्टिले रोचक बनेको छ । कुरा के चाहिँ सत्य हो भने पारिजातले भोगेको समग्र जीवन इतिवृत्तमा उतार्न धैर्य र समयको उपलब्धता चाहिँ पारिजातसँग पनि थिएन । यसकारण चाहिँ उनका संस्मरणमा आउन नसकेको सत्य हो । [४२]

### २.४ 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहको आधारमा कथाकार पारिजातका कथागत प्रवृत्तिहरू

कथाकार पारिजातको तेस्रो कथासंग्रह 'साल्गीको बलात्कृत आँसु' मा जम्मा एघारवटा कथाहरू संकलित छन् । देशको राष्ट्रिय आवश्यकता अनुसार समाजमा रहेका शोषित, पीडित जनताहरूलाई सचेत बनाउने उद्देश्यले यस संग्रहका कथाहरू लेखिएका छन् । देशमा भएको राजनीतिक अस्थिरताले गर्दा समाजमा विभिन्न किसिमका विसङ्गतिहरू देखिने गर्छन । तिनै सामाजिक विसङ्गतिहरूलाई र ती विसङ्गतिहरूले निम्त्याएको समस्यामा आधारित रही यस सङ्ग्रहका कथाहरू लेखिएका छन् । यस चरणमा उनले मार्क्सवादी चेतनालाई पूर्णत आत्मसात् गरिसकेकी छन् । दुई वर्गमा विभाजन भएको समाजमा निम्नवर्गीय र उच्चवर्गीयका बीच भएको द्वन्द्वले विभिन्न किसिमका जटिलताहरू सिर्जना गरेको छ । नेपाली श्रमवजारमा निम्नवर्गीयहरूको श्रमको अबमूल्यन गरिएको र त्यसबाट उनीहरूको जीवन अनिश्चित, निस्सार र निरर्थक भएको यथार्थलाई छर्लङ्ग पार्दै त्यसका विरूद्ध शोषित, पीडित जनतालाई क्रान्तिन्मुख गराउने यस सङ्ग्रहका कथाहरूको प्रमुख उद्देश्य हो । यस सङ्ग्रहभित्रका कथामा पाइने कथागत प्रवृत्तिलाई निम्न बुँदामा प्रष्ट्याउन सकिन्छ ।

#### २.४.१. प्रगतिवादी चिन्तनको अवलम्बन

'साल्गीको बलात्कृत आँसु' कथा सङ्ग्रहका कथाहरू प्रगतिवादी चिन्तनलाई अवलम्बन गरी लेखिएका छन् । यस सङ्ग्रहमा लेखिएका कथाहरूको विषयवस्तु समाजले खासै वास्ता

---

[४२] राजेन्द्र सुवेदी, पूर्ववत् पृष्ठ ८१ ।

नगरेको परिवेशबाट टिपिएको छ । ग्रामीण परिवेश र सहरिया भए पनि निम्नवर्गीय पात्रहरूले काम गरी जीवन गुजारा गर्ने स्थललाई परिवेश बनाई उनीहरूप्रति कथाकारको विशेष सहानुभूति व्यक्त गरिनु, समाजको यथार्थ पक्षको चित्रण गर्दै त्यसप्रति विद्रोह गरिनु, समाजमा शोषितपीडित वर्गको चेतनालाई बृद्धि गराउँदै उनीहरूलाई उनीहरूको अस्तित्वबोध गराई क्रान्तितर्फ उन्मुख गराउने उद्देश्यले यस सङ्ग्रहका कथाहरू लेखिएका पाइन्छन् ।

'सइसको चिठी' कथामा सइसले निम्नवर्गीय र उच्चवर्गीयका वीचको खाडललाई प्रस्तुत गर्नु, सम्बन्ध कथामा विद्यार्थीहरू, स्टील कारखानामा काम गर्ने कामदारको छोराजस्ता निम्नवर्गीयमा भएको एकता र जताततै नाराजुलुस भएको अवस्थाको चित्रण, काम छाडेर भएपनि कामदारको क्रान्तिमा जाने चाहना, बूढा कम्पाउन्डरको क्रान्तिकारी अभिव्यक्ति एउटा गाउँमा कथामा भएकी अतिमाया, खिउटेकी आमामा भएको क्रान्तिकारी भावना, राष्ट्रमा भएको राजनीतिक विसङ्गतिका बिरुद्ध उठेको जनलहर, 'नैकापे सर्किनी' कथामा सर्किनीको दुःखद अवस्थाको चित्रण गरी निम्न वर्गीयलाई आफूमाथि परेको अन्यायको अस्तित्वबोध गराउनु, 'प्रतिकूल' कथामा मर्यादाको क्रान्तिकारी भावना, 'कलिलो अतीत' कथामा युवक र विद्यार्थीहरूबीचको वर्गीय एकता आदिले यस सङ्ग्रहका कथामा भएको प्रगतिवादी चिन्तनलाई प्रष्ट पारेका छन् । यस संग्रहका कथाहरू सम्पूर्ण सामाजिक र राजनीतिक संरचनालाई परिवर्तन गर्न सघाउ पुऱ्याउने उद्देश्यले लेखिएका छन् ।

## २.४.२. नारीपात्रको अत्यधिक प्रयोग

कथाकार पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहमा भएका कथाहरूमा नारीपात्रहरूको अत्यधिक प्रयोग भएको छ । यिनका धेरै कथाहरूमा नारी पात्रहरूलाई प्रमुख पात्रका रूपमा उभ्याइएको छ । 'प्रतिकूलता' कथामा महिला सदरजेल भित्रको अव्यवस्थित वातावरणलाई लिएर कथा लेखिएकाले सम्पूर्ण महिला पात्रहरूको प्रयोग गरिएको छ । 'नैकापे सर्किनी' कथामा सर्किनीलाई मुख्य पात्र बनाइएको छ । त्यस्तै 'एउटा गाउँमा' कथामा अतिमाया, खिउटेकी आमा, 'साल्गीको बलात्कृत आँसु' कथामा साल्गी, जस्ता नारी पात्रहरू प्रमुख बनेका छन् । उनीहरू नै कथाकारको मुखपात्र वा आदर्श पात्र बनी कथाकारको आदर्शलाई व्यक्त गरिएको छ ।

### २.४.३. वर्गीय पक्षधरता

शोषित, दलित र पीडितहरूको पक्षमा वकालत यस कथाका सम्पूर्ण कथाहरूमा शोषित पीडितहरूलाई प्रमुख पात्र बनाई उनीहरूको पक्षमा वकालत गरिएको छ । 'सइसको चिठी' कथामा कथाको प्रमुख पात्र सइसको पक्षमा, 'सम्बन्ध' कथामा स्टील कारखानाको कामदारको पक्षमा, 'एउटा गाउँमा' कथामा अतिमाया र खिउटेकी आमाको पक्षमा, 'नैकापे सर्किनी' कथामा सर्किनीका पक्षमा 'प्रतिकूलता' कथामा मर्यादा लगायतका शोषित पीडित महिलाहरूका पक्षमा, 'कलिलो अतीत' कथामा युवकको दम्पती र विद्यार्थीहरूका पक्षमा, 'यसरी एउटा नाउँ काटिन्छ' कथामा बूढो ज्यामीका पक्षमा, 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा श्रमिकहरूको पक्षमा, 'पैसाको रङ' कथामा गरिब दम्पतीको पक्षमा वकालत गरेका छन् । यी विभिन्न कथाहरूमा कथाकारले शोषित पीडितका पक्षमा वकालत गरेकी छन् भने शोषकर्गको बिरूद्ध आक्रोश व्यक्त गरेकी छन् ।

### २.४.४. अभिव्यक्तिमा र भाषामा सरलता

कथाकार पारिजातका तेस्रो चरणका सम्पूर्ण कथाहरू प्रगतिवादी धारालाई आत्मसात् गर्दै लेखिएका छन् । त्यसैले अभिव्यक्ति र भाषामा सरलता र सहज भाषाको प्रयोग गरी लेखिएका छन् । पात्रअनुसारको भाषाको प्रयोगले उनका कथाहरू काल्पनिक नभई यथार्थजस्ता छन् । 'कुनै गुलाफ ओभानो छैन यहाँ', कथामा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग भए पनि शोषक र श्रमिकबीचको द्वन्द्वमा आधारित भनेर सहजै बुझिन्छ ।

### २.४.५. राष्ट्रिय समस्याको उद्घाटन

'साल्गीको बलात्कृत आँसु' कथासंग्रहका सम्पूर्ण कथाहरूमा राष्ट्रमा देखा परेका जल्दाबल्दा समस्यामा आधारित रही लेखिएका छन् । 'सइसको चिठी' , 'सम्बन्ध एउटा गाउँमा' आदि कथाहरूमा राष्ट्रमा रहेको राजनीतिक र सामाजिक समस्यालाई विषयवस्तु बनाई लेखिएका छन् । 'साल्गीको बलात्कृत आँसु' र 'वर्षा ॠतु' कथामा नेपाली समाजमा जरा गाडेर बसेको विकृति जसले नेपालका चेलीहरूलाई विदेशमा लगी बेचेर विदेशीहरूको यौन सन्तुष्टि पूर्ति गर्नु परेको यथार्थ समस्यालाई उद्घाटन गरिएको छ । साल्गीजस्ता हजारौँ नारीहरू बनपात जाँदा नै हराउने समस्या छ । यस्तो राष्ट्रिय समस्यामा राज्य चुप लागेर बस्नुमा केही कारण हुनुपर्छ भन्ने निष्कर्ष कथाकारले निकालेकी छन् । समाजमा शोषकहरूले शोष्तिहरूलाई

गर्ने श्रमशोषण, बानी सुधार्न जेल पठाएको नारीहरू त्यहाँको विकृति र प्रतिकूल वातावरणले झनझन बिग्रँदै गएको राष्ट्रिय समस्या, 'वर्षाऋतु' कथामा कान्छी दनुवारले आफ्नो अर्को छुट्याउन नसकेको देखाउँदै समाजमा विश्वासको वातावरण नभएको समस्या, राष्ट्रका शोषण र सामन्ती संस्कारको सरकारले राष्ट्रिय स्वार्थ छाडी व्यक्तिगत स्वार्थतर्फ लागेको समस्या यस कथाका कथाहरूमा उद्घाटन गरिएका छन् ।

## २.४.६. अस्तित्ववोध

यस संग्रहका कथाका पात्रहरू जतिसुकै ठूलो समस्या परेपनि जीवनबाट हार खाँदैनन् । समस्यासंग जुध्दै जीवनलाई अस्तित्वमुखी र सारयुक्त बनाउन अगाडि लैजान्छन् । कथाका पात्रहरू समस्यासँग जुध्दछन् । मानिस संघर्षशील प्राणी हो । दुःखमा उनीहरू जीवनबाट पलायन हुँदैनन् बरू आफ्नो अस्तित्वजोगाई बाँच्छन् ।

## २.४.७. राष्ट्रवादी स्वर

कथाकार पारिजात राष्ट्रप्रेमी र राष्ट्रप्रति भक्तिभाव राख्ने साहित्यकार हुन् । उनको 'साल्गीको बलात्कृत आँसु ' संग्रह कथाहरूमा राष्ट्रिय भावना पाउन सकिन्छ । नेपाली संस्कृतिलाई उनले आफ्ना सम्पूर्ण कथामा उच्च स्थान दिएकी छन् । कथामा प्रयोग भएका पात्रहरूले राष्ट्रप्रति अगाध प्रेम गर्छन । राष्ट्रको राष्ट्रियता, नेपालीपन, प्रत्येक कथाका पात्रहरूमा पाइन्छ । देशको अस्तित्व बेच्न खोज्ने ल्वाँगे घर्तीलाई छप्काएर मार्ने अठोट साल्गीले गर्नु, अतिमाया र खिउटेकी आमाले हातमा हतियार लिएर गाउँलाई पहरा दिनु, आदि उनका कथामा पाइने राष्ट्रवादी स्वर हुन् ।

## २.४.८. युगवोध

अस्तित्ववाद र विसंगतवादबाट फड्को मारेर प्रगतिवादतर्फ लम्केकी पारिजात उनका कृतिहरू सामाजिक विश्लेषणमा केन्द्रीत छन् र अझ बढी जनमानसको यथार्थ स्थिति तथा अनूभूति र युगबोध नै उनका कथाहरूको मूल अभिप्राय हो [४३]। 'सइसको चिठी' कथामा सइसको भोगाई, 'सम्बन्ध' कथामा पुन्टेकी आमाको सरकारी अस्पतालमा डाक्टर, नर्सहरूद्वारा भएको अन्याय, 'एउटा गाउँमा' कथामा अतिमायाले शोषणको विरूद्ध गरेको विद्रोह, 'नैकापे

[४३] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, आख्यानकार, **पारिजात समालोचनात्मक ग्रन्थ,** काठमाण्डौं प्रदर्शनी मार्ग, हजुरको पुस्तक संसार, २०५८ पृष्ठ २०२ ।

सर्किनी' कथामा सर्किनीको दयनीय स्थिति, 'साल्गीको बलात्कृत आँसु' कथामा साल्गीमाथि ल्वाँगे घर्तीले गरेको शोषण, 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा ठूलावडा शोषकहरूले निम्न वर्गमाथि गरेको थिचोमिचो, 'पैसाको रङ्ग' कथामा घुसखोरी र भ्रष्टाचार गरेको धन कालो पैसा र आफ्नो दशनङ्ग्री खियाएको सेतो पैसाको रङ्गमा पत्रकारले कालो पैसाको रङ्गको खुराक खाएर कालो पैसाको वकालत गर्नु, 'वर्षाऋतु' कथामा महिलामाथि पुरूषको दमनका साथै सौताको  रूपमा महिलाले महिलाको शोषण गर्नु र उपल्लो जातले कान्छीमाथि गरेको शोषणजस्ता कथामा भएको यथार्थको घटनालाई प्रस्तुत गर्दै त्यस्ता अन्याय र अत्याचारबाट मुक्त हुन संघर्ष गर्नु पर्ने कुरा पात्रहरू स्वयम्ले बोध गर्न पुगेको पाइन्छ ।

### २.४.९. वर्गद्वन्द्व

कथाकार पारिजातका तेस्रो चरणका कथाहरू वर्गीय द्वन्द्वको आधारमा अगाडि बढेको छ । मार्क्सत्रवादी सिद्धान्तमा आधारित भएर वर्गभेदका कारणले आर्थिक विसंगतिको पीडा भोग्न विवश वनेका निम्न वर्गीय पात्रहरूको केन्द्रीयतामा कथाहरू अडेको छ । सइसको चिठीमा जीवन धान्न सइस घर छोडेर बाहिर जान बाध्य हुनु परेको छ । 'सम्बन्ध' कथामा आमा प्रशव कालमा सरकारद्वारा सञ्चालित पसूति गृहमा वर्गभेदका कारणले सेवाका नाममा शोषित भएकी छ । यसै गरी वर्गीय विकृतिको कारणले 'यसरी नाउँ काटिन्छ' कथामा बृद्ध श्रमिकको लासलाई भुलेर मालिकको फर्माइसमा, खाजा पान गरिरहेको, 'एउटा गाउँमा ' कथामा ७० वर्षीया बृद्ध महिला अतिमाया पूँजीवादको बिरूद्धमा वकालत गरेकी छन् । यी विभिन्न कथाहरूमा कथाकारले वर्गद्वन्द्व देखाएकी छन् र निम्न वर्गीय शोषितहरू माथि भएको शोषणको विरूद्ध तथा शोषित पीडितप्रति सहानुभूति र अभिजातवर्गमाथि टड्कारो रूपमा आक्रोश व्यक्त गरेकी छन्
।

### २.४.१०. अन्याय र अत्याचार विरूद्ध सशक्त आवाज

यस कथासंग्रहका कथाहरूमा कथाकारले मार्क्सवादी चिन्तनलाई अवलम्वन गरी लेखिएको हुनाले उनले कथामा अन्याय र अत्याचारमा परेकाहरूलाई त्यसका विरूद्धमा एकजुट भई सशक्त रूपमा अघि वढ्नु पर्ने कुरा औँल्याएकी छन् । 'सइसको चिठी' कथामा सइस माथि भएको अन्याय, अत्याचार, 'नैकापे सर्किनी' कथामा सर्किनी माथिका शोषण अत्याचार, 'एउटा गाउँमा' कथामा पूँजीवाद शासकहरूको, अन्याय अत्याचार, 'साल्गीको बलात्कृत आँसु' कथामा

साल्गी माथि भएको अन्याय अत्याचार, 'सम्वन्ध' कथामा पुन्टेकी आमा माथि हस्पिटलमा डाक्टर, नर्सहरूले गरेको अन्याय अत्याचार, 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा श्रमिकको पसिनाको शोषणमा भएको अन्याय अत्याचार यस कथासंग्रहमा भएका अन्याय अत्याचार हुन् । यसका विरूद्ध सम्पूर्ण शोषित निरीह व्यक्तिहरू एक भई अन्याय अत्याचार बिरूद्ध सशक्त आवाज उठाएर त्यस्ता अन्याय अत्याचारको निर्मूल गर्नुपर्ने कुरा कथामा यथार्थवादी ढंगले प्रस्तुत गरिएको छ ।

### २.४.११. संघर्षप्रति प्रतिबद्धता

यस संग्रहका कथाहरूमा कथाकारले पात्रमार्फत संघर्षप्रति प्रतिवद्धता जनाएकी छन् । वर्गीय भेदले गर्दा जीउनको लागि संघर्ष गरिएको छ । यसैगरी जुनसुकै कुरा प्राप्त गर्नको लागि संघर्ष गर्नु पर्ने र त्यस प्रति प्रतिवद्ध रहनु पर्दछ भनि कथाकारले कथामा व्यक्त गरेकी छिन् । नैकापे सर्किनीमा सर्किनीले आफूमाथि बलात्कार गर्न आउने व्यक्तिलाई स्वयम् सर्किनीले कोदालाले प्रहार गरेर भगाइदिनुले यो कुरा पुष्टि गर्दछ । त्यस्तै 'एउटा गाउँमा' कथामा ७० वर्षीय बृद्ध महिला अतिमाया शोषण र उत्पीडन तथा दमन र आतंक फैलाउने पूँजीवादी शासकहरूका विरूद्ध प्रत्येक व्यक्तिले हतियार उठाउनु पर्ने कुरा व्यक्त गरेकी छन् । 'साल्गीको वलात्कृत आँसु' कथामा राष्ट्रको कुतत्व ल्वाँगे घर्ती जस्ता दलाललाई टिकाउने शासन सत्ताकै विरूद्ध संघर्षमा उत्रिनु पर्ने कुरा कथामा स्पष्ट र यथार्थवादी ढंगले व्यक्त गरेकी छन् ।

### २.४.१२. श्रमप्रति आस्था

कथाकार पारिजातका यस कथा संग्रहमा उनका कथाहरू श्रमप्रति आस्था देखाएको छ । मानिस जुनसुकै कठिन परिस्थितिमा होस् या घरबाट बाहिर जानु परोस् र जुनसुकै अवस्थामा भएपनि आफ्नो शरीर र दिमागले भ्याएसम्म श्रम गरेर बाँच्नु पर्ने अवस्था देखाइएको छ । 'सइसको चिठी' कथामा सइस घरबार छोडेर बाहिर पलाएन भएर पनि श्रम गरेर जीवन निर्वाह गरेको छ । 'नैकापे सर्किनी' कथामा सर्किनीले कुनै समयलाई पर्वाह नगरी बाह्रै महिना खोलाबाट बालुवा झिकेर जीविकोपार्जन गरेको र त्यस्तै 'यसरी नाउँ काटिन्छ' कथामा घर निर्माण गर्ने सिलसिलामा बृद्ध श्रमिकको घर, निर्माणकै क्रममा मृत्यु भएको यथार्थलाई टड्कारो रूपमा प्रस्तुत गरिएको छ ।

### २.४.१३. अन्धविश्वास र रूढिवाद विरूद्ध जनचेतना

कथाकार पारिजात तेस्रो चरणमा आइपुग्दा प्रगतिवादी बन्न पुगेको देखिन्छिन् यस विचारधारा अनुरूप उनले अन्धविश्वास र रूढिवाद विरूद्ध जनचेतना फैलाउने कथाहरू लेख्न थालेको पाइन्छ । यस कथा संग्रहको 'एउटा गाउँमा' कथामा ७० वर्षीय बृद्ध महिला अतिमाया समाजवादी चेतना विस्तार गर्ने क्रममा लौरो टेक्दै गाउँतिर अन्धविश्वास र रूढिवाद विरूद्ध जनचेतना फैलाउँदै खिउटेकी आमालाई रोएर केही हुदैन, आँसुलाई गोलीमा परिणत गर्नुपर्ने कुरा बताएकी छन् ।

### २.४.१४. विद्रोह र वैचारिक प्रतिवद्धता

कथाकार पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहमा विद्रोहको आवाज गुन्जनुको साथै वैचारिक प्रतिवद्धता रहेको पाइन्छ । उनले सर्वहारा वर्गमाथि भएको अन्याय अत्याचार शोषणको विरूद्ध विद्रोह गरेकी छन् र वैचारिक प्रतिवद्धतामा अडिग रहेर मार्क्सवादी सिद्धान्तमा आधारित रहेर दमन र शोषणको पर्दाफास गरेकी छन् ।

'सइसको चिठी' कथामा सइस माथि भएको अन्यायको विद्रोह, 'नैकापे सर्किनी माथि भएको अन्यायको विद्रोह, 'यसरी नाउँ काटिन्छ' कथामा वृद्ध श्रमिक वूढो ज्यामी माथि भएको अत्याचार, त्यसैगरी 'एउटा गाउँमा' कथाकी अतिमायाले पूँजीवादको विद्रोह गरेको, 'साल्गीको वलात्कृत आँसु' कथामा साल्गी माथि ल्वाँगे घर्तीले गरेको शोषणको विद्रोह, 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा श्रमिक निरीहवर्गमाथि गरेको शोषणको विद्रोह र वैचारिक प्रतिबद्धता पाइन्छ ।

### २.४.१५. लैङ्गिक समानता

पारिजातका कथाहरूमा लैङ्गिक विषय वस्तुलाई बढी जोड दिएर लेखिएको छ । उनका कथाहरूमा पुरूष पात्रमात्र नभएर नारी पात्रलाई पनि पुरूष सरह स्थान दिएर लेखिएको छ । प्रमुख नारी पात्रमा नैकापे सर्किनी 'एउटा गाउँमा' कथाकी अतिमाया, सम्वन्ध कथामा पुन्टेकी आमा, 'प्रतिकुल' कथाको महिला सदर जेलकी नाइकेनी, मसिनी घर्ती मिठु कार्कीजस्ता महिलालाई पुरूषसरह स्थान दिएर प्रमुख पात्र बनाई लैङ्गिक समानतामा जोड दिएको छ ।

### २.४.१६. लक्ष्य आशावादिता

कथाकार पारिजात तेस्रो चरणमा आइपुग्दा उनका कथाहरूमा भने लक्ष्यमा आशावादिता देखिन्छ । अन्याय, अत्याचार, शोषण दमनका बिरूद्ध निरन्तर लडिरहनु पर्दछ अवश्य पनि एक दिन सफलता हासिल हुन्छ भन्ने सन्देश उनका कथामा पाइन्छ । एउटा गाउँमा कथामा अतिमाया नारीलाई शक्तिशाली योद्धाका रूपमा अगाडि बढ्न भन्दछिन् अतिमाया उमेरका कारणले आफू मरेर गए पनि भोलि त्यो दिन नौलो बिहानी अवश्य आउने छ । जनताले न्यानो घाम अवश्य ताप्न पाउनेछन् भन्ने कुरामा उनका पात्रहरू विश्वस्त छन् ।

### २.४.१७. पात्रचयन

पारिजातको कथाहरू पात्र चयनको दृष्टिले हेर्दा उनका कथामा पात्रहरू निम्न वर्गबाट रहेका छन् । पुरूष पहिला जुन सुकैपात्र भए पनि उनीहरू दलित, पीडित सर्वहारावर्गका रहेका छन् । 'नैकापे सर्किनी' कथामा सर्किनी दलित, सइसको चिठी कथामा सइस पीडित, 'सम्बन्ध' कथामा पुन्टेकी आमा सर्वहारा वर्गकी, 'यसरी नाउँ काटिन्छ' कथामा बृद्ध श्रमिकजस्ता पात्रहरू निम्नवर्गका रहेका छन् ।

## तेस्रो परिच्छेद

### ३. 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहको कृतिपरक अध्ययन

### ३.१ पृष्ठभूमि

कथाकार पारिजातको तेस्रो प्रकाशित कथासंग्रह 'साल्गीको बलात्कृत आँसु' (२०४३) नेपाली साहित्यको मोडमा देखा परेको प्रगतिवादी धारालाई आत्मसात् गरेर लेखिएका कथाहरूको संग्रह हो । यो कथासंग्रह साहित्यसन्ध्या परिवार प्रकाशक भई वि.सं. २०४३ सालमा प्रकाशित यस सङग्रहको उत्तमप्रसाद पन्तले 'पारिजातको कथाकारिता एक अध्ययन' शीर्षकमा भूमिका लेखेका छन् । पन्ध्रवटा कथाहरूको सँगालो भनिए तापनि बोनीसम्बन्धी चारवटा कथाहरूलाई छाड्दा जम्मा एघार बोनी सम्बन्धी चार कथाहरूमा अरू तीन शीर्षक थपी वि.सं. २०४८ सालमा लघुउपन्यास भनी कृतिकारले नै प्रकाशित गराएकाले तिनीहरूलाई यहाँबाट झिकिएको हो । पारिजातका संकलित रचनाहरू कृतिमा पनि यही कुरालाई अवलम्बन गरिएको छ ।[४४]

वि.सं. २०३२ सालदेखि विसंगतिवादी अस्तित्ववादी प्रवृत्तिलाई छाडी प्रगतिवादी धारामा प्रवेश गरेकी पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहले नेपाली समाजमा भएका विसंगति, विकृति, अन्याय, अत्याचार, शोषण तथा दमनलाई जस्ताको तस्तै टिपेर प्रस्तुत गर्दै समाजमा भएका उक्त विसंगतिका विरूद्ध लड्नुपर्ने र नयाँ समाजको सृजना गर्नुपर्ने आवश्यकतालाई औंल्याएका छन् । उक्त समयमा नेपाली राजनीतिक उथलपुथल भएको अवस्था थियो, शाषक र शाषितबीचको सम्बन्ध बिग्रेर शोषक र शोषित बनेको अवस्था नेपालमा थियो । नेपाली जनताहरू अन्याय, अत्याचार र अशिक्षाको जाँतोमा पिसिइरहेका थिए । जनताहरूमा राजनीतिक चेतनाको अभाव थियो । त्यसको फाइदा सरकारमा भएका मुठीभर शोषकहरूले उठाइरहेका थिए । त्यस्तो अवस्थामा साहित्य त्यस्तो हुनु जरूरी थियो कि उक्त साहित्यले जनतामा राजनीतिक चेतनाको विकास गर्न सकोस्  उक्त कुरालाई कथाकारले राम्ररी मनन

[४४] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञावाली,**आख्यानकार परिजात समालोचना ग्रन्थ**, कठमाडौं, हजुरको पुस्तक संसार, २०५८ पृष्ठ २०२

गरेर 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहभित्रका कथाहरू लेखेको बुझिन्छ । उक्त संग्रहका कथाहरू समयको माग बमोजिम देखिन्छन् । हुन त कविताको क्षेत्रमा युद्धप्रसाद मिश्र आदिले प्रगतिवादी धारालाई अगाडि नै भिqयाएका थिए । त्यस्तै अन्य साहित्यकारहरूका उपन्यास र कथा विधामा पनि प्रगतिवादीधारा देखिएको थियो । पारिजातले पनि 'सडक र प्रतिभा' कथासंग्रहमार्फत कथा क्षेत्रमा प्रवेश गरेकी थिइन् तर 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहमा पुग्दा अझ परिष्कृत र परिमार्जित भएको महसुस हुन्छ । यसरी नेपाली साहित्यको इतिहासमा साहित्यको विकासक्रमको प्रगतिवादी युगअन्तर्गत राखेर 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहलाई हेर्न सकिन्छ ।

२०३० सालपछिको अवधिको १२ वर्षलाई समेटेर देखा परेको 'साल्गीको बलात्कृत आँसु' संग्रह २०४३ सालमा प्रकाशित भयो । यसमा जम्मा पन्ध्रवटा कथाहरू (बोनीसमेत गरेर) समेटिएका छन् । तिनमा नेपाली समाजमा देखिँदै आएका विकृतिलाई, आर्थिक शोषण र दमनलाई, प्रशासनिक दुष्कृति र राजनीतिक बेइमानीलाई, मानवीय दुर्नियति र सामाजिक विसंगतिलाई प्रहारको केन्द्र बनाएर लेखिएका यस संग्रहका कथाहरू परिवर्तित चिन्तनको प्रतिनिधि बनेकी पारिजातका दृष्टिलाई समेट्न प्रयत्नशील देखिएका छन् । संग्रहमा सङ्कलित भएका कथाहरू निम्नानुसार छन् :- सइसको चिठी, बोनीलाई सम्बोधन गरिएका चारवटा कथाहरू (पछि लघुउपन्यास घोषणा गरिई निकालिएका),'सम्बन्ध', 'यसरी एउटा नाउँ काटिन्छ', 'कलिलो अतीत', 'नैकापे सर्किनी', 'एउटा गाउँमा', 'साल्गीको बलात्कृत आँसु', 'कुनै गुलाफ ओभानो छैन याहाँ', 'प्रतिकूलता', 'पैसाको रंग' र 'वर्षाऋतु' । [४५]

यसरी 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहका कथाहरूले नेपाली समाजमा रहेका शोषित पीडित, जनतालाई क्रान्तिको बाटोतर्फ उन्मुख हुनकालागि प्रशस्त उर्जा दिने हुनाले प्रगतिवादी कथाको रूपमा आएका छन् । 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहमा रहेका कथाहरूले पूँजीवादी समाजमा निम्नवर्गीय व्यक्तिहरूले भोग्नुपरेका शोषण, दमन, अन्याय, अत्याचार आदिप्रति तीव्र व्यङ्ग्य गर्दै त्यस्ता विकृतिको विद्रोहमा उत्रनका लागि जनतालाई अभिप्रेरित गरेका छन् । उक्त कथाहरूले पात्रहरूमा राजनीतिक चेतको दियो बाल्दै अन्यायको विद्रोहमा खरो उत्रनका लागि समेत स्पष्ट दिशानिर्देश गरेका छन् ।

---

[४५] राजेन्द्र सुवेदी, **सृजन विधाका परिधिमा पारिजात,** वाराणसी, भारत, भूमिका प्रकाशन, २०५३, पृष्ठ ६६-६७ ।

साहित्यिक ऐतिहासिक विकासक्रमलाई हेर्दा प्रगतिवादी धारालाई आत्मसात् गर्दै समाजको विकृति विसंगतिलाई यथार्थ चिरफार गर्दै त्यसप्रति विद्रोह गर्न यस कथासंग्रहका कथाहरूले आव्हान गरेको पाइन्छ । पूर्वकालीन कथाहरूमा पाइने विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्तिको मिश्रण नभई विशुद्ध प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्नुले 'साल्गीको बलात्कृत आँसु' कथासंग्रह प्रगतिवादी कथा साहित्त्यमा महत्त्वपूर्ण रहेको छ । यस भित्रका कथाहरूको विश्लेषण र व्याख्या निम्नलिखित कृतिपरक रूपरेखाका आधारमा गरिएको छ : -

- कथानक
- द्वन्द्व
- परिवेश
- चरित्रचित्रण
- दृष्टि विन्दु
- भाषा शैली
- उद्देश्य

## ३.२ 'साल्गीको बलात्कृत आँसु ' कथासङ्ग्रहका कथाहरूको विश्लेषण

### ३.२.१ 'सइसको चिठी'' कथाको विश्लेषण

'सइसको चिठी' सर्वप्रथम वेदना पत्रिकामा प्रकाशित भएको थियो । हाल आएर यो कथा 'साल्गीको बलात्कृत आँसु' (२०४३) कथासंग्रहमा संगृहीत छ । पत्रात्मक शैलीमा लेखिएको यो कथा पारिजातको कथायात्राका तृतीय चरणमा लेखिए पनि प्रकाशनका हिसाबले पहिलो र उनका प्रथम र द्वितीय चरणका कथामा पाइने निस्सारता पाइनुले संक्रमणकालीन कथा हो भन्न सकिन्छ । एउटा घोडाको रेखदेख गर्ने सइसले जीवनप्रति निस्सारता देखाउँदै आफ्नी प्रियसीलाई लेखेको पत्रलाई कथात्मक रूप दिएको कथा 'सइसको चिठी' अभिधार्थ रूपमा सार्थक रहेको छ । जसले प्रतीकात्मक रूपमा समाजमा ठूलाबडाले गरिबहरूलाई गरेको दुर्व्यवहारको पर्दाफास गरिएको छ ।

#### ३.२.१.१ कथातत्वका आधारमा 'सइसको चिठी' कथाको विश्लेषण

**क. कथानक**

'सइसको चिठी' कथामा एउटा प्रेमी तामाङको छोराले आफ्नी पत्नीलाई समाजमा आफूले देखेका, भोगेका र अनुभव गरेका यथार्थहरूलाई एउटा पत्रको माध्यमबाट प्रस्तुत गरेको छ । नेपाली समाजमा भएको वर्गीय विभेदमा निम्नवर्गीयहरूले उच्चवर्गीयबाट पाउनुपरेको अन्याय, अत्याचार, उत्पीडन, बाध्यतालाई यस कथाले यथार्थ चित्रण गर्दै पत्रात्मक शैलीमा लेखिएको कथाको 'म' पात्रद्वारा त्यसप्रति तीव्र विद्रोह गरिएको छ । समाजका यस्तै खाले विषमतालाई लिएर 'सइसको चिठी' कथाको विषयवस्तु चयन गरिएको छ ।

पत्रात्मक शैलीमा लेखिएको 'सइसको चिठी' कथामा पत्र लेख्ने 'म' पात्र मुख्य पात्रको रूपमा आएको छ । त्यस्तै गरी पेमा, रङ्रूटमा बसेको 'म' पात्रको साथीसमेत समाजका यथार्थ पक्षको उद्घाटन गर्न देखिएको छ । ठूलो सपना बोकेर सहर पसेर 'म' पात्रले आफूले सहरमा त्यति ठूलो दु : ख र कष्ट व्यहोर्नु पर्ला भन्ने सोचेको थिएन । सहरमा सुख भनेको धनीलाई मात्र हुँदो रहेछ । सहर गएपछि सुख होला भन्ने नसोचे पनि हुन्छ भन्दै 'म' पात्रले आफ्नी पत्नीलाई पत्रमा लेख्छ । 'सइसको जातलाई घोडाले पानि चढ्दोरहेछ । मान्छेले चढ्ने सरकारले चढ्ने त कुरै छोडिदिऊँ ।' भन्ने अभिव्यक्ति दिएर मुख्य पात्रले समाजमा गरिबले सहनुपरेको पीडालाई प्रष्ट पारेको छ । सहरको रमझम गरिबको लागि अदृश्य भएको एउटा जनावरले मानिसलाई कजाएको, खानु भन्नु पेट भर्नुमात्र भएको, कामअनुसार आशा गर्न पनि व्यर्थ भएको शिकार खेल्न जाँदा ऊ जस्तै गरिवको छोरो पेमा गाडीबाट खसेर मरेको, रंगरूटमा बसेको उसको साथी आउँ पर्दा हस्पिटल गएर पनि उपचार नपाई मर्न तयार भइसकेको जस्ता समाजका यथार्थ पक्षको वर्णन गर्दै कथा अगाडि बढेको छ । यसरी नेपाली समाजमा वर्गीय विभेदले गर्दा गरिबका छोराहरूले जनावरभन्दा पनि तल्लो श्रेणीको जीवन भोग्न परेको यथार्थ पक्षबाट 'सइसको चिठी' कथाको कथावस्तु लिइएको छ ।

**ख. चरित्रचित्रण**

'सइसको चिठी' कथामा प्रत्यक्षरूपमा सइस मात्र मुख्य पात्रको रूपमा देखिएको छ । पत्रात्मक शैलीमा लेखिएकाले अन्य पात्रहरू प्रत्यक्ष रूपमा आउन सकेका छैनन् तर अप्रत्यक्ष रूपमा भने सइसकी आमा, उसकी पत्नी, पेंमा, रङरूटमा बसेका उसका साथीहरू, ठूलाबडाहरू तथा मानवेत्तर पात्र घोडो समेत आएका छन् । कथामा आएका पात्रहरूको चित्रण क्रमश गरिएको छ ।

**अ) सइस**

'सइस' यस कथामा आएको मुख्य पात्र हो । उसले आफ्नी पत्नीलाई लेखेको पत्रलाई कथात्मक रूप दिएर 'सइसको चिठी' कथा लेखिएको छ । उसकै नामबाट कथाको शीर्षकसमेत चयन गरिएको छ । ऊ नेपाली समाजको निम्नवर्गीय पात्र हो । कथाकारको मुखपात्र बनेर कथामा आएको ऊ नेपालका अधिकांश निम्न वर्गीयहरूले भोग्नुपरेको शारीरिक र मानसिक यातना भोग्न बाध्य अस्तित्वबोध भएपनि शोषण विरूद्ध केही गर्न नसक्ने र केवल सहेर मात्र

बस्न जानेको पात्र हो । कथाकारको मुखपात्र वा विचारवाहक बनेर पनि गतिहीन बनेको सइस पुरूषपात्रको रूपमा आएको छ । पौरखी तामाङको छोरो भएर पनि पेमा, रङरूटमा बसेको साथीको दुःखलाई टुलटुल हेर्दै भोलि आफूलाई पनि त्यस्तै अवस्था पर्नसक्ने बुझ्दै विद्रोह गर्न नसक्ने गतिहीन पात्र बनेर आएको सइस कथाको प्रमुख पात्र हो ।

**आ) पेमा**

'पेमा' कथामा गौण पात्रको रूपमा अपत्यक्ष रूपमा आएको छ । सइसको चिठीमा उसको बारेमा पनि चित्रण गरिएको छ । गौण पात्रको रूपमा चित्रण भए पनि कथाको विषयवस्तुलाई उसको कथाले उच्च तहमा पुऱ्याएको छ । समाजमा रहेका न्याय पाउन नसक्ने गरिबको प्रतिसनधित्व उसले गरेको छ । नेपालमा बरू जनावरले न्याय पाउला मान्छेले न्याय पाउन सक्दैनन् भन्ने यथार्थको चित्रण उसका माध्यमबाट गरिएको छ । ठूलाबडाको ऐस, आरामको लागि नेपाली समाजका पेमाजस्ता हजारौँ पेमाको रगत चुसिन्छ । मिल्काइन्छ भन्ने सत्यतालाई उजागर गर्न पारिजातले उक्त पात्रको उपस्थिति देखाएकी छिन् । ऊ कथामा अप्रत्यक्ष र उच्च वर्गीयको शिकार बनेको पात्र हो ।

**इ) रङ्रूटको साथी**

रङरूटको साथी यस कथामा गौण पात्रको रूपमा देखा परेको अप्रत्यक्ष पात्र हो । सामान्य आउँ पर्दा अस्पताल भर्ना हुँदा पनि उचित उपचार नपाई मृत्युको प्रतीक्षा गरेर बसिरहेको पात्रको रूपमा रहेको । नेपाली समाजमा गरिबहरूलाई कहीँ पनि न्याय नभएको अस्पतालमा उसले लडेको जीवनसंघर्षबाट बुझिन्छ । डाक्टरहरूले गरिबलाई वास्ता नगर्ने यथार्थ उद्धार प्रष्ट पारिएको छ । शरीरमा तागत छउञ्जेल समाजका उच्चवर्गका लागि रगत पसिना दिने सइसको रङरूटको साथीजस्ता नेपाली समाजका कैंयौँ गरिबले अकालमा ज्यान गुमाउनुपरेका यथार्थ घटनाको उद्घाटन गर्न ऊ आएको छ ।

त्यस्तै सइसकी आमा, उसकी पत्नी साथै मानवेत्तर पात्र घोडासमेत कथामा सइसको पत्रमा अप्रत्यक्ष देखा परेका छन् । उनीहरू समाजका निम्नवर्गीय पात्रहरू हुन् ।

**ग)** द्वन्द्व

'सइसको चिठी' कथामा आन्तरिक भन्दा बाह्य द्वन्द्व सशक्त बनेर आएको छ । नेपाली समाजमा भएको वर्गीय विभेदले गर्दा भएको द्वन्द्व यहाँ देखिन्छ । वर्गभेदका कारण भएको

आर्थिक विसंगतिलाई टिपेर कथाको विषयवस्तु आएको छ । यसरी कथको विषयवस्तु वर्गीय विभेदले ल्याएको आर्थिक द्वन्द्वमा आधारित छ । सइस र नेपाली समाजका उच्चवर्गीयहरूको द्वन्द्व कथामा देखिन्छ । ऊ समाजमा भएको विसंगति प्रति अत्यन्त रूष्ट देखिन्छ । गरिबहरूले दुई गाँस खानको लागि र एक सरो लगाउनका लागि जीवनभर घोडाको सेवक बनेर वस्नु पर्ने धनीहरू त्यही घोडामा हिँड्ने, गरिबहरूले जीवनभर संघर्ष गरेर कमाउने रकम धनीहरूले एक दिनको भोजमा खर्च गर्ने गरिबहरू उपचार र आफूले चाहेको मकैको जाँडसमेत खान नपाउने स्थिति कथामा सइसले आफ्नी पत्नीलाई लेखेको चिठीमा छ । यी सबै आर्थिक द्वन्द्वका घटनाहरू हुन् ।

समाजमा उच्चवर्गीहरूले केवल निम्नवर्गीयबाट काम मात्र लिन्छन् । उनीहरूको रगत पसिनामा सुखचयन गर्छन्, तर कुनै चीज बाँडचुँड गरेर खान जान्दैनन् भन्ने 'साँच्चै हामी गरिबलाई कसले आसे बनाएहोला हगि ? एकातिर ठूलाबडाहरू खाइरहन्छन् अर्कोतिर हामी भतुवा कुकुरजस्तो रछान कुरेर बस्दारहेछौं । सधैंभरि घोडा मल्दा केही न केही पाउने आशा गर्छौं, तर कहिल्यै केही पाउँदैनौं । माथिबाट आएको पैसा माथि माथि खान्छन् रे । हामी के थाहा पाउनु हामी त घोडा भन्दापनि तल छौं । यहाँ त कोही बाँडचुँड गरेर खान जान्दैनन् । ' अभिव्यक्तिबाट स्पष्ट हुन्छ । माथिको पैसा माथिमाथि खान्छन रे भन्ने अभिव्यक्तिले नेपालमा भएको प्रशासनिक भ्रष्टाचारको व्यङ्ग्य गरेको छ । पूँजीपति र श्रमिकबीचको द्वन्द्व पनि यहाँ देखिन्छ । आफूले काम गरेको परिश्रमिक पनि पाउन नसकेको, पारिश्रमिकको पनि आशा गर्नुपरेको व्यङ्ग्य गरेको छ । पूँजीपति र श्रमिकबीचको द्वन्द्व पनि यहाँ देखिन्छ । आफूले काम गरेको पारिश्रमिक पनि पाउन नसकेको, पारिश्रमिकको पनि आशा गर्नुपरेको यथार्थको चित्रण यस कथामा भएको छ । त्यसैले यस कथाको कथावस्तु नै आर्थिक द्वन्द्व वा वर्गीय द्वन्द्वले निम्त्याएको समस्यामा आधारित छ ।

**घ) दृष्टिविन्दु**

पत्रात्मक शैलीमा लेखिएको 'सइसको चिठी' मा मुख्य पात्र सइसद्वारा उसकी पत्नीलाई लेखिएको चिठीलाई कथात्मक रूप दिने काम भएको छ । नेपाली समाजको निम्नवर्गीय परिवारमा पर्ने सइसद्वारा 'म' पात्र बनेर समाजमा भएका अन्याय, अत्याचार, उत्पीडन आदिलाई चित्रण गर्दै यस्तो समाजमा जीउन गाह्रो भएको अवस्थालाई उतार्दै आफ्नी पत्नीलाई सम्बोधन

गरिएको छ । यसरी 'सइसको चिठी' कथामा एक पतिद्वारा पत्नीलाई सम्बोधन गरी सुरुदेखि अन्त्यसम्म 'म' पात्रद्वारा समाजमा दुःखी गरिबहरूले धनीहरूबाट पाएको शोषण, दमन, अन्याय, अत्याचार, उत्पीडन आदिको प्रस्तुत गरिएको हुनाले कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

मीठो सपनामा डुब्दै म पात्र काठमाडौं पस्नु, काठमाडौंमा घोडा चढेर हिँड्ने रहर लिएर हिँडेको गरिब घोडा माथि त के घोडामुनि पर्न पुग्छ, सधैं घोडा मल्न, ठूलाबडाको बिहे भोजभतेरका बारेमा सुन्नु मात्र अनुभव गर्न नपाउनु, जीवनदेखि विरक्त मान्नु, घर सम्झनु, उसिना चामलमा छाक टार्न बाध्य हुनु, आफ्नै परिश्रमको आशा गर्दा पनि आफैंलाई धिक्कार्नु, पेमाको दुःखद् मृत्युको चित्रण गर्नु, रङ्रूटको साथीको दयनीय अवस्थाको चित्रण गर्नु आफ्नी आमा र पत्नीलाई सम्झनु, आफ्नो अस्तित्वबोध गर्नुजस्ता घटनाहरू क्रमशः 'म' पात्रद्वारा प्रस्तुत गरिएको छ । यसले यो कथा आन्तरिक वा प्रथम पुरूष दुष्टिविन्दुमा लेखिएको छ भनी प्रमाणित गर्न सकिन्छ ।

**ङ) परिवेश**

उनको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहमा संकलित 'सइसको चिठी' कथा उनको प्रगतिवादी धाराको सुरुवातको उपज हो । यसमा उनमा भएको पूर्ववर्ती दृष्टिकोण जीवनप्रति निस्सारता र निराशा केही मात्रामा देखिएता पनि प्रतीकात्मक रूपमा समाजको अन्याय र अत्याचारको पर्दाफास गरिएको छ । यो कथा समाजको यथार्थ पक्षलाई टिपेर त्यसप्रति विद्रोह गरिएको छ । कथाको परिवेश नेपाली समाजको यथार्थ स्थल रहेको छ । समाजवादी यथार्थवादले अपेक्षा गरेको जस्तो परिवेश 'सइसको चिठी' कथामा पाइन्छ । कथाको मुख्य पात्र 'सइसको स्मरणमा गाउँको पाखाबारी, गाउँको घर, त्यस घरमाथिको कोकोहोम्हेन्दोको रूख, कोदो, मकै, जंगलीझारपात साथै सहरमा हुने भोजभतेर आएका छन् भने कथामा मुख्य पात्रको दिनचर्या बित्नेगरेको अस्तबलको चित्रण परिवेशको रूपमा आएका छन् । समाजवादी यथार्थवादलाई आत्मसात् गर्ने साहित्यकारले प्राय : गरेर समाजको कुरूप पक्षलाई परिवेश बनाएका हुन्छन् । त्यस्तै पारिजातले पनि गाउँ, सहरलाई अप्रत्यक्षरूपमा चित्रण गरे पनि घोडाको अस्तबललाई प्रत्यक्ष परिवेश बनाएकी छिन् । 'सइसको चिठी' कथामा पनि समाजको कुरूप पक्षलाई नै परिवेश बनाइएको छ ।

### च) भाषाशैली

पारिजातको 'सइसको चिठी' कथा सरल र सहज भाषाको प्रयोग गरी लेखिएको छ । समाजवादी यथार्थवादले अपेक्षा गरेअनुसारको सरल छ । पात्रअनुसारको भाषाको प्रयोग यहाँ भएको छ । नेपाली समाजको निम्नवर्गीय परिवारको तामाङको छोरो सइस बनेर बस्दा बटुलेका तीता अनुभवलाई 'म' पात्रद्वारा पत्रात्मक शैलीमा प्रस्तुत गरिएकाले 'सइसको चिठी' कथा पत्रात्मक शैलीमा लेखिएको छ । कथाको भाषा बढी वस्तुपरक छ । 'र' को प्रयोगले कथालाई मार्मिक र रोचक बनाएको छ । 'दिउँसोको नमीठो निन्द्राभित्र सपनामा तिमीलाई देखेंछु । ' भन्ने वाक्यबाट सुरु गरिएको यस कथामा उक्त वाक्यले प्रतीकात्मकरूपमा कथावस्तुप्रति संकेत गरेको छ । झलझली जस्ता अनुकरणात्मक शब्द 'डाँडा काटुन्जेल, खानु त के र नाउँ ठूलो, ठूलोको सँग लागे गुवापान ................ जस्ता उखान टुक्काको समेत प्रयोग गरिएको छ । यस कथामा 'सइसको जातलाई घोडाले चढ्दोरहेछ कठै । मान्छेले चढ्ने सरकारले चढ्ने त कुरै छाडिदिऊँ' माथिबाट आएको पैसा माथि नै खान्छन रे ............... जस्ता प्रत्यक्ष आलोचनात्मक भाषको समेत प्रयोग भएको छ ।[४६] यसरी पहिलेका भाषिक जटिलतालाई छाडेर भाषिक सरलतामा प्रवेश गर्नु पनि पारिजातको प्रगतिवादी प्रवृत्तितर्फ उन्मुखताको आधार मान्न सकिन्छ । यसरी 'सइसको चिठी कथा साधारण पाठकले पनि बुझ्न सक्ने गरी सरल भाषामा लेखिएको छ ।

### छ) उद्देश्य

कुनै पनि कृतिकारले कुनै न कुनै उद्देश्य लिएर कृतिको सृजना गरेको हुन्छ । सुरु सुरुमा विसंगतिवादी अस्तित्ववादी चिन्तनलाई अङ्गीकार गर्दै कलम चलाउने पारिजातमा पनि देशमा चलिरहेको राजनीतिक उथलपुथल, सामाजिक र आर्थिक असमानताले नछोई रहन सक्दैन । यस्तो अवस्थामा उनी पनि काल्पनिक र मनोगत संसारमा रहन नसकी समाजका विकृति, अन्याय, अत्याचार र उत्पीडनको उजागर गर्न अगाडि बढ्छिन् । राष्ट्रमा मूलभूत आवश्यकता र राष्ट्रिय स्वार्थलाई छाडस् शासकहरू आफ्नो व्यक्तिगत स्वार्थतिर लाग्न थाल्छन् । मुठीभर शोषकहरू मात्र धनी भई राष्ट्र र असंख्य जनताहरू गरिबीको जाँतोमा पेलिन पुग्छन्, यस अवस्थामा पारिजातको साहित्य सृजनामा पनि आमूल परिवर्तन हुन जान्छ । उनका कथाहरू

[४६] कृष्णप्रसाद घिमिरे, रामप्रसाद ज्ञवाली, पूर्ववत् पृष्ठ १०५ र १०६ ।

देशको जल्दाबल्दा समस्यालाई उतार्न सफल हुन्छन् । त्यस्तै समाजमा भएको आर्थिक असमानता, शोषण, दमन, अन्याय र अत्याचारको पर्दाफास गर्ने उद्देश्य लिएर 'सइसको चिठी' लेखिएको छ । नेपालमा अर्ध-सामन्तीवादी र पूँजीवादी परम्पराले गर्दा वर्गभेदको ठूलो खाडल बनाएको थियो । एकातिर पूँजीपतिको घरमा भोजभतेर चल्थ्यो भने श्रमिकको घरमा दश घन्टा काममा जोतिदा पनि एक छाक खान धौधौ थियो । यस्तो अवस्थामा पारिजातले घोडाको सेवा गरी बस्ने सइसलाई मुख्य पात्र बनाएर उद्वारा उसकै श्रीमतीलाई सचेत बनाउने प्रयास भएको छ । यसरी कथाकार पारिजातको 'सइसको चिठी' लेख्नुको मुख्य उद्देश्य अब 'सइस' जस्ता गरिब नेपाली समाजका व्यक्तिहरूमा पनि अन्याय र अत्याचारको अस्तित्वबोध भइसकेको स्थिति देखाउँदै त्यस्ता सामन्तीहरूको विद्रोह गर्नु उनीहरूको तीव्रत्तम घृणा गर्नु रहेको छ ।

### ३.२.१.२ प्रगतिवादी कोणबाट 'सइसको चिठी' कथाको विश्लेषण

कथाकार पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहका कथाहरू प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएका छन् । तत्कालीन समयमा नेपालमा भएको राजनीतिक विसंगति, मुठीभर शासकहरूले गर्ने गरेको मोजमज्जा र अर्कोतर्फ शोषितहरूले दश घन्टा काम गर्दा पनि भोकले कम्मर कस्नु परेको अवस्था, शासकहरू राष्ट्रिय हितलाई छाडेर व्यक्तिगत हितलाई अँगालेको परिस्थितिले गर्दा साहित्यकार पारिजातले पनि कथाहरूमा देशका जल्दाबल्दा समस्याहरूलाई समावेश गर्न थालिन् । हेपिएका र शोषिएकाहरूको पक्षमा उनी सधैं वकालत गर्दछिन भने दमन, शोषण र सामाजिक विकृति ल्याउने तत्त्वहरूसँग प्रतिस्पर्धा गर्न कटिबद्व हुन्छिन् । त्यसैले उनका कथाहरूमा समसामयिक स्वर तीव्र रूपले झङ्कृत हुन पुगेको छ । उनका कथाहरू सोद्वेश्य छन् तर तिनले जीवनका विसंगति र समस्याहरूसंग संघर्ष गर्ने एउटा हतियार पनि प्रदान गर्छन । समाज उत्थान प्रति जिम्मेवारी वहन नगर्ने लेखकहरूप्रति उनको रूष्टरूपमा विरोध छ । साहित्य सामाजिक क्रान्तिकै लागि हुनुपर्छ भन्ने कुरामा उनी स्पष्ट छन् ।[४७] देशको परिस्थिति अनुकल उनका 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहका कथाहरू पनि समाज परिवर्तनको वाहक बनेर देखिएका छन् ।

'सइसको चिठी' कथामा पारिजातले तत्कालीन समाजमा भएको सामाजिक र आर्थिक विसंगतिलाई जस्ताको तस्तै टिपेर त्यसप्रति रोषसमेत व्यक्त गरेकी छन् । नेपाली समाजमा

---

[४७] रामहरि पौड्याल, **जनमत पत्रिका**, वनेपा, वर्ष १० पृष्ठ ३४

रहेका सइसजस्ता पात्रहरूले जति ठूला सपना सजाए पनि जति साहसी भए पनि उनीहरूलाई यही समाजका उच्चवर्गीयहरूले जीवनभर घोडाको टाङ्मुनि पारेझैँ उठ्न नसक्नेगरी ढलाएको छन् । पत्रात्मक शैलीलाई अपनाई लेखिएको यस कथाको मुख्य पात्र सइसले पत्रका माध्यमबाट नेपाली समाजमा भएका शोषक तथा सामन्तहरूको तीव्र विद्रोह गरेको छ । यही समाजका उच्चवर्गीयका घरमा खानाको फालाफाल छ, तर सइस तथा उसका परिवारले वर्षभरि मुख फेर्न मकै, कोदो तथा सहर पस्दा उसिनेका चामलले गुजारा गर्नुपर्ने बाध्यतालाई कथामा जस्ताको तस्तै उतारिएको छ । सइसजस्ता निम्नवर्गीयले मलेका घोडा सजाएर ठूला-ठूला भोजभतेरमा लगिन्छ, त्यस्तै श्रमिकले बनाएका घरमा भोजभतेर चल्छ, तर ती श्रमिकलाई भोज कस्तो हुन्छ भन्ने थाहासम्म हुँदैन जब कि उसले मलेको घोडाभन्दा पनि तल भएर श्रमिकलाई बस्न बाध्य बनाइएको छ । आफ्नै पारिश्रमिक लिन पनि उनीहरूलाई आशा गर्नुपर्छ भन्दै सइसले भ्रष्टाचारी उच्चवर्गीयको विद्रोह गरेको छ । 'घोडाको टापमुनिबाट फुस्कन पाएको दिन मान्छेको छोरा रहेछु भनेर सत्ते होला छाती ठोक्छु ' भन्ने सइसको अभिव्यक्तिले पनि अब सइसजस्ता निम्नवर्गीयहरूमा देशमा भएको अन्याय अत्याचारको अस्तित्वबोध भइसकेको र बिस्तारै अन्यायको बिरूद्व क्रान्तिचर्कने संकेत देखिन्छ । यसरी 'सइसको चिठी' कथामा समाजको यथार्थको चित्रण गर्दै त्यसप्रति आक्रोश व्यक्त गरिएको पाइन्छ ।

'मायालु, विरक्त लागिसक्यो जीवनदेखि, उसिना चामलले पेट त भरिन्छ नै, तर पेट भरिएर मात्र केही नहुँदो रहेछ । ' भन्ने कथाको मुख्य पात्र सइसको अभिव्यक्तिले गर्दा कथा उनका पूर्वाद्व चरणका प्रवृत्ति देखिए पनि कथामा प्रयोग भएको अन्य कथागत तत्त्वका आधारमा प्रगतिवादी प्रवृत्तिलाई अँगालेको बुझिन्छ । वर्गभेदका कारणले जन्मेका आर्थिक विसंगतिको पीडा भोग्न विवश बनेका निम्नवर्गीय पात्रको केन्द्रीयतामा अडेको कथा हो 'सइसको चिठी' । २०३२ सालको 'वेदना' पत्रिका प्रकाशित प्रस्तुत कथामा शिल्पको प्रस्तुति पूर्वाद्व चरणकै प्रवृत्तिमा भएको छ र अन्तर्वस्तुको प्रयोग भने प्रगतिवादी बन्न पुगेको छ । [४८] समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने कारक तत्त्वहरू यहीँ नेपाली समाजका उच्चवर्गीयहरू हुन् भन्ने सइसलाई काम गराउने, पेमा र रङ्रूटमा बसेको सइसको साथीलाई कजाउने उच्चवर्गीयहरू र उसलाई अस्पतालमा वास्ता नगर्ने डाक्टरहरू हुन् भनी उनीहरूलाई औँलो

[४८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ६७

ठाडो गराउने कार्यबाट सिद्व भएको छ, साथै कथामा समाजका आर्थिक तथा सामाजिक विसङ्गगति र भेदभावको तीव्र विद्रोह गरिएको छ ।

'सइसको चिठी' कथामा प्रयोग भएका पात्रहरू निम्नवर्गीय परिवेशबाट टिपिएको छ । प्रगतिवादले शोषण, दमनका विरूद्ध सर्वहारावर्गको साथ रही उनीहरूप्रति सहानुभूति व्यक्त गर्दछ । यस कथामा पनि सइस तथा पेमा जस्ता निम्नवर्गीय पात्रहरूप्रति सहानुभूति व्यक्त गरिएको छ । त्यस्तै सइसलाई प्रमुख स्थान दिँदै कथा अगाडि बढेको छ । कथाको सुरुदेखि अन्त्यसम्म नै उसको अभिव्यक्तिलाई स्थान दिइएको छ । कथामा समाजको निम्नवर्गीय चरित्रका बाध्यता विवसतालाई सबल रूपमा उतारिएको छ । साथै समाजका उच्चवर्गीयहरूप्रति जसले गरिवलाई अन्याय र अत्याचारको जाँतोमा पिँध्ने तिनलाई सइस जस्ता निम्नवर्गीयमा पनि उनीहरूको अन्यायको अस्तित्वबोध भइसकेको देखाई अब सधैँ त्यस्तो नचल्ने यथार्थलाई स्पष्ट पार्न खोजिएको छ । कथामा प्रयोग गरिएको सइसलाई सत्पात्रको रूपमा चित्रण गर्दै उसमा भएको सहनशीलता तथा इमानदारितालाई देखाउँदै उसलाई अन्यायमा पार्नेलाई तीव्रत्तम विद्रोह गरिएको छ ।

त्यस्तै यस कथामा प्रयोग गरिएका जनवर्गीय पात्र उद्देश्य र परिवेश पनि प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको छ । यस कथाको परिवेश पनि समाजले खासै वास्ता नगर्ने स्थानबाट लिइएको छ । एउटा घोडा बस्ने अस्तबललाई परिवेश बनाइएको छ । कथावस्तु पनि वर्गीयद्वन्द्वले निम्त्याएको विषयवस्तुमा आधारित छ । यस कथाको भाषा पनि सामान्य पाठकले बुझ्न सक्ने र पात्रअनुकुलको छ । काव्यात्मक भाषाको प्रयोग नगरी सरल र सुबोध्य भाषा प्रयोगले गर्दा साथै कल्पनाभन्दा यथार्थलाई महत्त्व दिँदै कथा लेखिएकाले कथा प्रगतिवादी हो भन्न सकिन्छ ।

यसरी उनका पूर्वाध चरणका प्रवृत्तिहरू पात्रको विपात्रताबाट सबल पात्रको प्रयोग, अकथात्मकताबाट कथात्मकतातर्फ अमूर्तताबाट मूर्ततातर्फ उभ्याउँदै 'सइसको चिठी' कथा लेखिएको छ । यसरी पारिजातकोकथाकार भावजगत्बाट वस्तुजगतमा रूपवादी पलायनवादी उडानबाट सामाजिक यथार्थवादी धरातलमा अवतरित भएको छ । यस अवतरणले पारिजातलाई

आलोचनात्मक यथार्थवादको परिधिबाट समाजवादी यथार्थवादका वैज्ञानिक धरातलमा पुग्न सम्भव बनाएको छ । [४९]

### ३.२.२ 'सम्बन्ध' कथाको विश्लेषण

कथाकार पारिजातको 'सम्बन्ध' कथा सर्वप्रथम वेदना (वर्ष ६, पूर्णाङ्क १७-१८, २०३६) पत्रिकामा प्रकाशित भएको थियो । हाल यो कथा 'साल्गीको बलात्कृत आँसु' (२०४३) कथासंग्रहमा संकलित छ । कथामा शोषितवर्गका समस्याहरूसंग सम्बन्धित कुराहरूको चित्रण गरिएको छ भने अर्कोतर्फ शोषकका कु-कृत्यलाई मास्न वर्गवर्गमा आपसी सम्बन्ध हुन्छ भन्ने देखाइएको छ ।

#### ३.२.२.१ कथातत्त्वका आधारमा 'सम्बन्ध' कथाको विश्लेषण

**क) कथानक**

कुनैपनि घटनालाई प्रस्ट्याउन विभिन्न खाले पात्रको प्रयोग गरी क्रियाव्यापारलाई अगाडि वढाउने कार्य कथानकमा हुन्छ । आधुनिक नवसमालोचनामा कथानकलाई पात्रका क्रियाकलापको एक मूर्त आकृतिका रूपमा लिइन्छ । परम्परामा प्रचलित क्रियाव्यापार र द्वन्द्वलाई कथानकका उपकरण मान्दै विश्रृङ्खलित घटनाक्रमलाई श्रृङ्खलित बनाउने काम गर्दछ । यस कथामा पनि वि.सं. २०३५/०३६ सालतिरका घटनाहरूलाई विभिन्न पात्रहरूको सृजना गरी यथार्थ उतार्ने र त्यस्ता तीता यथार्थप्रति विरोधसमेत गर्ने काम भएको छ । वि.सं. २०३६ सालको जन-आन्दोलनको पृष्ठभूमिलाई कथामा उतार्ने प्रयास भएको छ ।

नेपाली समाजमा भएको अन्याय र अत्याचारको यथार्थ चित्रणमा युवकहरू, छिमेकको बूढो कम्पाउन्डर, पुलिस, विद्यार्थीहरू, स्टील कारखानाको कामदारको छोरो, उसकी दुलहीजस्ता सजीव पात्रहरू आएका छन् । देशमा युवावर्गमा चेतनाको लहर जागेको हुन्छ, सरकारको अन्यायको तीव्र विद्रोह तथा क्रान्तिको ज्वारभाटा दन्केको हुन्छ, यस्तो अवस्थामै एउटा स्टील कारखानाको कामदारकी पत्नी प्रसवपीडाले. अस्पतालमा भर्ना गरिएकी हुन्छे । उसको छोरो गाडा गुडाउँदै व्यस्त सडकमा हिँडिरहेको हुन्छ, उसलाई हेरविचार गर्ने कोही हुँदैन । गाडीले च्यापिने डर उसलाई छैन । वर्गीयरूपमा सम्बन्ध हुँदोरहेछ । उसलाई युवा विद्यार्थीहरूले रोकेर गाडले किच्ला खेततिर गएर खेल भन्छन् । बालकले नाङ्गो पाखुराले सिंगान पुछ्छ । यस्तो

---

[४९] पुर्ववत्, पृष्ठ ७७ ।

अवस्थामा विद्यार्थीहरू चिन्तित छन् । एउटी उच्चवर्गीयकी श्रीमतीको लागि त्यही अस्पतालमा डाक्टर र नर्सहरूको लाइन लाग्छ, तर त्यस पुन्टेकी आमा वा कामदारकी श्रमितीलाई बच्चा जन्माउन अस्पताल र घरमा केही फरक हुँदैन । अस्पतालमा कुनै डाक्टर नर्सले उसको वास्ता गर्दैनन् । सरकारदेखि सामान्य कर्मचारीसम्मले पनि गरिब र दु : खीलाई हेर्ने दृष्टिकोण हेय छ । समाजमा वर्गीयसम्बन्ध बढ्दै गएकाले अस्पतालमा आफ्नी स्वास्नीको रूवाबासी देखेको कामदारमा पनि अस्तित्वबोध हुन्छ । यसरी 'सम्बन्ध' कथाले राष्ट्रमा शासकहरूले गरेको अन्यायको विरूद्ध लडी उनीहरूलाई हुत्याउनु समाजका मजदुरवर्ग, विद्यार्थीवर्ग, महिलावर्ग सबैमा सम्बन्ध भएको र उनीहरू एकजुट भइसकेको देखाएको छ । कामदार, उसकी स्वास्नी छोरो तथा असमानताको शिकार बन्दै धर्तीमा टेकेकी उसकी छोरीजस्ता सम्पूर्णवर्गमा अस्तित्वबोध भएको देखाउँदै क्रान्तिले तीव्र रूप लिई पापको घैँटो फुट्छ भन्ने प्रतीकात्मक वाक्यांशको प्रयोग गर्दै देशमा छिटै परिवर्तन हुने संकेत देखाएको छ । यसरी 'सम्बन्ध' कथाले समाजमा भएका अन्याय र अत्याचारको यथार्थ चित्रण गर्दै त्यसको विरोधमा क्रान्तिले मौलाउन सफल भएको विषयवस्तु वा कथानकको सवल चित्रण गरेको छ ।

**ख) चरित्रचित्रण**

कथामा पुरूष तथा स्त्री पात्र, निम्न वर्गीय तथा उच्चवर्गीय, पात्रहरूको प्रयोग गरिएको छ । नेपाली समाजकोयथार्थको चित्रण गर्न सफल कथा 'सम्बन्ध' मा यहीं समाजका यथार्थ पात्रहरूको उपस्थिति छ । कथामा नेपाली समाजको वर्गीय विभेद जस्तो विसङ्गतिमा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनको शिकार बन्दै गरेका निम्नवर्गीयहरू मुख्य पात्र बनेर देखा परेका छन् । दुईजना विद्यार्थीहरू बूढो कम्पाउन्डर, कामदार, कामदारको छोरो पुन्टे र उसकी श्रीमती प्रत्यक्षरूपमा देखिएका छन् भने पुलिस, डाक्टर, नर्सहरू आदि अप्रत्यक्ष पात्रहरू हुन् । यहाँ उक्त पात्रहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ. स्टील कारखानाको कामदार**

स्टीलकारखानाको कामदार कथामा प्रमुख पात्रको रूपमा चित्रित छ । ऊ नेपाली समाजको निम्नवर्गीय चरित्र हो । यो कथा उसकै जीवनमा घटित घटनामा आधारित छ । वर्गीय विभेदले गर्दा नेपाली नागरिक भएर पनि उसले कतै न्याय पाएको छैन । श्रीमतीलाई प्रसूती पीडाले सताउँदा केही राहत होला भनी अस्पताल लगेर भर्ना गर्छ तर अस्पताल त

समाजका उच्चवर्गीयको सेवाका लागि मात्र खोलिएको हुँदोरहेछ भन्ने अस्तित्वबोध उसलाई उसकी श्रीमती र अर्को उच्चवर्गीय चरित्रकी श्रीमतीका बीच गरेको भेदभावबाट प्रष्ट हुन्छ । उच्चवर्गीयकी श्रीमतीको पछाडि सारा नर्स तथा डाक्टरहरू लाग्छन्, तर उसकी श्रीमतीको पछि लाग्न कसैलाई पनि फुर्सद नभएको देख्दा उसमा विद्रोहका बाढहरू वढेर आउँछन् । श्रम गरेर खाने वर्गीय चरित्रको स्टील कारखानाको कामदारमा यस अत्याचारी फासिष्ट सरकारप्रति तीव्र विद्रोह उब्जिन्छ । 'ई यहाँ यस्तै अँधेरी हुन्छ र त भेट्दैछ नि सरकारले पनि । ठहरै पार्दैछन नि पुलिसहरूलाई पनि । आज पनि बाटोमा जुलुस भेटेको थिएँ । त्यो केटो भोकै थियो । यस्तो बिधि हेलचेक्र्याई खपेर छोरी जन्माएको त्यो आइमाईले बिर्सन सक्ली र ? म बिर्सन सकूँला र ? अन्तमा 'पापको घैंटो त फुटिसकेछ ' दाइ जस्तो अभिव्यक्ति कामदारले क्रान्तिकारी विद्यार्थीलाई दियो । यसरी ऊ कथाको गतिशील पात्र हो । अब उसले अन्याय खपेर बस्ने पक्षमा छैन । किनभने लाखौं सुत्केरीको सुविधा एउटै विशिष्ट सुत्केरीले लिएको असमानताको खाडल उसले देख्यो, भोग्यो । ऊ देशको मुहार फेर्न क्रान्तिको बाहक बनेर उठ्ने क्रान्तिकारी पात्रको रूपमा कथामा चित्रत छ । यस कथामा चित्रित उसकै जीवनकथाले चलिरहेको क्रान्तिमा घ्यु थप्ने कार्य भएको छ । यसरी स्टील कारखानाको कामदार एक निम्नवर्गीय चरित्रमा पर्ने साहसी, अन्याय र अत्याचारको अस्तित्वबोध भएको चरित्र हो ।

**आ. दुईजना विद्यार्थीहरू**

विद्यार्थीहरू यस कथामा सहायक पात्रको रूपमा उपस्थित छन् । रेडियोको समाचार सुन्दा जनताको विपक्षमा भएको समाचारले मुर्मुरिने राष्ट्रप्रेमी र क्रान्तिकारी चरित्रको रूपमा उनीहरूको चित्रण भएको छ । फासिष्ट सरकारको तीव्र विद्रोहीबनेर उनीहरू देखिएका छन् । देशको स्थिति बिग्रँदै पर्दा उनीहरूमा ठूलो बेचैनी भएको छ । उनीहरू नेपाली समाजका वर्गीय चरित्र हुन् । 'फासिष्टहरूले राष्ट्रको नाउँमा बडेमानको पल्टने बुट देखाएको छ । हामीलाई बुझ्नु को ......................... ? मलाई लाग्छ यो स्टील बुटको छायामुनि बाँचिरहेका छौं, असुरक्षित, आतंकित, कुनैपनि समय यो पल्टनेबुट हामीमाथि पेलिन सक्छ हो कि होइन भन्नुस् त ? राष्ट्रको मर्यादा होइन । राष्ट्रियतालाई जोगाउनको नाममा हामी फासिष्टहरूलाई जोगाउन चाहँदैनौं । हामीलाई हाम्रो राष्ट्र चाहिन्छ, छुनसकिने ओगट्नसकिने र माया गर्न सकिने भन्ने दुई विद्यार्थीहरू मध्ये एक विद्यार्थीको अभिव्यक्तिले सरकारले जनतामाथि अत्यन्त अन्याय गरेको

तथा ठूलो राष्ट्रघाती कार्य गरी राष्ट्रलाई अवनतिको बाटोतर्फ उन्मुख गराएको देखाउँदै फासिष्ट सरकारले जनतालाई साम्य बनाउन प्रयोग गरेको पल्टने बुटलाई राष्ट्रको माया भएको जनतालाई हुत्याइदिने सत्यतालाई प्रष्ट पारेको छ । राष्ट्रको मर्यादा जनताको अनुशासन हो, तर फासिस्टहरूको मर्यादा होइन भन्दै राष्ट्रघातीको विद्रोहमा लाग्ने विद्यार्थीहरू समाजमा आमूल परिवर्तनको वाहक बनेर देखा परेका छन् । हरेक जनतामा चेतना छर्दै हिँड्ने विद्यार्थीहरू कामदारमा आएको अन्याय र अत्याचारको अस्तित्वबोधले गर्दा हर्षित छन् । उनीहरू यस कथामा अन्यायको भण्डाफोर गरी स्वच्छ र सफा समाजको संरचना गर्न सम्पूर्ण वर्गीय चरित्रहरूमा सम्बन्ध हुन जरूरी छ । स्टील कारखानाको कामदारजस्ता मानिस, विद्यार्थी अन्य वर्गहरूको समेत सम्बन्ध भएमा त्यस पल्टने बुटलाई पल्टाउन सकिन्छ भन्ने यथार्थको प्रस्तुत कथामा उनीहरूको उपस्थितिले देखाएको छ । यसरी उनीहरू कथामा वर्गगत, समाजसापेक्ष, गतिशील र सजीव पात्रहरू हुन् । उनीहरू प्रत्यक्षरूपमा कथामा उपस्थित छन् ।

**इ. बूढो कम्पाउन्डर**

२०३६ सालको आन्दोलनको पृष्ठभूमिको रूपमा लेखिएको कथा 'सम्बन्ध' मा बूढो कम्पाउन्डर सहायक पात्रका रूपमा चित्रित छ । सरकारले जनतामाथि गरेको अन्याय र अत्याचारको तीव्र विद्रोह गर्ने बूढो कम्पाउन्डर समाजमा सोझा र नबुझेका जनताअन्तर्गत पर्ने चरित्र हो । ऊ जस्ता सामान्य मानिसमा त त्यति धेरै राजनीतिक चेतना भरियो भने अब नेपालमा जनताले चाहेको शासन ल्याउन र सामन्तलाई ढलाउन धेरै समय नलाग्ने संकेत देखिन्छ । ''पुलिसको बदमासी हो नि विरामी भएर सुतिरहेका विद्यार्थीहरूलाई शुद्र झ्यालबाट टिपेर फालिदिएपछि मान्छे के हेरेर बस्छ ? मान्छे के सधैं मुखमा बुजो हालेर बस्ने जात हो भन्ठानेको यस सरकारले ? कि मरिन्छ - कि मारिन्छ ।'' भन्ने उसको अभिव्यक्तिले अब जनताले सहेर नबस्ने स्थिति देखाएको छ । उसले कि मरिन्छ, कि मारिन्छ भनी क्रान्ति गर्ने आँट देखाएको छ । यसरी ऊ यहाँ क्रान्तिकारी चरित्रको रूपमा उपस्थित छ । जनतालाई जनावरजस्तो स्वभाव भएको भन्दै पल्टने बुटले हिर्काउने सरकारको फासिष्टतालाई अब भेटाउने संकेतसमेत उसको अभिव्यक्तिमा देखाएको छ । ऊ कथामा समाजसापेक्ष वर्गगत, गतिशील, सजीव र क्रान्तिकारी पात्रको रूपमा प्रत्यक्ष उपस्थित छ ।

**ई) कामदारको छोरो पुन्टे**

पुन्टे कथामा सहायक पात्रको रूपमा आएको छ । नेपाली समाजमा निम्नवर्गीयका छोराछोरीले भोग्नु परेको दुःखपीडाको यथार्थ उसको दिनचर्याबाट प्रष्ट हुन्छ । यही समाजमा उच्चवर्गीयका छोराछोरी उसको उमेरमा कि बोर्डिङमा नर्सरीमा हुन्थेँकि बाबुआमाको न्यानो काखमा तर उसलाई गाडीचलिरहेको व्यस्त बाटोमा नै हिँड्न बाध्यता छ । खाना खायौं भन्ने विद्यार्थीहरूको अभिव्यक्तिमा घरमा बाबु नभएको उत्तर दिन्छ । सहने बानी निम्नवर्गीयलाई बालकदेखि पर्ने यथार्थ उसको परिस्थितिले देखाएको छ । राष्ट्रमा चर्चामा आएका बालअधिकारका कुरादेखि ऊ अनभिज्ञ छ । वर्गीय असमानताको शिकारले बच्चाहरूलाई समेत नछाडेको, यस्ता घटनाप्रति सरकार मूकदर्शक बनेर बसेको सत्यतालाई उजागर गर्न कथाकारले पुन्टेलाई सहायक पात्रको रूपमा लिएका छन् । यसरी ऊ कथामा वर्गगत, सजीव र प्रत्यक्ष पात्रको रूपमा उपस्थित छ ।

**उ) कामदारकी श्रीमती**

कामदाकी श्रीमती पनि कथामा सहायक पात्रको रूपमा प्रत्यक्ष उपस्थित छे । समाजमा भएको वर्गीय द्वन्द्वमा ऊ साह्रै पीडित छ । प्रसूति पीडाले सताउँदा अस्पताल भर्ना हुँदा लाखौं महिलाको सेवा एउटै विशिष्ट महिलाले लिएको सत्यता देख्दै पीडा सहने चरित्र हो । 'पुन्टेको बा खानसम्म सास्ती खाएँ, डाक्टर्नी हेर्न आइनन् । घरै बसेको भए पनि हुने रहेछ आफैं त पाउन पऱ्यो । ' भन्ने गुनासो पोख्ने कामदारकी श्रीमती समाजमा शोषित, पीडित निम्नवर्गीय चरित्र हो । अस्पतालमा त्यति अन्याय सहने कामदारकी श्रीमती आफूलाई अन्यायमा पार्नेका बिरूद्व लाग्ने संकेत देखिन्छ । ऊ समाजमा भएका आर्थिक, सामाजिक, असमानताको शिकार बनेर देखा पर्ने सजीव, वर्गीय र समाजसापेक्ष चरित्र हो ।

त्यस्तै कथामा डाक्टर, नर्सहरू, पुलिसजस्ता चरित्रहरू अप्रत्यक्ष चित्रित छन् । सरकारको कुकुरजस्तै बनेर निम्नवर्गीयहरूलाई पीडा दिने चरित्रको रूपमा उनीहरू आएका छन् । असत् पात्रको रूपमा चित्रित उनीहरू समाजमा रहेको निम्नवर्गीयहरूको दुःखमा अझ दुःख थप्न आएका छन् ।

**ग) 'सम्बन्ध' कथामा द्वन्द्व**

यस कथामा आन्तरिक भन्दा बाह्य द्वन्द्व  सशक्त बनेर आएको छ । समाजमा देखिने विभिन्न किसिमका असमानताले निम्त्याएका द्वन्द्वलाई 'सम्बन्ध'कथाले देखाएको छ । पूँजीपति र श्रमिक बीचको द्वन्द्व, निम्नवर्गीय र उच्चवर्गीयका बीचको वर्गीय द्वन्द्व तथा शासक र शासितबीचको राजनीतिक द्वन्द्व कथामा सशक्त बनेर आएका छन् ।

कथामा नेपाली समाजमा कम श्रममा श्रमिकलाई काम लगाउने, उनीहरूको विवशताको फाइदा उठाउने प्रवृत्तिले गर्दा मुख्यतया आर्थिक द्वन्द्व देखापर्छ । यस कथाको मुख्य पात्र स्टील कारखानाको कामदार एक साहसी पात्र हो तर उसमा धन छैन । बिहान बेलुका छाक टार्न स्टीलकारखानामा काम गर्नुपर्छ । आधारभूत आवश्यकतामा पर्ने खाना तथा शिक्षाबाट छोरालाई बञ्चित गर्न बाध्य कामदारमा अन्यायको सीमाले उत्कर्षतामा प्रस्थान गरेपछि राम्ररी अस्तित्वबोध हुन्छ । श्रीमतीले अस्पतालमा पाएको पीडा, छोराले शिक्षाबाट बञ्चित हुनुपरेको पीडाले उसलाई काम छाडेर क्रान्तिको जुलुसमा जान मनलाग्छ । यस कथामा आर्थिक असमानताको द्वन्द्वलाई देखाउन कामदारकी श्रीमती र अर्को उच्च वर्गीयकी श्रीमतीमा भएको असमानताले अझ खारेको छ । यसरी कथामा देखिने द्वन्द्वमा आर्थिक द्वन्द्व प्रमुख हो ।

राजनीतिक द्वन्द्वले पनि कथामा उच्चता पाउन सफल भएको छ । फासिष्ट सरकार र जनता बीच सशक्त द्वन्द्व यहाँ देखिन्छ । विद्यार्थीहरू, बूढो कम्पाउन्डर तथा स्टीलकारखानाको कामदारका अभिव्यक्ति तथा व्यवहारमा राजनीतिक द्वन्द्व स्पष्ट देखिन्छ । फासिष्टवादी सरकारले पल्टने बुटको भरमा जनतालाई थिचोमिचो पारेको र जनताहरू उर्लेर क्रान्तिमा उत्रिएको अवस्थामा लेखिएको यस कथामा शासक र शासितबीचको राजनीतिक द्वन्द्व देखिन्छ । कथा राजनीतिक द्वन्द्वले समेत निम्त्याएको समस्यामा आधारित छ । कामदारले शासकशासित बीचको द्वन्द्वलाई देखाउँदै अब फासिष्टवादी सरकार धेरै समय सत्तामा नटिक्ने यथार्थलाई प्रष्ट पारेको छ ।

**घ) दृष्टिविन्दु**

'सम्बन्ध' कथामा स्टील कारखानाको कामदार मुख्य पात्रको रूपमा आएको छ । उसको पारिवार र समाजमा उसको स्थितिलाई यथार्थ चित्रण गर्दै समाजमा निम्नवर्गीयको दुःख

पीडालाई समेत उतारिएको छ । देशमा चर्किरहेको क्रान्तिको पनि कथामा चित्रण भएको छ । कथाको सुरुमा देशमा भएको अन्याय अत्याचारको र सरकारको चालबाजीको चर्चा दुई विद्यार्थीहरूद्वारा गरिएको छ । शासकहरूले शासितहरू माथि पल्टनेबुटको प्रयोग गरी दमन गरेको र विरामी तथा निर्दोष विद्यार्थीहरूलाई झ्यालबाट टिपी फ्याँकि दिएको बूढो कम्पाउन्डर भन्ने पात्रद्वारा चित्रण गरिएको छ । अनि प्रमुख पीडाको चित्रण तृतीयपुरूषद्वारा गरिएको छ त्यसैले कथा वाह्य दुष्टिविन्दुमा लेखिएको छ ।

कथाको सुरुमा रेडियो सुनेर उत्तेजित देशभक्तिपूर्ण भावना भएका विद्यार्थीहरूका अभिव्यक्तिलाई उतार्नु, देशमा चलेको अन्याय तथा अत्याचारको निन्दा बूढो कम्पाउन्डरद्वारा गराई यस्तो अन्याय सहनु भन्दा कि मरिन्छ, कि मारिन्छ भन्ने उसमा क्रान्तिकारी अस्तित्वबोध गराउनु, अनि स्टील दराजको कामदारको चित्रण गर्नु, कामदारकी श्रीमतीले भोग्नुपरेको वर्गीय असमानतामा पीडाको चित्रण गर्नु, स्टील कारखानाको कामदारले आफूले उच्चवर्गीयहरूले अत्याचारको चित्रण गर्नु, अनि 'पापको घैंटो त फुटिसकेछ' दाइ भन्दै जुलुसतर्फ बताउनु, विद्यार्थीले कामदारको संकेत बुझ्नु, 'एकसय जना सुत्केरीको सुविधा एउटै सुत्केरीले क्वारल्याक्क खाइदिए पछि अन्यायको पराकाष्ठा कहाँ पुगेछ भन्ने यसै थाहा हुन्छ । ' भन्ने जस्ता अभिव्यक्ति तृतीय पुरूषद्वारा अभिव्यक्त भएका छन् । यसरी विद्यार्थी, कामदार, बूढो कम्पाउन्डरजस्ता धेरै पात्रहरूका क्रान्तिकारी तथा जोसिला आवेग तथा उत्तेजनालाई उनीहरूद्वारा नै अभिव्यक्त गरिनुले कथामा वाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

**ङ) परिवेश**

कथाकार पारिजातका दोस्रो चरणका कथाहरू प्रगतिवादी प्रवृत्तिलाई आत्मसात गर्दै लेखिएका छन् । कल्पनादेखि टाढा रहेको यस 'सम्बन्ध' कथाको परिवेश नेपाली समाजबाट लिइएको छ । सहरिया क्षेत्रलाई परिवेश बनाए पनि निम्नवर्गीयहरूका दिनचर्या बित्ने ठाउँ छन् । कथाको परिवेशको रूपमा विद्यार्थीहरू बस्ने ठाउँ, सडक तथा कामदारकी श्रीमतीले पीडा भोगेको अस्पताल आएका छन् । काठमाडौंको सहरलाई मुख्य परिवेश बनाई त्यहाँ चलेको आन्दोलन, त्यस सहरमा पीडा भोगिरहेका गरिबहरू, उच्च वर्गीयबाट पाएको अन्याय र अत्याचारको अस्तित्वबोध भई अन्यायको बिरूद्धमा आन्दोलन गर्न सक्रिय निम्नवर्गीय जनताहरू साथै राष्ट्रघातीहरूले गरेको राष्ट्रघाती कामबाट देशलाई तत्पर विद्यार्थीहरू, बाटोमा निस्केको

जुलुसको क्रमशः चित्रण गरिएको छ । अस्पतालमा दुःखपाई फर्केकी कामदारकी श्रीमती, असमानताको शिकार बनेर जन्मेकी उसकी छोरी, देशको घोषणपत्रमा भएका बाल अधिकारदेखि अनभिज्ञ कामदारको छोरो, उसले गाडा गुडाउने सडकको चित्रण गरिएको छ । कथाको परिवेश प्रगतिवादले अपेक्षा गरे अनुरूपको निम्नवर्गीय समाज र उक्त समाजले बस्ने बासस्थान र दिनचर्या बिताउने सडक छ ।

**च) भाषशैली**

'सम्बन्ध' कथाको भाषा प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको सरल र सहज छ । पारिजातका पहिलो चरणका कथाहरू जटिल भाषाको प्रयोग भएका र दुर्बोध्य थिए । दोस्रो चरणमा प्रवेशसँगै उनका कथाहरूको भाषामा पनि सरलता र सुबोध्यता आउन थाल्यो । साधारण पाठकले पनि सहजै बुझ्न सक्ने गरी 'सम्बन्ध' कथा लेखिएको छ । पात्रअनुसारको भाषा प्रयोग गरिनुको साथै पात्रहरूको भाषामा नै आक्रोश व्यक्त गरिएको छ । कामदारको सुरुसुरुको भाषमा अबोधपना पाइन्छ भने अन्यायमा खारिँदै जाँदा अन्त्यतिर आक्रोश व्यक्त भएको छ । त्यस्तै विद्यार्थीहरू विद्यार्थीहरू र बूढो कम्पाउन्डरको भाषामा विद्रोह र आक्रोशका ज्वारभाटाहरू देखिन्छन् । त्यस्तै निम्नवर्गीय पात्र कामदारको भाषामा तिमी, नर्सनीहरू डाक्टरनीहरू, धन्य आदिजस्ता शब्द प्रयोगले कथामा अझ स्वभाविकता थपिएको छ । 'पानी पर्न नसकेर छट्पटाइरकहेका बादलका टुक्राहरू', 'क्रोध र आक्रोशले छट्पटाइरहेका जनसाधारणहरू', 'गर्मीले पाकेर रातो अम्बाको गुदीजस्तो अनुहार .......... जस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग पनि यहाँ गरिएको छ साथै 'ई यहाँ यस्तै हुन्छ र त भेट्दैछ नि सरकाले पनि ठहरै पार्दैछन् नि पुलिसहरूलाई पनि,' 'एक सयजना सुत्केरीको सुविधा एउटै विशिष्ट सुत्केरीले क्वारल्याक्क खाइदिएपछि अन्यायको पराकाष्ठा कहाँ पुगेको छ, त्यसै थाहा हुन्छ । ' जस्ता आलोचनात्मक शब्दहरूको प्रयोगले कथा अझ जोसिलो र क्रान्तिचेत दिन सफल बनेको छ ।

शैलीका दृष्टिले हेर्दा कथा वर्णनात्मक शैलीमा लेखिएको छ । सुरुदेखि अन्त्यसम्म देशमा भएको अन्याय अत्याचारको पीडा खप्न विवश निम्नवर्गीयहरू र उनीहरूमा क्रान्तिचेत आउने लहरलाई क्रमश वर्णन गरिएको छ भने अन्त्यमा स्थिति चर्कन सक्ने कुरालाई कथाकारद्वारा संस्मरण गरिएकाले संस्मरणात्मक शैलीको प्रयोग भएको पनि बुझिन्छ ।

### च) उद्देश्य

पहिलो चरणका कथाकी पारिजातभन्दा दोस्रो चरणका कथाकी कथाकार भिन्दै रूपमा देखा परेकी छिन् । उनले आफ्ना कुण्ठा, पीडा, संघर्ष र सामाजिक विसंगतिलाई सभ्यताको विकासका परिप्रेक्ष्यमा हेर्न थालिन् । उनले एक व्यक्तिको मनको जीजीविषालाई छाडेर समग्र समाजको अध्ययनलाई कथाको विषयवस्तु बनाउन थालिन् । उनले मार्क्सवादी चेतनालाई ग्रहण गरी आफ्नो असन्तुष्टी र विद्रोहजन्य भावनालाई पोख्न कथाहरू लेख्न थालिन । समाजका उच्चवर्गीयहरूले निम्नवर्गीयहरूप्रति गरेको अन्याय र अत्याचारको विद्रोह गर्ने उद्देश्य उनका कथाहरूमा र समग्र साहित्यिक कृतिहरूमा पाइन थाल्यो ।

'सम्बन्ध' कथा उनले समाजमा भएको सामाजिक विकृति र विसंगतिलाई साथै राजनीतिक विसंगतिलाई उदाङ्गो पार्दै त्यसप्रति जनतालाई सचेत पारी क्रान्तितर्फ उन्मुख गर्ने उदेश्य लिएर लेखेकी छिन् । अनेक जालझेल गरी आफ्नो सत्ता टिकाउन खोज्ने सत्ताधारीहरूको चालबाजी त्यसप्रति रूष्ट विद्यार्थीवर्गहरू तथा समाजका सोझा साझा बूढो कम्पाउन्डरजस्ता व्यक्तिहरूलाई देखाउँदै त्यस्ता जालझेलमा नफस्न जनतालाई आग्रह गरिएको छ । त्यस्तै कथामा स्टील कारखानाको कामदार र उसँग विद्यार्थीहरूको निकटता देखाउँदै निम्नवर्गीयहरू जति थिचोमिचोमा पर्छन्, उति अस्तित्वबोध भई विद्रोहमा उत्रन्छन् । त्यसरी नै सम्पूर्ण जनता जाग्छन्, जसको लागि वर्गीय शक्तिहरूमा आपसी सम्बन्ध हुनुपर्छ भन्ने देखाइएको छ । देशका शोसित पीडित जनतालाई आपसी सम्बन्धको महत्त्व देखाउँदै एकजुट भई आफूहरूलाई शिकार गर्न खोज्ने नरसंहारी सरकारको जरो काट्न चेतना दिने महान् उद्देश्य लिएर 'सम्बन्ध' कथा लेखिएको छ ।

### ३.२.२.२ प्रगतिवादी कोणबाट 'सम्बन्ध' कथाको विश्लेषण

पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथासंग्रहका कथाहरू प्रगतिवादी दृष्किोणलाई आत्मसात् गर्दै लेखिएका छन् । २०३६ सालको जनआन्दोलनको आधारभूमिका रूपमा लेखिएको 'सम्बन्ध' कथा नेपालमा भएको राजनीतिक समस्या र त्यसमा सरकारले चालेको गलत कदमका बिरुद्ध उर्लेको जनक्रान्तिलाई देखाउँदै लेखिएको छ । विदेशमा देश जब अप्ठ्यारो परिस्थिति पर्छ यहाँ जनतासँग रायसल्लाह माग्नेतर्फ लाग्छन भने हाम्रो देशका शासकहरू अप्ठ्यारो स्थितिमा जनतालाई दमन शोषण गर्ने कार्यतर्फ उन्मुख हुन्छन् । यस्तो अवस्थामा

सचेत नागरिक चुप लागेर वस्न सक्ने अवस्थामा हुँदैन । यसरी सम्बन्ध कथामा पनि रेडियोको गलत समाचार सुनेर विद्यार्थीहरू रिसले मुर्मुरिन्छन् र समस्याको समाधान क्रान्ति हो भन्ने बुझी क्रान्तिचेतना दिँदै अघि बढ्छन्, अनि बूढो कम्पाउन्डर पुलिसहरूको अचाक्ली देखेर कि मरिन्छ, कि मारिन्छ भन्दै उठ्छ अनि नेपाल राष्ट्रको कर्णधार हुनुपर्ने एक पौरखी स्टील कारखानाको कामदारको छोरो भोकै स्कुल जाने समयमा व्यस्त बाटोमा हिडिरहेको हुन्छ । यस्तो देखेर विद्यार्थीहरू सरकारप्रति आक्रोश पोख्छन् । उता स्टील कारखानाको कामदारले अस्पतालमा श्रीमतीको दुःख, डाक्टर नर्सहरूले धनी र गरिबप्रति गरेको असमान व्यवहारले गर्दा यस उच्चवर्गीयको सेवक सरकारप्रति तीव्र रोष व्यक्त गर्छ र अब क्रान्ति गर्ने अठोट गर्छन् । अनि विद्यार्थी आक्रोषित भएर सरकार बिरूद्ध लगाएको नारातर्फ लाग्छ र नेपाली समाज तथा नेपाली राजनीतिमा परिवर्तन देखिने आशामा गएर कथाको अन्त्य हुन्छ । यसरी सम्बन्ध कथामा क्रान्ति र सामाजिक संरचनामा परिवर्तन ल्याउन वर्गीय शक्तिहरूबीच सम्बन्ध भएको देखाई जनतालाई आफ्नो स्वतन्त्रताको प्राप्तिको लागि जुट्न र सशक्त क्रान्तिलाई अगाडि बढाउन आग्रहसमेत गरिनुले कथाले प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गरेको छ ।

कथाकारले समाजलाई पतनतर्फ उन्मुख गराउने कारकतत्त्व उच्चवर्गीय समाज र फासिष्टवादी सरकार हो भनी औंलो ठडाउँदै त्यसलाई निस्तेज पार्न संगठनको महत्त्व देखाउँदै संगठित भई अगाडि बढ्न धेरै समय नलाग्ने संकेत गरेकी छन् । कथामा प्रयोग भएका पात्रहरू प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरेअनुरूप निम्नवर्गीय समाजबाट लिइएको छ । कथामा प्रयोग भएका सम्पूर्ण पात्रहरू गतिशील र क्रान्तिकारी छन् । कथाकारले समाजका निम्नवर्गीय पात्र स्टील कारखानाको कामदारलाई लिई उसप्रति सहानुभूति व्यक्त गर्नु र उसमा आफूप्रति भएको अन्याय अत्याचारको अस्तित्वबोध गराई क्रान्तितर्फ उन्मुख गराउनुले पनि कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

पूजीवादी समाज व्यवस्थामा निम्नवर्गीय जीवन जस्तोसुकै अवस्थामा पनि उपेक्षित रहन्छ भन्ने कुरा यस कथा संग्रहको 'सम्बन्ध' कथाले पुष्टि गर्दछ । प्रशवकालमा सरकारद्वारा सञ्चालित प्रसूतिगृहमा शरण लिन पुगेकी पुन्टेकी आमाले जब त्यस अस्पतालमा गरिने व्यवहारका रूपलाई आफैंले भोग्दछे अनि उसमा वर्गभेदका विकृतिको ज्ञान हुन आउँछ । अस्पताल सेवाका भावनाले परिचालित हुन्छ भन्ने सुनेकी पुन्टेकी आमा जब प्रसूति हुन

अस्पताल पुग्छे अनि त्यहाँ धनी, सत्तासीन र सम्पन्नहरूका लागि गरिने व्यवहार देख्दछे, अनि उसका मनमा सेवाका नाममा गरिने शोषणको चित्र स्पष्ट हुन पुग्दछ । उजस्ता गरिबहरूका लागि घर र प्रसूतिगृहमा किञ्चित फरक नभएको कुरा उसले ठम्याउँछे र यस किसिमको वर्गीय संरचनालाई तोड्नुपर्ने अठोटमा पुग्दछे । त्यस कारण प्रस्तुत कथा समाजवादी दिशातिर निकै अग्रसर बनेको छ । [५०] यस कथाले विद्यार्थीहरू लगायत बूढो कम्पाउन्डर तथा स्टीलकारखानको मालिक सबैलाई एकजुट भई फासिष्टवादी सरकारको विद्रोहमा स्वतस्फूर्त ढंगले अग्रसर बनाएको छ । वर्गीय, सामाजिक तथा राजनीतिक विभेदको विद्रोहमा क्रान्ति गर्न सब तत्पर छन् ।

बूढा कम्पाउण्डर पनि पुलिसको कुकृत्यलाई भण्डाफोर गर्न आएको छ । कथामा कथाकारले समसामयिक घटनालाई टिपेर मार्मिकताका साथ प्रस्तुत गरेकी छिन् । उनको मूल उद्देश्य सत्ताधारीको कालो करतुत लाई जनतासामु ल्याई जनतालाई क्रान्तिको चेतना दिनु रहेको छ । यसरी कथाको उद्देश्य पनि प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको छ । त्यस्तै कथामा आएको परिवेश पनि क्रान्तिले तातेको सडक जुलुस अनि निम्न वर्गीयले अस्तित्वबोध गरेको अस्पताल आउनु, सबै  वर्गीय चरित्रहरूको चित्रण गरिनु, नयाँ राजनीतिक र सामाजिक संरचनाको निम्ति चलिरहेको क्रान्ति र जनतामा बढ्दै गएको जनचेतनालाई कथावस्तु बनाइनु र प्रगतिवादले अपेक्षा गरे अनुरुपको सरल, सहज र सुबोध्य भाषाशैलीको प्रयोग गरिनुले सम्बन्ध कथा पूर्णत प्रगतिवादी भएको स्पष्ट हुन्छ ।

### ३.२.३ 'एउटा गाउँमा' कथाको विश्लेषण

नेपालको राजनीतिक विसंगतिले गर्दा उर्लेको जनआन्दोलनको लागि आवश्यक चेतना दिने उद्देश्य लिएर लेखिएको कथा 'एउटा गाउँमा' पहिलोपटक बिहानी वर्ष २ अंक २-३ मा प्रकाशित प्रस्तुत कथा 'साल्गीको बलात्कृत आँसु' (२०४३) कथासंग्रहमा संकलित छ ।

#### ३.२.३.१ कथातत्वका आधारमा 'एउटा गाउँमा' कथाको विश्लेषण

**क) कथावस्तु**

प्रस्तुत 'एउटा गाउँमा' कथामा समाजमा प्रधानपञ्च जस्ता उच्चवर्गीय व्यक्तिहरूले निम्नवर्गीय अतिमाया मगर्नीलगायत कैयौँका परिवारलाई दिएको पीडा तथा त्यस्तो अन्याय,

[५०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ६७-६८ ।

अत्याचार, शोषण, दमनका बिरूद्ध जागेको गाउँको अवस्था तथा समग्रमा उक्त गाउँलाई राष्ट्र नै मानी प्रस्तुत गरिएको छ । वि.सं. २०३६ सालको जनआन्दोलनलाई समेटेको यस कथामा अतिमायाजस्ती सत्तरीवर्ष पुगेकी महिलाले समेत देशको निम्ति त्यति ठूलो बलिदान दिन सफल छन् भनी जनतालाई चेतनाको दियो बाल्ने क्रान्तिकारी विषयवस्तुलाई 'एउटा गाउँमा ' कथामा लिइएको छ । यस कथामा समाजिक विषयवस्तुलाई टपक्क टिपेर राजनीतिक रङ्ग दिँदै त्यसलाई प्रगतिवादी शैलीमा प्रस्तुत गरिएको छ । अँध्यारो रातिमा गाउँ सुते जस्तै देखिएपनि वास्तवमा गाउँ सुतेको छैन । अन्याय, अत्याचार, उत्पीडनले गर्दा उक्त गाउँ जागेको छ । रातभर पनि त्यहाँका जनतामा निन्द्रा छैन । प्रतीकात्मक रूपमा त्यो गाउँ नै सिंगो नेपाल हो ।

बाहिरबाट हेर्दा मस्त  निन्द्रामा सुतिरहेको देखिने तर तत्कालीन प्रधानपञ्चजस्ता शासकहरूद्वारा थिचिएको गाउँ स्प्रीङलाई जति दबायो उति उफ्रेझैँ सजग स्थितिमा देखिन्छ । 'मसान बाँधू, डङ्किनी बाँधू, जागो कालभैरव जोगो गोरखनाथ भन्ने जोगीको अलखबाट सुरु भएको कथामा अतिमाया मगर्नीले 'मसानभन्दा कत्तिकत्ति डरलाग्दा रगत चुस्ने मानिसहरूलाई दुनियाँले बाँधिसके यो जोगी अझ गोरखनाथ पो जनाउँछ ए ! यहाँ गरिब जागिसके आधारातमा मागिखाने काट्टो फुक्यो हिँड्यो । खोई कहाँ छ यस गाउँमा मसान, डङ्किनी भन्ने ?' विद्रोहात्मक स्वर निकाल्छे । उसको परिवार फासिष्टवादी सरकारको अन्याय र अत्याचारले किचिएको छ । उसका पतिदेखि सम्पूर्ण छोराहरू भूमिगत छन् । उसका क्रान्तिकारी छोराहरूको चेतनात्मक दियो उसमा छ । ऊ लगायत गाउँका अन्य मानिसहरूमा पनि अन्याय र अत्याचारको बोध भएको छ । वास्तवमा उक्त गाउँ नै प्रतीकात्मक रूपमा नेपाल राष्ट्र हो । त्यस्तै खिउटेकी आमा पनि अतिमाया जस्तै शोषण दमनमा परेकी महिला हो । उजस्ता महिलाहरू रातमा पनि एउटा सजग प्रहरीजस्तै गाउँलाई पहरा दिइरहेका छन् । देशका सम्पूर्ण निम्नवर्गीयहरू आरनमा पिटेको फलाम जस्तै बलिया भएका छन् । उनीहरूमा कमजोरी भन्ने कुनै कुरै छैन । सत्तरी वर्षकी अतिमाया गरिबको सरकार आए आफ्ना सन्तानले सुःख पाउने मीठो आशामा पहरा दिएकी छ । उसले खिउटेकी आमालाई बेला न कुबेला के आँसु झारेर बस्छ्यौ । तिम्रो लोग्ने अव गरिब वा क्रान्तिकारीको साथी भइसकयो । हामी पनि आँसुलाई शक्तिमा नदलेर लड्नुपर्छ भनी सम्झाउँछे । उनीहरू पुलिस गाउँमा पस्न सक्दैनन भन्दै पसिहाले पनि आफ्नो तयारीमा बसेका छन् । त्यस्तै लोग्ने मान्छेहरू 'एउटा गाउँमा' कथामा झिनो कथावस्तुलाई लिएर

क्रान्तिकारी रूपमा प्रस्तुत गरिएको छ । वि.सं. २०३६ नाघ्दा जनताको साहसलाई विषयवस्तु बनाई कथा लेखिएको छ । यथार्थ घटनालाई लिएर कथा लेखिएको छ । यसरी समाजमा भएका विसंगति, अत्याचार शोषण दमनलाई चित्रण गर्दै त्यसप्रति जनताको विद्रोहलाई मूर्तरूप दिँदै कथा लेखिएको छ ।

**ख) चरित्रचित्रण**

यस कथामा प्रत्यक्ष, अप्रत्यक्ष, महिला, पुरूष, निम्नवर्गीय, उच्चवर्गीय सबै प्रकारका पात्रहरूको उपस्थिति छ । कथामा अतिमाया, खिउटेकी आमा र जोगी तीनजना पात्रको प्रत्यक्ष उपस्थिति छ भने प्रधानपञ्च, पुलिसहरू, खिउटेको बाबु, अतिमायाको लोग्ने, छोराहरू लगायत अन्य पुरूषहरू पनि कुराकानीको प्रसङ्गगमा अप्रत्यक्ष चित्रित छन् । कथामा आएका वर्गीय चरित्रहरू क्रान्तिको शंखघोष गर्ने तत्परतामा जुटेका छन् । समाजका सरकारको पुच्छर बनेका प्रधानपञ्च तथा पुलिसहरूको अन्याय सहन नसकी सम्पूर्ण गाउँ जागेको छ । यस कथामा उपस्थित सम्पूर्ण चरित्रहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ) अतिमाया**

अतिमाया 'एउटा गाउँमा' कथामा प्रमुख पात्रका रूपमा चित्रित छ । ऊ वर्गीय चरित्र हो । सत्तरी वर्ष पार गरेकी अतिमाया आफूमाथि परेको अन्याय, अत्याचार, शोषण, दमनले झन साहसी र चेतनशील बनेकी छ । गरिबको सरकार आएपछि आफ्ना सन्तानले सुख पाउने आशामा तत्कालीन फासिष्टवादी सरकारको बिरूद्व लडेकी छ । नेपाली समाजकी निम्नवर्गीय चरित्र अतिमाया समाजले उसको परिवारमाथि गरेको अन्याय र अत्याचारको बिरूद्व पाइला चाल्ने गतिशील पात्र हो । 'मसान बाँधू, डङ्गिनी बाँधू ................ भन्ने अलख गाउँदै हिड्ने जोगीको अलखलाई नकार्दै गरिबले जनताको रगत चुस्ने डरलाग्दा खुनचुसाहा बाँधिसके यो बल्ल यस्तो अलख गाउँछ भन्छे । समाजमा खुन चुस्ने र चुसिनेको कथा बुझिसकेकी निर्भीक र साहसी अतिमाया नयाँ जमाना हेर्न चाहन्छे र नयाँ घाम उदाएको हेर्न चाहन्छे । ऊ मरेपनि पछिको पिँढीले पाउने सुखको लागि विश्वस्त छ । लड्दा-लड्दै आफ्ना छोराहरू र पतिको मृत्यु भए पनि देशको लागि बलिदानको गाथा  बन्ने छ भन्ने बुझिसकेकी अतिमाया एक क्रान्तिचेत बोध भएकी पात्र हो । खिउटेकी आमाजस्ता समाजका महिलाहरूलाई क्रान्तिको लागि चेतनाको दियो जलाउँदै हिँड्ने अतिमायाले खिउटेकी आमालाई विरहको गीत गाउने र विगतका कुरालाई

सम्झेर बस्ने समय छैन हिड गाउँलाई पहरा दिन जाऊँ भन्दै हतियार समाएर लिएर जान्छे । सत्तरी वर्ष पुगेर पनि उसले हार खाएकी छैन । उत्तिकै साहस, जोस र जाँगर लिएर परिवर्तनको लागि लड्ने अतिमाया परिवर्तनगामी, सामाजसापेक्ष, सक्षम र सबल पात्र हो ।

**आ) खिउटेकी आमा**

प्रधानपञ्चजस्ता समाजमा रहेका सरकारी बिल्ला भिरेका उच्चवर्गीयद्वारा शोषित, पीडित एक निम्नवर्गीय चरित्रको रूपमा खिउटेकी आमा, 'एउटा गाउँमा' कथामा आएकी छ । आफ्नो सुरिलो गीतका माध्यमबाट फासिष्टवादीको विद्रोह गर्ने खिउटेकी आमा अतिमायाको कुराबाट प्रभावित हुन्छे । आफ्नो पतिलाई प्रधानपञ्चको घरमा काम गर्दागर्दै बिरामी परेर एक कौडी पनि नदिई लखेटेको, पछि आफू जाँदा एकाब्यानै कमिनीको अनुहार हेर्न पर्‍यो, लौ आजको दिन यसै बिग्रियो भन्दै हेपेको नमीठो स्मरण गर्ने ऊ आफ्नो पतिसमेत अब अन्याय र अत्याचारले खारिएर पिटेको फलामजस्तो भएको अभिव्यक्ति दिने ऊ अत्याचारी र फासिष्टवादी सरकारको बिरूद्ध लड्ने महिला हो । नेपाली समाजको यथार्थ पात्रको रूपमा उसको चित्रण भएको छ । २०३६ सालको आन्दोलनमा सरकारले समाजका कामी तथा अन्य दलितहरूलाई घरबाट थुतेर पिटेको यथार्थ पक्षको चित्रणमा ऊ कथामा आएकी छे । अतिमायासँग गाउँको पहरा दिने खिउटेकी आमा क्रान्तिकारी, गतिशील, समाजसापेक्ष र वर्गीयचरित्र हो ।

जोगी कथाको सुरुमा देखा परे पनि थोरै मात्र भूमिकामा आएको छ । सुरुमा देखा गरेपनि जागरणको शंखघोष गर्ने जोगी सामाजसापेक्ष वर्गगत र पुरूष पात्र हो । त्यस्तै खिउटेको बाबु, अतिमायाको पति तथा छोराहरू कथामा अप्रत्यक्ष पात्रहरू हुन् । देशमा नयाँ जमाना फेर्ने चाहना बोकेर लडाइमा हिँड्ने क्रान्तिकारी वर्गगत, सामाजसापेक्ष, परिवर्तनगामी पुरूषात्रको रूपमा कथामा उनीहरू अप्रत्यक्ष अतिमाया र खिउटेकी आमाका कुराकानीका माध्यमबाट चित्रित छन् । त्यस्तै पुलिसहरू तथा प्रधानपञ्चजस्ता पात्रहरू पनि कथामा अप्रत्यक्ष चित्रित छन् । निम्नवर्गीयलाई जनावरसमान व्यवहार गर्ने उनीहरू असत् पुरूष पात्रको रूपमा आएका छन् ।

**ग) द्वन्द्व**

'एउटा गाउँमा' कथा द्वन्द्वका दृष्टिले अत्यन्त सबल छ । तत्कालीन समाजमा देखा परेको राजनीतिक, सामाजिक, वर्गीय तथा जातीय द्वन्द्व यस कथामा पाइन्छ । वर्गीय तथा

राजनीतिक द्वन्द्वले निम्त्याएको समस्यामा आधारित भई यो कथा लेखिएको छ । सरकार र जनताबीचको राजनीतिक द्वन्द्व 'एउटा गाउँमा' कथामा सशक्त बनेर आएको छ । यहाँ आएको गाउँ सिङ्गो राष्ट्र हो । उक्त गाउँमा भएको विद्रोह समग्र राष्ट्रवासीको विद्रोह हो । गाउँका प्रधानपञ्च तथा पुलिसले गरिबहरूमाथि गरेको दमन सरकारी दमन वा फासिष्टवादीहरूले सत्ता टिकाउने चालबाजी हो । त्यस्तो अन्याय, अत्याचार, शोषण, दमनका बिरूद्ध अतिमाया तथा खिउटेकी आमाजस्ता महिला तथा केटाकेटी उठेका छन् । गाउँका सम्पूर्ण लोग्ने मान्छेहरू घरबारविहीन बनेका छन् त महिलाहरू हातमा हतियार लिएर गाउँको पहरा दिने कार्य गरेका छन् । कथाकी मुख्यपात्र अतिमाया सत्तरीवर्ष पुगेर पनि नयाँ जमाना र नयाँ घाम उदाएको हेर्ने रहर गर्छे । उक्त  संघर्षमा गरिबको जीत भई आफू मरेपछि आफ्ना सन्तानले समानता र सुख पाउने कुरामा विश्वस्त छे । जनतामा आएको जोश जाँगरका कारण गरिबको जीत हुने निश्चित देखिन्छ । यहाँ राजनीतिक युद्धले सफलताको बाटो भेटेको छ । 'एउटा गाउँमा' कथामा शासक र शासितबीचको द्वन्द्व रहेको छ ।

यस कथामा वर्गीयद्वन्द्व वा आर्थिक द्वन्द्व पनि पाइन्छ । प्रधानपञ्चजस्ता गाउँका शोषकहरूले अतिमायाको लोग्ने तथा खिउटेका बाउजस्ता हजारौँ निम्नवर्गीयको श्रमको शोषण गर्छन । अतिमायाको लोग्ने, उसका छोराहरू र खिउटेका बाउले प्रधानपञ्चको घर बनाउनमा आफ्नो जिउ ज्यान दिन्छन्, तर आफ्नो पारिश्रमिक नपाई गाउँ छाडेर संघर्षमा हिडेका छन् । खिउटेको बाउ बिरामी पर्दा औषधी गर्न पैसा नभई काम गरेको पैसा लिन जाँदा खिउटेकी आमाले ठूलो अपमान सहनु पर्छ । उल्टै प्रधानपञ्चले जाली मुद्दा हालेर जेल बस्न बाध्य हुन्छन् । पछि जनताले जेल घेर्न पुगेपछि उसलाई छाडिन्छ । यसरी कथामा वर्गीय वा आर्थिक द्वन्द्व पनि सशक्त बनेर देखिएको छ । आर्थिक द्वन्द्वले गर्दा राजनीतिक द्वन्द्वमा शासित वर्गको वर्चस्वबढी देखिन्छ ।

'एउटा गाउँमा' कथामा जातीय द्वन्द्व पनि देखिन्छ । तत्कालीन समयमा उच्च जातकाले निम्न जातकालाई गर्ने व्यवहार कथामा उतारिएको छ । खिउटेकी आमा आफ्नो लोग्नेको पारिश्रामिक लिन जाँदा 'ए एकब्यानै कमिनीको अनुहार हेर्नुपऱ्यो लौ आजको दिन यसै बिग्रियो ' भन्दै काँचै खाऊँला भैँ गर्नुले समाजमा भएको जातीय विभेदलाई स्पष्ट पार्छ । हरेक काम गर्न

निम्नजातको आवश्यकता पर्ने तर उनीहरूलाई हेप्ने उच्चवर्गीयको विद्रोहमा द्वन्द्व भएको छ । यसरी कथामा आर्थिक, राजनीतिक, सामाजिक र जातीय द्वन्द्वहरू सशक्त बनेर आएका छन् ।

**घ) दृष्टिविन्दु**

अतिमाया मगर्नी मुख्य पात्रको रूपमा 'एउटा गाउँमा' कथामा आएकी छे । नेपाली समाजमा सरकारको आड लिँदै अन्याय, अत्याचार, शोषण दमन बढ्दै जाँदा पारिजातको साहित्यसृजनामा पनि प्रभाव पर्न थाल्छ । यस कथामा पनि यस्तै विषयवस्तुलाई लिएर त्यसको तीव्र विद्रोह गरिएको छ । अतिमाया मगर्नी, खिउटेकी आमा, तथा जोगी जस्ता प्रत्यक्ष पात्रहरू र पुलिस, खिउटेको बाबु, अतिमाया मगर्नीका पति तथा छोराहरू जस्ता अप्रत्यक्ष पात्रहरूको प्रयोग भएको कथा 'एउटा गाउँमा' मा कथाकार, पारिजातद्वारा आफ्नै अभिव्यक्तिमा समाजमा भएको अन्याय, अत्याचार शोषण दमनको विरूद्ध निम्नवर्गीयहरू उत्रेको स्थितिलाई चित्रण गरिएको हुँदा तृतीयपुरूष दृष्टिविन्दु वा बाह्य दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

सुरुमा जोगीद्वारा 'मसान बाँधू ................................' । भन्दै अलख जगाउनु, अतिमाया मगर्नीले गरिबहरूले खुन चुस्ने डरलाग्दा शोषकहरूलाई बाँधिसके यो जोगी मसान र डङ्किनी भन्दोरहेछ भन्दै आफ्नो स्थितिको संस्मरण गर्नु, क्रान्तिमय छाप परेकी अतिमायाले नयाँ समाजको रहर गर्नु, आफ्ना भूमिगत लोग्ने तथा छोराहरू मरेपछि पनि बलिदानको कथा बन्ने कुरालाई मान्नु, रातभर पुलिस आउँछन् कि भन्दै गाउँलाई पहरा दिनु, खिउटेकी आमालाई विरहका गीत गाउने दिन छैन अव विद्रोहमा लड्नुपर्छ भन्दै क्रान्तिमयी चेतना दिनु, आफ्ना पतिहरू घरै छाडेर मोचो बाँधेर बसेका र आफूहरू पनि बितेको समयमा सामन्त प्धानपञ्चजस्ता शासकहरूले आफूहरूलाई दुःख दिएको संस्मरण गर्नु , अतिमायाले आफ्नो लोग्नेलाई प्रधानपञ्चले जाली मुद्दा लगाएर जेल हाल्नु पछि जनताले जेल घेरेर छुटाउनु, दु : खका कुरा गरेर बसेकी खप्परेकी आमालाई अतिमायाले सम्झाउनु, देशमा परिवर्तन ल्याउने मीठो चाहनामा दुवै महिलाहरू हातमा हतियार लिएर गाउँलाई पहरा दिन हिँडेको, चकमन्न रात भए पनि गाउँ भने चनाखो भएर बसेको जस्ता घटनाहरूलाई कथाकारद्वारा आफ्नै अभिव्यक्तिमा चित्रण गरिएको छ । त्यसैले 'एउटा गाउँमा' कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको छ ।

## ङ) कथाको परिवेश

'एउटा गाउँमा' कथामा कथाकारले राजनीतिक विसंगतिको फाइदा उठाउँदै प्रधानपञ्चजस्ता शासकहरूले गाउँका सोझा निमुखा गरिबहरूप्रति गरेको अन्याय अत्याचार, शोषणको विरूद्ध राजनीतिक लडाइमा लडेका शोषितहरूको क्रान्तिन्मुख अवस्थाको चित्रण गरिएको छ । यसरी प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै एउटा गाउँ भन्नु नै सम्पूर्ण राष्ट्र रहेको छ । वि.सं. २०३६ सालको जनमत संग्रहले थान्को लगाए पनि यथार्थ रूपमा त्यसबेला राष्ट्र राजनीतिक परिवर्तनको मीठो आशामा थियो । अतिमाया मगर्नी लगायतका कैयौँ जनताहरूले आफ्नो ज्यान जोखिममा पारेर लडेका थिए । ग्रामीण क्षेत्रको लोग्नेमान्छेहरू भूमिगत भई लडेका थिए भने आइमाईहरू रातभर नसुती गाउँलाई पहरा दिएका थिए । कथामा पनि अतिमाया, खिउटेकी आमा र जोगीजस्ता यथार्थ पात्रहरूलाई लिई उनीहरूले बस्ने तथा पहरा दिने गरेको गाउँलाई परिवेश बनाइएको छ । प्रधानपञ्चले गाउँका खिउटेको पारिश्रमिक माग्न जाँदा उल्टै गाली गर्ने, जाली मुद्दा लगाउने गरेको सामाजिक विसंगतिको यथार्थ चित्रण गर्दै अन्त्यमा आफूमाथि परेको अन्याय, अत्याचार, शोषण, दमनको अस्तित्वबोध भई त्यस्ता भ्रष्ट शासकको विद्रोहमा गरिबहरू उत्रेको देखाइएको छ । कथा गरिबहरू आफ्नो उन्मुक्तिको लागि कदम चाल्नुले प्रगतिवादी प्रवृत्तिको छ भने परिवेश उक्त प्रवृत्तिले अपेक्षा गरेजस्तै ग्रामीण स्तरबाट लिइएको छ ।

## च) भाषाशैली

भाषा र शैली दुई तत्त्वको संयुक्त रूप नै भाषाशैली हो । कथामा यसको महत्त्वपूर्ण स्थान हुन्छ । भाषा अभिव्यक्तिको साधन हो भने शैली अभिव्यक्तिको तरिका हो । 'एउटा गाउँमा' कथाको भाषाशैली सहज र सरल छ । प्रगतिवादी धाराको विशेषतामा पर्ने भाषाशैलीको छनोट यस कथामा गरिएको छ । काव्यात्मक भाषाको प्रयोग नगरी कथालाई सुबोध्य र सरलतातर्फ उन्मुख बनाइएको छ । जोगीको र त्यसपछि अतिमायको एकालापबाट संवाद सुरु भएको छ ।

संवाद छोटो भए पनि प्रभावपरक र उत्साहजनक छ । मसान, डङ्गिनी, काट्टो खाकिन्थ्यौ, रातकाट्ने मेलो खटिया, याँ, हाम्ले आमै, लाएर, बरा, एकाब्यानै, खेद्यो, उहाँ धीत् जस्ता ग्रामीण शब्दहरू, स्यार्स्यार्ती, सर्सरी, ट्राकट्रक् प्रहरी झैं बसेको छ । ' 'आरनमा पिटेको

फलामजस्तै बलियो हुनु', 'भ्यागुताको माला भिर्नु', 'लुतो सल्केको कुकुर', जस्ता आलोचनात्मक उद्गारहरू तथा आँखा जुधाउनु, काँचै खाउँला झैँ हेर्नुजस्ता टुक्काहरूको प्रयोगले भाषा उत्कृष्ट बनेको छ ।

सुरुदेखि अन्त्यसम्म नै एउटा गाउँमा भएको घटनाहरू तथा त्यसको प्रतिकृयामा उठेका जनताहरूको उत्साह, जोश जाँगर तथा समाजको जनताका खुन चुस्ने चुसाहाहरूप्रति तीव्र आलोचना तथा उक्त चुसाहाबाट उन्मुक्तिको लागि जनताको संघर्षलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएका कारण कथाको शैली वर्णणत्मक रहेको छ, त कतै कतै संवादको प्रयोग हुनाले संवादात्मक शैलीमा लेखिएको प्रष्ट हुन्छ । गाउँको यथार्थ चित्रण क्रान्तिकारी शैलीमा गर्दा गाउँका पात्रहरूलाई स्थान दिइएकाले पात्रअनुसारको भाषा तथा शैली 'एउटा गाउँमा' कथामा भएको छ ।

**छ) उद्देश्य**

साहित्यकारले साहित्य सृजना गर्दा कुनै न कुनै उद्देश्य लिएको हुन्छ । पारिजातले पञ्चायती सरकारले जनतालाई दिएको दुःख, पीडालाई कथामा उतार्दै त्यस्तो विसङ्गतिका बिरूद्व अतिमाया र खिउटेकी आमाजस्ता ग्रामीण महिलाहरू लडेको देखाउँदै नेपाली जनतालाई फासिष्टवादी पञ्चायती शासनविरूद्ध उठाउने उद्देश्य लिएर यो कथा लेखिएको छ । राजनीतिक रूपमा सचेत पारिजातको पनि प्रजातन्त्रप्रति मोह बढेको थियो । कृतिहरूद्वारा जनतालाई क्रान्तिको चेनता भर्ने उनको उद्देश्य थियो । एउटा गाउँ शीर्षक राखेर त्यस गाउँलाई सम्पूर्ण राष्ट्रको प्रतीक बनाई राजनीतिक विसङ्गतिको विरूद्ध राष्ट्रै जागै बसेको र फासिष्टवादी पञ्चायती शासनले एकदिन जनताको शक्ति सामु घुँडाटेक्ने भविष्यवाणी कथाकारले गरेकी छिन् । यसरी अन्याय, अत्याचार, शोषण दमन, राजनीतिक तथा सामाजिक विसंगतिका विरूद्ध जनतालाई चेतना दिनु र क्रान्तितर्फ उन्मुख गराउँनु प्रस्तुत कथाको मूल उद्देश्य देखिन्छ ।

**३.२.३.२. प्रगतिवादी कोणबाट 'एउटा गाउँमा' कथाको विश्लेषण**

पारिजातको 'एउटा गाउँमा' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको कथा हो । यस कथामा सामाजिक तथा राजनीतिक विसङ्गतिको यथार्थ चित्रणमात्र नगरी त्यसको बिरूद्व क्रान्तिसमेत गरिएको छ । कथाकारले सामाजिक विकृतिले गर्दा शोषित पीडित जनताहरू सचेत भई आफूप्रति परेको अन्याय अत्याचार बिरूद्व सशक्त कदम चालेका छन् ।

यहाँ वर्गीय र जातीय रूपमा पीडित नेपाली समाजका यथार्थ पात्रहरूले सामाजिक र राजनीतिक रूपमा सचेत भई उक्त विकृतिका बिरूद्ध एकजुट भई आ-आफ्नो शक्तिअनुसार गरेको क्रान्ति नै मुख्य विषयवस्तु भई आएकाले कथा पूर्णत प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

एउटा गाउँमा कथाले 'सम्बन्ध'ले झैँ ३६ सालको संघर्षलाई समेटेको छ । त्यसबेला संघर्षले आफ्नो उद्देश्य प्राप्त गर्न थालेको अवस्थामा जनमतले भताभुंग पाऱ्यो तर त्यो बेलाभन्दा अगाडिको अवस्थालाई यस कथाले राम्ररी उतारेको छ । सत्तरी वर्षा रूझिसकेकी अतिमायामा ठूलो साहस र आत्मबलिदान गर्ने अठोट छ देश र जनताका लागि । दुई छोरा भूमिगत, एक छोरा जेलमा परेकोमा पटक्कै पीर नमानेर त्यसैमा आत्मसन्तुष्टी र गौरव गर्ने अतिमाया खिउटेकी आमालाई पनि साहस भर्ने काम गर्छे । विगतको दुःख सम्झेर र खिउटेको बाबु जेल परेको सम्झेर रून लाग्दा यो रूने बेला होइन संघर्ष गर्ने बेला हो भनेर शत्रुसँग लड्न तत्पर हुन आह्वान गर्छे अतिमाया ।[५१] यसरी एउटा गाउँमा कथामा तत्कालीन सरकारी खोल ओढेर जनता चुस्ने प्रधानपञ्चजस्ता शासकका बिरूद्व जनता एकजुट भई लागेको, गरिब अतिमायाको लोग्ने जेल पर्दा सम्पूर्ण वर्गीय तथा जातीयरूपमा पिछडिएकाहरू गई जेल घेरेर निकालेको, सम्पूर्ण जनताहरू पञ्चायती शासानबिरूद्व एकताबद्व भई लागेको र पूर्णत गाउँले नयाँ सामाजिक संरचनाको मीठो आशा गरेको घटनालाई लिँदै कथा अगाडि बढ्नाले कथा प्रगतिवादी प्रवृत्तिको भएको पाइन्छ ।

नेपाली समाजको यथार्थ चित्रण गर्दै समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने कारकतत्व तत्कालीन राजनीतिक व्यक्तित्वतर्फ औँला ठडाउने कार्य यस कथामा भएको छ । नेपाली समाज उच्चवर्गीय र निम्नवर्गीयमा विभाजित छ । यी दुईका बीचको द्वन्द्व र अर्न्तविरोध 'एउटा गाउँमा' कथामा भएको छ । उच्चवर्गीय सामाजिक संरचनामा अस्तित्व जमाएका र राजनीतिक खोल ओढी जर्बजस्ती चुनावद्वारा प्रधानपञ्च बनेका व्यक्तिहरू समाजमा आफू राजा जस्तै भई खिउटेका बा जस्ता हजारौँ मजदुरहरूको रगत पसिनाको कदर नगर्नेलाई अतिमायाको परिवार लगायत, खिउटेका बा र गाउँबासीहरूले सशक्त विद्रोह गरेका छन् ।

'एउटा गाउँमा' कथाकी मुख्य पात्रा अतिमाया क्रान्तितर्फ उन्मुख पात्रा हो । गाउँ गाउँमा जनता सचेत बनाउँदै हिड्ने अतिमाया आफ्ना छोरा तथा पतिको देशप्रतिको

---

[५१] रामहरि पौड्याल, **जनमत पत्रिका**, पूर्ववत् पृष्ठ ३६ ।

बलिदानलाई आफ्नो गर्व ठान्छे । सत्तरी वर्ष पार गरे पनि भावि सन्ततिले देख्ने सुखको कल्पनाममा आफ्नो समेत सम्पूर्ण समय राष्ट्रको हितको लागि सुम्पेको छ । गाउँबाट सम्पूर्ण पुरूषहरू भूमिगत भएपनि आफूहरूले गाउँलाई पहरा दिन सरकारी पुलिसलाई गाउँमा छिर्ने तागत छैन भन्ने कुरामा दृढ देखिन्छे । कथामा यथास्थितिको तीव्रतम विद्रोह भई कथाका पात्रहरू स्वतन्त्रताको साङ्लोलाई चुडाउँन निर्दिष्ट दिशा भेटेका छन् । खिउटेकी आमाजस्ता अशिक्षित महिलाहरू गाउँको पहरा दिन हतियार लिएर अघि बढेका छन् । अव देशमा नयाँ सामाजिक संरचनाको निर्माण हुने संकेत देख्न सकिन्छ । जताततै क्रान्ति चल्दै छ । क्रान्तिकारी जनताहरू देशका क्रूर शासकको जरो काट्दै अघि बढेको कारण कथा प्रगतिवादी छ ।

शोषण दमनका बिरूद्व सर्वहारावर्गको पक्षपोषण गर्दै कथा अघि बढेको छ । सर्वहारावर्गमा पर्ने पात्र अतिमायालाई मुख्य पात्रा र खिउटेकी आमालाई सहायक पात्रा बनाई उनीहरूप्रति सकारात्मक दृष्टि प्रस्तुत भएको छ । अतिमाया र खिउटेकी आमाद्वारा कथाकारले वर्गद्वन्द्वका लागि सबैलाई तयार हुन आह्वान गरेकी छन् । यस्तै यस कथाले लिएको कथ्य, पात्र, परिवेश र उद्देश्य पनि प्रगतिवादले अपेक्षा गरे अनुरूपका छन् ।

स्थानिय सुवोध्य भाषाको प्रयोग कथामा गरिएको छ । कतैपनि दुर्बोध्य र काव्यात्मक भाषाको प्रयोग नगरिनुले कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ । कथाको विषयवस्तुमा काल्पनिकता भन्दा यथार्थता बढी पाइन्छ । नेपाली समाजको यथार्थ पक्षको चित्रण क्रान्तिकारी शैलीमा कल्पनादेखि टाढा रही गरिनुले यहाँ प्रगतिवादी प्रवृत्ति भेटिन्छ ।

**३.२.४ 'नैकापे सर्किनी' कथाको विश्लेषण**

वर्गीय विभेदमा आधारित घटनालाई विषयवस्तु बनाई लेखिएको 'नैकापे सर्किनी' कथा पहिलोपटक २०४९ सालमा धवलागिरि पत्रिकाको वर्ष २ अंक १,२,३ संयुक्ताङ्क (२०३९) मा प्रकाशित भएको हो । नेपाली समाजको निम्नवर्गीय नैकाप भन्ने ठाउँमा बस्ने एक सर्किनीको दिनचर्यालाई यस कथाले विषयवस्तु बनाएको छ ।

**३.२.४.१ कथातत्वका आधारमा 'नैकापे सर्किनी' कथाको विश्लेषण**

**क) कथावस्तु**

नेपाली समाजका निम्नवर्गीय तथा निम्नजातीय जीवनलाई यस कथाले विषयवस्तु बनाएको छ । कथाकारले कथामा एउटी गरिब सर्किनीको सम्पूर्ण जीवनकथालाई अत्यन्त मार्मिक ढंगले प्रस्तुत

गरेका छन् । समाजमै जन्मेर ,समाजमै हुर्केर अनि समाजकै निम्त समपर्ण हुने सर्किनीले समाजबाट ठूलो अपहेलना सहनुपरेको छ । आफ्नै परिवारले पनि उसलाई माया र सहानुभूति दिन सक्दैन । ठूला ठूला पुल महलहरू बढ्ने क्रममा उसको शरीर दिनप्रतिदिन घट्दै गएको छ । मानौ उसको रगत पसिना कुनै निर्माणधीन भवन तथा पुलहरूमा जम्मा भइरहेको छ । गरिबीको कारण बिहे भएको एकवर्षमा अधवैंसे र अधबैंसमा बूढी भइसकेकी सर्किनी एउटा जनावरभन्दा पनि तल्लो तहको जीवन बिताउन बाध्य छ । एउटा अपाङ्ग लोग्नेलाई पालनपोषण गरेपनि उसबाट कुनै माया ममता तथा सहयोग पाउँदिन । उल्टै उबाट पनि पीडित छ । चाहना, इच्छा, आकांक्षाहरू सवै बिर्सिसकेकी सर्किनी कसैसँग बोल्दिन । उसको श्रमको शोषण गर्न आउने ठेकेदारसँग चार शब्द तथा पीठो तथा लसुनको पात किन्ने ठाउँमा चारशब्दबाहेक अरू सम्पूर्ण बोली नै गुमाएकी छ । एउटा निराश र विवश जीवन बाँच्न बाध्य सर्किनी अघिल्लो दिनको केही पैसाले जुटाएको अन्न पकाएर अपाङ्ग सार्कीलाई खुवाई बचेको खाएर सुत्छे, कुनै उमङ्ग र खुसीबिनाको बिहानीसँगै उठी, उही सुतेकौ कपडामा विष्णुमतीमा डुबी बालुवा चाल्न जान्छे । कुनै मान्छेसँग उसलाई सरोकार छैन आफूसंग बोल्ने मान्छेसंग कुनै प्रतिकृया दिन्न । उसले बालुवा चाल्ने खोलाको माथिपुलबाट संविधान दिवसको जुलुस बगेको थियो, धिमेबाजा, ब्यान्डबाजा, नारा झ्याँकी, तर नैकापे सर्किनीले केही देखिन सुनिन पनि । उसले एकनास बालुवा निकालीरही विकासको नारा झ्याँकीसँग उसलाई कुनै पनि मतलब छैन । आफ्नै अस्तित्वमा भएका वस्तुहरूसँग त क्रमशः उसको कडी टुक्रिँदैछ नभएकाँग के कुरा ? यसरी राष्ट्रमा जनताको नाममा ठूलाठूला राष्ट्रिय पर्वहरू मनाइने, संविधान बन्ने, उक्त संविधान दिवसहरू मनाइन्छ तर जनताले नै थाहा पाउँदैनन् । जसको बिहे उसलाई अघि नलेउ, भनेझैं हरेक किसिमका मह␣वका विषयबाट समग्र जनता अनभिज्ञ भएको यथार्थपक्षको चित्रण कथाले गरेको छ । कुनै किसिमको सुखसुविधा, खुसीले नछोएकी, समाजमा बसेर पनि सामाजिक चहलपहलदेखि टाढै रहेकी एक सामाजिक निम्नवर्गीय तथा निम्नजातीय सर्किनीको समग्र जीवनकथालाई मार्मिक ढंगले प्रस्तुत गर्दै कथा लेखिएको छ । त्यसैले प्रस्तुत कथाको विषयवस्तु निम्नवर्गीय तथा निम्नजातीय चरित्रको दिनचर्यामा आधारित छ ।

**ख) चरित्रचित्रण**

नेपाली समाजकी एक निम्नवर्गीय समाजकी प्रतिनिधि पात्रको दैनिकीलाई लिएर तयार पारिएको कथा 'नैकापे सर्किनी' मा निम्नवर्गीय पात्रलाई प्रमुख स्थान दिइएको छ । कथामा

प्रत्यक्ष रूपमा नारीपात्र नैकापे सर्किनीको चित्रण छ । अन्य पात्रहरू उसको जीवन वरिपरि आएका छन् । अरू पात्रहरू उसँग सम्बन्धित भई देखिएका छन् । जुनसुकै समयमा पनि एकनास रहने, कुनै सुखको अनुभव गर्न नपाएकी, समाजको बीचमा रहेर पनि एक्लो जीवन व्यतीत गरेकी समग्र नेपाली महिलाको प्रतिनिधि पात्र सर्किनीको जीवनकथामा आधारित भई लेखिएको कथामा ऊ मुख्य पात्र हो भने सार्की, एकजना महानुभाव, ठेकेदार, टुरिस्ट कुइरे आदि पात्रहरूको भूमिका नगन्य हुँदा उनीहरू सहायक वा गौण पात्रहरू बनेका छन् । उनीहरूको चित्रण क्रमशः गरिएको छ ।

**अ) सर्किनी**

'नैकापे सर्किनी' कथामा सर्किनी मुख्य पात्राका रूपमा आएकी छ । नैकाप भन्ने ठाउँमा बस्ने निम्नवर्गीय पात्रा सर्किनीको दिनचर्यालाई लिएर कथा लेखिएको छ । समाजको निम्नवर्गीय र निम्नजातीय पात्राको प्रतिनीधि बनेर देखिने सर्किनी नेपाली समाजका ठेकेदारबाट शोषित पीडित पात्र हो । दिनभर विष्णुमतीको बगरमा बालुवा चालेर बिहान साँझको छाक टार्ने भएतापनि उसमाथि अपाङ्ग लोग्नेसमेत पाल्नुपर्ने बोझ थपिएको छ । उक्त लोग्नेले उसलाइ केवल तिरस्कारको नजरले मात्र हेर्छ । उसँग पैसा भए जबर्जस्ती लिई रक्सी खाने उसको लोग्नेबाट पनि ऊ शोषित पीडित छ । ठूलाठूला पुल तथा सेता महलहरू निर्माण गर्न बालुवा झिकेता पनि उसलाई ओत दिने राम्रो बास छैन । उसको पसिना, रगत तथा मासु निर्माणाधीन महलहरूमा थपिँदै छ भने उसको शरीर दिनप्रतिदिन इन्चइन्च गर्दै घटिरहेको छ । त्यही बाटो भई धर्मको आडम्बरी खोल ओढेका मानिसबाट अलि ढिलो आए पनि यस खोलाको बालुवा भागेर जाने थिएन भन्ने तिरस्कारयुक्त वचन सुन्दापनि उसलाई छुँदैन त्यस्तै एउटा टुरिस्टले पाँच रूपियाँको नोट दिँदा पनि कुनै खुसीले छुँदैन । यसरी ऊ सुख, दु : ख को अनुभव गर्न वा खुसीमा रमाउन र दु : खमा रून पनि बिर्सिसकेकी छ । नेपाली समाजका ठेकेदारजस्ता श्रमशोषकहरूले उसको सजीवतालाई निर्जीवजस्तो तुल्याई सकेका छन् । जिउँदो लासजस्तो जीवनलाई कहिले विष्णुमतीको किनारमा त कहिले रात घचेट्ने झुप्रोमा डोऱ्याउन उसको दिनचर्या नै बन्छ । यसरी यस कथामा सर्किनी नारी, वर्गगत, अर्न्तमुखी तथा सजीव भएर पनि निर्जीवतुल्य बनेकी पात्र हो । कथामा मुख्य पात्रको भूमिका निभाउने उसकै जीवनचित्रण कथाको मुख्य विषयवस्तु हो ।

**आ) सर्किनीको लोग्ने**

सर्किनीको लोग्ने कथामा अप्रत्यक्षरूपमा आएको छ । सर्किनीको जीवनसाथी भएर पनि उसका निम्ति बोझ बनेको छ । आफ्नी स्वास्नीलाई मीठो बोलीसम्म दिन नसक्ने ऊ एक लाचार पात्र हो । वर्गीय रूपमा निम्न भएता पनि उसमा दया, माया छैन । उसलाई स्वास्नीले कमाएको पैसा जुवा र रक्सीमा खर्च गर्छ । शारीरिकरूपमा पनि माया गर्न नसक्ने सार्कीले सर्किनीलाई तिरस्कार गर्छ भन्न पनि मिल्दैन । हरेक पक्षबाट विवश भएर पनि आफ्नो विवशताप्रति सचेत हुन नसकेका कारण आफ्नी स्वास्नीको मायाको सट्टा घृणा पाउने पुरूषपात्रको रूपमा सार्की कथामा आएको छ ।

**इ) महानुभाव**

महानुभाव कथामा अप्रत्यक्षरूपमा देखा परेका छन् । गरिबहरूको विवशता र बाध्यतालाई बुझ्न नसक्ने पात्र महानुभाव हुन् । सच्चा देवता गरिब तथा दुःखीहरूको आत्मामा हुन्छन् भन्ने सत्यताबाट अनभिज्ञ उनी सच्चा देवतालाई लात मार्दै देउताको खोजीमा मन्दिर धाउँछन् । विष्णुमतीको किनारमा बालुवा चाल्ने सर्किनीलाई अलिक घाम छिप्पिएर त आउनु, यो बगरको बालुवा कहाँ भाग्छ र ? भन्दै तीखो वचन दिने क्रममा झुलुक्क उसको उपस्थिति कथामा छ । यसरी ऊ गरिबको मर्म बुझ्न नसक्ने, आडम्बरी धर्ममा विश्वास गर्ने पुरूष पात्रको रूपमा कथामा आएको छ ।

**ई) ठेकेदार**

ठेकेदार 'नैकापे सर्किनी' कथामा देखिने उच्चवर्गीय चरित्र हो । हजारौं निम्नवर्गीयहरूको विवशताको फाइदा उठाउँदै उनीहरूको श्रमशोषण गरी फाइदा उठाउने चरित्रको रूपमा ऊ चित्रित छ । नैकापे सर्किनीजस्ता गरिबहरूको दुःख पीडा उसले बुझ्दैन । अरू त छाडौं बिहान बेलुका खान पुग्ने गरी पारिश्रमिक नदिई सर्किनीको जीवनलाई दुःखद् र निर्जीवतुल्य बनाउनमा ठेकेदार जिम्मेवार छ । नेपाली समाजको शोषक वर्गमा पर्ने ठेकेदार दुष्ट, निर्दयी, पापी पुरूष पात्रको रूपमा आएको उच्चवर्गीय चरित्र हो ।

टुरिस्ट तथा कुइरे पनि नैकापे सर्किनी कथामा अप्रत्यक्ष उपस्थित छन् । नेपाली समाजमा रहेका गरिबहरूको स्थितिको अध्ययन गर्ने पात्र टुरिस्टले उसलाई पाँच रूपियाँको नोट

दिने क्रममा चित्रित छ कुइरे उसको मानव अस्थिपञ्जर फोटो खिच्ने पात्र हो । फोटो खिच्दा सर्किनीले थाहा समेत पाउँदिन ।

**ग) द्वन्द्व**

यस कथामा बाह्य द्वन्द्व सशक्त बनेर देखिएको छ । समाजमा व्याप्त राजनीतिक, सामाजिक, आर्थिक द्वन्द्व कथामा देखिएको छ । नेपाली समाजमा व्याप्त वर्गीय द्वन्द्वले निम्त्याएको समस्यामा आधारित भई कथाको विषयवस्तु चयन गरिएको छ । मुख्यतया ठेकेदार र नैकापे सर्किनीबीचको द्वन्द्व कथामा छ । ठेकेदारले सर्किनीको शोषण गर्नुले सर्किनीको दुःखद् कथा बनेको छ । बाहिर व्यक्त गर्न नसकेपनि सर्किनी ठेकेदारसँग रूष्ट छ । जतिगरेपनि आखिर कतैबाट न्याय पाउन नसकेपछि सर्किनी निर्जीवजस्तै बन्न पुगेकी हो । यसरी समाज उच्च र निम्न गरी दुई वर्गमा बाँडिनुको कारण यस्तो द्वन्द्व भइरहन्छ । उच्चवर्गीयले निम्नवर्गीयका परिवारहरू तहसनहस पारेका पाइन्छ । निम्नवर्गीयले जति दुःख गरेपनि कम हुने तर उच्चवर्गीयका गुन ठूलो लाग्ने प्रवृत्ति समाजमा व्याप्त छ ।

यस कथामा पूँजीपति र श्रमिकबीचको द्वन्द्व सशक्त बनेर देखिएको छ । ठेकेदारले एकछाक खानाको भरमा सर्किनीको सबै दिनहरूको श्रमको शोषण गरेको छ । विवश सर्किनी केही बोल्न सक्दिन । गोरूझैं जोतिदा पनि पारिश्रमिक नपाउँदा सर्किनीको जीवनकथा दुःखद् बनेको छ । मौनताद्वारा ऊ समाजसँग लडेकी छ । यस्ता पूजीपतिको घृणा गरेकी छ ।

लैङ्गिक द्वन्द्व कथामा सशक्त देखिन्छ । अपाङ्ग भएर पनि सार्कीले सर्किनीमाथि रवाफ जमाउँछ । उसले कमाएको पैसा खर्च गर्न अधिकार सम्झेको छ । दिनभर पानीमा डुबेर कमाएको पैसा रक्सी र जुवामा खर्च निर्धक्कसँग गर्ने सार्की निम्नवर्गीय भएर पनि नारीलाई शोषण गर्ने प्रतिनीधि पात्र हो । आफूले दु : ख गरेर कमाएको पैसा जोगाउन पनि सर्किनीलाई धौंधौ परेको छ । त्यस्तै सर्किनीको विवशताको फाइदा उठाई ठगी खाने भिखारीले समेत उसको अस्मितामाथि हमला गर्छ । आफ्नो अस्मितालाई जोगाउन सर्किनीले भिखारीको बलिष्ठ र सिङ्गो शरीरसँग लडेकी छ ।

**घ) दृष्टिविन्दु**

यस कथामा सर्किनी मुख्य पात्रको रूपमा आएकी छ । प्रस्तुत कथाको विषयवस्तु पनि उसकै पीडादायक जीवन वरिपरि घुमेको छ । उसले पाएको दुःखपीडा नै कथामा सुरुदेखि

अन्त्यसम्म आएको छ । कथाकार पारिजातले सर्किनीलाई मुख्य पात्राको रूपमा लिएर सुरुदेखि अन्त्यसम्म जीवनको चर्चा आफ्नै अभिव्यक्तिमा गरेका छन् । दोहोर संवाद कतै देखिदैन । बीचबीचमा ठेकेदार, उसको लोग्ने सार्की, टुरिस्टजस्ता पात्रहरू अप्रत्यक्ष देखिए पनि उनीहरू सर्किनीको दिनचर्यासँग सम्बन्धित भएर आएका छन् । यस कथामा कथाकारले सुरुदेखि अन्त्यसम्म नै नैकाप भन्ने ठाउँमा बस्ने एक सर्किनीको जीवनलाई आफ्नो अभिव्यक्तिमा चित्रण गर्नुले कथा तृतीयपुरूष दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

कथाको सुरुवात पारिजातले अध्ययन गरेको नैकाप भन्ने ठाउँमा बस्ने सर्किनीको नीरस, पट्यारलाग्ने जीवनबाट हुन्छ । उसको मरूभूमिमा दुष्कर यात्राजस्तो जीवनमा कतै त 'ओएसिस हुन्छ, तर सर्किनीको जीवनमा त्यो भेटिएन भन्ने पारिजातको अभिव्यक्ति दिनु, उसको दिनभरको कामको चर्चा गर्नु, उसको जीवित भएर पनि निर्जीवजस्तो लाग्ने जीवन, कसैसँग नबोल्ने अनौठो प्रवृत्तिको चित्रण उसको अपाङ्ग तर निर्दयी पतिको वर्णन, उसको ओढ्ने र लगाउने कपडाको चित्रण, उसको जीवनलाई पुस माघको चिसो मौसमसँग तुलना गर्नु, दिउँसो लागेको घामले समेत उसलाई चुनौती दिनु, अँध्यारोसंग सर्किनीको जीवनको तुलना गर्नु, सर्किनीले सुख तथा दुःखको अनुभव गर्न पनि बिर्सेको यथार्थ महानुभावले तीखो वचन दिँदा र टुरिस्टले पैसा दिँदा कुनै प्रतिकृया नदिनुबाट प्रष्ट पार्नु, देशमा ठूला राष्ट्रिय पर्वहरू मनाउँदा र पुलमाथिबाट संविधान दिवसको जुलुस जाँदा सर्किनीले थाहा नपाउनु, केवल बालुवा चालिरहनु, यस्ता हरेक पक्षसंग केवल अर्काको पसिना खानेले मात्र सम्बन्धित हुन्छन भन्ने आलोचनात्मक अभिव्यक्ति दिनु, जनताको सरोकारसंग सम्बन्धित कार्यमा जनतालाई थाहा नदिनु साथै त्यस्ता श्रमिकहरूको हाड, मासु राजधानीको कुनै निर्माणाधीन बिना कुनै मुल्य बिना कुनै कागज जम्मा हुँदै जानुजस्ताा यथार्थको चित्रण पारिजातले आफ्नै अभिव्यक्तिमा कथामा व्यक्त गरिएकोले कथा बाह्य दृष्टिविन्दुमा लेखिएको छ ।

**ङ) परिवेश**

'नैकापे सर्किनी' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको कथामा काथमाडौंको नैकाप भन्ने थाउँमा वस्ने निम्नवर्गीय चरित्र नैकापे सर्किनीलाई प्रमुख पात्रको रूपमा चित्रण गरिएको छ । समग्र राष्ट्रको विकासका संरचनाका लागि रातदिन श्रम गरिरहने नैकापे सर्किनीप्रति सहानुभूति प्रकट गर्दै उनीहरूप्रति गरिएको अन्याय अत्याचारले सीमा

नाघेपछि अवश्य नै परिवर्तन हुन्छ भन्ने परिवर्तनको चाहना कथाकारले यस कथामा प्रकट गरेकी छन् । यसरी यस कथाको परिवेश यथार्थवादको अपेक्षा गरेअनुरूपको छ । नेपाली समाजका निम्न वर्गीयलाईमुख्य पात्र बनाई कथा लेखिएकाले कथाको परिवेश पनि निम्न वर्गीयहरूको वासस्थान रहेको छ । यस कथाको परिवेश काठमाडौं सहरकै नैकाप भन्ने ठाउँको सानो छाप्रोदेखि लिएर नैकापमा बस्ने सर्किनी बालुवा चाल्न जाने विष्णुमती नदीसम्मको रहेको छ । नेपाली समाजमा भएको आर्थिक असमानताको विकृति र विसंगतिलाई यथार्थ ढंगले टिपेर त्यसप्रति तीव्रत्तम विद्रोह यस कथामा भएको पाइन्छ । नेपाली समाजमा जन्मेर समजकै एक अंगको रूपमा रहेकी नैकापे सर्किनीको उक्त समाजले मूल्याङ्कन गर्न सकेको छैन । तर कथाकारले उसलाई राष्ट्रनिर्माणको एक अङ्गको रूपमा कथामा चित्रण गरेकी छिन् । समजवादी यथार्थवादले अपेक्षा गरेजस्तो सामाजिक परिवेश 'नैकापे सर्किनी' कथामा पाइन्छ । तत्कालीन समाजका ठेकेदार जस्ता उच्चवर्गीयहरूले सर्किनीजस्ता निम्नवर्गीयहरूप्रति गरेको अन्याय, अत्याचार, शोषण, दमनको तीव्र आलोचना कथामा गरिएको छ । निम्नवर्गीयहरूको हाड, मासुले राष्ट्रको निर्माण हुँदै गएको देखाउँदै छिटै नै श्रमिकहरूको न्यायका निम्ति क्रान्ति हुँने संकेत कथाकारले गरेकी छन् । कथाकारले वि.सं. २०३२/०३५ सालतिरको नेपालको राजनीतिक र सामाजिक परिस्थितिको चित्रण गर्दा ग्रामीण परिवेश र निम्नवर्गीयहरूको बासस्थानलाई 'नैकापे सर्किनी' कथामा लिएका छन् ।

**च) भाषाशैली**

'नैकापे सर्किनी' कथामा सरल र सहज भाषाको प्रयोग गरिएको छ । समाजवादी यथार्थवादले अपेक्षा गरेअनुरूपको भाषा यस कथामा पाइन्छ । विवरणात्मक शैलीमा लेखिएको यस कथामा नेपाली समाजले बुझ्किने भाषा प्रयोग हुनु स्वाभाविकै हो । यस कथामा 'ओएसिस', अर्डर, ह्याङ् ओभर, वान्ट मनीजस्ता अंग्रेजी भाषाको शब्दहरूका साथै रूटिनबद्वजस्ता अंग्रेजी-नेपाली मिश्रित शब्दहरूको पनि प्रयोग गरिएको छ । प्राकृतिक-मानवीकृत र बिम्बमय भाषाको प्रयोग पनि यहाँ छ । 'त्यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ, आँखाको अभिव्यक्तिले बलात्कार गर्छ, शब्दले लात हान्छ । ' जस्ता काव्यात्मक भाषाको प्रयोग 'सिरक पन्छाएर मुख देखाउन घामले पनि गाह्रो मान्छ । ' घामको अस्तित्वप्रति शंका लाग्छ, 'त्यसैले जाडोको खुराकको

ह्याङ्गओभर पचाई फरको कोटलाए बाह्रवजेतिर ढल्कदै आउने घामले उसलाई कतैबाट छुँदैन' जस्ता वाक्यांशको प्रयोगले कथाको भाषा उत्कृष्ट बनेको छ ।

**छ) उद्देश्य**

देशमा भइरहेको राजनीतिक उथलपुथल बढ्दै गएको आर्थिक समस्या र निम्नवर्गीय र उच्चवर्गीयका बीचको दूरी , शासकहरूको ज्यादतीले कथाकार पारिजातलाई पनि नछोइ रहन सक्दैन । साहित्यका माध्यमबाट राजनीतिक चेतना फैलाउने आकांक्षा उनमा पनि आउँछ । समाजमा भएका शोषण, दमन, अन्याय, अत्याचारका बिरूद्व जनतालाई सचेत बनाउनु कथाकार पारिजातको 'नैकापे सर्किनी' कथा लेख्नुको उद्देश्य देखिन्छ । राष्ट्रका लाखौं सर्किनीजस्ता निम्नवर्गीयहरूको उचित मूल्याङ्कन गरी, उनीहरूका न्यूनतम आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्नु पूर्णत राष्ट्रकै कमजोरी हो । राष्ट्रका निम्ति आफ्ना सम्पूर्ण जीउ ज्यान नै समर्पण गर्ने नैकापे सर्किनीजस्ता निम्नवर्गीयको उचित मूलयाङ्कन भएन भने राष्ट्रमा विद्रोह अवश्य हुन्छ भन्ने भविष्यवाणी कथाकारले गरेकी छन् । यसरी समग्र नेपालमा भएको अन्याय, अन्याचार शोषण, दमनका शिकार बनेको स्थिति र अर्कोतर्फ शासकहरू मोजमस्तीमा डुबेको यथार्थ पक्ष देखि कथाकार असन्तुष्ट देखिन्छिन् । देशमा नयाँ सामाजिक र राजनीतिक संरचनाको निर्माण भएको देख्ने रहर उनमा पनि हुन्छ । अनि सम्पूर्ण शोषित पीडित जनतालाई  राजनीतिक चेतना दिनु 'नैकापे सर्किनी' कथालेखनको मुख्य उद्देश्य हो ।

### ३.२.४.२ प्रगतिवादी कोणबाट 'नैकापे सर्किनी' कथाको विश्लेषण

नेपाली समाजको यथार्थ पक्षलाई टिपेर त्यसप्रति विद्रोह गर्दै लेखिएको कथा 'नैकापे सर्किनी' प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको कथा हो ।  यस कथामा नेपाली समाजमा भएका विकृति र विसङ्गतिको चित्रण गर्दै त्यसको तीव्र विद्रोह गरिएको छ । नेपाली समाजमा जरा गाडेर बसेको आर्थिक असमानताले गर्दा निम्त्याएको समस्यालाई कथामा उजागर गरिएको छ । उच्चवर्गीय र निम्नवर्गीयको द्वन्द्वमा आधारित रहेर कथा लेखिएको छ । यस कथामा नैकापे सर्कनी, सार्की, ठेकेदार, टुरिस्टजस्ता पात्रहरूको निर्माण गरी, ती पात्रहरूद्वारा नेपाली समाजमा घटित भएका र हुन सक्ने विकृति विसङ्गतिलाई यथार्थ चित्रण गर्दै त्यसप्रति तीव्र विद्रोह गरिएको छ । आफ्नो न्यायका निम्ति श्रमिकवर्ग एकजुट हुनुपर्ने नितान्त आवश्यकता र एकजुट भई क्रान्तिका लागि लड्ने भविष्यात्मक सम्भावना देखिन्छ । उच्चवर्गीले

निम्नवर्गीमाथि गरेको व्यवहारदेखि कथाकारले यस कथाका माध्यमबाट वर्गीय जातिलाई क्रान्तिमा अग्रसर हुने क्रान्तिमूलक चेतना दिने उद्देश्यले 'नैकापे सर्किनी' कथा लेख्नुले कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

कथाकारले ठेकेदारजस्ता समाजका उच्चवर्गीयले सर्किनीजस्तालाई दिएको पीडा, शोषण, दमनको चित्रण गर्दै सर्किनीप्रति सहानुभूति प्रकट गरेकी छिन् । सर्किन गतिहीन भए पनि उसकै दु : खद जीवनकथा पढ्ने व्यक्ति नै राजनीतिकरूपमा सचेत बनी आफूमाथिको अन्यायको अस्थित्वबोध गर्न सक्छ । छिटै नै समाजले परिवर्तन चाहेको, राष्ट्रको अवस्था अन्याय र अत्याचारले सीमा नाघेरको देखाएको कथा प्रगतिशील देखिन्छ । अन्याय र अत्याचारले सीमा नाघेपछि गरिबहरू सधैं सहेर नबस्ने र क्रान्तिका लागि कदम चाल्नुपर्ने नितान्त आवश्यकता हुन्छ ।

प्रगतिवादी प्रवृत्तिको अपेक्षा गरेजस्तै जनवर्गीय कथ्य, पात्र परिवेश र उद्देश्यहरू पनि यस कथामा छन् । यस कथाको विषयवस्तु नेपाली समाजको यथार्थ पक्ष एक सर्किनीको जीवनको दैनिकी छ । पात्र 'नैकापे सर्किनी' वर्गीय र जातियरूपमा तल्लो तहको र समाजले वास्ता नगर्ने खालको छ । उसलाई समाजको कुनै सरोकार छैन भने उसले समाजका लागि आफ्नो जीवन दिए पनि समाजले उसको वास्ता गर्दैन । मानौँ ऊ समाजको अङ्ग नै होइन भन्ने समाजले ठान्छ । परिवेश पनि समाजको निम्नवर्गीयको बासस्थान र उसले कामगर्ने खोलाको किनार रहेको छ । प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको भाषाको प्रयोग छ । कतैकतै काव्यात्मक, वाक्यांश आए पनि त्यस्तै साधारण पाठकले पनि सहजै बुझ्न सक्ने किसिमको छ । गरिब जनतालाई आफूप्रति परेको अन्यायको अस्तित्वबोध गराउन सक्नेगरी कथा लेखिएको छ । 'नैकापे सर्किनी' कथा लेख्नुको प्रमुख उद्देश्य श्रमिकहरूलाई आफ्नो अधिकार प्राप्त गर्नका लागि एकजुट गराउनु हो । यसरी यो कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

### ३.२.५ 'प्रतिकूलता' कथाको विश्लेषण

'प्रतिकूलता' कथा सर्वप्रथम उत्साह पत्रिका वर्ष ५, अङ्क १४, (२०४०) पत्रिकामा प्रकाशित भएको थियो । उनको कथायात्राको तेस्रो चरणमा रचित यस कथामा महिला सदर जेलको प्रतिकूल वातावरण र त्यहाँ रहेका महिला कैदीहरूको स्थितिलाई यथार्थ चित्रण गरिएको छ ।

### ३.२.५.१ कथातत्वका आधारमा 'प्रतिकूलता' कथाको विश्लेषण

**क) कथावस्तु**

विभिन्न प्रकारका विवसता, बाध्यता र अपराधका कारण जेलमा लगी अपराध नियन्त्रण गर्ने उद्देश्य लिएर जेल पठाएका महिलाहरू त्यहाँको प्रतिकूल वातावरणका कारण झन्झन् बिग्रँदै गएका छन् । अबोध नारीहरू जेल पर्नुभन्दा पहिले सायद त्यस्तो डरलाग्दा र राक्षसजस्ता थिएनन्, त्यहाँको परिस्थितिले उनीहरूलाई त्यस स्थितिसम्म पुऱ्याएको हुनसक्छ होला भन्ने सोच्दै आफ्नो डायरीमा त्यहाँको विवरण उतार्ने मर्यादाले राष्ट्रमा पनि त्यस्तै प्रतिकूल वातावरण बढ्दै गएको र त्यहाँका शोषितहरू जेलका महिलाहरूजस्तै बन्दै जाने र क्रान्ति निम्तिने प्रतीकात्मकतालाई उजागर गर्न खोजेकी छन् । महिलाहरू समाजमा भए पनि उनीहरूको जीवन कैदीहरूको भन्दा कम नभएको कारण आवाज उठाउँदा जेल परेकी मर्यादालाई प्रमुख पात्र बनाई नेपालमा सरकारको लाचारीपनको विवरण प्रस्तुत गरिएको छ ।

महिला सदरजेलकी नाइकेनी, मर्यादा, मिठ्ठु, मसिनी, एउटी असन्तुलित महिला अधिकृत गरी छ जना महिलापात्रहरूको सृजना गरी समाजको यथार्थको उद्घाटन कथामा गरिएको छ । मर्यादा प्रगतिशील भई अन्यायको विद्रोह गरेवापत जेल परेकी महिला हो । जेलमा बसेर पनि सम्पूर्ण जेलको विवरण आफ्नो डायरीमा टिप्दै प्रस्तुत गर्ने कथाकारको मुखपात्रको रूपमा ऊ यहाँ चित्रित छ । महिला सदरजेलकी नाइकेनी डरलाग्दी, राक्षस छ । उसको डरलाग्दो शरीर र बोलीले गर्दा ऊ नाइकेनी बनेकी छ । आफ्नै जेठाजुलाई काटेर जेल परेकी ऊसँग जेलका सम्पूर्ण महिलाहरू डराउँछन् । ऊ क्रूर र निर्दयी शब्दहरूले सम्पूर्ण कैदीहरूलाई थर्काउँदै हिँड्छे । मसिनी घर्ती आफ्नो दाजुसँग हाड नाता करणीमा परेर आएकी हो । ऊ समाजका आडम्बरी संस्कार बोकेका पुरूषबाट पीडित महिला हो । मिठ्ठू बेरोजगारीका कारण जागिर खोज्न सहर आउँदा बिरामी परेर एउटा घरका छिडीमा सुतेको बेला वेश्याको आरोप लगाएर समाजका मानिसले जेल पारेका हुन् । त्यस्तै महिला अधिकृत जेलमा सुविधा छ छैन भनेर हेर्ने बाहनामा औपचारिकता निभाउन आएकी सरकारी कारिन्दा हो । जेलको प्रतिकूलताप्रति उसको पनि सहमति देखिन्छ । जेलमा सुधार्न पठाइएका महिलाहरू त्यहाँ गएर सुधिर्ने भन्दा उल्टै शारीरिक र मानसिक यातनाको शिकार भएका छन् । वास्तविक अपराधी नचिनी जसलाई पायो त्यसलाई जेल हालेर मानवअधिकारको हनन् सरकारबाट भएको छ ।

माथिल्लो निकायबाट निरीक्षण भए पनि केवल औपचारिकताका लागि मात्र भएको छ । जेलमा जस्तो प्रतिकूल वातावरण सम्पूर्ण राष्ट्रमा भएको छ भने जेलका महिलाहरू जस्तै पूर्णत समाजका सदस्यहरू बनेको र विद्रोहात्मकता कथामा नेपाली समाजको विकृत र विसङ्गत राजनीतिक र सामाजिक चित्रण गर्दै त्यसप्रति विद्रोह पाइन्छ । यसको विषयवस्तु नेपालको राजनीतिक र सामाजिक विकृत र विसङ्गतिबाट टिपिएको छ ।

**ख) चरित्रचित्रण**

'प्रतिकूलता' नारीप्रधान चरित्र भएको कथा हो । महिला सदरजेलको परिवेशलाई लिएर लेखिएको कथा हुनाले यसमा सम्पूर्ण नारीहरू नै पात्र बनेर आएका छन् । समाजमा भएको विसङ्गतिलाई हटाउन अपराध गर्नेलाई सुधार्न जेल पठाइने तर सुध्रन जेल गएकाहरू त्यहाँको प्रतिकूल वातावरणले झन झन बिग्रँदै गएको यथार्थ यस कथामा प्रस्तुत गरिएको छ । यसकारण अनेक किसिमको घटनालाई प्रस्तुत गर्दा छुट्टाछुट्टै प्रवृत्तिका पात्रहरूको प्रयोग कथामा भएको छ । यस कथामा नाइकेनी, मर्यादा, मिठ्ठू, मसिनी, एउटी असन्तुलित महिला, महिला अधिकृतजस्ता छ जना महिलाहरू प्रत्यक्ष उपस्थित छन् । उनीहरूको चरित्र चित्रण क्रमश : गरिएको छ ।

**अ) मर्यादा**

मर्यादा कथामा प्रमुख पात्रको रूपमा आएकी छ । सत्यको पक्षमा वा आफूहरूमथि परेको अन्यायको विद्रोह गर्दा कम्युनिष्ट भनेर जेल परेकी उसकै माध्यमबाट कथाकारले जेलभित्रको वातावरणको चित्रण गरेकी छन् । नारीहरू जेलमा जति बन्धनमा छन्, बाहिर समाजमा पनि त्यो भन्दा कम बन्धनमा छैनन् भन्ने मर्यादा नारीमुक्तिका लागि आवाज उठाउने क्रान्तिकारी महिला हो । समाजले गर्दा नै मानिस अपराधी, चोर, डाँका आदि बन्छन । सरकारले जनताका लागि उचित व्यवस्था गर्न नसकेको विभिन्न योजनामा छुट्टाएको रकम पनि सरकारी निकायका विभिन्न तहमा रहेका व्यक्तिहरूले नै भ्रष्टाचार गरी केवल औपचारिकता मात्र निर्वाह गरेको यथार्थ पारिजातले मर्यादामार्फत व्यक्त गरेकी छन् । सरकारले आफ्नो न्यायका पक्षमा बोल्नेलाई जेल पठाई कैदी बनाउने गरेको सत्यतालाई उमार्फत बुझ्न सकिन्छ । नेपाली समाजकी सचेत नारीको रूपमा उसको चित्रण गरिएको छ । जेलभित्र घटित हुने घटनाहरूलाई उसले लेख्ने विवरणको रूपमा विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । महिलामुक्ति

आन्दोलनमा जेलपरेकी मर्यादा कथाकारकी विचारवाहक पात्र हो । वास्तवमा ऊ कथामा एक समाजसापेक्ष, परिवर्तनगामी, गतिशील, व्यक्तिगत सजीव नारीपात्र हो । उसले समाज परिवर्तनका लागि आफ्नो जीवन समाजका लागि नै दिएकी छन् ।

**आ) नाइकेनी**

कथामा नाइकेनी एक अनौठो पात्राका रूपमा चित्रित छे । अत्यन्त उद्दण्ड स्वभाव भएकी नाइकेनी जेलभित्र आफ्नो हैकम फिँजाउँदै हिड्छे । जेलका सबै महिलाहरू उसँग डराउँछन । विनाकारण अरूलाई थर्काउने र गाली गर्ने उसको आफ्नो विशिष्ट स्वभाव भइसकेको छ । मर्यादाले नाइकेनीको त्यस्तो स्वभाव हुनु सम्पूर्ण समाजलाई दोषी देख्छे । समाजले नारीप्रति गरेको अन्याय र अत्याचारका कारण नारीहरू कुबाटोमा लागेको यथार्थ मर्यादाले स्पष्ट पारेकी छ । आफ्नै जेठाजुलाई मारेर जेल परेकी नाइकेनी एक शक्तिशाली महिला हो । ऊ आँखा र मुख दुवैबाट धारिला शब्दहरू बोल्न सक्छे । यसरी ऊ कथामा क्रूर, गतिशील, समाजसापेक्ष सजीव, नारीपात्राका रूपमा चित्रित छे ।

**इ) मिठ्ठू**

मिठ्ठु समाजकी निम्नवर्गीय पात्रा हो । रोजगारको खोजीमा सहर पसेकी ऊ बिरामी परेर बस्ने ठाउँको अभावमा एउटा पसलको अगाडि सुत्छे । बिहान छिटो उठ्न नसक्दा समाजका व्यक्तिहरूले मिठ्ठुलाई वेश्यावृत्ति गर्न सडकमा बसेकी भन्ने आरोप लगाएर जेल हालेका थिए । यसरी नितान्त निर्दोष भएर पनि जेलको दुःखद् जीवनयापन गर्न बाध्य र विवश पात्रको रूपमा कथामा मिठ्ठू आएकी छे । सरकारले दोषी को हो र निर्दोष को हो भन्ने नबुझ्नी जनतालाई यातना दिएको प्रसङ्ग उसको माध्यमबाट बुझ्न सकिन्छ । ऊ समाजमा जन्मेर समाजबाट नै अपहेलित नारीको रूपमा चित्रित छ । एक वर्षपछि छुट्नुपर्ने ऊ तीन वर्ष बितिसक्दा पनि न्याय पाउन नसकेको यथार्थ उसको यातनाबाट स्पष्ट हुन्छ । यसरी ऊ समाजसापेक्ष, विवश वर्गगत नारी पात्रा हो ।

**ई) मसिनी**

मसिनी घर्ती कथामा सहायक पात्राको रूपमा आएकी छ । सानैदेखि आफ्नी आमाको माया नपाएकी मसिनी सौतेनी आमाको निर्दयी व्यवहारले गर्दा पीडित छे । आफ्नो सौतेनी दाजुको बलात्कारमा पर्दा हाडनाता सम्बन्धमा दोषी ठहऱ्याइ जेल परेकी मसिनी समाजबाट

उपेक्षित पात्र हो । समाजमा हुने घटनाले नारीलाई मात्र कानुन लाग्ने, पुरूष भाग्ने यथार्थ उसका माध्यमबाट स्पष्ट पारिएको छ । यसरी मसिनी कथामा समाजसापेक्ष, सजीव, नारीपात्राका रूपमा चित्रित छ ।

त्यस्तै असन्तुलित महिला र महिला अधिकृत पनि कथामा समाजको यथार्थ पक्ष उद्घाटन गर्न उपस्थित छन् । समाजले निम्नवर्गीय नारीहरूलाई दिएको पीडाका कारण ऊ आफ्नै दिमागी सन्तुलनलाई गुमाउन बाध्य र विवश नारीको रूपमा ऊ आएकी छ । आफूले जन्माएको बच्चाको घाँटी थिचेर मारेको आरोपमा जेल परेकी असन्तुलित महिला जन्म कैदी बनेर जेल वसेकी छ । अवैध वच्चाहरूको सरकारले उचित व्यवस्थापन गर्न नसक्ने र त्यस्ता बच्चा जन्माउने आमाहरू समाजबाट बहिष्कृत हुने कारण आफूलाई जोगाउन उसले त्यस्तो कार्य गरेको हुनुपर्छ । महिला अधिकृत सरकारी तर्फबाट औपचारिकता निर्वाह गर्ने पात्रा हो । सरकारले आफ्नो भूमिका राम्ररी निर्वाह गर्न नसकेको यथार्थ मनले स्वीकार्दै जेलको प्रतिकूल वातावरणको निरीक्षण गर्ने पात्राको रूपमा ऊ चित्रित छ । उसले सबै अपराधिनीहरूको अनुहार पालैपालो हेर्दै जेललाई ज्युँदो नर्क हो भन्छे । सुध्रिन गएका अपराधीहरू त्यहाँ अझ क्रूर मानसिकता लिएर समाजमा फर्कने र समाज अझ कलंकित हुने सत्यता यसबाट बुझ्न सकिन्छ । विभिन्न किसिमका सुविधा सरकारका भ्रष्टचारीहरूले लिने र जनताले दु : ख र यातना मात्र लिने सत्यता यी पात्रहरूको अवस्थाले बुझ्न सकिन्छ ।

**ग) द्वन्द्व**

'प्रतिकूलता' कथामा समाजमा देखिने बाह्य द्वन्द्व सशक्तरूपमा देखापरेको छ । नेपाली समाजमा देखिएका वर्गीयविभेद, लैङ्गिकविभेद आदिले निम्त्याएको द्वन्द्वलाई पाउन सकिन्छ, तर राजनीतिक द्वन्द्व प्रमुख द्वन्द्व बनेको छ । महिला सदरजेलभित्रको प्रतिकूल वातावरणलाई विषयवस्तु बनाई कथा लेखिएता पनि अप्रत्यक्ष समाजले दिएको पीडाको कारण जेल पस्ने र त्यहाँ अझ बिग्रँदो स्थितिमा जीवनयापन गर्नुपर्ने बाध्यता जनतालाई भएको स्पष्ट पारिएको छ । सरकारले जनतालाई उचित रोजगार दिन नसक्दा र आफूसँग कतै कोठा लिई बस्न पैसा नहुँदा मिठ्ठू वेश्याको लकमा लगाई जेल पर्नु आर्थिक द्वन्द्वले निम्त्याएको समस्या हो । त्यस्तै मसिनी हाडनाता सम्बन्ध बिगारे वापत जेल परेर दुःख व्यहोर्नुपर्ने बाध्यता सामाजिक अन्धपरम्पराले निम्त्याएको द्वन्द्व हो । त्यस्तै अनौठो स्वभाव भएकी नाइकेनी र बहुलाही बनेकी आइमाईको

समस्या पनि समाजमा व्याप्त राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्वले निम्त्याएका समस्याहरू हुन् । मर्यादाले समाजमा भएका अन्याय, अत्याचार, शोषण, दमनका बिरूद्ध आवाज उठाउँदै जेल पर्ने सचेत महिला हो । समाजभित्रका सम्पूर्ण द्वन्द्वहरू र तिनले निम्त्याएको समस्याहरूको सुक्ष्म निरीक्षण गर्ने मर्यादाले जति बढी समाजमा शोषण, दमन बढ्दै जान्छ, जनता त्यति नै चनाखो हुँदै गई परिवर्तन सुचिश्चित भएको विश्वास राख्छे । जेलमा रहेका आइमाईहरू क्रुर र उद्दण्ड बन्नुमा समाजलाई दोषी देख्छे । देशको राजनीति बिग्रँदै गएको, भ्रष्टाचारीहरू बढ्दै गएको मुट्ठीभर शोषकहरूले फाइदा उठाइरहेको अवस्थालाई जेलमा पाइने सम्पूर्ण सुविधाहरू त्यहाँका कर्मचारीले उपभोग गरी कैदीलाई दुःख दिएको उदाहरणबाट स्पष्ट पारिएको छ ।

लैङ्गिक द्वन्द्व पनि 'प्रतिकूलता' कथामा प्रत्यक्ष देखिने द्वन्द्व हो । समाजमा नारीहरूले दोस्रो दर्जाको प्राणीको रूपमा रहनुपरेको यथार्थ यहाँका मिठठू, मसिनी, आदि महिलाहरूप्रति गरिएको व्यावहारबाट स्पष्ट हुन्छ । मर्यादा भन्ने पात्रको 'म आफैं बोल्छु मेरो नाउँ मर्यार्दा कति थुनिइन्छु थाहा छैन । बाहिरको संसारमा पनि स्वास्नीमान्छेहरूको निम्ति यस्तै जेल छ , एउटा नर्क छ । त्यसबाट मुक्ति पाउनुपर्छ भनी आवाज उठाएकी थिएँ मलाई कानुनका संरक्षकहरूले यस ज्यूँदो नर्कमा धकेलिदिए । ' भन्ने अभिव्यक्तिबाट समाजमा नारी र पुरूषबीचको द्वन्द्वलाई स्पष्ट पारेको छ ।

**घ) दृष्टिविन्दु**

यस कथामा मर्यादा मुख्य पात्रका रूपमा आएकी छे । त्यस्तै मिठ्ठू, मसिनी, नाइके, महिला अधिकृतजस्ता महिलाहरू अन्य पात्राका रूपमा आएका छन् । उनीहरूमार्फत समाजमा घटित हुने विभिन्न किसिमका घटनाहरूको उद्घाटन भएको छ । भिनो कथावस्तुलाई लिएर सम्पूर्ण प्रकारका समस्यालाई उद्घाटन गर्दा प्रस्तुत सबै पात्रहरूको संक्षिप्त चर्चा गरिएको छ । विवरणात्मक शैलीमा लेखिएको यस कथामा प्रयोग भएका सम्पूर्ण पात्रहरूको चरित्रलाई मर्यादाको विवरण तथा पारिजातको आफ्नै अभिव्यक्तिमा क्रमश : प्रस्तुत गरिएकाले कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको छ ।

सुरुमा नाइकेनीको थर्काइ र मसिनीको विवशतालाई वर्णन गर्दै जाँदा नाइकेनीले मसिनीलाई छाडा र नराम्रा शब्दहरू प्रयोग गर्दै गाली गर्नु, नाइकेनीको डरलाग्दो स्वभावको वर्णन, मर्यादाले सम्पूर्ण घटनाहरूको डायरीमा टिपोट गर्नु, नाइकेनीको स्वभाव डरलाग्दो हुनुमा

समाजलाई दोषी ठान्नु, बौलाही महिलाको अट्टहास र चर्को स्वरको चित्रण, मर्यादाले जेलभित्रको प्रतिकूल वातावरण र त्यहाँका महिलाहरूको स्थितिप्रति चिन्तन गर्नु, मसिनी र मिठ्ठूको संवाद हुनु, दुवैले आफू जेल पर्नुका कारण खोल्नु, मर्यादाले डायरी हेर्दै आफूले उतारेको विवरणको अध्ययन गर्दै समाजका शोषकहरूको निन्दा गर्नु, भोलि आउने अधिकृतको निरीक्षणको बारेमा सोची त्यसबाट कसैले न्याय पाइँदैन भन्ने निष्कर्षमा पुग्नु, त्यहाँको विहानी तथा बेलुकाको तुलना गर्नु, महिला कैदिहरूको लडाइँ हुनु, महिला चौकिदार्नी आएर छुट्टाउनु, महिला अधिकृतको प्रवेश भई सवै कैदीहरूको विवरण लिनु, मर्यादाले आफ्नो लडाइँ नारीमुक्तिकालागि भएको महिला अधिकृतका अगाडि स्पष्ट पार्नु, महिलाअधिकृतले जेललाई ज्युँदो नर्क स्वीकार गरी यस ठाउँमा केही पनि जीवनदायी छैन भन्ने सोचेपछि कथाको अन्त्य हुन्छ । यसरी कथाको सुरुदेखि अन्त्यसम्म एउटा मात्र नभई समाजका हरेक पक्षका पात्रहरूको चित्रण तृतीय पुरूषको रूपमा विवरणत्मक शैलीमा प्रस्तुत गरिनुले कथा बाह्य सर्वदर्शी  दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

**ङ) परिवेश**

पारिजातको 'प्रतिकूलता' कथाको परिवेश प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरेअनुरूपको छ । यो कथा नेपाली समाजमा भएका निभिन्न विसंगतिहरूमा अपराधी ठहऱ्याइएका र आफ्नो अधिकारका लागि लड्ने व्यक्तिहरूलाई समेत अपराधी घोषित गरी थन्काउने ठाउँको र त्यहाँ रहेका कैदीहरूको जीवन तथा उनीहरूका अपराधका कारणहरूलाई विषयवस्तु बनाई लेखिएको छ । त्यसैले यस कथाको परिवेश पनि जेलभित्रको प्रतिकूल वातावरण रहेको छ । विभिन्न प्रकारका अपराध गरेका अपराधीलाई सुधार्ने ठाउँ भनेर सुनिश्चित गरिएको जेलमा उनीहरूका सुबिधा र त्यहाँ बस्ने शान्तिपूर्ण वातावरणको त कुरै छाडौं त्यहाँ यातना  बाहेक केही पाउँदैनन् । केवल प्रतिशोध निम्त्याउने क्रूर यातना भोगेका महिलाहरू त्यहाँ पुगेर कसैले आफ्नो मानसिक सन्तुलन गुमाएका छन् भने कसैले त आफूलाई अत्यन्त दुःखी स्थितिमा पुऱ्याएका छन् । विभिन्न किसिमका औपचारिकता पूरा गर्न आएका सरकारी निकायका कर्मचारी केवल भत्ता खान त्यहाँसम्म पुग्छन् । एकवर्षका लागि जेल पसेका कैदी तीन-तीन वर्ष पार गर्दा पनि कसैको ध्यान गएको छैन । त्यसैले जेलभित्रको प्रतिकूल र अव्यवस्थित वातावरणलाई यस कथामा परिवेशको रूपमा लिइएको छ ।

**च) भाषाशैली :**

'प्रतिकूलता' कथामा सरल र सहज भाषाको प्रयोग भएको छ । साधारण पाठकले पनि सहजै बुझ्न सक्ने गरी व्यक्त गरिनु प्रगतिवादी प्रवृत्तिको आफ्नै विशेषता हो । पात्रअनुसारको भाषाको प्रयोग गरिनुले कथा यथार्थ जस्तो लाग्छ । नाइकेनीको चरित्र वा स्वभावअनुसारको भद्दा भाषाको प्रयोग भएको छ भने मर्यादा एक प्रगतिशील महिला हुनाले उसको भाषामा स्तरीयता पाइन्छ । त्यस्तै मसिनी र मिठठूको पनि स्वभाविक भाषिक संवाद छ । नाइकेनीको भाषामा तेरा, चिन्या, जान्या, पाकी जस्ता कथ्य शब्दहरू तथा पातर्नी, रन्डी, भुँडी बोकाइदियो, तेरो, नर्कजस्ता भद्दा शब्दहरूको प्रयोगले कथा अझ यथार्थवादी बनेको छ । 'नाइकेनी रातो जापानी सिफनको साडी लाएर आँखाभरि जीवनप्रति असम्झौता र शब्दको उच्चारण गरी क्रूरता बोकेर,' 'नकारात्मकता र प्रतिकूलताको ओडारभित्र जे बोलिन्छ, त्यही ठोक्किएर आउँछ खै कहाँ खोज्ने नौलो प्रतिध्वनि ? कसरी हुर्काउने सहृयता, सद्भावना यस क्रूरता, असम्झौता, जुगुप्षा, विकार र अमानवीयताहरूको खातामा ? कुनकुनमा जन्माउने हो प्रतिशोधको भावनासम्म पनि ? यो ज्यूँदो नर्क हो ' जस्ता वाक्यहरू, 'मुन्टो भाँचेको फूलजस्तै मसिनी लत्रक्कै परी' जस्ता प्रतीकात्मक भाषा प्रयोग र लत्रक्कै, सटक्क, छपक्कैजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषा अझ उत्कृष्ट बनेको छ । वर्णनात्मक र विवरणात्मक शैलीमा लेखिएको यस कथामा ठाउँठाउँमा संवादको प्रयोग पनि भएको छ ।

**छ) उद्देश्य**

तत्कालीन समयमा समाजमा अन्याय,अत्याचार शोषण दमन बढ्दो थियो । नारीहरूमाथि अन्याय हुन्थ्यो तर कतैबाट न्याय पाउन ठूलो लडाइँ लड्नुपर्थ्यो । कथा सदरजेलभित्रको प्रतिकूल वातावरणमा आधारित देखिएता पनि वास्तवमा 'प्रतिकूलता' कथाको विषयवस्तु सम्पूर्ण राष्ट्रको हो । उक्त जेलभित्रको प्रतिकूल वातावरणलाई राष्ट्रको अवस्थासँग तुलना गरिएको छ । सरकार जनातालाई न्याय दिने मामलामा पूर्णतः असफल भएको, जनताको आक्रोशलाई साम्य पार्न जेलमा थुन्ने गरिएको, जेल चलान गरिएका कैदीहरूलाई पनि उनीहरूको छुट्ने दिन वास्ता नगरिएको, सरकारी तर्फबाट समयसमयमा निरीक्षण भएपनि त्यो झन समस्या थोपर्ने भएको अवस्थामा पारिजातले यो कथा लेखेकी थिइन् । सदरजेलमा जस्तो असुविधा सम्पूर्ण राष्ट्रमा भएको देखाउनु प्रतिकूलता कथाको मुख्य उद्देश्य हो । आफ्नो

अधिकारका निम्ति लड्ने विद्यार्थीहरूलाई जेलमा सडाउने गरेको यथार्थलाई मर्यादाको मार्फत व्यक्त गरेकी छन् । सरकारले अपराधी को हो भन्ने नबुझी त्यसै निर्दोषलाई सजाय दिने उता अपराधीहरू खुलेयाम सहरमा घुम्ने गरेको, गरिबीको कारण काम गर्न खोज्नेलाई जेलमा पठाउने गरेको सम्पूर्ण खालका सामाजिक विकृति तथा सरकारले जनतामाथि गरेको गैरजिम्मेवारपूर्ण कार्यदेखि पारिजात असन्तुष्ट थिइन् । पुरूषप्रधान समाजमा नारीहरूले आफ्नो अस्मिता जोगाउन पनि गाह्रो भएको, हाडनाता सम्बन्धमा परेकी मसिनीलाई जेल र अपराधी दाजुलाई खुलेयाम घुम्न दिइनुले समाजलाई अपराधी पुरूषलाई संरक्षण दिन सक्ने तर मिठ्ठूजस्ती निर्दोष र बिरामी महिलालाई वेश्याको उपाधि दिई जेल चलान गर्नु जस्ता कुकार्य समाजमा बढेको अवस्थामा आफ्नो साहित्यिक  कृतिमार्फत समाजलाई सजग गराउनु पारिजातको 'प्रतिकूलता' कथा लेख्नुको प्रमुख उद्देश्य देखिन्छ ।

### ३.२.५.२ प्रगतिवादी कोणबाट 'प्रतिकूलता' कथाको विश्लेषण

कथाकार पारिजातको 'प्रतिकूलता' कथामा नेपालमा सरकारले जनताहरूप्रति गरेको, अन्याय अत्याचार, शोषण, दमन, उत्पीडनको चित्रण गर्दै त्यसप्रति तीव्र विद्रोह गरिएको छ । नेपाली समाजमा जरा गाडेर बसेको सामाजिक तथा राजनीतिक असमानताले गर्दा निम्त्याएको समस्यालाई प्रतिकूलता कथामा उजागर गरिएको छ । राजनीतिक र सामाजिक द्वन्द्वमा आधारित रहेर लेखिएको छ 'प्रतिकूल' कथा । यसमा नाइकेनी, मर्यादा, मसिनी, मिठ्ठू, असन्तुलित आइमाई र महिला अधिकृतजस्ता विभिन्न किसिमका पात्रहरूको प्रयोग गरी समाजमा भएको अन्याय र अत्याचारका बिरूद्व लड्दा कमजोर मानसिकताका सरकारी पक्षमा अधिकारीहरूबाट जेल परेकी प्रगतिशील नारी हो । समाजमा र जेलमा नारीहरूले एउटै बन्धनमा बाँधिनु परेको भन्दै त्यसका विरूद्ध कदम चाल्ने मर्यादाले जेलमा रहेका सबै महिलाहरूको स्थिति बुझ्दै सम्पूर्ण समाज र सरकारलाई दोषी सावित गरेकी छ । हाडनाता सम्बन्धमा मुछिएर मसिनी जेलको सजाय खानुपर्ने तर अपराधी उसको सौतेलो दाजु समाजमा घुम्न पाउनु, नाइकेनीले आत्मसुरक्षा गर्दा जेल पर्नु, मिठ्ठूलाई बिरामी वा वेश्यापहिचान नगरी जेल पठाई जेलमै सडाउनु, छानविन गर्न नसक्नु सबै सरकारका क्रूर र निर्दयी कार्य हुन् । जनताप्रति निर्दयी सरकारको अन्त्य गर्नुपर्ने मर्यादाको विचार छ । त्यसकै निम्ति लड्दा जेल परेकी छ । वास्तवमा जनतालाई दबाउँदा जनता झन्झन् चनाखो भई लड्ने संकेत जेल पस्नुभन्दा पहिला नाइकेनी

सोझी हुनु र पछि उद्दण्ड हुँदै जानुले गरेको छ । यसरी समाजका विकृति र विसङ्गतिलाई खरो उतारी त्यसप्रति तीव्र विद्रोह 'प्रतिकूलता' कथामा गरिएकाले कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

यस कथामा कथाकारले महिलासदरजेल भित्रको बिग्रदो वातावरण, त्यहाँ दुःखद् जीवन बिताउन बाध्य कैदीहरूको चर्चा गर्दै उनीहरूप्रति अन्याय र अत्याचारले सीमा नाघेको देखाएका छन् । सदरजेल र राष्ट्रको तुलना गर्दै राष्ट्रका जनताले पनि सदरजेल भित्रका महिलाहरूले झैं अन्यायअत्याचार सहनु परेको छ । त्यसका बिरूद्व लड्नु पर्ने आवश्यकता कथाकारले औँल्याएकी छन् । मर्यादाले आफ्नो जीवन नै क्रान्तिका लागि व्यतीत गरेकी छन् । जेलभित्र बस्दा पनि विभिन्न राजनीतिक कार्य गरेकी छन् । आफ्ना 'म आफैं बोल्छु, मेरो नाउँ मर्यादा ......................................यसबाट मुक्ति पाउनुपर्छ भनी आवाज उठाएकी थिएँ मलाई कानुनका संरक्षकहरूले यस ज्युँदो नर्कमा धकेलिदिए । ' भन्ने ओजिला अभिव्यक्तिले महिला अधिकृतलाई स्वीकार गर्न बाध्य बनाएकी छ । यसरी कथाको पात्र समाज परिवर्तनका लागि संघर्ष गरेका कारण कथा प्रगतिवादी भएको बुझिन्छ ।

जनवर्गीय कथ्य, पात्र, परिवेश र उद्देश्य पनि प्रगतिवादले अपेक्षा गरेअनुरूपका छन् । कथामा प्रयोग भएका पात्रहरू वर्गीय छन् । उनीहरू सामाजिक र राजनीतिक हिसाबले उपेक्षित छन्, तर कथाकारको सहानुभूति उनीहरूप्रति छ । त्यस्तै समाजले खासै वास्ता नगरेको विषयवस्तुलाई द्वन्द्वले निम्त्याएका समस्यामा आधारित 'प्रतिकूलता' कथाको विषयवस्तु छ । शोसित पीडितलाई र आफ्नो अन्यायका बिरूद्व बोल्नेहरूलाई साम्य पार्न राखिने जेलको प्रतिकूल वातावरण र जनतालाई क्रान्तिचेत भर्ने उद्देश्यमा लेखिएको कथा प्रगतिवादी प्रवृत्तिको हुनु स्वभाविक हो । त्यस्तै सरल र सुबोध्य भाषाको प्रयोग 'प्रतिकूलता' कथामा गरिएको छ । समाजका वर्गीय पात्रसुहाउँदो गरी शब्द चयन भएको छ । कल्पनादेखि टाढा रही यथार्थ विषयवस्तुको चयन यस कथाले गरेको हुँदा यो प्रगतिवादी छ ।

**३.२.६ 'कलिलो अतीत' कथाको विश्लेषण**

भर्खरभर्खर बितेको समयको घटना एउटी गाउँकी बहिनीसँग बोल्दैमा एस्.एल्.सी मात्र पास गरेर सहरमा सानो जागिर खाएको युवकले उसलाई दुलही बनाइहाल्नु परेको सामाजिक बाध्यताको यथार्थ र त्यसले निम्त्याएको दु :खी जीवनका बारेमा चित्रण गर्दै लेखिएको कथा

'कलिलो अतीत' सर्वप्रथम 'युगविजय' पत्रिका सँगालो १ (२०४०) मा प्रकाशित भएको थियो । यसमा काठमाडौं सहरभित्र निम्न वर्गीयहरूले भोग्नुपरेको पीडालाई चित्रण गरिएको छ ।

### ३.२.६.१ कथातत्वका आधारमा 'कलिलो अतीत' कथाको विश्लेषण

**क) कथावस्तु**

भर्खर गाउँबाट सहर पसेको, काठमाडौंको ट्रेकिङ अफिसमा जागिर खाने एक निम्नवर्गीय युवकको अफिसदेखि डेरासम्मको स्मृतिलाई विषयवस्तु बनाएर यो कथा लेखिएको छ । भर्खर एस्.एल्.सी. पास गरेको युवक त्यहीँ गाउँकी सात कक्षामा पढ्ने बहिनीसँग बोल्दैमा सानी त फलानोकी स्वास्नी भइ रे, रन्डी बनी रे, भन्ने हल्लालाई युवकको पुरूष हृदयले पचाए पनि सानीले सहन नसकी युवकले भगाएर काठमाडौँ ल्याउँछ । कुरा नबुझी बोल्ने समाजका कारण अन्ततः उनीहरूको जीवन सोचेभन्दा फरक भइदिन्छ । समाजमा चलेको वर्गीयद्वन्द्वको चापमा पर्दा उनीहरूलाई अत्यन्त गाह्रो हुन्छ । महिनाभर काम गर्दा जम्मा ३००/- रूपियाँ दिन नहिच्चिकचाउने समाजका शोषकहरू र आफूले दुःख गरेर कमाएको पैसा तिरेर वस्दा पनि उनीहरूको पैसापैसा नै होइन भनी बहाल गरी बस्नेहरूलाई मनपरी गर्ने घरपतिहरूले गर्दा गरिबहरूको जीवन नारकीय भएको यथार्थ विषयवस्तु कथामा आएको छ ।

ट्रेकिङ अफिसबाट तलब पाएको दिन युवक डेरा फर्कँदाका सोचाइहरू कथामा क्रमशः आएका छन् । कहिले डेरा पुगूँ हुनुपर्नेमा ऊ अल्मलिन्छ । समाजले दिएको नमीठो ठक्करको सम्झना आउँछ । सानीलाई भगाएर ल्याउन बाध्य हुनुको अतीततले निकै लामो दुःखी जीवन बाँच्नुपरेको छ । सायद यस समय उसलाई दुईवटा ज्यान पाल्न नपरेको भए जीवन केही सहज हुन्थ्यो कि ? काठमाडौंमा आएपछि जीवनको कुरूप जर्जर अनुहार देख्न थालेको छ । काठमाडौंमा डेरा गरेर बस्दा बत्ती पनि राम्रोसँग बाल्न नपाइने, पानीको पनि दुःख तर घरपतिहरूले दुःख दिने, डेरावालाहरूको डेरामा पस्दै तरकारी चाख्दै हिँड्ने, सम्झँदा सम्झँदै उसले एकजना मानिस डेरामा हृदयगति बन्द भएर मर्दा उसको लास डेराबाट फाल्नुपरेको, परिवारले घरपतिको डाँको सुन्दा रूनसम्म नपाएको, एकजना रिक्सावालाले लासलाई आर्यघाटसम्म पुऱ्याउन सहयोग गरेको, अनि परिवारलाई नचोखिँदै डेरा नआउनु भनी थर्काउँदा धेरैदिन बाहिर कष्ट काटेको, पछि घरबाट नै निकालेको घरपतिको मनपरीका बारेमा सम्झन्छ अनि त्यस्ता शोषकहरूप्रति कानुन मौन रहेकोमा युवकले शेष प्रकट गरेको छ, अनि जीवनको

ग्यारेन्टी नभएको, जीवनभर डरमात्र भएको निम्नवर्गीयका युवतीहरूलाई प्रयोग गर्दै उच्चवर्गीयहरूले मोज गरेको, आफ्नो स्वार्थ पूरा गरेपछि गाडीमा ल्याएर युवतीलाई फ्याँकिएको, सानीले चामल पैँचो ल्याएर भात पकाएको, त्यस घरकै अर्को कोठामा वस्ने विद्यार्थीहरू पनि आफूहरूजस्तै दुःखी भएको, समाजमा सबै गरिबहरू उच्चवर्गीयबाट पीडित भएको यथार्थ कथामा चित्रण गरिएको छ । यसरी नेपाली समाजमा निम्नवर्गीयहरूले पाएको अन्याय, अत्याचार, शोषण, दमन, पीडा तथा उच्च वर्गीयहरूले भोगको जीवन गरिबलाई पशुसमान व्यवहार गरेको सामाजिक विसङ्गतिलाई लिएर 'कलिलो अतीत' कथा लेखिएको छ । यसको विषयवस्तु नेपाली समाजको यथार्थ पक्ष रहेको छ ।

**ख) चरित्रचित्रण**

'कलिलो अतीत' कथामा नारी तथा पुरूष, निम्नवर्गीय, उच्चवर्गीय प्रत्यक्ष अप्रत्यक्ष सबै प्रकारका पात्रहरूको उपस्थिति छन् । युवक र उसकी दुलही प्रत्यक्ष रूपमा उपस्थित छन् भने घरपति विद्यार्थीहरू, गाउँले युवतीहरू, ट्रेकिङ अफिसको प्रोपाइटरजस्ता पात्रहरू अप्रत्यक्ष उपस्थित छ । समाजको यथार्थ चित्रण गर्दा कथाकार परिजातले समाजका सजीव र यथार्थ पात्रहरूको प्रयोग गरेकी छन् । उनीहरूको चित्रण क्रमशः गरिएको छ ।

**अ) युवक**

युवक कथाको प्रमुख पात्रको रूपमा चित्रित छ । ऊ नेपाली समाजको यथार्थ पात्र हो । समाजका कुरीति र कुपरम्पराले पीडित बनेको युवकले आफ्नो स्थिति नसुध्रिँदै सानीको समेत भार उमाथि पर्छ । सानीले आफू रन्डीको रूपमा बस्न नचाहँदा उसको भलाइका लागि सानीलाई भगाउने ऊ एक सत् पात्र हो । नेपाली समाजका आर्थिकद्वन्द्व सामाजिक द्वन्द्वलगायत राजनीतिक द्वन्द्वका चपेटामा पर्न बाध्य युवकले समाजका शोषकका लागि कानुन मौन रहेको प्रति आक्रोश व्यक्त गरेको छ । समाजले बाध्य बनाउँदा सानीलाई बिहे गरी घरजम गरेको युवकले ट्रेकिङ् अफिसको तीनसय रूपियाँ तलबलाई त्यहाँको प्रोप्राइटरले खानेगरेको चुरोटको खोलभन्दा पनि तुच्छ ठानेको छ । यसबाट उसले श्रमशोषण गर्ने शोषकको विद्रोह गरेको छ । यसरी युवक कथामा एक समाजका रूढीबादी परम्पराबाट ग्रस्त, वर्गगत, अन्तर्मुखी सजीव र दुर्बल पात्र हो ।

### आ) सानी

सानी कथामा सहायक पात्राका रूपमा आएकी छ । नेपाली समाजका कुपरम्पराको रूढीबाट ग्रसित सानी सात कक्षामा पढ्दा नै नचाहँदा नचाहँदै युवकसँग भागेर काठमाडौं पुग्छे । समाजबाट तिरस्कृत बनेपछि जस्तो परेपनि सहने दृढता व्यक्त गर्छे । आफ्नो पतिको जम्मा तीनसय रुपियाँ तलबमा जेनतेन गरी चुलो तातो गराउने सानीले आफ्नो पतिप्रति सहानुभूति व्यक्त गर्छे । दिनभर भोको पेट पतिको प्रतीक्षा गरी बस्दा ऊ नआए पछि पैँचो मागेर भात पकाउँछे । समाजमा भएको आर्थीक मारको द्वन्द्वमा परेकी सानीले आफ्नो विवशता बुझेकी छ । यसरी ऊ कथामा वर्गीय, समाज निरपेक्ष, नारीपात्रा हो ।

### इ) घरपति

घरपति कथामा अप्रत्यक्ष रूपमा चित्रित छ । ऊ उच्चवर्गीय र शोषकको रूपमा कथामा आएको छ । महिना मर्दा आफ्नो कोठाको भाँडा बुझेर पनि सधैँ उनीहरूमाथि आफ्नो शासन लाद्ने ऊ असत पात्रका रूपमा आएको छ । दया, माया भन्ने भावना नभएका घरपतिहरूको प्रतिनिधित्व उसले काठमाडौँका सम्पूर्ण घरपतिहरूको चित्रण उसका माध्यमबाट गरिएको छ । युवक जस्ता हजारौं निम्नवर्गीयहरूको पैसाको अवमूल्यन गर्ने घरपतिहरू यस समाजका कलङ्कित पक्ष हुन् । घरमा डेरा गरी बस्ने मान्छे मर्दा उल्टै गाली गरी झ्यालबाट फ्याँक्न लगाउने प्रवृत्तिले उनीहरूमा रहेको अमानवीय प्रवृत्तिको सहजै अनुमान गर्न सकिन्छ । यसरी 'कलिलो अतीत' कथामा ऊ सामन्ती प्रवृत्तिको चरित्रलाई उदाङ्गो पार्न देखिएको छ । ऊ पैसाले अन्धो भएको जतिसुकै मानवीय र पाशविक कार्य गर्दा पनि कानुनले छुन सक्दैन भन्नेहरूको प्रतिनिधि पात्र हो । देशको कानुन जतिसुकै अपराध हुँदा पनि मौन रहेको उसले गरेको व्यवहार र सजाय नपाउनुबाट स्पष्ट हुन्छ ।

त्यस्तै ट्रेकिङ अफिसको प्रोप्राइटर एक शोषकको प्रतिनिधि पात्र हो । त्यस्तो महङ्गीको बेला पनि युवकलाई तीनसय रूपैयाँ दिएर टार्न नहिच्किचाउने दुष्ट पात्रको रूपमा ऊ अप्रत्यक्ष चित्रित छ । विद्यार्थीहरू निम्नवर्गीयअन्तर्गत पर्ने पात्र हुन् । राष्ट्रमा युवक र सानीले मात्र दुःख कष्ट भोग्नु परेको छैन आम नेपाली निम्नवर्गीयहरू यस्तो चपेटामा परेका छन् भन्ने चित्रण गर्न उनीहरूको उपस्थिति देखाइएको छ । युवक बाहेकको अर्को डेरा गरी बस्ने परिवार जसका मूलीको हृदयघातका कारण मृत्यु हुन्छ, अनि उसको लासलाई झ्यालबाट फ्यानकिन्छ, उनीहरूको

उपस्थिति कथामा उच्चवर्गीयहरूले निम्नवर्गीयहरूप्रति जस्तो अमानवीय व्यवहार पनि गर्न सक्ने, उनीहरूले निम्नवर्गीयको लास मरे पछि समेत तिरस्कार गर्ने यथार्थ चित्रण गर्नका लागि गरिएको छ । रिक्सावाला आएर लास आर्यघाटतिर लगिदिन्छ उसको उपस्थितिले गरिबले गरिबको मर्म बुझ्छ भन्ने यथार्थ चित्रण गरेको छ । युवतीहरूको उपस्थिति उच्चवर्गीयले निम्नवर्गीयका चेलीबेटीबाट स्वार्थ लिई उनीहरूलाई बीचबाटोमै छाडेको यथार्थ चित्रण गर्न गरिएको छ । यसरी 'कलिलो अतीत ' बहुपात्रीय चरित्र भएको कथा हो ।

**ग) द्वन्द्व**

नेपाली समाजमा व्याप्त सामाजिक राजनीतिक र आर्थिक द्वन्द्वलाई 'कलिलो अतीत' कथामा पाउन सकिन्छ । भर्खर गाउँबाट भागी आएका नवदम्पती लगायत त्यहाँ डेरा गरी बस्ने अन्य निम्नवर्गीयहरूले भोग्नुपरेको दुःख , पीडा, अन्याय र अत्याचारको सफल चित्रण कथामा भएको पाइन्छ । सामाजिक, राजनीतिक र आर्थिक द्वन्द्वको कारण निम्तिएको समस्यालाई विषयवस्तु बनाएर 'कलिलो अतीत' कथा लेखिएको छ । काठमाडौँका घरपतिहरूले डेरावालहरूलाई दिएको दुःख , कष्ट तथा उनीहरूले तिर्ने गरेको मासिक भाडाको पैसालाई पैसा नठानी दास राखेजस्तो दुर्व्यवहार  गर्नु आर्थिक द्वन्द्व हो । कथामा घरपतिले आफ्नो घरमा बस्ने सानी लगायतको कोठामा पस्दै, तरकारी चाख्दै थर्काउँदै हिँड्ने, एक दिन डेरागरी बस्ने मानिस मर्दा उसको परिवारलाई मनपरी गाली गर्ने अनि लासलाई झ्यालबाट फाल्न लगाई सडकमा तमासा गराउनु, त्यस परिवारलाई नचोखिँदै घर आउन पाउँदैनौ भनी बिचल्ली पार्नु आर्थिक तथा वर्गीय द्वन्द्व हो । त्यस्तै ट्रेकिङ कम्पनीको प्रोप्राइटरले युवकलाई आफूले पिउने गरेको चुरोटको भन्दा कम पैसामा महिनाभर काम लगाई उसको बाध्यताको फाइदा उठाउनु, निम्नवर्गीय युवतीहरूले आफ्नो देहव्यापार गर्न बाध्य हुनु आदि घटनाहरू आर्थिक वा वर्गीय द्वन्द्व हुन् । यी सबै कार्यहरू निम्नवर्गीयहरूले नचाहेर गरेका छन् । उनीहरू असन्तुष्ट भए पनि बाध्य छन् । कथाको विषयवस्तु आर्थिक असमानताले निम्त्याएको समस्यामा आधारित छ ।

सामाजिक विकृतिले निम्त्याएको द्वन्द्व पनि कथामा पाइन्छ । युवकले नचाहँदा नचाहँदै पनि सानीलाई भगाउनु, सानी जीवनको तीतो यथार्थ बुझ्दा बुझ्दै पनि युवकसँग भागेर सहर आउनु परिवारमा मृत्यु भएर शोक सन्तप्त परिवारलाई नचोखिँदै डेरामा आउनलाई प्रतिबन्ध लगाउनु, डेरामा बस्ने मान्छे मर्दा झ्यालबाट फ्याँक्न लगाउनु तथा गाली गर्नुजस्ता कार्यहरू

सामाजिक विकृतिले निम्त्याएका समस्या हुन् । यसरी 'कलिलो अतीत' कथामा सामाजिक द्वन्द्व पनि सशक्त बनेको छ ।

राजनीतिक द्वन्द्व पनि कथामा देखिन्छ । राज्यले नागरिकहरूको आधारभूत आवश्यकताको न्यूनतम ग्यारेन्टी गर्न सकेको छैन । महिनामारी पैसा तिरेर डेरामा बस्ने निम्नवर्गीय वा काठमाडौँका घरमा बस्दा घरपतिले उनीहरूप्रति जस्तो व्यवहार गर्दा पनि राष्ट्रको कानुन मौन बनेको छ । देशकै राजधानीमा केटी व्यापार गर्न पनि कानुनले छुट दिएको छ । यस्ता घटनाहरू 'कलिलो अतीत' कथामा घटित भएका छन् । यसरी राजनीतिक द्वन्द्व कथामा स्पष्ट देखिन्छ ।

**घ) दृष्टिविन्दु**

यस कथामा युवक मुख्य पात्रका रूपमा आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म युवकका मनमा खेलेका अतीतका कुराहरू व्यक्त गरिएको छ । भर्खर एस्.एल्.सी. पास गरी सहर पसेको युवक त्यहाँको कलंकित र असमानतायुक्त वातावरणमा पीडित हुन्छ । तलब बुझ्दाको दिन पनि मनमा कुनै रमाइलोपन, नयाँपन पाउन नसकेको युवकको मनमा उठेका अतीतका कल्पनाहरूलाई कथाकार पारिजातले सुरुदेखि अन्त्यसम्म आफ्नै अभिव्यक्तिमा प्रस्तुत गर्दै गएकी छन् । संवादको पनि खासै प्रयोग छैन तर कथाको अन्त्यमा निराश मुद्रामा भएको लोग्नेसँग सानीले एकल प्रत्यक्ष बोली अभिव्यक्त गरेकी छे । यसरी कथाकार पारिजातले 'कलिलो अतीत' कथामा युवकको अतीतको स्मरणलाई आफ्नै अभिव्यक्तिमा व्यक्त गर्नुले कथा बाह्य सीमित दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

ट्रेकिङ अफिस बन्द भएपछि युवक पेटीबाट सडकमा उत्रनु, खल्तीको तीन सय रूपियाँ छाम्नु त्यस तीनसय रूपियाँको स्पर्शले उसलाई कुनै नयाँ अनुभूति नहुन, त्यसलाई कागजको खोस्टा मान्नु, डेरामा जाने मन नगर्नु, आफ्नो अतीत सानीलाई भगाएर ल्याउनु परेको बाध्यतालाई स्मरण गर्नु, समाजलेदिएको धोकाको, काठमाडौँको कुरूप र जर्जर अनुहारको डेरामा बस्दा आफ्नो परिवार गुमाई, घरपतिबाट पीडित परिवारको संस्मरण गर्नु त्यस्ता पीडित जनताका लागि देशको कानुन मौन रहेको आफ्नो अफिसको प्रोप्राइटरले खाने चुरोटको मूल्य जति पनि आफ्नो घर चलाउने पैसा नभएको, आफ्नो स्वार्थ पूरा भएपछि सडकमा फालिएका युवतीहरूको निरीक्षण गर्दै हेर्नु, साँझ घर आइपुग्न सानीले त्यही घरकै अर्को कोठामा बस्ने

विद्यार्थीहरूसँगबाट चामल पैंचो ल्याई पकाउनु, विद्यार्थीहरू पनि आफूहरूजस्तै भएको यथार्थ आफ्नो पतिलाई सुनाउनुमा गएर कथाको अन्त्य हुन्छ । यी सबै घटनाहरू कथाकारले आफ्नै अभिव्यक्तिमा व्यक्त गरेकी छन् र कथा वाह्य सीमित दृष्टिविन्दुमा लेखिएको छ ।

**ङ) परिवेश**

कथाकार पारिजातको 'कलिलो अतीत' कथामा काठमाडौँ सहरभित्रको कलंकित पक्षलाई परिवेश बनाइएको छ । सामाजिक कुसंस्कारले कलंकित पक्षलाई परिवेश बनाइएको छ । सामाजिक कुसंस्कारले गर्दा काठमाडौं सहर पस्न बाध्य युवक तथा सानीको जीवनको कारूणिक चित्रण गर्दा युवकले जागिर गर्ने गरेको ट्रेकिङ अफिसको पेटी, त्यहाँको सडक सानी र युवकको सानो कोठा परिवेश बनेका छन् । निम्नवर्गीयलाई मुख्य पात्र बनाई लेखिएको कथा 'कलिलो अतीत' मा उनीहरूले बिताउने समयमा आएका ठाउँहरू आएका छन् । मीठो सपना बोकेर सहर पस्ने गाउँका सोझासाझा जनताहरूप्रति सहरका घरपतिहरूले गर्ने दुर्व्यवहार, शोषण, दमन, पीडालाई लिएर यो कथा लेखिएको छ । घरमा आफ्नै परिवारको मृत्यु हुँदा शोकसन्तप्त परिवारको चित्रण गर्दा यस कथाको परिवेश काठमाडौंको पशुपतिको आर्याघाटसम्म पुगेको छ । तत्कालीन समयमा समाजमा हुने शोषण, दमन, अन्याय, अत्याचार, उत्पीडनको चित्रण गर्दै त्यसप्रति तीव्र आक्रोश व्यक्त गरिएको कथा वि.सं. २०३५/०३६ सालतिरको राजनीतिक, सामाजिक र आर्थिक विषयवस्तु लिई लेखिएको छ ।

**च) भाषाशैली**

'कलिलो अतीत' कथा सरल र सहज भाषाशैलीमा लेखिएको छ । समाजवादी यथार्थवादले अपेक्षा गरेअनुरूपको भाषा यस कथामा प्रयोग भएको छ । संस्मरणात्मक शैलीमा लेखिएको यस कथाको अन्त्यमा गएर छोटो संवादको प्रयोग भएको छ । 'सेम्पल', 'ग्यारेन्टी' जस्ता अंग्रेजी शब्दहरू, 'एउटा ट्रेकिङ अफिसमा ताल्चा मारिसकेपछि ऊ बिस्तारै पेटीबाट सडकमा उत्रन्छ' भन्ने वाक्यांशले उसको जीवन प्रेमयात्रा विवाहमा परिणत भई समाप्त भएता पनि बालकपन हटी व्यवहारिक युवकमा प्रवेश गरेको प्रतीकात्मकतालाई बुझ्न सकिन्छ । 'उठी खानु न बसी खानु ', 'एककान दुईकान, मैदान' जस्ता उखान तथा 'एकैचोटि खाडलमा हामफाल्न उसले सोचेको थिएन, सानीको आँसु हत्केलामा जाम परेर बसिदियो', यदि उसको इन्द्रिय र छालाले स्वीकार गरेको भए ऊ पनि उसको अनुभवजस्तै जर्जर र कुरूप भइसक्थ्यो'

जस्ता आलंकारिक भाषाको प्रयोग तथा कानुन, न्याय, सुरक्षा जस्ता शब्दहरूको प्रयोग कथामा भएको छ ।

**छ) उद्देश्य**

तत्कालीन समाजमा बढ्दै गएको उच्चवर्गीय जनताहरूको अमानवीय र क्रूर व्यवहारदेखि पारिजात आक्रोशित देखिन्छिन् । तत्कालीन राजनीतिक विसङ्गतिले पनि उनी चिन्तित बन्छिन् । देशमा सामाजिक, राजनीतिक संरचनामा आमूल परिवर्तन हुनुपर्ने आवश्यकता महसुस गरी उनले आफ्नो साहित्यिक यात्रालाई मोडेर प्रगतिवादी बाटो समाउँछिन् । काठमाडौंको परिवेश र त्यहाँका मान्छेहरूको अमानवीयता र क्रूर व्यवहारदेखि उनी राम्ररी परिचित छिन् । यसरी समाजमा भएका विसंगतिलाई हटाई स्वच्छ र शान्त समाजको परिकल्पना गर्न राजधानीका घरपतिजस्ता शोषकका लागि सजाय दिने कानुन बन्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ । देशको कानुनलाई परिवर्तन गरी जनताको पक्षमा भएको कनुन बनाउन सम्पूर्ण राजनीतिक संरचनामा परिवर्तन हुनुपर्छ । जसका लागि जनताको शासन बन्नुपर्छ । त्यसैले साहित्यका माध्यमबाट जनतालाई सचेत बनाउने लक्ष्य अनुरूप 'कलिलो अतीत' कथा लेखिएको छ । सानीले आफ्नो लोग्नेसँग हामी मात्र नभई अरूले पनि हाम्रोजस्तै दुःखद् जीवन बिताउनु पर्दोरहेछ भन्ने अभिव्यक्तिले अधिकांश जनता अन्यायमा परेका छन् भन्ने संकेत गर्दै जनतालाई अन्यायबोध गराएकी छिन् । युवकले कानुन न्याय र सुरक्षा केही रहेनछ भन्दै सामाजिक मूल्य र मान्यताको कडा विद्रोह गरेको छ । यसरी पारिजातले जनतालाई अस्तित्वबोध गराई सचेत बनाएर देशको राजनीतिक, सामाजिक संरचनाको लागि क्रान्तिन्मुख गराउने उद्देश्यले 'कलिलो अतीत' कथा लेखेकी छन् ।

### ३.२.६.२ प्रगतिवादी कोणबाट 'कलिलो अतीत' कथाको विश्लेषण

'कलिलो अतीत' कथामा कथाकारले नेपाली समाजमा भएको विकृति र विसंगतिलाई चित्रण गर्दै त्यसप्रति तीव्रतम विद्रोह गरेकी छन् । वर्गीय विभेदका कारण युवक तथा सानीजस्ता निम्नवर्गीयपात्रहरूले पाउनुपरेको दुःख पीडा, अन्याय, अत्याचारलाई यथार्थ प्रस्तुत गर्दै त्यसतर्फ तीव्र विद्रोह गरिएको छ । नेपाली समाजका उच्चवर्गीयहरूले सानी र युवकजस्ता निम्नवर्गीयहरूप्रति गरेको अन्याय अत्याचारको सफल चित्रण 'कलिलो अतीत' कथामा भएको छ । नेपाली समाजका यथार्थ पात्रहरू युवक, सानी, घरबहालमा बसेको अर्को परिवार,

विद्यार्थीहरू, घरपती, रिक्सावाला यस कथामा आएका छन् । समाजको चित्रणमा उनीहरूको भूमिका सत्यजस्तो लाग्छ । दिनभर ट्रेकिङ्ग अफिसमा काम गरेर आफ्ना आधारभूत आवश्यकता गाँस, वास, तथा औषधीसम्म गर्न नसक्ने युवकको दम्पतीको चित्रण गर्दै त्यसप्रति विद्रोह गराएको छ । साथै वर्गीय माया र वर्गीय एकता पनि 'कलिलो अतीत' कथामा विद्यार्थीहरू र सानीको दम्पतीले चामल बाँडी आधा पेट खानुले स्पष्ट हुन्छ । नेपाली समाजको यथार्थ चित्रण र वर्गीय एकता पाइनुले कथा समाजवादी यथार्थवादमा आधारित भएको बुझिन्छ ।

प्रगतिवाद वा समाजवादी यथार्थवादले समाजका विकृति र विसंगतिको जस्ताको तस्तै चित्रण गरी त्यसप्रति तीव्र विद्रोह गरेको हुन्छ । समाजमा युवक र सानीजस्ता पात्रहरूले सामाजिक कुसंस्कारका कारण पाउनु परेको दुःख पीडा, अपहेलनाको चित्रण तथा त्यसप्रति कथाकारको सहानुभूति वर्गीय मायाको चित्रण विद्यार्थीहरू र युवकको परिवारले आधाआधा पेट बाँडेर खानुले स्पष्ट 'कलिलो अतीत' कथामा भएको छ । त्यस्तै निम्नवर्गीयपात्रहरूको संगठन दह्रो हुने अवस्थालाई कथामा भाडामा बस्ने परिवारका एक सदस्यको हृदयगतिले बन्द भई मृत्यु हुँदा उच्चवर्गीयको घरपतिले झ्यालबाट फ्याँक्न लगाए पनि एउटा गरिब रिक्साचालकले त्यस लासलाई आर्यघाटतर्फ लगिदिनुले पनि स्पष्ट पारेको छ । यसरी 'कलिलो अतीत' कथामा वर्गीय संगठन भएको स्पष्ट देखिन्छ ।

समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने कारकतत्व सरकार भएको भन्दै गरिबहरू प्रति मनपरी गर्न घरपतिजस्ता मान्छेहरूलाई सरकारले खुकुलो कानुनबाट छुट दिएको यथार्थ कथामा स्पष्ट छ । राष्ट्रका खम्बा युवकजस्ता व्यक्तिहरूलाई  ट्रेकिङ अफिसका मालिकले आफ्नो विदेशी चुरोटको खोल भन्दा पनि कम मूल्यमा महिनाभर काम लगाउन, महिनामारी भाडा बुझेर पनि बहालमा बस्नेलाई दासजस्तो व्यवहार गर्ने छुट उच्चवर्गीयहरूलाई सरकारले दिएको स्पष्ट पार्दै सरकारको खुकुलो कानुन, न्याय र सुरक्षाका कारण सामाजिक विसंगति बढ्दै गएको स्पष्ट पार्ने कार्य 'कलिलो अतीत' कथामा भएको छ । यस कथामा आर्थिक तथा सामाजिक द्वन्द्वहरू सहजै पाउन सकिन्छ ।

एकतिर वर्गीय प्रेम र अर्कोतिर आर्थिक विकृतिको चित्र प्रस्तुत गर्ने कथा हो -'कलिलो अतति' । गाउँले परिवेशमा किशोर वय पार गर्न लाग्दा लसपसको बात लागेर विवाह बन्धनमा जोडिई सहर पसेका एक जोडा युवायुवतीको कथा हो - यो । सहरमा माासिक तीन सयको

ज्यालादारीमा काम गरेर एउटा कोठा, दुईजनाको खान लाउनको प्रबन्ध गर्नुपर्ने यस जोडीको आर्थिक दुर्दशा कथामा टिपिएको छ । सहरमा बसेर अध्ययन गर्ने विद्यार्थीको आधीपेट र यस कथाकी सानीको आधा पेटले धेरै वर्गमित्रता बढाएको छ । घरधनीको अर्थजन्य वर्गविकृति प्रदर्शन गर्ने क्रममा बत्ती, पानी, शौचालय पाहुनाको आवागमन, बाहिर-भित्र गर्दाका आवाजहरूलाई कथामा विकृतिको रूपमा प्रस्तुत गरिएको छ । शहरिया पूँजीपतिहरूको विकृत मानसिकता एकातिर र निम्नवर्गीय आर्थिक विपन्नता अर्कातिर बेहोरेर बस्नुपर्ने यस समाजका विकृतिलाई प्रस्तुत कथाले प्रभावकारी ढंगले प्रस्तुत गरेको छ । पारिजातको यस कथामा प्रस्तुतिको निजात्मक, चिन्तनको अमूर्तता र वस्तुको यथास्थितिपरकता पूरै विलय भइसकेको छ । भाषा, कथ्य, प्रस्तुतिमा सरलता र विश्वसनीयता थपिँदै गएको देखाउने प्रस्तुतकथा सफल मानिने रचना हो ।[५२] यसरी हेर्दा पारिजातको कलिलो अतीत कथाम वस्तुपरकता, चिन्तनमा मूर्तता र वस्तुको अग्रगामीताको सफल चित्रण भएको कारण कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

'कलिलो अतीत' कथामा प्रयोग भएका जनवर्गीय पात्र, कथ्य, परिवेश, उद्देश्य, भाषाशैली पनि समाजवादी यथार्थवादले अपेक्षा गरे अनुरूपका छन् । कथामा प्रयोग भएका युवक, सानी जस्ता पात्रहरू वर्गीय चरित्र हुन् । उनीहरूलाई प्रमुख स्थान दिँदै लेखिएको 'कलिलो अतीत' कथामा कथाकारको सहानुभूति उनीहरूप्रति छ भने उच्च वर्गीय पात्रहरू असत् पात्रका रूपमा आएका छन् भने कथाकारको उनीहरूप्रति आक्रोश व्यक्त छ । 'कलिलो अतीत' कथाको विषयवस्तु समाजका विसंगत र विकृत पक्ष छन् । समाजमा घटित हुने र भइसकेका विषयलाई टिपेर यो कथा लेखिएको छ । 'कलिलो अतित' कथाको उद्देश्य पनि समाजलाई धमिलो बनाउने कारकतत्वको विरूद्ध आवाज उठाउने रहेको छ । कल्पनादेखि टाढा रही लेखिएको कथाको भाषा पनि समाजवादी यथार्थवाद वा प्रगतिवादी धाराले अपेक्षा गरेजस्तो छ । यसरी कथा प्रगतिवादी छ भन्न सकिन्छ ।

### ३.२.७ 'यसरी एउटा नाउँ काटिन्छ ' कथाको विश्लेषण

एउटा वूढो ज्यामीको अस्तित्वहीन र मूल्यहीन मृत्युलाई विषयवस्तु बनाई लेखिएको कथा **'यसरी एउटा नाउँ काटिन्छ'** वि.सं. २०४० मा सर्वप्रथम बगर (वर्ष १, अङ्क ४, २०४०) पत्रिकामा प्रकाशित भएको थियो ।

---

[५२] राजेन्द्र सुवेदी, पूर्ववत् ६८ ।

### ३.२.७.१ कथातत्त्वका आधारमा 'यसरी एउटा नाउँ काटिन्छ' कथाको विश्लेषण

**क) कथावस्तु**

नेपाली समाजमा भएको वर्गीय विभेद र आर्थिक विसंगतिलाई विषयवस्तु बनाई 'यसरी एउटा नाउँ काटिन्छ' भन्ने कथा लेखिएको छ । एउटा बूढो ज्यामीलाई मुख्य पात्र बनाई लेखिएको यस कथामा इन्जिनियर, भारतीय ठेकेदार, घरपति, नेपाली नाइके लाठे ज्यामी तथा अन्य महिला ज्यामीहरू घरपतिको छोरीजस्ता समाजका यथार्थ पात्रहरूलाई लिई समाजमा हुने गरेका यथार्थ घटनाको सफल चित्रण गरिएको छ । नेपाली समाजमा निम्नवर्गीयहरूले भोगनुपरेको दुःख पीडा, अन्याय र अत्याचारको साथै उच्चवर्गीयहरूले उनीहरूमाथि गरेको श्रमको शोषणजस्तो समाजको यथार्थ घटनालाई विषयवस्तु बनाई 'यसरी एउटा नाउँ काटिन्छ' कथा लेखिएको छ । यस कथाको कथावस्तु समाजको यथार्थ पक्षबाट टिपिएको छ ।

काठमाडैं सहरमा एउटा उच्चवर्गीय घरपतिको महल बन्दै हुन्छ, इन्जिनियर, ठेकेदार तथा अन्य ज्यामीहरू आफ्नै काममा व्यस्त हुन्छन् । घर सिद्धिने दिन भएकाले त्यहाँ दुईथरी भोज तयार हुँदैछ । विशिष्ट वर्गका लागि विशेष भोज तयार हुन्छ, घरपतिले छिटो खान दिनेभन्दा पटकपटक खुवाउँदा धेरै खान्छन, एकैपटक काम सिद्धिएपछि खानदिने नाइकेको निर्देशन हुन्छ, ज्यामीहरूलाई भोज खान पाइन्छ, काम छिटो सिध्याओ भन्दै काम लगाउँदै गरिन्छ । उता कथाको मुख्य पात्र बूढो ज्यामी नसकीनसकी काम गरिरहन्छ । एकछिन ठगठाग गर्ने भन्ने हुँदैन । नसकीनसकी पनि उसको काम निरन्तर चलिरहन्छ । बूढो भए पनि उसको कामप्रति कसैको गुनासो छैन । भोजको वास्ना आइरहेको छ, तर उसलाई कुने वास्ता छैन । सायद उसको प्राणले खानाको गन्ध र स्वाद बिर्सिसकेको छ । उसको जीवन एक पशुकोभन्दा पनि निरीह भइसकेको छ । भोजको विज्ञापन दिएर काम गराइए पनि भोजसँग ऊ अपरिचित भैसकेको छ । सिमेन्ट लागेरउसको शरीर  सिमेन्ट जस्तै बनेको छ । चल्ने हुनाले ऊ मानिस हो भनेर अनुमान गर्न सकिन्छ । पानी पिएपछि पसिना पुछ्दा मात्र उसको रगत सुकेको अनुहार देखिन्छ । उसको ओठ झन खस्कँदै जान्छ उसको हिडाइँ लोसे हुन्छ, सास फेर्न पनि गाह्रो भइरहेको हुन्छ । यस्तो अवस्थामा छिटो ओसर बूढा अब सिद्धिइसक्यो भन्दै भोजतर्फ संकेत गर्छन । राजधानी सहरमा एउटा ठूलो महल थपिन्छ । सबै आफ्नो दर्जाको भोज खान व्यस्त हुन्छन् तर बूढो ज्यामी त्यस भोजमा उपस्थित हुँदैन । काम गर्दा खोजी हुन्थ्यो, तर खाने

बेलामा कसैलाई उसको वास्ता हुँदैन । एक्कासि घरपतिकी छोरी आत्तिँदै सिमेन्टी ओसार्ने गोदाम घरमा रगतै रगत भएर पल्टेको छ भन्छे । सवै गएर हेर्छन तर बूढोको मृत्यु भैसकेको हुन्छ । पहिले खान नदिएकोमा घरपति पछुताउँछ । एउटा गरिबको मृत्यु जनावरको जस्तै हुन्छ । उसको मृत्युमा कसैको दुःख आँसु छैन । उसको नाउँ बलबहादुर गोले हुन्छ । भारतीय ठेकेदारले आफ्नो डायरी निकाली उसको नाउँ काटिदिन्छ । नेपाली निम्नवर्गीय ज्यामीहरूले आफ्नो हाड मासुले नगरका ठूलाठूला महलहरू सिर्जना गरेका छन् । उता ओझेलमा बसेर भारतीय ठेकेदारले उनीहरूका नम काटिरहेका छन् । भारतीय ठेकेदारको डायरीबाट बूढो ज्यामीको नाम काटिएपछि कथाको अन्त्य भएको छ । यसरी समाजमा घटित हुने र घट्न सक्ने यथार्थ विषयवस्तुलाई लिएर त्यसप्रति तीव्र विद्रोह गर्दै 'यसरी एउटा नाउँ काटिन्छ' भन्ने कथा लेखिएको छ ।

**ख) चरित्रचित्रण**

'यसरी एउटा नाउँ काटिन्छ' कथामा नारी, पुरूष, निम्नवर्गीय तथा उच्चवर्गीय प्रत्यक्ष तथा अप्रत्यक्ष सबैप्रकारका पात्रहरूको प्रयोग भएको छ । बलबहादुर गोले वा बूढो ज्यामी, इन्जिनियर घरपति लाठे ज्यामी, नाइके बूढो, घरपतिकी छोरी, ज्यामिनी जस्ता पात्रहरू कथामा प्रत्यक्ष उपस्थित छन् भने बूढो ज्यामीका छोरा बुहारी, भारतीय ठेकेदार अप्रत्यक्ष उपस्थित छन् । बूढो ज्यामी प्रमुख पात्रका रूपमा चित्रित छ भने अन्य पात्रहरू सहायकको भूमिका निर्वाह गरेका छन् । बलबहादुर गोले वा बूढो ज्यामीको केन्द्रीयतामा कथा लेखिएको छ । उनीहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ) बलबहादुर गोले**

'यसरी एउटा नाउँ काटिन्छ' कथाको प्रमुख पात्र बलबहादुर गोले हो । निम्नवर्गीय चरित्रको गोले कथामा बूढो ज्यामीको रूपमा आएको छ । उमेर पुगेर आरामको जीवन जिउनुपर्ने अवस्थामा पुगेर पनि पेट पाल्नका लागि सकी-नसकी सिमेन्टका बोराहरू ओसार्न पर्ने बाध्यता उसमा छ । शरीर पूर्ण रूपमा जीर्ण भइसकेको भए पनि उसले ठग्न जानेको छैन । गाह्रो पर्दा बस्यो भने कामबाट निकालिदेलान् भन्ने डरले मर्ने अवस्थासम्म पनि काम गरिरहन्छ । समाज तथा परिवारबाट समेत अपहेलित बनेको गोलेले जनावरले झैं आफ्नो पेट पाल्नका लागि दुःख गरिरहन्छ । कथाकारको सहानुभूति पात्रका रूपमा ऊ चित्रित छ । उसको परिवारले

पनि गरिबीका कारण उसलाई पाल्न सकेका छैनन् । बाबुआमाले छोराछोरी पाल्न बाध्य छ तर छोराछेरीले बाबुआमा मर्न लाग्दा पनि पाल्न बाध्य छैन भन्ने नेपाली समाजको नराम्रो पक्षलाई चरितार्थ गर्न ऊ आएको छ । खानका लागि दुःख गरेको बूढो ज्यामी खाने बेलामा खान नपाई मर्छ । उसको मृत्यु मूल्यहीन र अस्तित्वहीन हुन्छ । मृत्युपछि भारतीय ठेकेदारले आफ्नो डायरीबाट उसको नाम काटिदिन्छ । नेपाली समाजको प्रतिनिधि पात्र गोलेको जीवन नै सम्पूर्ण निम्नवर्गीयको जीवन हो । नेपाली समाजका निम्नवर्गीयहरूले समग्र राष्ट्रको निम्ति कार्य गरेका छन् । गोलेले पनि नगरलाई सुन्दर बनाउनका लागि आफ्नो रगत, पसिना लगायत सम्पूर्ण ज्यान दियो तर समाजले त्यसको मूल्याङ्कन गरेन । समाजमा निम्नवर्गीयहरू गोले जस्तै प्रयोगका साधन बनेका छन्, बिना कुनै मूल्य र मान्यता । कथामा बलबहादुर गोले वा बूढो ज्यामी राष्ट्रनिर्माणमा आफ्नो रगत पसिना र ज्यान सुम्पिने तर कुनै सुख सुविधा नपाउने समग्र मजदुरवर्गको प्रतिनिधि पात्र बनेर आएको छ । 'यसरी एउटा नाउँ काटिन्छ' कथामा बलबहादुर गोले बाँच्नका लागि बोरा बोक्न विवश, वर्गगत, परिवार र समाजबाट अपहेलित सजीव भएर पनि निर्जीव, पुरूष पात्र हो ।

**आ) घरपति**

घरपति 'यसरी एउटा नाउँ काटिन्छ' कथामा सहायक पात्रका रूपमा आएको छ । ऊ नेपाली समाजको उच्चवर्गीय चरित्र हो । निम्नवर्गीयहरूबाट काम लिई उनीहरूको श्रमशोषण गर्ने पात्रका रूपमा ऊ चित्रित छ । घरपति उच्चवर्गीय चरित्र भए पनि केही उदारता भएको पात्र हो । बूढो ज्यामीलाई देखेपछि उसलाई धेरै भोक लागेको शंका गर्दै नाइकेलाई ख्वाउन भन्छ तर नाइकेले छिटै पानी पर्ला जस्तो छैन साँझ चारबजे सिद्धिएपछि ख्वाउँला भन्दा चुप लाग्छ । बूढोको मृत्युपछि बूढालाई खाना खान नदिएकोमा पछुतो मान्दै आँखा रसाउनुले ऊ एक सत् पात्रको रूपमा देखिन्छ । बूढाको मृत्युप्रति सहानुभूति व्यक्त गर्छ । यसरी ऊ कथामा उच्चवर्गीय, सत्, पुरूष, प्रत्यक्ष पात्रको रूपमा आएको छ ।

**इ) नाइके**

नाइके यस कथामा प्रत्यक्ष रूपमा देखापर्ने सहायक पात्रका रूपमा चित्रित छ । घरपतिको घर सिद्धिने दिन भोजमा निर्देशन गर्ने कार्य उसले गरेको छ । नेपाली भएर पनि ऊ त्यति गतिलो नभएको लाठे ज्यामीले अर्को ज्यामीसँग, 'नेपाली ज्यामी कुन गतिलो छ र

आजभोलि । उहाँ पैँतालीसजना ज्यामी लिएर आयो । घरपतिले देशको हिसाबले दिएको छ भन्छ कुरा उही हो । तै जाँड, रक्सी, मासु सबै ल्याएछ' भन्नुले स्पष्ट हुन्छ । समाजका निम्न वर्गीय ज्यामीहरूलाई काम लगाई आफूले नाफा खाने पात्रका रूपमा ऊ आएको छ । कथामा ऊ असतपात्र बनेर देखिएको छ । मर्नै आँटेका बूढा ज्यामीको समस्या नबुझी छिटोछिटो काम गर भन्दै अत्याउने कार्य उसले गरेको छ । घरपतिले बूढाको लोसेपन देखेर खाना खुवाउनभन्दा यी ज्यामीलाई धेरै पटक खान दिएर बिगार्नु हुन्न भन्ने नाइके श्रमिकको श्रम शोषण गर्दै उनीहरूको दुःख मा रमाउने चरित्र हो । उसकै हेलचेक्र्याइँले गर्दा बूढाको मृत्यु भएको छ । सायद भोकमा खान दिएको भए बूढाले अचानक मृत्यु भोग्नु पर्ने थिएन । यसरी कथामा एउटा नाउँ काटिन्छ कथामा घटित भएको घटनाको प्रमुख जिम्मेवार देखिन्छ । कथामा ऊ उच्चवर्गीय, पुरूष असत् र प्रत्यक्ष उपस्थित पात्र हो ।

**इ) भारतीय ठेकेदार**

'यसरी एउटा नाउँ काटिन्छ' कथामा भारतीय ठेकेदार सहायक पात्रका रूपमा चित्रित छ । भारतीय ठेकेदारको उपस्थितिले तत्कालीन समयमा नेपालमा भारतीय मूलका नागरिकहरू पसेर नेपालीहरूलाई शोषण दमन गरेको र उनीहरूले बिछ्याएको जालमा नेपालीहरू नराम्ररी फसेको यथार्थ पक्षको रहस्योद्घाटन भएको छ । ऊ नेपालीहरूको सोझोपनको फाइदा उठाई उनीहरूबाट लुट्ने र आफू धनी हुने उद्देश्य लिएर नेपाल पसेको असत् पात्र हो । आफ्नै देशकाले त नेपालीलाई दया गर्दैनन् भने भारतीयहरूले त झन् शोषण दमन गर्ने नै भए भन्ने यथार्थ उसको चरित्रले स्पष्ट पारेको छ । भवन निर्माण गर्दा गर्दै मृत्यु भएपछि कुनै समवेदना व्यक्त नगरी उसले आफ्नो डायरीबाट बलबहादुर गोलेको नाम काट्छ । यसरी हजारौँ नेपाली श्रमिकहरूको रगत पसिना ठूलाठूला महलहरूमा थप्दै उनीहरूका नाम काट्दै जाने चरित्रका रूपमा आएको छ । यसरी ऊ भारतीय मूलको उच्चवर्गीय, शोषक, असत् पुरूष पात्रका रूपमा कथामा प्रत्यक्ष उपस्थित छ ।

इन्जिनियर लाठे ज्यामी, ज्यामी महिलाहरू, ठिटी, घरपतिकी छोरी, ज्यामिनी, बूढो ज्यामीका छोरा बुहारी आदि यस कथामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा उपस्थित छन् । इन्जिनियर कथामा उच्चवर्गीय चरित्र हो । उसले भारतीय ठेकेदारको विश्वास गर्नु हुँदैन भनी घरपतिलाई सजग गराउँछ । लाठे ज्यामी, बूढो ज्यामीको अवस्थालाई स्पष्ट पार्ने पात्र हो ।

उसले समाजका विसङ्गत र विकृत पक्षको रहस्योद्घाटन गरेको छ । ज्यामी महिलाहरूले पनि समाजको यथार्थताको चित्रणमा सहयोग गरेका छन् । घरपतिकी छोरीले बूढो ज्यामीको मृत्युको सूचना आफ्ना बाबुलाई दिन्छे । ज्यामिनिले बूढो ज्यामीको परिचय दिँदै उसको मृत्युप्रति आँसु झारेकी छ । बूढो ज्यामीका छोराबुहारी कथामा अप्रत्यक्ष रूपमा आएका छन् । आफूलाई जन्म दिएर हुर्काउने बाबुआमा पनि पाल्न नसक्ने नेपाली समाजका निम्नवर्गीयहरूको लाचारी र विवशताको यथार्थ उनीहरूको माध्यमबाट चित्रित छ । 'यसरी एउटा नाउँ काटिन्छ' कथा बहुपात्रीय चरित्रको प्रयोग भएको कथा हो ।

**ग) द्वन्द्व**

'यसरी एउटा नाउँ काटिन्छ' कथामा बाह्य द्वन्द्वहरू सशक्त रूपमा देखा परेका छन् । नेपाली समाजमा देखा पर्ने सामाजिक, राजनीतिक तथा आर्थिक द्वन्द्वहरूले गर्दा कथा अत्यन्त प्रभावकारी बनेको छ । सरकारले जनतालाई उचित रोजगारको व्यवस्था गर्न नसक्दा समाजमा अनेकथरी विसङ्गतिहरू देखापर्छन जसले गर्दा कारूणिक घटनाहरू घट्छन् भन्ने यथार्थ 'यसरी एउटा नाउँ काटिन्छ' कथाले स्पष्ट पारेको छ । यस कथाको मुख्य पात्र बूढो ज्यामीको कारूणिक व्यथा राजनीतिक द्वन्द्वले निम्त्याएको मूल समस्या हो । सरकारले जवानहरूलाई त रोजगारको व्यवस्था गर्न सकेको छैन भने ज्यामी बूढाजस्ता समाजमा सम्मानित भई बस्नुपर्ने व्यक्तिहरूले आफ्नो पेट पाल्न ठूलो संघर्ष गर्नु परेको छ । काम गर्न नपाइने कतै पाउँदा बूढाबूढीले सक्दैनन् भन्ने कारण उनीहरूमाथि बढी निगरानी राखिने यथार्थ कथामा मुख्य पात्र बलबहादुर गोलेप्रति गरेको व्यवहारबाट स्पष्ट हुन्छ । काम गर्दा निगरानी राख्ने तर खाना खाँदा उसको खोजी हुँदैन । राजनीतिक द्वन्द्वले गर्दा निम्त्याएको आर्थिक अभावले गर्दा भोको पेटमा काम गर्दा बूढाको मृत्यु हुन्छ । राज्यका जनतालाई उचित रोजगारको व्यवस्था गर्न नसक्नु राजनीतिक द्वन्द्व हो । यहाँ जनताहरू र राज्यबीच द्वन्द्व देखिन्छ । यही राज्यले बूढाबुढीको व्यवस्था गर्न नसके पनि गोले बूढाजस्ता समाजका बूढाहरूका छोरा-बुहारीलाई रोजगार दिएको भए यस्तो  दुःखद् घटना घट्ने थिएन ।

यस कथामा आर्थिक द्वन्द्व अझ सशक्त बनेर आएको छ । प्रस्तुत कथाको विषयवस्तु आर्थिक संकटले निम्त्याएको समस्यामा आधारित छ । ज्यामी बूढो रोजगारका लागि ठेकेदारले दिएको काम गर्छ । पेट पाल्न र बाँच्नका लागि आफ्नो ज्यान जीर्ण र अशक्त भए पनि काम

गरिरहन्छ । भोक लाग्दा वा इन्धनको अभावमा काम गर्न नसक्दा पनि केही भन्न नसक्नु र अन्त्यमा गई रगत छादेर मृत्यु हुनु आर्थिक अभावका कारण भएको घटना हो । समाजमा बूढाबूढीप्रति गरिने अमानवीय व्यवहार सामाजिक द्वन्द्वका रूपमा देखिन्छ । काम गर्ने क्रममा बूढा ज्यामीप्रति गरिने निगरानी यस अन्तर्गत पर्छ । 'यसरी एउटा नाउँ काटिन्छ' कथामा आर्थिक राजनीतिक तथा सामाजिक द्वन्द्वहरू पाइन्छ । त्यसैले यो कथा सशक्त बनेको छ ।

**घ) दृष्टिविन्दु**

'यसरी एउटा नाउँ काटिन्छ' कथामा भारतीय ठेकेदार नाइके बूढो ज्यामी ज्यामिनीहरू घरपति, घरपतिकी छोरी लाठे ज्यामीजस्ता धेरै पात्रहरू भए पनि मुख्य पात्रका रूपमा बूढो ज्यामी वा बलबहादुर आएको छ । अन्य पात्रका बारेमा थोरै मात्रामा मात्र चित्रण छ । कथाको विषयवस्तु मुख्य पात्र बूढो ज्यामीको दुःखद् मृत्युका बारेमा रहेको छ । एउटा ठूलो महल सिध्याउने दिनको घटना यस कथामा आएको छ । कथाकारले भारतका ठेकेदारहरूले नेपाली निम्नवर्गीयहरूको सोझोपनको फाइदा उठाइरहेका छन भन्ने यथार्थ कथामा प्रस्तुत गर्न भारतीय ठेकेदारलाई सहायक पात्र बनाइएको छ । कथाको मूल विषयवस्तु मुख्य पात्र बूढो ज्यामीको वरिपरि घुमेको छ । उसलाई कथाकारको सहानुभूति पात्रका रूपमा चित्रण गरिएको छ । लगभग सुरुदेखि अन्त्यसम्म नै उसको उपस्थिति देखिन्छ । अन्य पात्रहरू पनि यस क्रममा आएका छन् । यसरी सुरुदेखि अन्त्यसम्म कथाकारको आफ्नै अभिव्यक्तिमा बूढो ज्यामी लगायत अरूको बारेमा पनि चित्रण गरिएको हुँदा कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको स्पष्ट हुन्छ ।

कथाको सुरुमा सनक्याप र काले चस्मा लगाएको इन्जिनियरको बारेमा र उसको घरपतिसँगको संवादको चित्रण, लाठे ज्यामीको उसको साथीसँगको संवादमा नेपाली नाइकेको बारेमा विवरण, बूढा ज्यामीको बारेमा लाठे ज्यामीको भनाई, भारतीय ठेकेदारका बारेमा कथाकारको अभिव्यक्ति त्यहाँको भोजको वृत्तान्त, इन्जिनियर र बूढा ज्यामीको पसिनामा अन्तर भएको अभिव्यक्ति भोजको विज्ञापन दिँदै छिटो काम गर्न नाइकेको निर्देशन, घरवनाउने कार्य निरन्तर चलेको वृतान्त बूढो ज्यामीको काममा लोसेपन आए पनि निरन्तर चलेको बताउनु, पसिना पुछ्दा उसको अनुहार रगत विहीन भइसकेको देखाउनु, घरपतिले बूढाको स्थिति नाजुक भएकाले नाइकेलाई खान देऊ भन्नु, बूढाको स्थिति बिग्रँदै जानु, भोज खाने कार्यक्रम सुरु गर्नु, बूढाको अनुपस्थिति, घरपतिकी छोरी बूढो ज्यामीको स्थिति बताउँदै चिच्याउनु, सबै बूढालाई

हेर्न जानु, बूढो मृत भैसकेको, घरपति बूढालाई खुवाउन नपाएकोमा पछुताउनु, भारतीय ठेकेदारले आफ्नो डायरीबाट सहजै नाम काटिदिनुमा गएर कथाको अन्त्य भएको छ । यसरी सुरुदेखि अन्त्यसम्म बूढा ज्यामीको सेरोफेरोमा धेरै पात्रहरूको चित्रण भएको हुँदा कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको छ ।

**ङ) परिवेश**

'यसरी एउटा नाउँ काटिन्छ' कथामा कथाकारले नेपाली समाजमा उच्चवर्गीयहरूले निम्नवर्गीयहरूप्रति गरेको शोषण, दमन, अन्याय, अत्याचार आदि विकृति र विसङ्गतिप्रति तीव्र विद्रोह गरिएको छ । निम्नवर्गीय पात्र बलबहादुर गोलेलाई मुख्य पात्र बनाई लेखिएको यस कथामा उसले सिमेन्ट ओसार्ने गरेको बन्दै गरेको घर र सिमेन्ट राखेको गोदाम परिवेशको रूपमा आएका छन् । सहरको परिवेशमा कथा लेखिए पनि निम्नवर्गीय पात्र बलबहादुर गोलेले सिमेन्ट ओसार्ने र अन्त्यमा भोकको कारण मृत्यु भएको गोदामघर प्रमुख परिवेश बनेको छ । प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरेअनुरूपको सजिसजाउ र विशिष्ट परिवेश नभई अस्तव्यस्त र फोहोर परिवेश यस कथामा देखिन्छ ।

**च) भाषशैली**

भाषा र शैली दुवैको संयुक्त रूप नै भाषाशैली हो । कथामा भाषाशैलीको महत्त्वपूर्ण स्थान हुन्छ । भाषा अभिव्यक्तिको साधन हो भने शैली अभिव्यक्तिको तरिका हो । 'यसरी एउटा नाउँ काटिन्छ' कथाको भाषा सरल र सहज छ । साधारण पाठकले पनि सहजै बुझ्न सक्ने गरी कथा लेखिएको छ । सनक्याप, नोटबुक, लोकल फरमा जस्ता अङ्ग्रेजी शब्दहरू, मास्तिर गतिलो, लाठे, सिमेन्टी, कन्दै, भुत्रो,मधिस्या, चुबुर्को जस्ता ग्रामीण शब्दहरू, फनक्क, सुस्तसुस्त, जस्ता अनुकरणात्मक शब्दहरू बरा जस्ता थेगो, ले भाषा उत्कृष्ट बनेको छ । चार हातखुट्टा टेकेर कन्दै बोरा बोकेर उठ्छ बूढो, अघिबाट तान्ने र पछाडिबाट घचेटिदिने कोही छैन, उसले एक्लै धान्दै छ, भाषाहरूबीच लाटो, पानी पर्ला जस्तो छैन जस्ता प्रतीकात्मक र सांकेतिक भाषाको प्रयोग पनि कथामा भएको छ । 'मध्ये जेठको तन्नेरी घाम बादल छिचलेर देखा पर्छ' जस्ता वाक्यद्वारा प्रकृतिलाई मानवीकृत गरिएको छ । कथामा कतैकतै इन्जिनियर र ठेकेदार, कतै लाठे ज्यामी र उसको साथी, नाइके र घरपतिबीच संवाद देखिए पनि कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

**छ) उद्देश्य**

कुनै पनि कृतिकारले कृति लेख्दा कुनै न कुनै लक्ष्य राखेको हुन्छ । कथाकार पारिजातले अस्तितववादी । विसङ्गतिवादी कथाहरू लेख्दालेख्दै प्रगतिवादतर्फ उन्मुख भई कृतिको सृजना गर्नुमा आफूले लेखेका कृतिहरूद्वारा निम्नवर्गीयहरूप्रति भएको अन्याय र अत्याचारको अस्तित्वबोध गराई उनीहरूलाई स्वतन्त्र हुन क्रान्तितर्फ उन्मुख गराउने मुख्य उद्देश्य देखिन्छ । 'यसरी एउटा नाउँ काटिन्छ' कथा लेख्नुमा पारिजातले समाज तथा राष्ट्रनिर्माणका संवाहक श्रमिकहरूप्रति परेको अन्याय अत्याचारको अस्तित्वबोध गराई जीवनभर राष्ट्रका सहरका ठूला ठूला भवन बनाई हिडने उनीहरूको काम गर्न नसक्दा हुने कुनै कार्य गर्न नसक्ने उच्चवर्ग तथा सरकारले उनीहरू दोस्रो दर्जाको प्राणी वा प्रयोगजन्य चीज भएको जस्तो व्यवहार गर्छन भन्ने सत्यता सिमेन्ट बोक्दाबोक्दै भोकले मरेको ज्यामी बूढोको नाम भारतीय ठेकेदारले कुनै सहानुभूतिबिना सहजै डायरीबाट हटाउनुले प्रष्ट पार्छ । आफ्नो गाँस, बासका लागि श्रमिकवर्गले सचेत भई समयमै क्रान्ति गर्नुपर्ने आवश्यकता 'यसरी एउटा नाउँ काटिन्छ' कथाको घटनाले प्रष्ट पारेको छ । यसरी यो कथा लेख्नुको उद्देश्य श्रमिकवर्गलाई सचेत बनाउनु रहेको छ भने अर्कोतर्फ अनाथ बालबच्चा तथा असहाय बूढाबूढीको उचित व्यवस्थापन गर्न अक्षम तथा ज्यामी बूढोजस्ता समाजका बूढाबूढीका छोराबुहारी तथा छोरीहरूले दुःख गर्दा पनि बाबुआमा पाल्न नपुग्ने गरी पारिश्रमिक तोक्ने सरकारी नीतिको विरोध गर्नु यस कथा लेखनको उद्देश्य देखिन्छ । कथामा भारतीय ठेकेदारको उपस्थिति देखाई विदेशीहरूले नेपाल पसी सोझा नेपालीलाई ठगी नेपाली धनसम्पत्ति विदेशतिर लग्दै गरेको यथार्थप्रति सरकारलाई सचेत बनाउने लक्ष्यसमेत यस कथामा देखिन्छ ।

समाजमा बृद्धहरूप्रति गरिने नराम्रो व्यवहारको पनि 'यसरी एउटा नाउँ काटिन्छ' कथामा प्रस्तुत गरिएको छ । उमेर छउन्जेल आफ्ना छोरा छोरीप्रति मरिमेट्ने बाबुआमा बूढा हुँदा खाना खान नपाई मर्ने अवस्थासम्म पनि सकीनसकी बोरा बोक्ने काम गर्नुपर्ने बाध्यता नेपाली समाजमा छ । बाबुआमाले छोराछोरीको लालनपालन गर्नुपर्ने तर बाबुआमा बूढा भएपछि छोराछोरीले उनीहरूको वास्ता नगर्ने समाजको विकृतिलाई देखाउनु यो कथा लेख्नुको अर्को उद्देश्य देखिन्छ ।

### ३.२.७.२ प्रगतिवादी कोणबाट 'यसरी एउटा नाउँ काटिन्छ' कथाको विश्लेषण

पारिजातको 'यसरी एउटा नाउँ काटिन्छ' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गरी लेखिएको छ । यस कथामा समाजमा भएका विकृति र विसंगतिलाई जस्ताको तस्तै टिपी त्यसप्रति विद्रोह गरिएको छ । समाजमा घटित हुनसक्ने वा हुने गरेका यथार्थ घटनालाई विषयवस्तु बनाई त्यस्तो घटनाप्रंति जिम्मेवार कारकतत्त्वको विद्रोह यस कथामा गरिएको छ । समाजमा बूढो ज्यामी वा बलबहादुर गोलेजस्ता निम्नवर्गीयहरूले कतै सुरक्षा, गाँस, बास पाउन नसकेको र समाजले त्यस्ता बूढाहरूप्रति वास्ता नगरेको यथार्थ कथामा प्रस्तुत छ । सरकारले उमेर भएका युवायुवतीलाई त कामको व्यवस्था गर्न सकेको छैन अझ बूढाबूढीहरूलाई बसेर खान सक्ने व्यवस्था गर्ने कुरा नै भएन । यस्तो अक्षम सरकारी नीतिलाई खारेज गरी नयाँ सामाजिक संरचनाको लागि वर्गीय एकता जरूरी भएको स्पष्ट पारिएको छ । यस कथामा समाजमा घट्ने वा घटित हुने यथार्थ घटनालाई लिएर त्यसप्रति तीव्र विद्रोह गरिएको छ । 'यसरी एउटा नाउँ काटिन्छ' कथामा समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने कारकतत्व आर्थिक र राजनीतिक द्वन्द्व हो भन्ने तथ्य पत्ता लगाई त्यसप्रति विद्रोह गरिएको छ । देशमा भएको रानजीतिक अस्थिरता र खुकुलो कानुनले गर्दा 'यसरी एउटा नाउँ काटिन्छ' कथामा बलबहादुर वा बूढो ज्यामीको भोकै बोराहरूओसार्दा मृत्यु भई ठेकेदारले कुनै सहानुभूतिबिना आफ्नो डायरीबाट उसको नाउँ काटिदिन्छ । उसको मृत्यु एउटा पशुको भन्दा पनि तल्लो तहको हुन्छ । यदि पीडितवर्ग वा श्रमिकवर्ग समयमै सचेत भई आफ्नो स्वतन्त्रताका लागि एकजुट नहुने हो भने बलबहादुर गोलेको जस्तै लाखौं श्रमिकहरूको नाम काटिन्छ भन्दै निम्नवर्गीय पात्रहरूलाई आफूप्रति भएको अन्यायको अस्तित्वबोध कथामा गराइएको छ । यसरी कथाकारद्वारा जनतालाई खुकुलो कानुन खारेज गरी नवीन राजनीतिक संरचना गर्न सम्पूर्ण सरकारको विद्रोह गरी जनताको आफ्नै सरकारको आवश्यकता भएको र त्यसका लागि जनतालाई अभिप्रेरित गरिएको हुँदा कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

यस कथाको कथ्य, चरित्र, उद्देश्य सबै प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरेअनुरूपका छन् । कथाको विषयवस्तु समाजले खासै महत्त्व नदिएको एउटा बूढो ज्यामीको दुःखद् मृत्युलाई लिइएको छ । समाजमा निर्माणकार्यमा संलग्न तर समाजबाट अपहेलित पात्र बलबहादुर गोले

वा बूढो ज्यमीको बाध्यता र विवशतालाई अत्यन्त मर्मिक तरिकाले प्रस्तुत गरिएको कथामा पारिजातले निम्नवर्गीय पात्र बूढो ज्यामीलाई मुख्य पात्र बनाएकी छिन् । शारीरिक रूपमा अशक्त र जीर्ण बनिसकेको बूढालाई समाजमा सम्मान गरिनुपर्नेमा उल्टै अपमान र घृणा गरिएको र बोरा बोक्दाबोक्दै भोकले उसको मृत्यु भएको र सहजै उसको नाम डायरीबाट काटिएको छ । त्यस्तै निम्नवर्गीय पात्रप्रति नै कथाकारको सहानुभूति व्यक्त गरिएको छ । परिवेश पनि प्रगतिवादले अपेक्षा गरेअनुरूपको फोहोर र अस्तव्यस्त स्थान सिमेन्ट राख्ने घर र बन्दै गरेको घर रहेको छ । राजधानीलाई परिवेशको रूपमा लिए पनि घटना गोदामघरभित्र घटेको छ । कथामा त्यस्तै वातावरण पाउन सकिन्छ । यस कथाको उद्देश्य पनि आफूप्रति परेको अन्याय र अत्याचारको अस्तित्वबोध गराई उनीहरूप्रति भएको अन्यायको कारकतत्त्व सरकारी नीति हो । यस सामन्ती प्रवृत्तिको सरकारले मात्र गरिबको पक्षमा वकालत गर्छ । त्यसका लागि जनतालाई क्रान्तितर्फ उन्मुख गराउने उद्देश्यले यो कथा लेखिनु र कथाको भाषा सरल र सहज हुनुले पनि कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

### ३.२.८ ‘साल्गीको बलात्कृत आँसु’ कथाको विश्लेषण

दलालद्वारा विदेशको वेश्यालयमा बेचिएकी नेपाली चेली साल्गीको नारकीयजीवन, त्यहाँ उसले भोग्नुपरेका विवसता र बाध्यताहरू र त्यसको विरूद्धमा झरेका आँसुलाई विषयवस्तु बनाई लेखिएको ‘साल्गीको बलात्कृत आँसु’ पहिलो पटक ‘स्पन्दन’ (वर्ष ३, अङ्क ३, २०४०) पत्रिकामा प्रकाशित भएको थियो । पारिजातका उत्कृष्ट कथामा पर्ने यस कथाकै नामबाट कथासंग्रह ‘साल्गीको बलात्कृत आँसु’ नामाकरण गरिएको छ ।

### ३.२.८.१ कथातत्त्वका आधारमा ‘साल्गीको बलात्कृत आँसु’ कथाको विश्लेषण

#### क) कथावस्तु

नेपाली साहित्यको इतिहासमा विसङ्गतिवादी अस्तित्ववादी धाराअन्तर्गत रहेर साहित्य सृजना गर्ने पारिजातको ‘साल्गीको बलात्कृत आँसु’ हाम्रो नेपाली समाजको विसङ्गत पक्षलाई टिपेर तयार गरिएको छ । भारतको कानपुर सहरको कहिल्यै घाम नछिर्ने अध्यारो कोठालाई परिवेश बनाई लेखिएको कथा साल्गीको बलात्कृत आँसुमा मुख्य पात्रा साल्गी छे । नेपालका आफ्नै दाजुभाइ भनाउँदा ब्वाँसाहरूको हातको शिकार बनी कानपुरको वेश्यालयको कोठीमा बेचिएकी नेपाली चेली साल्गीको दु:खमय, विवश र बाध्य जीवनमा आधारित रहेको छ, यस

कथाको कथावस्तु । उसले वेश्यालयभित्र कल्पना गरेको विगतलाई संस्मरणात्मक रूपमा कथामा प्रस्तुत गरिएको छ । यसरी 'साल्गीको बलात्कृत आँसु'को कथावस्तु हाम्रो नेपालमा चलेको सामाजिक विकृति र राज्यको खुला कानुनमा आधारित छ ।

कथाकी मुख्य पात्रा साल्गी हाम्रो नेपाली समाजकी चेली हो । ऊ कानपुरको कोठीभित्र आफ्नो मातृभूमि नेपाललाई सम्झँदै, देशकै मायामा आँसु बहाउँदै निस्सार जीवन काटिरहेकी छ । उसले नेपाली दाजुभाइकै विश्वासमा परी नेपाल गई केही गर्ने आँट लिँदा त्यस्तो नारकीय कालकोठरीमा थन्कन बाध्य हुनुपर्‍यो । उसको हृदयमा मातृभूमिप्रति अगाध प्रेम छ । मातृभूमिमा रहेका आफ्ना बाबुआमा माली गाईको बाच्छी, बाखीको सम्झनाले भित्रभित्र जलिरहेकी छ । झ्यालबाट भाग्न पनि जीवनप्रतिको मोहले उसलाई दिँदैन । नेपाली संस्कृतिप्रति पनि उसले उतिकै माया गर्छे । आफ्ना बाबुको म्हाने पेमे भन्ने शब्द सुन्नका लागि उसको मन तड्पिरहेको छ । आमाको सपना देखेपछि उसले भाग्ने कल्पनामा डुब्न पुग्छे । त्यस कोठीमा मालिक्नीको स्वर सुन्दा ऊ सिन्धुपाल्चोकको डाँडाबाट फर्कन मान्दिन । गाउँ फर्कने मीठो कल्पना गर्दै साल्गीजस्ता कैयौँ नेपाली चेलीहरू विदेशको कोठीमा नारकीय जीवन विताउन बाध्य छन् । यसप्रति नेपाल सरकार चुप लागेको छ । सामन्ती संस्कार बोकेको नेपालको सरकारले पीडितको पीडा बुझ्न सकेको छैन । निम्न वर्गीयहरू आफ्नो स्वतन्त्रताका लागि सामाजिक संरचना र राजनीतिक संरचना परिवर्तन गर्न लड्नुपर्ने आवश्यकता कथाकारले कथाका माध्यमबाट औँल्याएकी छन् ।

यसरी कथाकार पारिजातले हाम्रा नेपाली अवला चेलीहरूको नीरस, उजाड, व्यथै व्यथाले भरिएको विवस कारावासीय जीवनको बारेमा 'साल्गीको बलात्कृत आँसु' कथामा व्यक्त गरेकी छन् । बिना अपराध नारकीय जीवन बिताउन बाध्य बनाउने दाजुभाइ भनाउँदा ब्वाँसाहरूलाई साल्गीको माध्यमबाट तिरस्कार गरेकी छन् । साल्गीजस्ता हजारौं नेपाली चेलीहरूका कौमार्यका रगतले सिँगारिएका कोठाहरूमा पवित्र आत्माहरूले आफ्नो जीवनको टुङ्गो लगाउन हतारिएको दुःखद् क्षणलाई 'साल्गीको बलात्कृत आँसु' कथाले आफ्नो विषयवस्तु बनाएको छ । 'टाढाको देउताभन्दा नजिकको भूत काम लाग्छ' भन्ने नेपाली भनाइलाई ल्वाँगे घर्तीजस्ता दुष्टहरूले चुनौती दिइरहेका छन् भन्ने सत्यतालाई कथामा स्पष्ट पारेको छ ।

**ख) चरित्रचित्रण**

कथाकार पारिजातको कथा 'साल्गीको बलात्कृत आँसु'मा मुख्य पात्राको रूपमा निस्सार र विसङ्गत, अस्तित्वहीन जीवन व्यतीत गरिरहेकी साल्गीलाई लिएकी छन् । नेपाली समाजको विसङ्गत पक्षमै आधारित पात्र ल्वाँगें घर्ती सहायक पात्रको रूपमा आएको छ । साल्गीको जीवनलाई अस्तित्वहीन र निस्सार बनाउनमा उसको महत्वपूर्ण भूमिका रहेको छ । अन्य पात्राहरूमा कोठीकी मालिक्नी प्रौढ महिला रहेकी छ भने नेपथ्य वा अप्रत्यक्ष पात्रका रूपमा साल्गीकी आमा, साल्गीका बाबु र मानवेत्तर पात्रहरू माली गाई, बाच्छी, बाखी छन् । उनीहरू साल्गीले अतीतको सम्झनामा डुबुल्की मार्दा देखा परेका छन् । यसरी यस कथामा निम्नवर्गीय तथा उच्चवर्गीय, नारी तथा पुरूष, प्रत्यक्ष तथा अप्रत्यक्ष, मानवीय तथा मानवेत्तर सबै खालका पात्रहरूको चित्रण गरिएको छ । कथामा मुख्य भूमिका खेल्ने पात्रहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ) साल्गी**

साल्गी यस कथामा मुख्य पात्रा हो । यो कथा उसको दु:खद् र निस्सार जीवनले गर्दा झर्ने आँसुमा आधारित छ । उसकै दु:खपूर्ण , निस्सार र निरर्थक जीवनमा आधारित 'साल्गीको बलात्कृत आँसु' हो । साल्गी नेपाली समाजकी निम्नवर्गीय चरित्र हो । नेपाली समाजमा रमाइरहेकी चेली साल्गी आफ्नै दाजुभाइ भनाउँदा ब्वाँसाहरूको हातको शिकार बनेर कानपुरको एउटा अँध्यारो कोठामा आफ्नो अस्तित्व र सतीत्व बेच्दै विदेशीलाई चरम सुख प्रदान गर्दै विदेशी दलाली महिलाहरूको पर्सलाई पैसाले भरिदिन बाध्य नेपाली चेलीहरू जसले भारतका कुनाकुनामा आफ्नो अस्तित्व बेचिरहेका छन्, उनीहरूको प्रतिनिधि पात्र हो । भाग्ने सम्भावना कम भए पनि ऊ आशावादी छ । भागेर एकदिन स्वदेश फिर्ता हुन सकिन्छ कि भन्ने आशा र भरोसामा बाँचेकी छ । वास्तवमा ऊ नेपाली समाजमा जन्मेकी विवश र लाचार नारी हो । उसले नेपाली समाज र जनताको जिउधनको सुरक्षा दिन नसक्ने अक्षम सरकारलाई कानपुरको अँध्यारो कोठाबाट चुनौती दिइरहेकी छ । ल्वाँगे घर्ती र उसंग भागेको नेपाली समाजले देखे पछि ऊ गायव हुँदा र ल्वाँगे घर्ती समाजमा फर्केर सुखसँग जीवन बिताउँदा आफ्नी चेलीको बारेमा नसोध्ने र खोजी गरी उसलाई सजाय नदिने वास्तविक नेपाली समाजको मूकताको विद्रोह गरेकी छ । सरकारमा बसेर जनतालाई सुरक्षा दिन नसक्ने सामन्ती प्रवृत्तिको सरकारको

र आफ्नै चेली गुमाएर पनि मूक बस्ने लाचार समाजको विद्रोह गर्ने विद्रोही नारीको रूपमा साल्गीको चित्रण गरिएको छ । यसरी साल्गी वर्गीय, समाजनिरपेक्ष, प्रत्यक्ष देख्दा बन्दी भए पनि ल्वाँगेलाई काट्ने क्रूरता उब्जाउने गतिशलि, सजीव नारी पात्र हो ।

**आ) ल्वाँगे घर्ती**

पारिजातले 'साल्गीको बलात्कृत आँसु' कथामा ल्वाँगे घर्ती नामको उच्चवर्गीय पात्रलाई लिएका छन् । हजारौँ नेपाली चेलीलाई बेचेर आफूलाई उच्चवर्गमा पुऱ्याउने ऊ नारीहरूलाई फकाइफुल्याइ जागिरको लोभमा नारकीय जीवन बनाउने स्थितिसम्म धकेल्ने असत् पात्रका रूपमा कथामा ऊ आएको छ । ऊ समाजको धमिरो हो । समाजमै बसेर समाजलाई विसङ्गत र तहसनहस गर्ने उसको पेसा हो । ऊ जस्ता धमिराहरूले भित्र-भित्र समाजलाई खोक्रो तुल्याइरहेका छन् । नेपाली समाजमा शोभामय बनेर बसेका नारीहरूलाई विदेशमा बेचेर आफ्नो थैलो भर्ने कार्य गर्ने ऊ समाजको र राष्ट्रको विनाश गर्ने कारक तत्त्व हो । साल्गीलाई कानपुरको कोठीमा लगेर बेच्नुमा उसले मुख्य भूमिका खेलेको छ । यसरी ऊ कथामा असत् वा दुष्ट,गतिहीन, वर्गीगत, समाजनिरपेक्ष दुर्बल, सजीव पुरूष पात्र हो । ऊ निम्नवर्गीयरूको बाध्यताको फाइदा उठाउने कार्य गर्ने प्रतिनिधि पात्र हो ।

**इ) प्रौढ महिला**

प्रौढ महिला कथामा सहायक पात्राका रूपमा आएकी छे । भारतीय महिला नेपालीहरूको बाध्यताको फाइदा उठाएर पैसा दिने लोभमा नराम्रा काममा ल्वाँगे घर्तीजस्ता नेपालीलाई प्रेरित गर्ने ऊ विसङ्गत नारीका रूपमा आएकी छ । देवी, आमाजस्तो गौरवमय पदवी पाउने नारीजातलाई विकृत बनाउन ऊ उपस्थित छे । ऊ नेपाली चेलीहरूको चहराइरहेको ठाउँमा नुनचुक थप्न सहयोग गर्ने महिला हो । ऊ साल्गीजस्ता नारीहरूलाई पशुजस्तै जीवनयापन गर्न बाध्य बनाउँछे । आफ्नो सतित्व वेच्न विवश बनाउँछे । वास्तवमा ऊ नै मुख्य खलनायिका हो । उसकै प्रेरणाले गर्दा ल्वाँगे घर्तीजस्ता पात्रले आफ्नै चेलीहरूको व्यापार गर्ने कार्य गरेका छन् । कथामा ऊ असत् समाजनिरपेक्ष, गतिहीन नारीपात्र हो ।

अन्य पात्रका रूपमा भारतीय यौन नर पिपासुहरू प्रत्यक्ष उपस्थित छन् भने साल्गीका बाबुआमा, गाई, बाखा, सुन्तलीजस्ता पात्रहरू नेपथ्य वा अप्रत्यक्ष देखिन्छन् । उनीहरू साल्गीको

मानसपटलमा आएका छन् । यसरी पारिजातले 'साल्गीको बलात्कृत आँसु' कथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरेका छन् ।

**ग) द्वन्द्व**

कुनै पनि साहित्यिक रचनाहरूमा कुनै न कुनै द्वन्द्व आएकै हुन्छ । 'साल्गीको बलात्कृत आँसु' कथामा आन्तरिक तथा बाह्य दुवै प्रकारको द्वन्द्व पाउन सकिन्छ । कथाको शीर्षकबाट नै कथा द्वन्द्वमय भएको आभास हुन्छ । उसले बाँच्ने कि मर्ने भन्ने विषयमा द्वन्द्व चलाएकी छ । त्यस्तै आफ्नो मनभित्रको पवित्रता र शारीरिक पवित्रताको द्वन्द्व, प्राकृतिकता र कृतिमता वीचको द्वन्द्व, आन्तरिक द्वन्द्वका रूपमा आएका छन् ।

'साल्गीको बलात्कृत आसुँ' कथामा आन्तरिक भन्दा वाह्य द्वन्द्व सशक्त बनेको छ । समाजमा व्याप्त आर्थिक तथा राजनीतिक द्वन्द्वलाई मूल विषयवस्तु बनाई यो कथा लेखिएको छ । नेपालको राजनीतिक विसङ्गतिले गर्दा समाजमा आर्थिक अभाव देखिन्छ । यही अभावका कारण साल्गीजस्ता नेपाली समाजका चेलीहरू पैसाभन्दा जति नै बुझेपनि झुक्यानमा परी विदेशी कोठीमा बेचिन बाध्य छन् । तत्कालीन समयमा समाजमा देखिएको बेरोजगारी र आर्थिक अभाव जस्तो समस्याले गर्दा साल्गी विदेशको कोठीसम्म पुगेकी छ । धेरै पैसा ल्याई आफ्ना बाबुआमालाई दिँदा कति खुसी होलान् भन्ने मीठो आशा बोकेर ल्वाँगे घर्तीका पछि लागी गलैंचा कारखानाको सट्टा वेश्यालय पुग्नु समाजमा भएको आर्थिक द्वन्द्व हो ।

राजनीतिक द्वन्द्व कथामा पाइन्छ । सरकारले यदि साल्गी, ल्वाँगे घर्तिजस्ता समाजका निम्नवर्गीयहरूलाई काममामको व्यवस्था गर्न सकेको भए साल्गीले दुःखद जीवनयापन गर्नुपर्ने थिएन । त्यस्तै ल्वाँगे घर्ती पनि त्यो विसंगत कार्य गर्न बाध्य हुने थिएन । सामन्ती संस्कारमा शासकहरूले आफ्नै मात्र स्वार्थ हेर्ने हुँदा समाजको वास्ता गर्दैनन् । भ्रष्टचार गरी आफ्नो पोल्टो भर्नमा नै उनीहरू व्यस्त रहन्छन् । नेपाली चेलीहरूलाई सीमापारि पुऱ्याउन सहयोग गर्ने पनि सरकारको खुकुलो कानुन र नीति हो । आफ्नो देशका चेलीहरू विदेशमा बेचिँदा र विदेशी यौन पिपासुहरूले उनीहरूको चौटा लुछ्दा पनि मूक बनेर बस्नु सरकारको अक्षमता देखिन्छ । त्यसैले साल्गी, सुन्तलीजस्ता हजारौँ नारीहरू समाजबाट एकाएक गायव हुँदा अत्तोपत्तो हुँदैन । सम्पूर्ण राजनीतिक संरचनामा परिवर्तन नगर्दासम्म साल्गीजस्ता चेलीहरूको खोजी हुन सक्दैन । त्यसैले गरिब जनता र सरकारबीचको द्वन्द्व यस कथामा आएको छ । त्यस्तै लैङ्गिक द्वन्द्व पनि कथामा

देखिन्छ । यौन पिपासु नरहरूले नारीलाई किनबेच गर्दा नारीले सहनु परेको छ । ल्वाँगे घर्ती र साल्गी जस्ता समाजका नर नारीबीचको द्वन्द्वलाई कथामा स्पष्ट देखाइएको छ ।

**घ) दृष्टिविन्दु**

कथाकार पारिजातद्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' कथा मुख्य पात्र साल्गीको जीवनकथामा आधारित रहेको छ । कथाकारले तृतीयपुरूष साल्गीको जीवनकथालाई आफ्नै अभिव्यक्ति दिई चित्रण गर्दै लगेकाले यो कथा बाह्य सीमित दृष्टिविन्दुमा लेखिएको स्पष्ट हुन्छ । कतै कतै मुख्य पात्र साल्गीको मनोवादलाई उतार्ने कार्य पनि भएको छ तर कथाकारले नै साल्गीको जीवन वृतान्त अभिव्यक्त गर्दै जाँदा कथाको अन्त्य भएको छ ।

यस कथाकी मुख्य पात्र साल्गी, ऊ कानपुरको अँध्यारो कोठामा निस्सार र नीरस जीवन व्यतीत गरिहेकी छ । उसले विगतका मीठा कल्पनाहरू स्मरण गरेकी छ । उसको जीवनलाई अध्यारो कोठीतर्फ धकेल्नुमा उसकै समाजको दाजुभाई पर्ने ल्वाँगे घर्ती जिम्मेवार छ । उसले नै साल्गीलाई काठमाडौँमा जागिर लगाइदिने बहानामा त्यहाँसम्म पुऱ्याएको हो । त्यस्तो अवस्थामा पनि साल्गीले नेपाल गई बस्न पाइन्छ कि भन्ने स्वतन्त्रताको आशामा जीवनलाई समाप्त पारेकी छैन । ल्वाँगेजस्ता समाजका ब्वाँसाहरूलाई अँध्यारो कोठीबाट चुनौती दिएकी छ । विदेशी देउताभन्दा स्वदेशको भूत प्यारो हुन्छ, भन्नु, आफूलाई न्याय नदिने समाजको विद्रोह गर्नु कथाकारको अभिव्यक्तिमा साल्गीलाई तृतीय पुरूष बनाई अभिव्यक्त गर्नुले कथा बाह्य दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

**ङ) परिवेश**

'साल्गीको बलात्कृत आँसु' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको कथा हो । त्यसैले प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको परिवेश यस कथामा आएको छ । कथाको वातावरण नेपाली समाजको विसंगत पक्ष रहेको छ । समाजमा घटित हुने र घट्न सक्ने यथार्थ घटनालाई विषयवस्तु बनाई लेखिएको कथामा नेपाली समाजको ग्रामीण परिवेशलाई मुख्य पात्र साल्गीको संस्मरणद्वारा प्रस्तुत गरिएको छ । साल्गीको मानसपटलमा सिन्धुपाल्चोकको कुनै गाउँ, त्यहाँ झुल्किने घाम, गाईवस्तु आएका छन् तर प्रत्यक्षरूपमा कानपुर सहरको वेश्यालय परिवेश बनेर देखिएको छ । नेपाली समाजका चेलीहरूको सोझोपनको फाइदा उठाएर वेचिन बाध्य साल्गीले आफ्नो अस्मिताका लागि लडेको कोठी,

त्यहाँको हल्का ठर्राको गन्ध, सस्तो अगरबत्तीको तीखो बास्ना कथामा परिवेश बनेको छ । वास्तवमा यस कथाको परिवेश कानपुर सहरको अँध्यारो कोठी रहेको छ , जसमा नेपाली समाजको अस्तित्वहीन जीवन आलापविलाप गरिरकेको छ । नेपालको सुन्दर प्रकृति केवल मीठो कल्पनामात्र बनेको छ । यस कथाको वातावरण नै विसंगत र अँध्यारो रहेको छ , जसमा नेपाली नारीले एउटा सानो आशाको किरणमा जीवनलाई अस्तित्वतर्फ डोऱ्याएकी छ ।

**च) भाषाशैली**

कथाकार पारिजातको भाषा अन्य कथा तथा निबन्धहरूमा काव्यात्मक र दुर्वोध्य भए पनि 'साल्गीको बलात्कृत आँसु' कथामा सरल र सुबोध्य छ । तत्सम्, तद्भव तथा आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग भएको यस कथामा लुम्रीझुम्री पोइल, ब्याउने, लमतन्न जस्ता ग्रामीण शब्दहरू तपतप, घुँक्कघुँक्क, सुटुक्कै, पटक्कै, खुरूखुरू, छपक्क जस्त अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषा उत्कृष्ट बनेको छ । त्यस्तै जातीय भाषाका म्हाने पेमे, आवाजस्ता शब्दहरू पनि सन्दर्भ अनुसार आएका छन् । कथाको परिवेश नै कानपुरको वेश्यालय भएकाले 'लौडियो उठो कित्नी देर तक सोते रहेते है यो लोग । नहाओ, धोओ, नास्ता करो दिभर पडेरहो', 'वो वो नेपालिन चाहिये' जस्ता हिन्दी शब्दहरू आएका छन् । कथाको ठाउँ ठाउँमा पो, त जस्ता निपातको प्रयोगले कथाको भाषालाई जीवन्तता दिइएको छ । जेपाली समाज र सरकारको अक्षमतालाई विद्रोह गर्दै लेखिएको यस कथाको भाषा समाजवादी यथार्थवादले अपेक्षा गरेजस्तै छ । कथामा ठाउँठाउँमा साल्गीको मनोवादलाई ल्याए पनि कथा वर्णनात्मक संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ भने कतैकतै साल्गी र ल्वाँगे घर्तीको संवादलाई पनि प्रस्तुत गरिएको छ ।

**छ) उद्देश्य**

कुनै पनि कृतिकारले कृतिको सृजना गर्दा कुनै न कुनै उद्देश्य लिएको हुन्छ । त्यस्तै कथाकार पारिजात पनि तत्कालीन समयमा राष्ट्रमा नारीहरूको जीउज्यानको सुरक्षा हुन नसक्दा असन्तुष्ट देखिन्छिन । आर्थिक अभावले गर्दा सोझो नेपाली नारीहरू पैसा कमाउने प्रलोभनमा परेर रातारात विदेशी कोठीहरूमा बेचिन बाध्य थिए । समाजबाट एक-एक गरी अबोध नारीहरू हराउँथे । गाउँका लाठेहरू लगाएर भिरपाखामा खोजेपछि उनीहरूको खोजीकार्य समाप्त हुन्थ्यो । केही थाहा पाए पनि समाज ल्वाँगे घर्तीजस्ता केटीबेचुवालाई कुनै सजाय गर्दैनथ्यो । नारीहरूलाई

कुन बाटो गरी काहाँ पुऱ्याइन्छ भन्ने बारेमा नेपालको सुरक्षा निकाय मूक बनेर वस्थ्यो । सामन्ती संस्कारको राज्यव्यवस्थामा निम्नवर्गीयहरूको जिउ धनको सुरक्षा थिएन । त्यसैले समग्र राष्ट्रिय समस्यालाई प्रस्तुत गर्ने उद्देश्यले यो कथा लेखिएको देखिन्छ । राष्ट्रमा भएको समस्याको यथार्थ वर्णन गर्दै राष्ट्रको समस्या सुल्झाउन नसक्ने अक्षम सरकारी नीति परिवर्तनका लागि जनतालाई क्रान्तितर्फ उन्मुख गराउनु र ल्वाँगेघर्तीजस्ता समाज तर्साउने भूतलाई सजाय दिन समाजलाई अप्रत्यक्ष सन्देश दिने उद्देश्यसमेत यस कथा लेख्नुमा देखिन्छ ।

**३.२.८.२ प्रगतिवादी कोणबाट 'साल्गीको बलात्कृत आँसु' कथाको विश्लेषण**

कथाकार पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको छ । समाजमा भएका विकृति र विसङ्गतिको यथार्थ चित्रण गर्दै त्यसप्रति तीव्र विद्रोह यस कथामा गरिएको छ । नेपालमा भएको राजनीतिक विसङ्गतिले गर्दा समाजमा ल्वाँगे घर्तीजस्ता मान्छेले फाइदा उठाई समाजका साल्गीजस्ता हजारौँ चेलीहरूलाई पैसासँग साट्ने यथार्थ पक्षलाई विषयवस्तु बनाई कथा लेखिएको छ । नेपाली समाजमा सोभा बनेका चेलीहरूलाई विदेशमा लगी वेश्यालयमा बेच्ने यथार्थ विषयवस्तु लिई त्यसप्रति विद्रोह गर्दै कथाको विषयवस्तु अगाडि बढेकाले कथा यथार्थवादी र प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

यस कथामा समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने प्रमुख कारकतत्त्व समाजमा रहेका ल्वाँगे घर्ती र उसलाई उक्त काम गर्न छुट दिने सामन्ती प्रवृतिको सरकार हो हो भन्दै उनीहरूप्रति औँला ठड्याउने कार्य भएको छ । कथाकारले आफ्नै अभिव्यक्तिमा र कथाकी नायिका साल्गीका माध्यमबाट तिनहिरूको तीव्र विद्रोह गरिएको छ । साल्गीले त्यस ल्वाँगे घर्तीलाई भेटेमात्र छप्काउने दृढ संकल्प गर्छे । त्यस्तै सामन्ती प्रवृत्तिको सरकारी नीतिको अन्त्य नभएसम्म ल्वाँगे घर्तीजस्ता हजारौँ व्यक्तिहरूले कैयौं नारीहरूलाई पैसासँग साटी विदेशी वेश्यालयमा धकेलिदिनेछन् भन्ने संकेत गर्दै जनतालाई सचेत गराउने कार्य भएको छ । आफ्नो राष्ट्रका जनताको काम र मामको उचित व्यवस्था गर्न नसक्ने र शासकहरू धनी वन्दै गई शासितहरू गरिब बन्दै गएको अवस्थामा अब जनताको हित सोच्ने जनताकै शासनको आवस्यकतालाई औँल्याउने कार्य कथामा भएको साथै जनतालाई आफूप्रति परेको अन्यायको अस्तित्वबोध गराई क्रान्तितर्फ उन्मुख गराउने उद्देश्य कथालेखनको देखिनुले पनि कथा प्रगतिवादी भएको देखिन्छ ।

प्रगतिवादले शोषण दमनका विरूद्ध सर्वहारावर्गका साथमा रही उनीहरूप्रति सहानुभूति व्यक्त गर्दछ । त्यस्तै यस्तो प्रवृत्तिको कृतिले प्रमुख स्थान पनि सर्वहारावर्गका पात्रलाई नै दिन्छ । 'साल्गीको बलात्कृत आासु' कथामा कथाकार पारिजातले निम्नवर्गीकी छोरी साल्गीलाई मुख्य पात्राका रूपमा लिएकी छन् । उसले वेश्यालयभित्र भोग्नु परेको विवश निस्सार र निरर्थक जीवनको चित्रण गर्दै पलपल बगिरहेका उसका आँसुलाई लिएर कथाको शीर्षकसमेत चयन गरेकी छन् । यस कथाको सुरुदेखि अन्त्यसम्म नै साल्गीको उपस्थिति छ । उसको जीवन वरिपरि कथाको कथावस्तु घुमेको पाइन्छ । साल्गीलाई एक इमानदार र सच्चा नारीका रूपमा उभ्याउँदै झुक्यानमा परेर वा आर्थिक अभावमा धेरै पैसा कमाउने रहरमा काम गर्न ल्वाँगे घर्तीका प्रलोभनमा फसी नारकीय जीवन जिउनुपरेको बाधयता प्रस्तुत गरिएको छ । उसकै माध्यमबाट सरकार तथा ल्वाँगे घर्तीको तीव्र विद्रोह गरिएको छ ।

त्यसैगरी यस कथाको कथ्यपात्र, उद्देश्य, परिवेश र भाषशैली समेत प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरेअनुरूपको छ । समाजले खासै महत्त्व नदिने नेपाली समाजकी चेली साल्गीको विवश र निस्सार जीवनलाई विषयवस्तु बनाई उसको जीवनलाई नारकीय बनाउन भूमिका खेल्ने कारकतत्त्वको विद्रोह गरिएको छ भने साल्गीप्रति सहानुभूति प्रकट गर्दै कथाकै मुख्य पात्रका रूपमा उभ्याई उसको सत्स्वभाव र इमानदारिताप्रति वकालत गरिएको छ । कथाको परिवेश पनि नेपालबाट बेचिई विदेशमा वेश्याको जीवनयापन गर्न बाध्य साल्गीको अस्तव्यस्त, ठर्राको र चमेली फूलको गन्घ आएको कोठालाई लिइएको छ । सिन्धुपाल्चोकको मनोरम र सुन्दर वातावरणको चित्रण भए पनि त्यो केवल साल्गीको संस्मरणमा आएको छ । प्रत्यक्ष रूपमा आएको छैन । यसरी परिवेश पनि प्रगतिवादले अपेक्षा गरेअनुरूपको देखिन्छ । यस कथाको उद्देश्य पनि शोषित पीडित जनतालाई आफूप्रति परेको शोषण दमनको अस्तित्वबोध गराई समाजलाई सामाजिक र राजनीतिक क्रान्तितर्फ उन्मुख गराउने रहेको छ । कथाले राष्ट्रिय समस्यालई देखाउँदै उक्त समस्या समाधानको निम्ति उचित बाटो औंल्याउने कार्य उद्देश्यका रूपमा लिएको छ । कथाको भाषा पनि प्रगतिवादले अपेक्षा गरेअनुरूपको सरल र सहज छ ।

यस संग्रहकै शीर्षक बनेर रहेको 'साल्गीको बलात्कृत आँसु' कथा निकै सफल र महत्त्वपूर्ण कथा हो । सिन्धुपाल्चोकको एउटा गाउँमा हुर्केकी निर्दोष युवती साल्गीलाई ल्वाँगे घर्ती नामक व्यक्तिले केही पैसामा कानपुर पुऱ्याएर वेश्यालयमा बेचेको छ । साल्गीले आफूलाई

त्यसरी बिक्री गर्ने वर्गशत्रु चिनेकी छ र उसले ल्वाँगे घर्तीलाई खुकुरीले चटक्क छिनाउनु पर्ने ठानेकी भारतीय यौन पिपासुको यौनतुष्टि गर्नुपर्ने नारकीय जीवन भोग्न पुगेकी साल्गीले आफूलाई बिक्री गर्ने घर्तीलाई त्यस्तो काममा नियुक्त गर्ने र नियुक्त अवसर प्रदान गर्ने शासनसत्ता र समाजव्यवस्था सबैलाई नङ्ग्याउने गर्ने काम गरेकी छ । भारतीय वेश्यालयमा बस्न विवश बनेका बेला पनि आफ्नो समाज, आफ्नो देश र आफ्नै परिवेशलाई छातीमा पालेर आँसु बगाउने साल्गी ल्वाँगे घर्तीलाई महिला बिक्रीको व्यवस्था मिलाइदिने त्यतातिरका काजी, राजासाहेब र ती काजी राजासाहेबको संरक्षण गर्ने प्रतिक्रियावादी दुर्गन्धका अगाडि धेरै महीयसी र पूज्या देखिन्छे । साल्गीको चिन्तनले साल्गीजस्ता प्रत्येक नारीले सचेत हुनुपर्ने र आत्मरक्षाका लागि ल्वाँगे घर्ती र त्यस घर्तीलाई दलालीमा टिकाउने शासन सत्ताकै बिरूद्ध जुट्नुपर्ने कुरा कथामा स्पष्ट र यथार्थवादी ढंगले व्यक्त गरेको छ । यस चरणका कथाका नारी पात्रहरूमा 'एउटा गाउँमा' प्रयुक्त बृद्धाजस्तै र 'नैकापे सर्किनी' कथामा प्रयुक्त सर्किनीजस्तै यस कथाकी साल्गी पनि दृढ र स्थिर चरित्रकै प्रतिवद्ध नारी बनेकी छ । नारीवादी चिन्तनका दृष्टिले प्रस्तुत कथा निकै उच्च र सबल बनेको छ । वस्तु, रचना र चिन्तनको समीकरण बन्न सकेको प्रस्तुत कथा पनि सौन्दर्यतत्वका दृष्टिले मार्क्सवादी बन्न पुगेको छ । [५३]

### ३.२.९ 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथाको विश्लेषण

सेतो गुलाफलाई श्रमिकवर्ग र झुसिल्कीरालाई श्रमिकलाई शोषण गरी खाने शोसकवर्गको प्रतीक मानेर लेखेको कथा 'कुनै गुलाफ ओभानो छैन यहाँ' पहिलो पटक 'जनमानस' -वर्ष ६, २०४०) मा प्रकाशित भएको थियो । जीवनलाई अत्यन्त गहिरोसाथ हेरी जीवन क्षणिक भएको र यो अत्यन्त असुरक्षित रहेको यथार्थ यस कथामा प्रस्तुत गरिएको छ ।

### ३.२.९.१ कथातत्वका आधारमा 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथाको विश्लेषण

**क) कथावस्तु**

नेपाली समाजमा भएको यथार्थ पक्षलाई कलात्मक, प्रतीकात्मक रूपमा यस कथाको विषयवस्तु लिइएको छ । हाम्रो समाजमा निम्नवर्गीय श्रमिकवर्गहरू झुसिलकीरा र जुकाजस्ता हजारौं तहबाट चुसिएका र खाइएका छन् । उनीहरूको जीवन इकेवानामा भरिएको फूलसंग तुलना गरिएको छ । जापानीजहरू त्यहाँको  प्राकृतिक वातावरणले गर्दा त्रसित छन् भने

[५३] राजेन्द्र सुवेदी, पूर्ववत् पृष्ठ ६९-७० ।

नेपालीहरू यहाँका शासक, शोसक वर्गहरूले गर्दा त्यस्तै त्रसित छौं तर हामीलाई भुसिलकीराले चुसिरहेको कुरादेखि अनभिज्ञ छौं भन्ने यथार्थ कथामा प्रस्तुत भएको छ । इकेवाना र 'म' पात्र भएको यस कथामा म पात्रद्वारा जीवनको अनिश्चितताको स्पष्टीकरण दिइदै गइएको छ । जापानीहरूको जीवन प्राकृतिक प्रकोपले गर्दा प्रताडित भएको छ भने नेपालमा श्रमको शोषण गरिन्छ, सेतो गुलाफरूपी श्रमिकहरूलाई जुका र भुसिल्कीरारूपी शोसकहरूले शोषण गरिरहेका तर श्रमिकहरू आफूप्रति भएको शोषणप्रति अनभिज्ञ रहेको कारण उनीहरूलाई नङ्गाउने क्षमता श्रमिकवर्गमा सिर्जना गर्नुपर्ने नितान्त आवश्यकता पारिजातले "अलिअलि दखलले त्यो कीरा भर्दैन त्यसलाई त्यस गुलाफबाट भार्न साहस चाहिन्छ, जस्तो त्यसलाई भार्न साहस गरिरहेकी छैनौ र तिम्रो एक्लो साहसले पुग्दैन पनि । " भन्ने अभिव्यक्तिबाट जनतालाई आफूहरूलाई चुस्ने शोषकहरूलाई नङ्गाउन साहस र एकजुटता हुनुपर्नेमा जोड दिएकी छन् । त्यस्तै सरकारले रोजगारका व्यवस्था गर्न नसकेका कारण नेपालीहरू विदेशी भूमिमा पैसाको लागि आफ्नो ज्यान दिन तयार छन् । भोलि पैसा कमाएर फर्कन्छु भन्दै हिँडेको छोरो फर्कँदैन, घाँसदाउरा गर्न जंगल गएका चेलीहरू घर फर्कन पाउँदैनन् । उनीहरू विदेशी यौन पिपासुहरूको सन्तुष्टिका लागि विदेशी वेश्यालयहरूमा बेचिन पुग्छन् । विदेशमा आफ्नै वर्गका श्रमिकहरूको हत्या गर्दै राइफल बोकी हाम्रा श्रमिकहरू हिँडिरहेका छन् । त्यहाँ उनीहरूको जीवन निश्चित छैन । नेपाली आमाहरू बाँचुन्जेल आफ्ना सन्तानको बाटो हेरेर बस्छन् तर आशा निराशामा बदलिन्छ । रित्तो काख मर्छन । मर्नेबेलामा साहूले बास लुट्छन । यसरी नेपाली भूमिमा कुनै गुलाफ ओभानो छैन, चोखो छैन । सबैलाई भुसिलकीराले टोकिरहेको छ । सबैमा असुरक्षितता र अनिश्चितता छ । बाँच्नेहरूका बीचमा आँसुआँसु छ । आफू चुसिइँदा आफ्नो जीवन असुरक्षित हुँदा पनि कातर भएर बस्ने हामी अपराधी हौ भने विदेशमा जाने र रगत बगाउने हाम्रा दाजुभाइ दुर्बल होइनन्, नपुँसक हुन् । उनीहरूमा भएको नपुंसकता हटाइ हरेक सेतो गुलाफरूपी श्रमिकवर्गलाई चेतनाको दीयो जलाई भुसिलकीरारूपी शोसकहरूसंग लड्ने साहस बटुल्नुपर्ने आवश्यकतालाई कथाकारले यस कथामा प्रस्तुत गरेकी छन् । यसरी यस कथाको विषयवस्तु आफूमाथि परेको अन्याय र अत्याचारको अस्तित्वबोध गराई जनतालाई चुस्ने शोषकवर्ग र शासकवर्गका बिरूद्व एकजुट बनाउने चेतना फैलाउने क्रान्तिकारी सन्देशमा आधारित छ ।

**ख) चरित्रचित्रण**

प्रथम पुरूष शैलीमा लेखिएको यस कथामा स्वयम् कथाकार 'म' पात्राका रूपमा आएकी छन् भने इकेवान भनेर सम्बोधन गरिएकी एक महिला गरी दुई पात्राहरू प्रत्यक्ष उपस्थित छन् भने, श्रमिकवर्ग शोषकवर्ग, जापानीहरू, नेपाली दिदीबहिनीहरू, लाहुर गएर मरेको छोरो, उसकी बूढी आमाजस्ता पात्रहरू अप्रत्यक्ष उपस्थित छन् । कथाकार जीवनदर्शनको व्याख्याताको रूपमा देखा परेकी छन् । इकेवाना 'म' पात्रको दर्शनलाई सुन्ने र बुझ्ने पात्र हुन । उनीहरूका वार्ताद्वारा नेपाली समाजका निम्नवर्गीयहरूको जीवनको अनिश्चितता, श्रमिकहरूको अबोधपना र उनीहरूलाई सचेत गराउने कार्य भएको छ । उनीहरूको चित्रण तल गरिएको छ ।

**अ) 'म' पात्र**

'म' पात्र वा पारिजात यस कथामा प्रमुख पात्राका रूपमा प्रत्यक्ष उपस्थित छन् । उनीद्वारा नेपाली जनजीवनको यथार्थको व्याख्या गर्दै लगिएको छ । इकेवानाले जानी नजानी भरेको फूलहरूको अर्थ लगाउँदा उनले जीवनसँग तुलना गर्छिन । जापानीहरूले आफ्नो जीवनसँग मिल्नेगरी फूल भरेका हुन्छन् । उनीहरूको जीवन प्राकृतिक प्रकोपले गर्दा अनिश्चित र अशुरक्षित छ भने नेपालीहरूको जीवनलाई शासकहरूले तहसनहस पार्दै गएका छन् । नेपालका निम्नवर्गीय दाजुभाइ विदेशमा र स्वदेशमा श्रम सस्तो पैसामा बेच्न बाध्य छन् । दिनभर काम गर्दा पेटभरि खान नपाइ उनीहरूको जीवन इन्चइन्च घटिरहेको छ त विदेशमा विदेशीहरूको हातबाट मारिदैँछन् । झुसिलकीराले सेतो गुलाफलाई खाएजस्तै नेपाली शासकहरूले जनतालाई बिस्तारै खाँदैछन् । त्यसैले जनता सचेत भई एकजुट भई सामन्तीसंस्कारको राज्यव्यवस्था र सामाजिक व्यवस्थालाई तोड्नुपर्छ । हाम्रा दाजुभाइ दुर्बल छैनन् । नपुंसक बनेका छन् । उनीहरूको नपुंसकता हटाई वा चेतनाको दियो जलाई क्रान्तितर्फ उन्मुख गराउने सन्देश 'म' पात्राद्वारा प्रस्तुत भएको छ । यसरी कथामा 'म' पात्रा गतिशील समाजसापेक्ष क्रान्तिकारी नारी पात्रका रूपमा आएकी छन् ।

**आ) इकेवाना**

इकेवाना कथामा प्रत्यक्षरूपमा देखा पर्ने नारी पात्र हुन । सहायक पात्रका रूपमा आएकी इकेवाना नजानी नजानी कपमा फूल भर्छिन्, तर ती फूलको अर्थ उनलाई थाहा हुँदैन । 'म' पात्र वा पारिजातले ती फूलको अर्थ जीवनको अनिश्चिततासँग जोडेर दिन्छिन् । इकेवानाले

फूल ल्याई हेर्दा झुसिलकीरा शोषण गर्ने शोषकको रूपमा चिनाउँछिन् । फूललाई श्रमिक वर्ग । इकेवानाले पारिजात वा 'म' पात्राका माध्यमबाट आफूहरूप्रति भएको अन्यायको अस्तित्वबोध गरेकी छन् । पारिजातका दर्शनका कुराहरू सुन्ने र बुझ्ने पात्रका रूपमा इकेवाना कथामा उपस्थित छन् ।

त्यस्तै श्रमिकहरू, शोषकहरू, बूढी आमा, उनको लाहुर गएर मरेको छोरो, वेश्यालयमा बेचिनपुगेका नेपाली चेलीहरू, विदेशमा आफ्नै वर्गसँग वर्गयुद्ध गरिरहेका हाम्रा दाजुभाइहरू आदि पात्रहरू कथामा अप्रत्यक्ष उपस्थित छन् । उनीहरू पारिजातले जीवनदर्शनको व्याख्या गर्दै जाँदा उनको अभिव्यक्तिमा अभिव्यक्त पात्रहरू हुन् । उनीहरूले नेपाली समाजको यथार्थ पक्षको उद्घाटन गरेका छन् । सारा संसार ढाकेको श्रमिकवर्गमा चेतनाको कमी हुँदा मुठीभर शोषकहरूले फाइदा उठाउन सकेको यथार्थ उनीहरूको प्रसङ्गले स्पष्ट हुन्छ । सारा संसार ढाकेको श्रमिकवर्ग जागेमा र विरूद्धमा उठेमा शोषकहरू त्यसै थन्कने निश्चितता कथामा देखिन्छ ।

**ग) द्वन्द्व**

कथाकार पारिजातद्वारा लिखित 'कुनै गुलाफ ओभानो छैन यहाँ' मा नेपाली समाजमा व्याप्त आर्थिक तथा राजनीतिक द्वन्द्व पाउन सकिन्छ । समाजमा निम्नवर्गीय र उच्चवर्गीयहरू दुई जात रहेको छ । उच्चवर्गीयहरूले निम्नवर्गीयहरूको बाध्यता र विवशताको फाइदा उठाई श्रमशोषण गरिरहेको अवस्थालाई कथामा छर्लङ्ग पारिएको छ । प्राकृतिक प्रकोपले गर्दा जापानीहरूको जीवन अनिश्चित भएको यथार्थ इकेवानामा चित्रित भएझैँ नेपालीहरूको जीवन पनि समाजमा भएको आर्थिक द्वन्द्वको प्रकोप र राजनीतिक विसङ्गतिको प्रकोपले गर्दा अनिश्चित बनेको छ । कथाकार पारिजातले समाजमा निम्नवर्गीयहरूको जीवनलाई उच्चवर्गीयहरूले कम ज्यालामा श्रमशोषण गरिनुले वा काममा लगाई फाइदामात्र लिने तर उनीहरूका न्यूनतम आधारभूत आवश्यकता पनि ख्याल नगर्दा उनीहरू बच्चा अवस्थामै उमेर पुगेजस्ता र जवान हुँदा बूढाजस्ता देखिने र उमेर नपुग्दै जे पनि हुन सक्ने यथार्थ प्रस्तुत गरेकी छन् । यसरी कथाकारद्वारा नेपालीहरू सस्तो मूल्यमा आफ्नो वर्गसँग युद्ध गर्न बाध्य हुनु श्रमका शोषकहरूले श्रमिकहरूलाई झुसिलकीराले कोमल गुलाफको फूललाई जस्तै खाइरहेको यथार्थ प्रस्तुत गरिनु आर्थिक द्वन्द्वका उदाहरण हुन् ।

'कुनै गुलाफ ओभानो छैन यहाँ' कथा राजनीतिक द्वन्द्वका दृष्टिले अत्यन्त सशक्त बनेको छ । सेतो गुलाफझैं निर्मल र इमानदार श्रमिकहरूलाई शोषकहरूले झुसिलकीराले झैँ बिना कुनै मूल्य चुसिरहेका छन् । नेपाली समाजका कैंयौं छोराहरू विदेशी भूमिमा आफ्नै शत्रुको साथ रही आफ्नो वर्गका साथीहरूको ज्यान लिन बाध्य छन् भने नेपाली आमाहरू छोराको आशा गर्दागर्दै आफ्नो रगत सुकाएर मर्ने अवस्थामा पुगेका छन् । छोरो नफर्कँदै घर लीलाम भई घर छाडी पाटी पौवाको बास बस्ने अवस्था सृजना हुन्छ तर छोरो फर्कँदैन । नेपाली समाजमा झुसिलकीरा वा श्रमशोषकहरूको जीवन रसिलो र भरिलो छ भने अर्कोतर्फ श्रमजीवीहरूको जीवन उराठ, निराश र खोक्रो छ । यसतर्फ जनताको शान्तिसुरक्षाको जिम्मेवारी लिएको सरकार मूक छ । बरू उल्टै आफ्ना देशमा चेलीहरू बेच्ने, तस्कर गर्ने तस्करीहरू र दलालहरूको साथमा रही पीडितपक्ष भन्दा पीडकपक्षको वकालत गर्छ । यस्ता झुसिलकीराहरू रहेसम्म नेपाली जनताहरू सधै गुलाफजस्तै पीडित भएर बस्नुपर्ने हुन्छ । कथाकार पारिजातले कथाका माध्यमबाट विदेशी भूमिमा आफ्नो ज्यान अर्पण गर्ने हाम्रा दाजुभाइ निर्बलिया होइनन् नपुंसक हुन् । उनीहरूमा भएको नपुंसकता हटाई आफूमा भएको अन्यायको अस्तित्वबोध गराई आफूलाई विद्रोहमा लाग्नका लागि अग्रसर गराउनु पर्छ । नेपालमा कुनै गुलाफ वा श्रमिक झुसिलकीराबाट ओभानो वा श्रम शोषणबाट बञ्चित छैन । नेपालीहरूमाथि ठूलो कम्पन भइरहेको छ, तर कम्पनको अनुभव गर्न नसक्नु हाम्रो कमजोरी हो । हामी अपराधी हौं । भन्छन् 'अन्याय उनीहरूको आँसुले हामीलाई पोल्ने छ भन्ने प्रतिबद्धतामा कथा टुङ्गिएको छ । देशमा राजनीतिक विसंगति, राज्यले जनतालाई गरेको बेवास्ता र अब जनताहरू आफ्नो अधिकारका लागि लड्नुपर्ने आवश्यकतालाई औंल्याएको कथामा पाइनुले कथामा राजनीतिक द्वन्द्व भएको प्रष्ट हुन्छ ।

**घ) दृष्टिविन्दु**

'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा प्रत्यक्ष रूपमा 'म' पात्र र इकेवाना गरी दुई पात्रहरू देखा परेका छन् । समाजमा श्रमिकवर्गले पाउन परेको दुःख पीडा, अन्यायको चित्रण कथाकार वा प्रमुख पात्र 'म' द्वारा प्रस्तुत गर्दै गइएको छ भने इकेवानाद्वारा ग्रहण गरिएको छ । नेपाल र नेपाली समाजमा घटित हुने घटनालाई टिपेर त्यसलाई विद्रोहात्मक शैलीमा 'म' पात्रद्वारा प्रस्तुत गरिएको छ । कथाको सुरुदेखि अन्त्यसम्म नेपाली समाजमा श्रमशोषकहरूले

श्रमजीवीहरूलाई गरेको शोषण, दमन, अन्याय, अत्याचारको संवादात्मक शैलीमा प्रस्तुत गरिएकाले कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

कथामा शुरूमा 'म' पात्रद्वारा ऊ पात्रलाई इकेवाना भनी सम्बोधन गरिनु, म पत्रद्वारा जापानी जीवनदर्शन र नेपाली जीवनदर्शनका बीच फरक भएको ठहर गरिनु, जापानी जीवन प्राकृतिक प्रकोपले गर्दा अस्तव्यस्त छ भने नेपाली जीवन शोषकवर्गका अन्यायले गर्दा अस्तव्यस्त भएको चित्रण गरिनु आफूमाथि भएको अन्यायको अस्तित्वबोध जनतालाई नहुनु, मान्छेको जीवन गुलाफको फूलजस्तै हुनु तर निम्नवर्गीयको जीवन कोपिला ओइलाएझैं ओइलाउँछ भन्ने तथ्य राख्नु, पसिना चुस्नेको प्रतीक झुसिलकीरालाई सानोतिनो दखलले झार्न नसकिने बताउनु, झुसिलकीराहरू वा श्रमशोषकहरूको जीवन रसरङ्गले भरिएको हुनु, तर श्रमिकको जीवन रसविहीन र खोक्रो हुन्छ भन्ने सत्यता प्रस्तुत गर्नु, समाजका कैंयौं छोराहरू विदेशी भूमिमा जिउ,ज्यान दिन बाध्य हुनु, नेपाली चेलीहरू रातारात विदेशका वेश्यालयमा बेचिई विदेशी पुरूषको यौन चाहनाको शिकार हुन बाध्य हुनुजस्ता यथार्थ चित्रण गर्दै 'म' पात्रद्वारा अन्त्यमा जनतामा चेतनाको दियो बाली क्रान्तितर्फ उन्मुख गराउने आवश्यकतालाई प्रस्तुत गरिएकाले कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ ।

**ङ) परिवेश**

'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा प्रगतिवादले अपेक्षा गरेजस्तै परिवेश पाउन सकिन्छ । नेपाली समाजको यथार्थ पक्षलाई चित्रण गर्दा समाजको यथार्थ पक्ष परिवेश बनेर आएको छ । श्रमिकवर्गलाई गुलाफको फूल र शोषकवर्गलाई झुसिलकीराको प्रतीकको रूपमा मानी समाजमा भएका कुनै पनि निम्नवर्गीय श्रमशोषण देखि वञ्चित छैनन् । सबैलाई त्यस्तो प्रकोपले छोएको छ तर सवैलाई त्यसको महसुस छैन । त्यसैले जनतालाई बुझाई उनीहरूमाथि परेको अन्याय र अत्याचारको बोध गराई क्रान्तितर्फ उन्मुख गराउनुपर्छ भन्ने दर्शनमा आधारित रही कथा लेखिएको र कथा प्रगतिवादी भएको कारण यस कथाको परिवेश पनि शोषित पीडित जनता बसोबास गरेको सामाजिक वातावरण रहेको छ ।

**छ) भाषाशैली**

प्रतीकात्मकरूपमा समाजमा भएको सामाजिक विकृति र राज्यमा भएको राजनीतिक विसंगतिलाई प्रस्तुत गरिएको कथा 'कुनै गुलाफ ओभानो छैन यहाँ' विभिन्न किसिमका बिम्ब र

प्रतीकहरूको प्रयोगले केही दुर्बोध्य बन्न पुगेको छ । कथामा गुलाफ निश्छल श्रम गरी खाने श्रमजीवीहरूको प्रतीकको रूपमा आएको छ भने झुसिलकीरा र जुका समाजका निम्नवर्गीयलाई बिना कुनै मूल्य शोषण गर्ने शोषकहरूको प्रतीकको रूपमा आएका छन् । डाइरेक्टर, स्नोड्रप्स, एलर्जीजस्ता अंङ्ग्रेजी शब्दहरू, कुतुतु, हत्तपत्ति, छक्कजस्ता अनुकरणात्मक शब्दहरू, सुन्दर अनुहारमा निस्किएको सार्की खटिराजस्तो भन्ने विद्रोहात्मक कुरा आदि कथामा कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । संवादात्मक शैलीमा लेखिएको यो कथा प्रतीकात्मक र बिम्बात्मकरूपमा प्रस्तुत गरिए पनि सहज र सरल भाषाको प्रयोग गरि लेखिएको छ ।

**ज) उद्देश्य**

कथाकार पारिजातले नेपाली जनजीवनलाई जापानी जनजीवनसँग दाँज्दै जापानी जनजीवन प्राकृतिक प्रकोपसँग प्रताडित छ भने नेपाली जनजीवन यहीँका शासकवर्गका अन्याय, अत्याचार, शोषण र दमनबाट प्रताडित छ भन्ने सत्यतालाई 'कुनै गुलाफ ओभानो छैन यहाँ' भन्ने कथामा प्रस्तुत गरेकी छन् । तत्कालीन समयमा राष्ट्रमा भएको राजनीतिक र सामाजिक विसंगतिले गर्दा नेपालीहरूको श्रमशोषणबिना कुनै मूल्य र मान्यता भरहेको थियो । नेपालीहरूको जीवनको कुनै निश्चित थिएन । समाजमा भएको आर्थिक विसंगतिले गर्दा नेपाली जनताहरू जोखिमपूर्ण कार्य गर्न पनि पछि हट्दैनथे । विदेशीको भूमिमा राइफल बोकेर वर्गीय मित्रहरूको ज्यान लिने नेपालीहरू नेपाल फर्कन्छन् वा विदेशी भूमिमै वर्गीय मित्रहरूको गोलीबाट ढल्छन भन्ने निश्चित हुँदैनथ्यो । परिवार छाडेर विदेशीन पुगेका दाजुभाइहरूको शक्ति तथा बल आफूलाई मासिने कार्यमा खर्च भैरहेको थियो, तर अबोध श्रमिकहरू यसप्रति अनभिज्ञ थिए । उनीहरूलाई च्याप्न लागेको प्रकोपको पनि थाहा थिएन । नेपालका उच्चवर्गीयहरूले पनि पेटभर खान नदिई उनीहरूको श्रमको शोषण गरिरहेका थिए । वनमा घाँसपात गर्न गएका दिदीबहिनीहरूलाई आर्थिक प्रलोभन देखाई विदेशी वेश्यालयमा पुऱ्याउने कार्य हुन्थ्यो । यस्तो स्थितिदेखि कथाकार पारिजात अत्यन्त असन्तुष्ट र विद्रोही देखिन्छिन । त्यसैकारण 'कुनै गुलाफ ओभानो छैन यहाँ' भन्ने कथाका माध्यबाट नेपाली निम्नवर्गीय शासित पीडित जनतालाई एक बनाउने उद्देश्य राखिएको पाइन्छ । नेपाली श्रमजीवी जनतालाई सेतो गुलाफ र झुसिलकीरालाई शोषकको प्रतीकका रूपमा उभ्याई गुलाफमा टाँसिने झुसिलकीरालाई फ्याँक्न एउटाको सोँचले मात्र सम्भव छैन राष्ट्रका सबै श्रमिकहरू एक जुट भई अघि  बढेपछि

आफूलाई मुक्त गर्न सकिन्छ भन्ने क्रान्तिकारी सन्देश जनतालाई दिने उद्देश्य र क्षणिक जीवनदर्शन दिने उद्देश्यले यो कथा लेखिएको छ ।

### ३.२.९.२ प्रगतिवादी कोणबाट 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथाको विश्लेषण

कथाकार पारिजातद्वारा लिखित 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात् गर्दै लेखिएको छ । कथामा नेपालमा निम्नवर्गीय जनताले एउटा सेतो गुलाफले भुसिलकीराबाट प्रताडित हुनु परे झैँ श्रम शोषकबाट प्रताडित हुनु परेको र त्यस भुसिल्किरा रूपी शोषकवर्गलाई झार्न एक्लैको प्रयासबाट सम्भव नहुने र वर्गीय एकताको नितान्त आवश्यकताको महसुस गरी जनतालाई क्रान्तिकालागि उन्मुख गराउनु पर्ने जरूरी भएको तथ्यलाई स्वीकारिएको छ । कथाकारले समाजिक विकृतिका रूपमा रहेको वर्गीय विभेदले निम्त्याएका विविध समस्याहरूलाई 'म' पात्रमा माध्यमबाट प्रस्तुत गरेकी छन् । वर्गीय विभेद र राजनीतिक विकृतिले गर्दा बूढी आमै, उसको छोरोलगायत समपूर्ण निम्नवर्गीयहरूको जीवन चोखो वा ओभानो छैन । विदेशमा गएर श्रम बेचिरहेका हाम्रा दाजुभाइ निर्बल होइनन् । उनीहरूमा चेतनाको दियो जलाई क्रान्तितर्फ अगाडि बढी आफूहरूलाई स्वतन्त्र बनाउने दर्शनमा आधारित रहेर कथा लेखिएकाले कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

यस कथामा नेपाली समाजको यथार्थ चित्रण गर्दै समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने कारकतत्त्व भुसिलकीरारूपी शोषकवर्ग हुन् । समाजमा जरो गाढेर आफ्नो प्रभुत्व जोगाइरहेका शोषकलाई नङ्ग्याउन सानो प्रयासले हुँदैन, तर नेपालका जनता कोही शोषणरूपी विसंगतिबाट ओभानो नहुनाले वर्गीय एकता गरी अघि बढेमा त्यो असम्भव नहुने यथार्थ पक्ष कथाकारले 'म' पात्रका माध्यमबाट प्रस्तुत गरेकी छन् । उच्चवर्गीय र निम्नवर्गीयका बीचको द्वन्द्वले गर्दा 'कुनै गुलाफ ओभानो छैन यहाँ' भन्ने कथाको विषयवस्तुलाई निम्त्याएको हो । नेपाली समाजमा जरा गाढेर बसेका शोषकहरूले गर्दा समाजका हजारौँ दिदीबहिनीहरूले वेश्यालयको जीवनयापन गर्न बाध्य हुनुपरेको, धेरै दाजुभाइले बिना कुनै मूल्य र मान्यता आफ्नो वीरता विदेशी शत्रुहरूलाई बेच्नु परेको, धेरै आमाहरूले छोराकै प्रतीक्षामा जीवन गुजार्न बाध्य भएको तर आशा निराशामा बदलिएको छ । यसरी उनीहरूले धेरैका परिवारलाई तहसनहस पारी अन्तत सामाजिक संरचनामा ठूलो बज्रपात गरेका छन् । 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा कथाकारले समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने वर्गीय विभेद र वर्गीय

विभेदलाई प्रोत्साहन दिई बढाउँदै लैजान सहयोग गर्ने राज्यसत्ता हुन भनी उनीहरूतर्फ औंलो ठडाउने कार्य तथा ती बिरूद्ध जनतालाई एकजुट हुन आग्रह गरिएकाले कथा प्रगतिवादी भएको प्रष्ट छ ।

'कुनै गुलाफ ओभानो छैन यहाँ' कथामा प्रतीकात्मक रूपमा सेतो गुलाफ लिए पनि त्यसको अर्थ श्रमिक हो । श्रमिकवर्गलाई कथामा मूलरूपमा चित्रण गर्दै कथाकारको सहानुभूति पनि उनीहरूमा नै छ । उनीहरू शोषकवर्गको जालबाट उन्मुक्तिका लागि शोषितवर्गलाई क्रान्तितर्फ उन्मुख हुन र आफूलाई स्वतन्त्र हुन दिशानिर्देश गरिएको छ । बिम्ब र प्रतीकका माध्यमबाट यथार्थलाई अभिव्यञ्जन गर्ने कथा हो -'कुनै गुलाफ ओभानो छैन यहाँ', यस कथामा सेतो रङ्गको गुलाफ प्रयोग गरिएको छ र त्यसमा टाँसिएको भुसिलकीरो देखाइएको छ । गुलाफ भनेको श्रमिक र स्वच्छ मानसिकताको प्रतीक हो र त्यसको सेतो रङ्ग श्रमिकको निर्मल भावनाको प्रतीक हो । गुलाफको पत्र काट्ने भुसिलकीरा शोषकवर्गको प्रतीक हो । आफ्नो रङ्ग रगत र पसिनाको शोषण गरेर शुष्क भुसिलकीरालाई टक्टक्यायाएर फ्याँक्ने क्षमता गुलाफमा विकास हुनु पर्ने कुराका माध्यमबाट सङ्गठित हुनुपर्ने र आफ्ना वर्गशत्रुसँग जुध्नुपर्ने कुरा यस कथाले प्रस्तुत गरेको छ । समाजमा निर्दोष गुलाफ शोषण गर्ने प्रशस्तै पूँजीवादी भुसिलकीराहरू छन् । तिनका बिरूद्ध हामीले अत्यन्त सचेत र दृढ भएर लड्नुपर्छ र तिनीहरूलाई निर्मूल पार्नुपर्छ भन्ने कुरा प्रस्तुत कथामा कलात्मक र सौन्दर्यमूलक ढंगले प्रस्तुत गरिएको छ । [५४] यसरी यस कथामा वर्ग शत्रुसंग लडी आफ्ना अधिकारका पक्षमा वकालत गरिएको छ ।

कथाको कथावस्तु, पात्र, परिवेश र उद्देश्य पनि प्रगतिवादले अपेक्षा गरे अनुरूपको छ । नेपाली समाजमा भएको विकृति र विसङ्गतिलाई प्रतीकात्मकरूपमा प्रस्तुत गर्दै त्यसप्रति क्रान्ति गर्नुपर्ने विषयवस्तुमा आधारित भई कथा लेखिएको छ । पात्रहरू पनि श्रमिकवर्गलाई मुख्य रूपमा लिई उनीहरूको पक्षमा वकालत गरिएको छ भने उच्चवर्गीयलाई शोषकवर्गअन्तर्गत चित्रण गरी उनीहरूप्रति आक्रोश व्यक्त गरिएको छ । परिवेश पनि प्रगतिवादले अपेक्षा गरे अनुरूपको छ भने उद्देश्य समाजमा भएका श्रमशोषकको जीवन रसिलो र भरिलो भएको, तर श्रमिकहरूको जीवन अनिश्चित र असुरक्षित भएको देखाउँदै श्रमिकवर्गले आफ्नो जीवन

---

[५४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ७०

अनिश्चित र असुरक्षित बनाउने शोषकवर्गको विद्रोह गर्न जनतालाई सचेत बनाई क्रान्तितर्फ उन्मुख गराउने रहेको छ ।

### ३.२.१० 'पैसाको रंग' कथाको विश्लेषण

भ्रष्टचार गरी पैसा कमाई फजुल खर्च गर्ने राष्ट्रका मुठीभर शोषकहरूको कालो पैसा र दशनङ्ग्रा खियाई कमाएको श्रमिकवर्गको सेतो पैसा भनी छुट्टाई भ्रष्टाचारको पैसा र श्रमको पैसाबीचको फरकलाई विषयवस्तु बनाई लेखिएको कथा 'पैसाको रंग' अत्यन्त प्रभावकारी छ ।

### ३.२.१०.१ कथातत्वका आधारमा 'पैसाको रङ' कथाको विश्लेषण

**क) कथावस्तु**

सामाजिक विषयवस्तुलाई राजनीतिक र आर्थिक रूप दिई लेखिएको यस कथाको विषयवस्तु नेपाली समाजमा भएको आर्थिक असमानताबाट टिपिएको छ । नेपाली समाजमा भएको विसंगति र विकृतिलाई एउटा पत्रकारको माध्यमबाट प्रस्तुत गरिएको यस कथामा कानुन बनाउनेहरूले नै कानुनको उल्लङ्घन गर्छन भन्ने तथ्यलाई विवाहको प्रसङ्ग ल्याएर प्रष्ट पारिएको छ । त्यस्तै समाज निम्नवर्गीय र उच्चवर्गीय गरी दुई वर्गमा विभाजित भएको देखाउँदै निम्नवर्गले श्रम गरेरकमाएको पैसा सेतो पैसा र उच्च वर्गले भ्रष्टाचार गरी कमाएको पैसालाई कालो पैसा भनी छुट्टयाएको छ । यस कथाको विषयवस्तु समाजको यथार्थमा आधारित छ ।

एउटा पत्राकारलाई मुख्य पात्र बनाई लेखिएको यस कथामा आफू निम्नर्गीय भए पनि एउटा पत्रकारको नाताले एउटा धनी मानिसको घरमा भोज खान्छ । खाऊँ खाऊँ भन्दा पनि आफ्नो पेटले अस्वीकार गरेपछि खान छाड्छ । त्यस विवाहको रमझम, बेहुलीको हातमा गनिनसक्नु खामबन्दी रूपैयाँ र गिफ्टहरू देख्दा नेपाल धेरै धनी भएको कल्पना गर्छ अनि नेपाल गरिब भनी विदेशीबाट लिएको अनुदान विहेघरको घरपति जस्तै मुठीभर शोषकहरूको हातमा परेको कल्पना गर्छ विहेपछि फर्कदा बाटामा एउटी अमेरिकन केटीलाई 'यु चेन्ज द मनि ?' भन्दै सोधिरहेको र धेरैले सोध्दा रिस उठेर अन्त्यमा नो ! भनेर चिच्याएको हाँस्यास्पद कुराले शोषण गरेका पैसा डलरमा साट्ने शोषकहरू बढ्दै गएको स्पष्ट हुन्छ । बाटामा हिडंदै जाँदा हेल्मेटधारीको पसलवालासँगको वार्तामा पाँच के.जी. पर्क, ससेज र तीन क्यारेट कोकको अर्डर यस्ता परिस्थिति देख्दा पत्रकारलाई एकदमै असन्तुष्टि हुन्छ अनि भ्रष्टाचारीको पैसा र संख्या बढ्दा देशको राष्ट्रिय रङ कालो हुनुपर्ने  सत्य कुरा बोल्नका लागि कि जाँड खाएर बोल्नु पर्ने

कि कम्युनिष्ट भई भूमिगत हुनुपर्ने यथार्थलाई मनन् गर्छ । अगाडि बढ्दै जाँदा पत्रिकाहरू बेचेर आफ्नो जीविका गर्ने गरिब पत्रकारहरू र सुन्धारामा पुग्दा खसी बेचेको पैसाले श्रीमतीको उपचार गर्ने, घरमा नुनतेल किन्ने कल्पना गर्ने दम्पती, उनीहरूका बीच श्रीमान्का लागि जुत्ता किन्नुपर्ने छ । श्रीमतीले किन्न आग्रह गर्छे तर श्रीमान्ले यी त जुत्ता लगाउने खुट्टा होइनन् भन्ने अभिव्यक्ति दिन्छ । यसरी समाजमा बस्ने एउटै मानव जातिमा पनि कतै विलासिताका सामान अटनखटन त कतै खाली खुट्टा हिँड्नुपर्ने बाध्यतालाई प्रस्तुत गरिएको कथा समाजमा भएको विसंगतिमा आधारित छ । अन्त्यमा कालो पैसाको खुराक खाएर कालो पैसावालाका बारेमा फैसला गर्दै पत्रिका लेख्ने पत्रकारले आफूलाई अक्षम पत्रकार भएको स्वीकारेको छ ।

**ख) चरित्रचित्रण**

यस कथामा प्रत्यक्ष तथा अप्रत्यक्ष, नारी, तथा पुरूष, निम्नवर्गीय तथा उच्चवर्गीय सबै प्रकारका पात्रहरूको प्रयोग भएको छ । नेपाली समाजमा भएका यथार्थ पात्रहरूको प्रयोग गरी समाजवादी यथार्थवादमा आधारित भई कथा लेखिएको छ । समाजमा भएको आर्थिक असमानतालाई खोल्न नसक्ने लाचार, विवश र प्रगतिवादी विचारधारा भए पनि त्यसलाई प्रस्फुटन गर्न नसक्ने पात्र पत्रकार प्रमुख पात्रको रूपमा आएको छ भने हेल्मेटधारी मानिस,पसले, पत्रिका बेच्ने दुई ठिटाहरू, डलरको खेती गर्ने दुई ठिटाहरू, शैलानी दम्पती, पत्रिका किन्ने मानिस, गरिब दम्पती जस्ता पात्रहरू अन्य पात्रका रूपमा आएका छन् । यस कथामा दुलही, उपस्थित मन्त्रीगण, दुलहीको हुनेवाला करोडपति लोग्ने र घरपरिवारको उपस्थिति अप्रत्यक्ष रूपमा चित्रण गरिएको छ । समाजको यथार्थ पक्षको उद्घाटन गर्दा समाजका यथार्थ पात्रहरूको चित्रण यस कथामा भएको छ । उनीहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ) पत्रकार**

'पैसाको रंङ' कथामा पत्रकार मुख्य पात्रको रूपमा आएको छ । ऊ नेपाली समाजको वर्गीय पात्र हो तर उच्चवर्गीयका घरमा गई कालो पैसाको खुराक खाएकोमा उसलाई आत्मग्लानी हुन्छ । समाजमा भएको आर्थिक असमानतालाई पोख्न नसक्ने ऊ लाचार पात्रका रूपमा आएको छ । समाजको यथार्थ देखि असन्तुष्ट पत्रकार प्रगतिवादी विचारधारा भएर पनि प्रस्फुटन गरी सत्यको पक्षमा लाग्न नसक्ने पात्र हो । एकातिर देशको सम्पत्ति मुठीभर

शोषकहरूले विलासिताका लागि उडाएका छन् भने अर्कोतर्फ गरिबहरू आफ्ना आधारभूत आवश्यकता पाउन नसकी कष्टमय जीवन गुजारा गरिरहेका छन् भन्ने यथार्थ पत्रकारले राम्ररी मनन गरेको छ । आफ्नै पसिनाले कमाएको पैसालाई सेतो पैसा र श्रमशोषण र भ्रंष्टाचार गरी कमाएको पैसालाई कालो धनको संज्ञा दिने पात्र पत्रकार समाजमा भएको आर्थिक विसङ्गतिदेखि दिक्क छ तर सामाजिक बन्नका लागि आडम्बरी विहेमा सामेल भएको छ । समाजभित्र भएका असमानतालाई अध्ययन गर्दै त्यसप्रति विद्रोह गर्ने विद्रोहात्मक पात्रका रूपमा चित्रित पत्रकारले सरकारले जनताको शान्ति सुरक्षाको जिम्मा लिए पनि केवल उच्चवर्गीयलाई काखी च्याँपेको तर निम्नवर्गलाई वास्ता नगरेको यथार्थ गरिब दम्पत्तिको चित्रणबाट स्पष्ट पारेको छ । यसरी ऊ कथामा समाज निरपेक्ष पुरूष अन्तर्मुखी प्रगतिशील भएर पनि चाम्रिएर बस्न बाध्य र विवश पात्रका रूपमा आएको छ ।

**आ) हेल्मेटधारी मानिस**

हेल्मेटधारी मानिस कथामा सहायक पात्रका रूपमा आएको छ । नेपाली समाजको उच्चवर्गीय र भ्रष्टाचारी चरित्रको प्रतिनिधि पात्रका रूपमा ऊ आएको छ । समाजमा एकातिर गास, बास, कपासका लागि निम्नवर्गीयहरू लडिरहेका छन् भने अर्कोतर्फ हेल्मेटधारी युवकजस्ता पाहुनाको सत्कार गर्न हजारौँ रूपिँया विलासी तरिकाबाट खर्च गर्न सक्छन् भन्ने यथार्थ चित्रण गर्ने क्रममा ऊ उपस्थित छ । 'लुटको धन फुपूको श्राद्ध' भन्ने उखानलाई चरितार्थ गर्न उसले तीन क्यारेट कोक र पाँच किलो पर्क ससेजको अर्डर गरेको छ । समाजका निम्नर्गीयको पसिना र रगतको शोषण गरी कमाएको पैसा खर्च गर्न उजस्ता उच्चवर्गीय व्यक्तिहरू पछि पर्दैनन् भन्ने यथार्थ उसले प्रस्तुत गरेको छ । यसरी ऊ शोषकहरूको प्रतिनिधि, देश खाने जुका, सजीव र समाजनिरपेक्ष पात्र हो ।

**इ) डलरको खेती गर्ने ठिटाहरू**

'पैसाको रंङ' कथामा डलरको खेती गर्ने ठिटाहरू सहायक पात्रका रूपमा आएका छन् । देश गरिब भए पनि देशका मुठीभर शोषकहरूसंग असीमित धन छ भन्ने यथार्थ उनीहरूले चरितार्थ गरेका छन् । गरिब र श्रमिकहरूलाई शोषण गरी कमाएको पैसा डलरसँग साट्ने शोख उनीहरूको छ । उनीहरू पनि समाजनिरपेक्ष, शोषकहरूको प्रतिनिधि र देशद्रोहीका रूपमा आएका छन् ।

**ई) गरिब दम्पती**

यस कथामा गरिब दम्पती समाजको यथार्थ पक्षलाई चित्रण गर्न आएका छन् । दु : ख गरेर पनि आफ्ना आधारभूत आवश्यकता पूरा गर्न नसक्ने आम निम्नवर्गीयहरूको प्रतिनिधि पात्रका रूपमा उनीहरू उपस्थित छन् । सस्तो मूल्यमा आफ्नो श्रम बेच्न बाध्य उनीहरू नेपाली समाजका शोषित पीडितवर्गअन्तर्गत पर्ने पात्रहरू हुन् । खुट्टाबाट रगत चुहुँदा पनि एकजोर चप्पल किन्न नसक्ने पात्र दम्पतीको लोग्ने आफ्नी स्वास्नी श्रीमतीलाई उल्टै झपार्छ । धनीलाई धनमाथि धन र गरिबलाई केही न केही भन्ने यथार्थ गरिब दम्पतीको अवस्थाबाट स्पष्ट हुन्छ । उनीहरूजस्ता गरिबहरूको श्रमको शोषण गरी शोषकहरू उच्च तहमा पुग्ने तर गरिबहरू उस्तै रही औषधी उपचार तथा पेटभरि खान पनि नपाउने सत्यता उनीहरूको चित्रणबाट स्पष्ट हुन्छ । यसरी उनीहरू कथामा वर्गीय, इमान्दार, शोषित पीडित पात्रका रूपमा आएका छन् ।

त्यस्तै दुलहीका बाबुआमा, उसको करोडपति लोग्ने, उसका घरवाला, सैलानी केटी, सैलानी दम्पती, आदि अन्य पात्रका रूपमा आएका छन् । उनीहरू समाजमा भएका विकृति र विसंगतिलाई यथार्थ प्रस्तुत गर्न उपस्थित छन् । यसरी यस कथामा दुलहीका बाबुआमा, उसको करोडपति लोग्ने घरवाला नेपाली समाजका वर्गीयरूपमा उच्चवर्गीय, शोषकहरूको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत छन् भने सैलानी दम्पती र सैलानी ठिटी नेपालको स्थितिलाई प्रस्तुत गर्ने अमेरिकी पात्रहरू हुन् ।

**ग) द्वन्द्व**

'पैसाको रङ' कथामा प्रमुख रूपमा आर्थिक र राजनीतिक द्वन्द्व आएका छन् । समाजमा रहेका मानिसहरू निम्नवर्गीय र उच्चवर्गीय गरी दुई वर्गमा विभाजित छन् । निम्नवर्गीयहरू श्रमिकहरू र उच्चवर्गीयहरू शोषकहरूका वीचको द्वन्द्वले यस कथाको विषयवस्तुलाई प्रष्ट पारेको छ । नेपाली समाजका उच्चवर्गीयहरूले भ्रष्टाचार गरी कमाएको पैसा आडम्बरीपन देखाउँदै खर्च गर्नु र अर्कोतर्फ गरिबहरूले बिहान साँझको समस्या टार्न नसक्नु तथा औषधी उपचार गर्न नसक्नु आर्थिक द्वन्द्व हो । समाजका निम्नवर्गीयका गास खोसेको पैसा उच्चवर्गीयहरूले डलरसँग साट्ने, विलासी सामानमा खर्च गर्ने तथा एउटी उच्चवर्गीयकी बेहुलीले हजारौँ निम्नवर्गीय महिलाले खान लगाउन र बस्न पुग्ने पैसा एक्लै उपहार लिने विसंगत कार्य यस कथामा प्रष्ट भएको छ । कथामा पनि दुलहीले करोडौँ रूपैयाँको खर्च गरेकी

छ भने अर्कोतर्फ गरिब दम्पतीले औषधी गर्ने पैसा, चप्पल किन्ने पैसा नभई खुम्चिनु परेको छ । यो आर्थिक द्वन्द्व हो ।

कथामा राजनीतिक द्वन्द्व पनि पाउन सकिन्छ । सरकारले राज्यका समपूर्ण जनताको गास, वास, कपासका लागि गर्नुपर्ने दायित्व बहन गर्न सकेको छैन । उच्चवर्गीयलाई पैसामाथि पैसाको खात लगाउने अवसर दिएको सरकारले निम्नवर्गीयलाई रोग र भोकले मर्नुपर्ने बाध्यता सिर्जना गरेको छ । राज्यमा कानुन बनाउने उच्च ओहोदाका व्यक्तिहरूले दाइजो प्रथालाई प्रश्रय दिँदैं विसङ्गत कार्य गरेका छन् । गल्लीगल्लीमा उपचारको याचना गर्दै हिँडेका गरिब दम्पतीहरूप्रति राज्यको आँखा पुगेको छैन । नीतिनिर्माणका उच्च तहमा पुग्ने राजनीतिक व्यक्तित्वहरूले राज्यको भन्दा व्यक्तिगत स्वार्थ पूर्ति गर्नतर्फ अग्रसर देखिन्छन् । यस कथाको मुख्यपात्र रहेको पत्रकारजस्ता पत्रकारलाई किनी सत्यतालाई छिपाउने कार्य सरकारतर्फबाट हुने गरेका छन् । आफ्नो व्यक्तिगत स्वार्थलाई मात्र हेर्ने सामन्ती संस्कारको राज्यसंरचनाको अन्त्य गरी गरिबहरूको राज्य स्थापना नगरेसम्म निम्नवर्गीयले न्याय नपाउने तथ्य कथाबाट स्पष्ट हुन्छ । निम्न वर्गीयलाई आफूप्रतिको अन्यायको अस्तित्वबोध गराई आफ्नो उन्मुक्तिका लागि क्रान्ति गर्नुपर्ने र राज्यसंरचनामा परिवर्तन ल्याउनपर्ने सन्देश कथामा पाइनुले शासक र शासितबीचको द्वन्द्व वा राजनीतिक द्वन्द्वयुक्त ‘पैसाको रंङ’ कथा भएको प्रष्ट हुन्छ ।

**घ) दृष्टिविन्दु**

प्रमुख पात्र पत्रकारलाई बनाई लेखिएको कथा ‘पैसाको रंङ’ मा नेपाली समाजमा भएको आर्थिक असमानताको सफल चित्रण गरिएको छ । पत्रकारलाई ऊ वा तृतीयपुरूष बनाई ऊ मार्फत सामाजिक विकृति तथा विसङ्गतिलाई प्रस्तुत गरिएको हुनाले कथा तृतीयपुरूष दृष्टिविन्दुमा लेखिएको छ ।

सुरुमा धनी मान्छेकी छोरीको विहेमा कथाको प्रमुख पात्र पत्रकारले सत्रथरी खानाको स्वाद लिनु, त्यहाँको चहलपहलको चित्रण गर्नु, बिहेको पार्टी सकिएपछि फर्किंदा झोंछेको गल्लीसम्म आइपुग्नु, एउटी सैलानीसँगै हिँड्दा ठिटाहरूले उसलाई डलर साट्नलाई सोध्दा उसको दिक्कको पराकाष्ठा नाघेर चिच्याएर जवाफ दिनु, युवकले त्यसलाई उल्टै जिस्काउनु, अलिक परको रेस्टुँरामा एकजोडी अमेरिकन दम्पतीले नेपालीहरूको डलर साट्न खोज्ने नियतिप्रति शंका गर्नु हेलमेट धारीले होण्डा माथि वसेर आफ्ना पाहुनाका लागि पाँच के.जी.

पर्क ससेज र तीन क्यारेट कोकको अर्डर गर्नु, पत्रकारले उच्चवर्गीयको त्यस्तो अर्डरको बारेमा विश्लेषण गर्दै आर्थिक असमानताको प्रष्टता दिनु दुई विपरीत समाचारको विज्ञापन दिँदै दुई युवकहरूले पत्रिका बेच्दै हिँड्नु, एकजना व्यकितले पत्रिका किन्नु, त्यस्ता श्रमजीविको पैसाको रंङ सेतो र बिहेमा खर्चेको र हेलमेट लगाएको युवकले सामान किन्न खर्चेको पैसा कालो भएको ठहर गर्नु, आफ्नो खल्तीमा भएको पैसा पनि परिश्रमको वा सेतो भएको ठहर गर्नु, तर आफ्नो पेटमा परेको खाना कालो पैसाले लिएको ठहर गर्नु, गरिब दम्पतीले गरेको कारूणिक वार्तालापको चित्रण गर्नु अनि पत्रकारको संस्मरणमा दुलहीको काखमा भरिँदै रित्तिँदै गरेका खामबन्दी उपहारहरू जस्ताको तस्तै नाच्नु, होण्डाबाट अर्डर गर्ने युवकका बोली उसको कानमा फेरि ठोकिनु, अनि गरिब दम्पतीले गनेका नोटहरू सेता भएको ठहर गर्नु, उसले पैसा गन्दा पत्रकारलाई बोल्ने आँट नहुनु, आफूले साथीलाई दिएको समय बिर्सनु र अन्त्यमा आफू पनि कालो पैसाबाट चोखो नभएको महसुस गरी आत्मग्लानि हुनुजस्ता क्रियाकलाप क्रमश कथाकारद्वारा पत्रकारलाई तृतीयपुरूष बनाई आफ्नै अभिव्यक्तिमा प्रस्तुत गरिनुले कथा बाह्य दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

**ङ) परिवेश**

'पैसाको रङ' कथामा नेपाली समाजलाई परिवेश बनाइएको छ । समाजमा रहेको अर्थिक असमानतामा परिश्रम गरी कमाइएको पैसालाई सेतो पैसा र भ्रष्टाचार कालो बजारी गरी कमाएको पैसालाई कालो पैसा भनी पैसाको रंङ छुट्टयाइएको छ । कथाको प्रमुख पात्र ऊ वा पत्रकार नेपाली समाजको निम्नर्गीय परिवेशबाट लिइएको छ । समाजमा उसले गरेका अनुभव र अनुभूतिलाई प्रस्तुत गर्दै कथाको विषयवस्तुअगाडि बढेको छ । सोसियल वा सामाजिक हुनुको नाताले कालो पैसाले किनेको खुराक खाएको तर खल्तीमा सेतो पैसा लिई हिँडेको पत्रकारले समाजमा भएको करोडौँको खर्चको बिहे भ्रष्टाचार गर्दै हिँड्ने युवाहरूको डलरसँगको कालोबजारी गर्ने प्रयास, चिच्याई-चिच्याई पत्रिका बेचेर दुई पैसा कमाएर पेट गुजारा गर्ने पत्रिका बेची हिड्ने युवाहरू, भ्रष्टाचारको पैसा वा कालोपैसा विलासी सामानमा खर्च गर्ने हेल्मेटधारी युवक, खसी बेचेको पैसाले उपचार गराउने नुनतेल किन्ने, चप्पल किन्नखोज्ने गरिब दम्पती आदिजस्ता समाजका यथार्थ पक्षको चित्रण गरिएको छ । समाजमा विसंगतिका रूपमा रहेको आर्थिक असमानतालाई चित्रण गर्दा भ्रष्टाचारी शोषकहरूकका सजिसजाउ घर, बेहुली,

उपहारहरू, मोटरसाइकल आदि आएका छन् भने समाजकै अर्को पाटाको रूपमा रहेको निम्नवर्गीयको चित्रण गर्दा उनीहरूको कारूणिक अवस्था, अँध्यारो जीवन, उनीहरूले हिँडेका गल्ली सडकहरू परिवेश बनी आएका छन् । 'पैसाको रंङ' कथा समाजवादी यथार्थवादमा आधारित भई लेखिएको हुँदा परिवेश पनि विसङ्गत पक्ष नै आएको छ । नेपालको सामाजिक अवस्थाको सफल चित्रण भएको छ ।

**च) भाषाशैली**

कथाकार पारिजातको 'पैसाको रंङ' कथा प्रगतिवादलाई आत्मसात् गर्दै लेखिएको छ । समाजमा भएका यथार्थ पक्षलाई टपक्क टिपी त्यसमा भएका विकृति र विसङ्गतिलाई विद्रोह गरिएको छ । प्रगतिवादले अपेक्षा गरेजस्तै सरल र सहजभाषा यस कथामा प्रयोग गरिएको समाजमा जरा गाडेर बसेको आर्थिक असमानतालाई प्रस्तुत गर्दा पात्र अनुसारको भाषा प्रयोग गर्दा कथाको भाषा यथार्थ र स्वाभाविक छ । उच्चवर्गीय अन्तर्गत पर्ने हेल्मेटधारी युवक र निम्नवर्गीय गरिब दम्पतीका बीचको भाषामा फरक पाउन सकिन्छ । गरिब दम्पतीको भाषामा ग्रामीण कथ्य भाषाको प्रयोग छ भने उच्चवर्गीय हेल्मेटधारी युवकको भाषा विशिष्ट खालको छ । देशमा भ्रष्टाचार कालोबजारी गरेर कमाएको पैसा अमेरिकनसँग साट्ने क्रममा 'यु चेन्ज द मनि' ? र नोजस्ता अंग्रेजी भाषाका शब्दहरू प्रयोग गरिएका छन् । यसरी कथामा सोसियल पर्क ससेज, क्यारेट आदिजस्ता अंग्रेजी शब्दहरू, कालेको बा, आइमाई, गोडा पचासएक भकुरीसक्थे, कुजात, बिसेक, मुटु खाने रोग, ओखती चारबीस, भुटुन, जाबोजस्ता कथ्य भाषाका शब्दहरूको प्रयोग पात्रहअनुसारको प्रयोग गरिनुले कथा यथार्थ जस्तो लाग्छ । त्यस्तै झल्याक्कझिलिक्क, छरछरी, पटक्कै, खुइँया खुइँया, आदिजस्ता अनुकरणात्मक शब्दहरू, 'धन हुनेलाई धनमाथि धनको राश' जस्ता उखान, रे,को प्रयोग कठै ! को प्रयोगले कथाको भाषा अझ स्वभाबिक जस्तो लाग्छ । कथाको ठाउँठाउँमा हेल्मेटधारी युवक र पसलेका बीच संवाद, शैलानी युवती र नेपाली युवकका बीच संवाद, सैलानी दम्पतीको संवाद र गरिब दम्पतीको संवादको प्रयोग भएको छ । संवादमा पात्र सुहाउँदा वाक्यांशहरू प्रयोग भएका छन् । यसरी कथामा प्रसस्त संवादको प्रयोग भए पनि वर्णनात्मक र विवरणात्मक शैलीमा कथाको विषयवस्तु अगाडि बढेको छ ।

**छ) उद्देश्य**

नेपाली समाजमा भएको आर्थिक विसंगति र असमानतालाई समाज अगाडि ल्याई निम्नवर्गीय जनतालाई आफूहरू माथि परेको अन्याय र अत्याचारको बोध गराई सचेत गराउनु 'पैसाको रङ' कथा लेख्नुको प्रमुख उद्देश्य हो । धनीलाई धनैधन तर गरिबलाई सधैँ अभाव हुने समाजको यथार्थ कथामा प्रस्तुत गरिएको छ । एउटै नेपाल आमाका सन्तान भएर पनि यति ठूलो विभेदलाई दुलहीले पाएका असीमित उपहारहरू र अर्कोतर्फ चप्पल किनी रगत आएको खुट्टामा लगाउनभन्दा गरिबका खुट्टा जुत्ता लगाउने खुट्टा होइनन् भनी आफ्नी स्वास्नीलाई झपार्नु र पहिले उसको औषधी खर्च गरेर अरूतर्फ लाग्ने सल्लाह दिनु प्रसङ्गलाई लिएर स्पष्ट पारेकी छन् । समाजमा रहेका निम्नवर्गीयले आफ्नो ज्यान जोखिममा राखेर गरेको श्रमको शोषण गरी रातारात उच्च तहमा पुग्ने सरकारी निकायका कर्मचारीहरूले आफूले बनाएको दाइजो विरोधी कानुनलाई आफैँले करोडौँ खर्चमा आफ्नी छोरीको विहे गरिदिएर उल्लंघन गरेको यथार्थ विवाहको प्रसंगले छर्लङ्ग पारेकी छन् । एउटै राष्ट्रका जनतालाई कसैलाई डलरसँग साट्न र बेथितिले खर्च गर्न पैसा हुनु र कसैलाई आफ्ना न्यूनतम आवश्यकता पूर्ति गर्नलाई पनि पैसा नहुनु यथार्थ देखाई त्यसप्रति सरकार मूक रही बरू उल्टै कानुन उल्लंघन गर्नेलाई साथ दिने सामन्ती प्रवृत्तिको जरो काट्नलाई जनतालाई क्रान्ति गर्न अग्रसर गराउने उद्देश्यले 'पैसाको रङ' कथा लेखिएको छ ।

**३.२.१०.२ प्रगतिवादी कोणबाट "पैसाको रङ" कथाको विश्लेषण**

'पैसाको रङ' कथा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात गर्दै लेखिएको छ । नेपाली समाजमा रहेको आर्थिक असमानताजस्तो विसंगतिलाई यथार्थ टिपी त्यसप्रति तीव्र विद्रोह प्रकट भएको छ । समाजमा एकातिर बेहुलीका बाबुआमा तथा घरवालाले मनपरी राष्ट्रको धन खर्च गरिरहेका छन् भने अर्कोतर्फ पत्रिका बेच्ने युवाहरू र गरिब दम्पतीको आफ्ना आधारभूत आवश्यकताका लागि ठूलो संघर्ष गरेका छन् । दिनभर दशनंग्रा खियाएर पनि एकपेट खान नपाउँने निम्नवर्गीय छन् भने अर्कातर्फ उनीहरूकै पसिनामा कमाएको धनमाथि जथाभावी रजाइँ गर्ने उच्चवर्गीयहरू छन् । यसरी समाज दास र मालिक गरी दुई वर्गमा विभाजित हुँदा सरकारी निकाय मौन छ । अनि समाजमा विकृति र विसंगति बढाउन भ्रष्टाचारीहरू र कालोबजारीलाई स्थान दिएको छ ।

यस्ता समाजमा भएको यथार्थ पक्षलाई टिपेर त्यसप्रति विद्रोह गर्ने उद्देश्यले लेखिएको कथा 'पैसाको रङ' प्रगतिवाद लाई आत्मसात् गरी लेखिएको छ ।

कथाकारले कथामा समाजलाई वर्गीयरूपमा विभाजन गरेर पतनको बाटोतर्फ उन्मुख गराउने कारकतत्त्व आर्थिक असमानता हो भन्दै त्यसप्रति रोष प्रकट गरिएको छ । समाजमा बेहुलीका  माइती परिवार र घरका परिवार साथै डलरको व्यापार गर्ने युवकहरू, हेल्मेटधारी युवकजस्ता भ्रष्टाचारी र कालो पैसा कमाउन व्यस्त मान्छेहरू भएसम्म सामाजिक विसंगतिले कम हुने मौका पाउँदैन । बरू उल्टै बढ्ने र धनी गरिबबीच ठूलो खाडल बनाउने कार्य हुन्छ । पत्रिका बेच्ने युवकहरू, दम्पतीको जस्तो अवस्था हामी सबैले भोग्नु पर्छ भने राष्ट्रिय ढुकुटी रितिदै देश गरिब बन्दै जान्छ । समाज तथा  राष्ट्रिलाई पतनतर्फ उन्मुख गराउने कारकतत्त्व वर्गीय विभेद र अर्थको असमान वितरण हो । त्यसका लागि जनतालाई सचेत बनाई त्यसको विरूद्ध क्रान्ति गर्ने सन्देश कथाले दिएको छ । यसरी कथा प्रगतिवादी भएको प्रष्ट हुन्छ ।

'पैसाको रंङ' कथामा समाजको बेथिति कालो पैसाले गर्दा भएको छ भन्ने कुरा देखाइएको छ । कानुन बनाउनेहरूले नै कानुनको अवहेलना गर्छन । विवाहसम्बन्धी कानूनप्रति व्यङ्ग्य गरेर यस कथाले समसामयिक समस्यालाई उदाङ्गो पारेको छ । यो देश निर्धन देशहरू मध्ये सबभन्दा पहिलो हुने बेला आइसकेको छ भने देशका मन्त्रीगणहरूको रहनसहन देख्दा विकसित देशको दाँजोमा पुगेको देखिन्छ । अर्कोतिर जनताहरू चप्पल लगाउने स्थितिमा छैनन् । औषधीमूलो गर्न असमर्थ कालेकी आमा जस्ताले अकालमै कालको मुखमा जानुपरेको छ भने अर्कातिर दिनहुँ पाँच के.जी. पर्क ससेज र वियर र रक्सीको भोज हुन्छ । कालो पैसाको होडबाजीमा युवाहरू डलरको पछि लागेका छन् । खुला वैदेशिक मुद्राको तस्करी राजधानीको मुटुमा भइराखेको हुन्छ । सरकार मौन छ । एक दशकपछिको यो ठूलो उपलब्धि भएको व्यङ्ग्य सैलानी दम्पतीले व्यक्त गर्छन् । संवेदनशील पत्रकार यो स्थितिदेखि बेथिति हुन्छन् , आक्रोशले उनलाई चिच्याउन मन लाग्छ 'देशको राष्ट्रिय रङ कालो हुनु पर्ने हो । ' यहाँ यथार्थ र सुधारात्मक कुरा गर्दा पनि स्वतन्त्रता भएको कुराको यसमा राम्रो विश्लेषण छ । [५५] कथामा समाजमा र राष्ट्रमा भएको विनासक कार्यको चर्चा कथामा भएको छ । कथा जनतालाई यस्तो स्थिति देखि सचेत गराउने उद्देश्य वा लक्ष्य लिएर लेखिएको छ ।

---

[५५] रामहरि पौड्याल, जनमत, पूर्ववत्, पृष्ठ ७१ ।

कथामा प्रयोग भएको कथ्य, चरित्र, परिवेश र उद्देश्य पनि प्रगतिवादले अपेक्षा गरे अनुरूपको छ । कथाको विषयवस्तु नेपाली समाजको विसंगत पक्षबाट टिपिएको छ । चरित्र निम्नवर्गीयलाई प्रमुख बनाई उनीहरूप्रति कथाकारको सहानुभूति छ । परिवेश पनि नेपाली समाजको यथार्थ पक्ष छ भने उद्देश्य जनतालाई क्रान्तितर्फ उन्मुख गराउने रहेको हुनाले 'पैसाको रंग' कथा प्रगतिवादमा आधारित छ । साथै कथाको भाषा पनि सरल र रहज छ ।

**३.२.११ 'वर्षाऋतु' कथाको विश्लेषण**

समाजमा भएका विकृति र विसंगतिले गर्दा आदर्श विश्वास सद्भाव गुम्दै गएको राष्ट्रिय समस्यालाई लिएर लेखिएको 'वर्षाऋतु' कथा पहिलोपटक 'नेपाली साहित्य (वर्ष ३, अङ्क ७, २०४१ कात्तिक) मा प्रकाशित भएको थियो । बहुविवाह प्रथा, महिलाको जीवनमा आउने समस्या र पीडा, समाजमा व्याप्त कुरीतिले गर्दा निम्त्याएको समस्यामा आधारित रही यो कथा लेखिएको छ ।

**३.२.११.१ कथातत्वका आधारमा 'वर्षाऋतु' कथाको विश्लेषण**

**क) कथावस्तु**

नेपाली समाजको यथार्थ पक्षलाई टिपेर 'वर्षाऋतु' कथा लेखिएको छ । नेपाली समाजमा व्याप्त कुरीति र कुसंस्कारको रूपमा रहेको बहुविवाहले गर्दा नेपाली नारीहरूले पाउन परेको पीडादायक जीवन, उनीहरूले कसलाई विश्वास गर्न हुन्छ र कसलाई विश्वास गर्न हुँदैन भन्ने अबोधपनालाई यस कथामा व्यक्त भएको छ । मुख्य पात्र म वा प्रथमपुरूषलाई लिएर 'म' पात्रद्वारा समाजमा भएको विसंगत पक्षको उद्घाटन गरिएको छ । नेपाली समाजमा नारीहरूले डर र त्रासमा बाँच्नु परेको स्थिति, नारीहरूलाई वेश्यालयमा बेच्ने दलालहरूको बिगबिगीमा सरकार मूक बसेको छ । यसरी 'वर्षाऋतु' कथामा समाजमा भएको विकृति र विसंगतिलाई विषयवस्तु बनाई त्यस्तो विसंगतिको विद्रोह गरिएको छ ।

'म' पात्रद्वारा कान्छी दनुवारको कारूणिक जीवन व्यथालाई लिएर  कथा लेखिएको छ । यो कथा नारी समस्यामा आधारित छ । देख्दा सामान्य भए पनि कान्छीको समयमै विहे हुन्छ, सन्तान नहुँदा लोग्नेले सौता हालेपछि एउटा बाहुनको घरमा घाँस काटेर जीविका गर्छे । सौताबाट छोराछोरी भएपछि लोग्ने मर्छ, सौताको यातना सहन नसकी ऊ कहिले हाँस्ने, कहिले एकोहोरो हुने कहिले रूने अर्धपागल झैं हुन्छे । बाहुनको घरमा धेरै काम गर्नुपर्छ तर उसले नत

राम्रो खान पाउँछे न राम्रो लगाउन नै पाउँछे । उसको त्यस्तो अवस्था देख्दा कथाकारलाई दया लाग्छ र मासिक रू ७० मा काममा लगाइदिन्छु, भन्दा कहाँ भनी सोध्छे कहाँ भन्दा पाटन ठाउँ बताउँदा पाटन कहाँ पर्छ भन्ने थाहा नभएकी अबोध केटीले एउटा पुलिसले लैजान्छु भनेको छ भन्छे । कथाकारले पुलिसले त तिमीलाई फसाँउछभन्दा केही नबोली भाग्छे तर अर्को दिन देखिँदैन । अचम्मको कुरा ऊ त्यति अबोध थिई कि कसले राम्रो बोलेको हो बुझ्न सम्म सक्दैनथी । कथाकारले ऊ आफ्ना डरले बेच्न लैजान्छे भनी भागेको थाहा पाउँदा आँखाबाट आसुँ झार्छिन । उसले कथाकारलाई विश्वास नगर्नु पनि स्वभाविकै हो किनभने समाजमा कसैलेकसैलाई विश्वास गर्ने स्थिति आएको थियो । यसरी 'वर्षाऋतु' कथा समाजमा भएको यथार्थ घटनामा आधारित छ ।

**ख) चरित्रचित्रण**

यस कथामा 'म' पात्र व्याख्यान बनेर तृतीयपुरूष कान्छी दनुवारको दुःखद् र त्रासद जीवनका बारेमा चित्रण गरिएको छ । यसमा 'म' पात्र वा कथाकार, कान्छी दनुवार र सान्नानी गरी तीन पात्रहरू प्रत्यक्ष उपस्थित छन भने कान्छीको लोग्ने, सौता, सौताका छोराछोरी, पुलिस, बाहुन आदि अप्रत्यक्ष उपस्थित छन् । नेपाली समाजको यथार्थ पक्षको चित्रण गर्दा समाजका यथार्थ र सजीव पात्रहरूको प्रयोग भएको छ । नारी समस्यामूलक यस कथामा नारी पात्रहरूको बाहुल्यता छ । उनीहरूको चित्रण क्रमश : गरिएको छ ।

**अ) कान्छी दनुवार**

यस कथामा प्रमुख पात्रका रूपमा कान्छी दनुवार रहेकी छ । देख्दा खासै सुन्दर नभए पनि उमेरमै बिहे हुन्छ । उसको कोखबाट सन्तान नभएपछि उसको लोग्नेले सौता हाल्छ । पछि लोग्ने मर्छ । सौताको दमन सहेर्न नसकी ऊ बाहुन कहाँ घाँस काटेर दिन काटिरहेकी हुन्छे । बाहुनको घरमा धेरै काम गरे पनि मीठो खान र राम्रो लगाउन पाउँदैन । कहिले हाँस्ने, कहिले टोलाउने र कहिले रूने स्वभाव भएकी ऊ आफूमाथि परेको शोषण, दमन र उत्पीडनले अर्धपागल बनेकी हुन्छे । ऊ जस्ता गरिब आइमाईलाई विदेशमा लगेर बेच्छन भन्ने बुझेकी ऊ अबोध छ । आफ्नो अर्को र सही गलत छुट्टयाउन नजान्ने कान्छी कथाकारले पाटनमा राम्रो जागिर लगाइदिन्छु भन्दा डरले भाग्छे । पाटनलाई विदेश सम्झेर ऊ डराउँछे । उसलाई दया गर्ने कथाकारलाई विश्वास नगरी उसको शोषण गर्ने पुलिसलाई विश्वास गर्छे । यसरी कान्छी

दनुवार नेपाली समाजमा जन्मेर हुर्केकी निम्नवर्गीय पात्र हो । श्रमका शोषकहरूको शोषणमा परेकी उसले दिनभर काम गरेर आधापेट खानामै चित्त बुझाउँछे । आफूलाई उद्वार गर्न चाहनेलाई उल्टो अर्थ लगाउने ऊ स्वभाविक चरित्र हो । समाजमा बढेको अविश्वासको जालोले उसलाई पनि गाँजेको छ । ऊ एक वर्गीय, आफूमाथि अन्याय पर्दा पनि केही गर्न नसक्ने गतिहीन, समाजसापेक्ष नारी पात्र हो ।

**अ) 'म' पात्र**

यस कथामा 'म' पात्र एक व्याख्याताका रूपमा प्रत्यक्ष उपस्थित छन् । समाजमा बढ्दै गएको अविश्वासको वातावरणलाई प्रष्ट्याउने क्रममा उनी देखा परेकी छन् । समाजमा भएको कुरीति र बहुविवाहजस्तो कु-सँस्कारले गर्दा हाम्रो देशका नारीले पाएको दु:खद् स्थितिलाई उनले प्रष्ट पारेकी छन् । 'म' पात्रका रूपमा उपस्थित भए पनि कथाको विषयवस्तु कान्छी दनुवारका वरिपरि घुमेको हुनाले सहायक पात्रको भूमिका निभाइएको छ । 'म' पात्र नारीका बारेमा अध्ययन गरी उनीहरूको वास्तविकता पत्ता लगाउने पात्र बनेकी छन् । कान्छी दनुवारको दु:खद्जीवन प्रति दया गर्ने एक दयावान पात्रका रूपमा कथाकार वा 'म' पात्र आएकी छन । यसरी म पात्र कथामा समाजसापेक्ष सत्, उदारवादी, गतिशील सजीव पात्रका रूपमा आएकी छन् ।

**इ) सान्नानी**

कथामा सान्नानी एक नारी पात्राका रूपमा आएकी छन् । कथाकारलाई कान्छी दनुवारका बारेमा थप जानकारी उसले दिएकी छिन् । सुरुमा कथाकारलाई कान्छी दनुवारको परिचय दिई उपस्थित दनुवार भागेपछि कथाकारले देखाएको दया र उदारतालाई उल्टो अर्थ लगाएर भागेको सूचना दिनसम्म वा लगभग कथाको अन्त्यसम्म उसको उपस्थित छ ।

त्यस्तै कान्छीको लोग्ने, सौता, छोरा-छोरी र कान्छीलाई फकाउने पुलिस अप्रत्यक्ष उपस्थित भए पनि समाजका यथार्थ पात्रहरू हुन् । समाजमा भएको कुरीति कुसंस्कार चित्रण गर्ने क्रममा उनीहरूको महत्वपूर्ण भूमिका छ । पुलिसजस्ता कैयौं पुरूषहरूले नारीहरूलाई फकाएर आफ्नो आवश्यकता पूर्ति गर्छन् भन्ने यथार्थ प्रस्तुत गर्न ऊ उपस्थित छ ।

ग) **द्वन्द्व**

'वर्षाऋतु' कथामा समाजमा देखा पर्ने विभिन्न किसिमका द्वन्द्वहरू पाउन सकिन्छ । सामाजिक, आर्थिक, राजनीतिक द्वन्द्वहरूले निम्त्याएको समस्यामा आधारित रहेर कथा लेखिएको छ । समाजमा निम्न वर्गीय र उच्चवर्गीयका बीचको द्वन्द्व यसकथाकी मुख्य पात्रा कान्छी दनुवारले मरीमरी काम गर्दा बाहुनको घरबाट पारिश्रमिक पाउन नसकेको र त्यहाँबाट हिँड्ने मन चलाएको स्थितिबाट प्रष्ट हुन्छ । एउटी कान्छी दनुवारलाई विहे गरेर सन्तान नजन्मेपछि अर्को विहे गर्नु सामाजिक वा सांस्कारिक द्वन्द्व हो । अनि आफ्नो देशका जनतालाई न्याय दिलाउन नसक्नु राज्यका शोषक र शासितबीचको द्वन्द्व हो । विभिन्न कृतिका माध्यमबाट पारिजातले नेपाली नारीलाई विदेशमा लग्दै बेच्दै गरेको राष्ट्रिय समस्यालाई राख्दा राज्यचुप लागि बस्नु सामन्ती संस्कारका शासकहरूको चालबाजी हो । कान्छी दनुवारजस्ती अबोध नारीले त यस समस्यालाई बुझेकी छ भने यसप्रति चुप लागेर बस्नु राष्ट्रको लाचारीपन हो । यसका बिरूद्व अब शोषित पीडित जनताहरू जुट्नुपर्छ भन्ने यथार्थ कथाबाट झल्कन्छ । शासक र शोषितबीचको द्वन्द्व कथामा आएको देखिन्छ । यो नै राजनीतिक द्वन्द्व हो ।

घ) **दृष्टिविन्दु**

नेपालमा भएको राष्ट्रिय समस्यालाई कथाकार आफैँ समाख्याता बनेर व्याख्या गर्दै अगाडि सारिएकोले 'वर्षाऋतु' कथाको कथावस्तु आन्तरिक दृष्टिविन्दुमा भएको प्रष्ट हुन्छ । कथाको सुरुमा कथाकारद्वारा आफ्नै अभिव्यक्तिमा कान्छी दनुवारको शारीरिक बनोटको चर्चा गरिएको छ । सान्नानीसँग कान्छी दनुवारले दुःख पोख्दा सवैको जीवन यस्तै हो भनी सम्झाउनु, वर्षाऋतुको चित्रण गर्नु, वर्षाऋतुलाई कान्छीको जीवनसँग तुलना गर्नु, कान्छी दनुवारको छिन् छिन्मा हाँस्ने, छिन् छिन्मा रूने छिन्छिन्मा टोलाउने बानी, उसको उमेरको अन्दाज उसँग सोध्दा रून्छे की भनी कथाकार हच्कनु, सान्नानीद्वारा 'म' पात्र वा कथाकारसँग कान्छीको विगतको जीवनको विस्तारमा व्याख्या गरिनु, भोलिपल्ट वर्षाऋतुको रमझम वर्षामा कान्छीको घाँसकटाईको चित्रण गर्नु, कथाकारले काम अनुसारको माम पाए नपाएको जिज्ञाशा राख्नु, नपाएको बुझ्दा दया गरी अलि राम्रो जागिर लगाइदिने वचन कान्छीलाई दिनु, कान्छीले एउटा पुलिसले उसलाई विहे गर्छ भनेको जानकारी दिई भाग्नु, 'म' पात्रलाई केटी बेच्ने आइमाई पो हुन कि भनी शंका गर्नु, अन्त्यमा कथाकार वा 'म' पात्रले आफू उदारवादी हुँदा उल्टो आरोप

लागेकोमा दुःख व्यक्त गर्नुमा गएर कथाको अन्त्य भएको छ । यसरी कतै कतै संवाद आए पनि सुरुदेखि अन्त्यसम्म नै 'म' पात्रद्वारा प्रमुख पात्र कान्छी दनुवारको जीवनको व्याख्या गरिएकाले कथा प्रथम पुरूष वा आन्तरिक दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

**ङ) परिवेश**

यस कथाको परिवेश नेपाली समाजको ग्रामीण पक्षबाट टिपिएको छ । प्रगतिवादी प्रवृत्तिले अपेक्षा गरे अनुरूपको समाजको विसंगत र विकृत परिवेश 'वर्षाऋृतु' कथामा चित्रित छ । समय अनुसार 'वर्षाऋृतु', रमझम पानी परेका वातावरण, नेपाली समाजकी यथार्थ पात्र कान्छी दनुवारले घाँस काटी जीविका गर्ने बाहुनको गोठ घर, उसको घर आदि परिवेश बनेका छन् । समाजको यथार्थ पक्षको चित्रण गर्दा ग्रामीण परिवेश प्रत्यक्ष रूपमा 'वर्षाऋृतु' कथामा चित्रित छ भने काठमाडौंको पाटनको प्रसंग आएको छ ।

**च) भाषाशैली**

'वर्षादऋृतु' कथा प्रगतिवादी धारालाई आत्मसात् गरी लेखिएको छ । प्रगतिवादी धाराले अपेक्षा गरेजस्तै सरल, सहज र सुबोध्य भाषाको प्रयोग यस कथामा भएको छ । नेपाली समाजको ग्रामीण परिवेशमा लेखिएको कथामा तराईको थारू भाषाको वाक्यांश पनि प्रयोग भएका छन् । 'गम हो कि खुसी दोनों कुछ देर की साथी है । ' 'बाहुनका तलब दिया छ ? ' दिया छैन, दुखिया जस्ता देशी भाषाका वाक्यांशहरू हेयर ब्यान्ड स्पट जस्ता अंग्रेजी शब्दहरू, सिमसिम, घरीघरी, खिसिक्क खिसिक्क, खुसुक्क, खस्कँदैजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषा उत्कृष्ट बनेको छ । कथा वर्णनात्मक शैलीमा लेखिए पनि संवादको प्रयोग भएको छ ।

**छ) उद्देश्य**

कथाकार तत्कालीन सामाजिक अवस्थादेखि अत्यन्त असन्तुष्ट देखिन्छन् । समाजमा प्रचलित बहुविवाहले गर्दा कैयौं चेलीबेटीहरूलाई घरबारविहीन बनाएको छ । कान्छी दनुवारजस्ता हजारौं नारीहरू नीरस, विवश र बाध्य जीवन बिताइरहेका छन् । कुनै मीठो, आशा कल्पना नभई वा बाँच्नुको अर्थबिना बाँचिरहेका छन् । घाँस दाउरा गएका नारीहरू जंगलबाट नै हराएका छन् । कतिबेला कहाँबाट उनीहरूको जीवन समाप्त हुन्छ भन्ने थाहा छैन । कान्छीजस्ता नारीहरू विदेशमा बेचिने डरले विश्वास गर्न सक्दैनन् । नारीहरूलाई समाजमा डर

र त्रासले बस्नु परेको अवस्थामा पारिजातले आफ्ना विभिन्न कृतिहरूद्वारा सचेत बनाउँदा पनि राष्ट्रले  यति ठूलो राष्ट्रिय समस्याप्रति मौन हुनु केही कारण हुनु पर्छ, अर्थात् सामन्ती संस्कारको राज्यव्यवस्थामा व्यक्तिगत स्वार्थलाई महत्व दिइने हुँदा राष्ट्रले पनि समाजमा भएको विसंगतिलाई वास्ता गरेको छैन । त्यसैले राष्ट्रका यस्ता जल्दाबल्दा समस्याको समाधान गर्नका लागि देशको राज्य व्यवस्थामा नै आमूल परिवर्तनको जरूरी छ भन्दै जनतालाई आफूहरूलाई परेको पीडाको अस्तित्वबोध गराई क्रान्तितर्फ उन्मुख गराउने उद्देश्यले 'वर्षाऋतु' कथा लेखिएको छ ।

### ३.२.११.२ प्रगतिवादी कोणबाट 'वर्षाऋतु' कथाको विश्लेषण

कथाकार पारिजातले नेपाली समाजमा भएको विकृति र विसंगतिले निम्त्याएको समस्यामा आधारित रही 'वर्षाऋतु' कथा लेखेकी छन् । समाजमा देखिने बहुविवाह जस्तो विकृतिले कान्छी दनुवारजस्ता हजारौं नारीहरूले निरस, बाध्य र विवश जिवन जीउनु परेको यथार्थ 'वर्षाऋतु' कथामा कथाकारद्वारा प्रष्ट पारिएको छ । उनका कथामा कलंकित समाजको विद्रोह गरिएको छ । समाजमा रहेका बाहुनजस्ता उच्च वर्गीयहरूले कान्छी दनुवारजस्ता निम्नवर्गीय नारीहरूलाई बिना कुनै मूल्य र पारिश्रमिक काम लगाउँछन् ।

उनीहरूले निम्नवर्गीयहरूको जीवन त्रासद र भयभीत बनाएको यथार्थ 'म' पात्रले कान्छी दनुवारलाई पाटनमा काम लगाइदिन्छु भन्दा भागेबाट स्पष्ट हुन्छ । समाजका शोषकहरूले विभिन्न प्रलोभन देखाई उनीहरूको शारीरिक मानसिक र यौनजन्य शोषण गर्छन ।

समाजलाई पतनको बाटोतर्फ उन्मुख गराउने समाजमा जरा गाडेर वसेको आर्थिक असमानता र सामाजिक विकृति हुन् । कान्छी दनुवारको पति तथा बाहुनका परिवारजस्ताले ऊ जस्ता कैयौं नारीहरूका जीवनलाई बर्बाद गरेका छन् । उच्चवर्गीय व्यक्तिहरूले दुःखी पीडित नारीहरूलाई त्रसित र डरैडरमा बाँच्नुपर्ने बाध्यता सृजना गरेका छन् । 'म' पात्रद्वारा कान्छी दनुवारलाई दया गरी सित्तैमा काम गर्नुभन्दा मासिक ७० रूपियाँमा जागिर लगाइदिन खोज्दा आफूलाई बेच्ने मानिस भनेर भागिदिन्छे । समाजका अबोध नारीहरूले आफ्नो र अर्को छुट्टयाउन पनि सक्दैनन् । पुलिसले घरजम गरी बस्ने आशा देखाएकोले उसलाई विश्वास गर्छे । पाटन नेपाल वा विदेशमा कहाँ पर्छ भन्ने बुझ्न नसक्ने निम्नवर्गीय पात्रलाई प्रमुख पात्र बनाई ऊसप्रति सहानुभूति व्यक्त गरिएकाले 'वर्षाऋतु' कथा प्रगतिवादी शैलीमा लेखिएको प्रष्ट हुन्छ ।

सामाजिक र आर्थिक द्वन्द्वले निम्त्याएको विषयवस्तुमा आधारित रही 'वर्षाऋतु' कथा लेखिएको छ । देशमा भएको राजनीतिक दूरावस्थाले गर्दा समाजमा सधैं द्वन्द्व भइरहन्छ । समाजका निम्नवर्गीयले जति दुःख पाए पनि सरकार मौन बसेको छ । कान्छी दनुवारको न्यायको पक्षमा बोल्ने कोही पनि छैन । कथाकारले समाजले खासै वास्ता नगरेको र महत्व नदिएको विषयवस्तुलाई टिपेर कथा लेखेका छन् । त्यस्तै कथामा निम्नवर्गीय पात्र कान्छी दनुवारलाई प्रमुख पात्र बनाउनु, समाजको ग्रामीण परिवेशबाट कथावस्तु चयन गरिनु, कथा लेखनको प्रमुख उद्देश्य जनतालाई आफूहरूमाथि परेको अन्यायको अस्तित्वबोध गराई क्रान्तितर्फ उन्मुख गराउने हुनु तथा कथामा सरल र सहज भाषाशैलीको प्रयोग गरिनुले प्रस्तुत कथा प्रगतिवादी छ ।

# परिच्छेद - चार

**४ शोधनिष्कर्ष :**

आख्यानकार परिजात नेपालको वरिष्ठ साहित्यकार भए पनि उनको जन्म भने दार्जिलिङको लिङ्गिया चियाबगानमा वि.सं. १९९४ वैशाख महिनामा भएको थियो । उनले पद्मकन्या क्याम्पसबाट स्नातक सम्म उत्तीर्ण गरेकी अंग्रेजी स्नातकोत्तरमा भर्ना भइन्, तर परीक्षा भने दिइनन् । पारिजात न्याय प्रेमी स्वाभावकी महिला थिइन् । उनको कोमल मन प्रकृतिमा रमाउँथ्यो । उनी संवेगात्मक रूपमा भावुक र प्रकृति प्रेमी थिइन । सामाजिक विसंगतिलाई उनले दुःखका साथ हेरेकी थिइन् । पारिजातको साहित्यिक प्रतिभा औपचारिक रूपमा 'धरती' (२०१३) पत्रिकाबाट सुरु भएको हो । कथा क्षेत्रमा भने २०२१ मा 'मैले नजन्माएको छोरो' बाट प्रवेश गरेकी छन् । उनको जम्मा चार वटा कथा संग्रहहरू छन् । साहित्यका विभिन्न विधामा हात हालेकी पारिजातको साहित्यिक योगदानको क्रममा कथाकार व्यक्तित्व दोस्रो स्थानमा पर्दछ । कथाको पहिलो चरण अस्तित्ववादी विसङ्गतिवादी दृष्टिकोणमा आधारित छ । यस दर्शनमा उनले जीवनलाई निस्सारता पलायन पुञ्ज ठान्दछिन् । २०२५ साल देखि सृजन शैली राल्फाली समाजसँग सम्बद्व छ । दोस्रो चरण २०३० पछिका दशकहरू पारिजातको यथार्थवादी प्रगतिवादी सृजनका दशकहरू हुन् । यस चरणका कथाहरूमा मार्कसवादी सिद्वान्तबाट प्रभावित भई साहित्य रचना गरेकी छन् । पारिजातका कथाहरूमा समाजका कुरीति, कुसंस्कार, शोषण र अत्याचारको विरोध गर्दै स्वस्थ समाजको निर्माणमा जोड दिएको छ । वर्गीय विभेद जातीय विभेद सामाजिक विभेद, राजनीतिक विकृतिजस्ता पक्षहरूको तीव्र आलोचना गरेको छ ।

पारिजातका कथाहरूको मुख्य विषयवस्तु पहिलो चरणमा विसङ्गतिवादी अस्तित्ववादीमा आधारित भएर जीवनलाई निरसताबोध तिर धकेलेपनि अन्तिम चरणका कथामा भने कथाहरूको मुख्य विषयवस्तु समाजमा भए गरेका अन्याय अत्याचार शोषण दमन नारी चत्रिको हत्या रानजीतिक विकृति आदिको यथार्थ चित्रण र त्यसको तीव्रतम बिद्रोहलाई वनाएको छ । त्यस्तै समाजमा रहेका निम्न वर्गीय मध्यम वर्गीयताबाट पात्रहरूको चयन गरे पनि मुख्य पात्र निम्नवर्गीय स्तरबाट छानी उक्त पात्र प्रति सहानुभूति र मध्यम वर्गीय पात्रहरू जसले समाजमा

विकृति फैलाई निम्न वर्गीयलाई दु : ख दिन्छ त्यसप्रति कटु आलोचना गरेकी छन् । कथामा नारी पुरूष दुवै पात्रहरूलाई लिए पनि उनले नारी पात्रलाई प्रमुख स्थान दिएकी छिन् ।

द्वन्द्वका दृष्टिले कथाकार पारिजातका कथाहरूमा समाजमा हुने गरेका हरेक किसिमका द्वन्द्वलाई समावेश गरेकी छिन् । सामाजिक द्वन्द्व, राजनीतिक द्वन्द्व, आर्थिक द्वन्द्व, आदि सबै प्रकारका द्वन्द्व कथाहरूमा भेटिए पनि धेरै कथाहरू आर्थिक द्वन्द्वले निम्त्याएको समस्यामा आधारित छन् । त्यस्तै अर्को पक्ष राजनीतिक द्वन्द्व पनि सशक्त बनेर देखिएको छ ।

परिवेशका दृष्टिले हेर्दा उनका कथाहरू समाजको विकृति र विसंगत पक्षबाट अगाडि बढेका छन् । उनको कथाहरूमा ग्रामीण सहरी निम्न वर्गीयहरू अत्यन्त कठिन जीवन विताएका परिवेशका रूपमा आएका छन् । कथाहरूमा नेपाली समाजको विकृति विसङ्गति पक्षको चित्रण गर्न त्यस्ता प्रकारका परिवेश लिई त्यहाँ बसोबास गर्ने मानव ठहरिएका प्राणीहरूको जीवनको यथार्थ चित्रण र त्यस्तो विद्रुपता भोग्न बाध्यताको आलोचना समेत गरेकी छन् ।

भाषा शैलीका दृष्टिले उनका पहिलो चरणका कथाहरूमा भने भाषामा बौद्धिकता क्लिष्टता भरिपूर्ण छ । अंग्रेजीका शब्दहरूको शीर्षक बनेका छन् । शैली भने खजमजिएका छैनन्, तर दोस्रो चरणका कथाहरूमा भने सरल भाषाको प्रयोग गरेको पाइन्छ जटिल र काव्यात्मक भाषाको प्रयोग भने यस चरणमा छैन । उनका कथाहरूमा कथ्य भाषाको प्रयोग, उखान टुक्का वाक्यमा प्रतीकात्मकता अनुकरणात्मक शब्द अंग्रेजी शब्दको प्रयोग तथा जातीय भाषाको पनि प्रयोग भएको पाइन्छ ।

पारिजातको पहिलो चरणको कथाहरूमा अस्तित्व विसङ्गति यौनका उपहास गरी लेखिएका कथा भए पनि दोस्रो चरणदेखि भने समाजमा भएका जातीय वर्गीय लैङ्गिक जस्ता विभेदहरूलाई हटाइ स्वच्छ समाजको निर्माण गर्न प्रेरणा दिनु र राष्ट्रमा भएको राजनीतिक विकृति विसङ्गति बिरूद्ध जनतालाई क्रान्तितर्फ उन्मुख गराउने र सामाजिक स्तरमा भएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण र दमन आदिको यथार्थ चित्रण गर्दै त्यसको आलोचना गरिएका कथाहरूको उद्देश्य जनतालाई अन्याय र अत्याचार विरूद्ध उठ्न उत्प्रेरित र उन्मुख गराइएको बुझिन्छ । उनका कथाले लैंङ्गिक विभेदले गर्दा समाजमा भएको विसङ्गतिको यथार्थ चित्रण गर्दै नारीले आफ्नो हकहितका लागि लड्नु पर्ने सन्देशसमेत दिएकीछिन् । वास्तवमा कथाकार पारिजातको साहित्य सिर्जनाको उद्देश्य नै सामाजिक राजनीतिक क्रान्तिका

लागि पीडित जनतालाई चेतना दिनु हो । यसरी उनले नेपाली साहित्य क्षेत्रमा प्रगतिवादी प्रवृतिलाई अगाडि बढाउन ठूलो योगदान दिएकी छिन् ।

## सन्दर्भग्रन्थसूची

१) उप्रेती,गंगाप्रसाद, **व्यक्ति कृति र प्रवृत्ति समीक्षात्मक लेखहरूको संग्रह**, काठमाडौँ, प्रतिभा प्रकाशन, २०५८ ।

२) घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, **आख्यानकार पारिजात र समालोचना ग्रन्थ**, काठमाडौँ, प्रदर्शनीमार्ग, हजुरको पुस्तक संसार, २०५८ ।

३) चापागाईं, निनु र खगेन्द्र संग्रौला, **पारिजात स्मृतिग्रन्थ**, काठमाडौँ, पारिजात स्मृति केन्द्र, २०५१ ।

४) चामलिङ, पवन, **पारिजातका संकलित रचनाहरू, ग्रन्थ १-६,** सिक्किम निर्माण प्रकाशन नाम्ची २०५४/१९९७।

५) पोखरेल, डी.आर., **यथार्थवादी समालोचनाको गोरेटोमा**, चितवन साहित्य संगम २०५८ ।

६) पौडेल, रामहरि, **भानुदेखि प्रश्रितसम्म**, काठमाडौँ, एकता प्रकाशन प्रा.लि. २०४९ ।

७) प्रसाईं, नरेन्द्रराज, **पारिजातको जीवनकथा**, काठमाडौँ, एकता प्रकाशन २०५७ ।

८) वराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा भाग -३,** काठमाडौँ, साझा प्रकाशन २०५५ ।

९) बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्वान्त र नेपाली उपन्यास,** काठमाडौँ, साझा प्रकाशन, २०५६ ।

१०) भण्डारी, जगदिशचन्द्र, **पृथक सृजना पृथक निरूपण**, काठमाडौँ, मुन्नी भण्डारी, २०६० ।

११) रेग्मी, चूडामणि, **पारिजात परिचय र मूल्याङ्कन,** भद्रपुर झापा, जुही प्रकाशन, २०५१ ।

१२) सुवेदी, राजेन्द्र, **सृजन विधाका परिधिमा पारिजात** , वाराणसी, यू.पी, भारत, भूमिका प्रकाशन २०५३ ।

## सन्दर्भपत्रिकासूची

१) पौड्याल, रामहरि, **'पारिजात विशेषाङ्क'**, वर्ष- १०, (साहित्यिक अङ्क २०५१-०५४), २०४९-०५० ।

२) पौड्याल, रामहरि, **'विचार र कलाको समन्वय पारिजात'** जनजागृति साप्ताहिक, काठमाडौँ, कार्तिक १६, २०४४ ।

३) भट्ट, गोविन्द, **'हिमाली',** वर्ष -२, अङ्क -४, २०२३ ।

## सन्दर्भशोधपत्रसूची


१) कार्की, अम्बु भवानी, **पारिजातको कथाकारिता**, स्नात्तकोत्तर शोधपत्र (अप्रकाशित), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५२ ।

२) घिमिरे, मञ्जु, **दरवारकी केटी कथासंग्रहको कृतिपरक अध्ययन**, स्नात्तकोत्तर शोधपत्र ( अप्रकाशित), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६३ ।

३) थापा, पशाकान्ता, **शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन**, स्नात्तकोत्तर शोधपत्र ( अप्रकाशित), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६ ।

४) प्रधान, नयना, **पारिजात जीवनी व्यक्तित्व कृत्विको संक्षिप्त अध्ययन**, स्नात्तकोत्तर शोधपत्र ( अप्रकाशित), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०३८ ।